# इजकिएलको पुस्तक

### परिचय

१ १-३म बूजीको छोरो पूजाहारी इजकिएल हुँ। म
बाबेलमा कैदीहरूसित कबार नदीको किनारमा
थिएँ। स्वर्ग खुलियो अनि मैले परमेश्वरको दर्शन देख्न
सकें। यो तीसौं वर्षको चौथो महीनाको पाँचौ दिन
थियो।

यो राजा यहोयाकीनको देश निष्कासनको पाँचौ
वर्षको पाँचौ महीनाको पाँचौ दिन इजकिएलले परमप्रभुको
वचन प्राप्त गरे। त्यस स्थानमा परमप्रभुको शक्ति
ममाथि आयो।

### परमप्रभुको रथ अनि उहाँको सिँहासन

४मैले उत्तर दिशाबाट आँधी-बेहरी आउँदै गरेको
देखें। त्यो बाक्लो बादल थियो अनि बादलको चारै तिर
उज्यालो थियो र यसबाट आगो बलिरहेको थियो। त्यस
आगोको बीचमा टल्किएको तातो धातु* झैं केही
देखिन्थ्यो। ५बादल भित्रबाट चारवटा जीवित प्राणीहरू
झैं केही देखा पर्‍यो, त्यो हेर्दा मानिसको रूप जस्तै
देखिन्थ्यो। ६तर हरेक प्राणीको चारवटा अनुहारहरू
अनि चारवटा पखेटाहरू थिए। ७तिनीहरूको खुट्टाहरू
सीधा थियो अनि पैताला बाछाको खुर जस्तो थियो।
अनि त्यो टल्काइ राखेको काँसा जस्तै टल्किन्थ्यो।
८तिनीहरूको पखेटा मुनि चारैतिर मानिसको हातहरू
थियो अनि ती चारै जनाको चारवटा चेहराहरू अनि
चारवटा पखेटाहरू थियो। ९पखेटाले एका-अर्कालाई
छुन्थ्यो। जब तिनीहरू हिड्थे, यता-उता फर्कदैन थिए
अनि त्यसै दिशापट्टि हिड्थे जता हेरिरहेको हुन्थे।

१०हरेक प्राणीको चारवटा मुख थियो। अघाड़ी
पट्टिको अनुहार मानिसको जस्तो थियो। दाहिने पट्टि
सिंहको अनुहार जस्तो थियो। देब्रेपट्टि गोरूको जस्तो
अनुहार थियो, अनि पछाड़ि पट्टिको अनुहार चीलको
जस्तो थियो। ११प्राणीहरूको पखेटा तिनीहरूमाथि
फैलिएको थियो, तिनीहरूले आफ्नो दुइवटा पखेटाले
आफ्नो छेउको प्राणीको दुइवटा पखेटालाई छोएको
हुन्थ्यो तथा दुइवटालाई आफ्नो शरीर छोप्नका निम्ति
उपयोग गरिएको थियो। १२जब ती प्राणीहरू हिड्थे
तिनीहरू फर्कन्दैन थिए। ती त्यसै दिशामा हिड्थे जुन
दिशा पट्टि तिनीहरू फर्केका थिए। तिनीहरू त्यहीँ
जान्थे जहाँ तिनीहरूलाई हावाले लिएर जान्थ्यो।

१३हरेक प्राणीलाई यस्तो देखिन्थ्यो, ती प्राणीहरूको
बीचको भाग बल्दै गरेको कोईलाको आगो जस्तै
देखिएको हुन्थ्यो। यो आगो सानो सानो राँको जस्तै ती
प्राणीहरूको बीचमा बलिरहेको थियो। आगो चहकिलो
थियो अनि त्यसबाट बिजुली निस्कन्थ्यो। १४ती प्राणीहरू
बिजुली चम्के जस्तै यतादेखि उता बेग संग दौड़न्थे।

१५-१६जति बेला मैले प्राणीहरूलाई हेरिरहेको थिएँ
मैले चारवटा पाङ्ग्राहरू देखें। प्रत्येक प्राणीका निम्ति
एउटा पाङ्ग्रा थियो। पाङ्ग्राले जमीनलाई छोएको थियो
अनि सबै पाङ्ग्रा एक समान थिए। पाङ्ग्रा हेर्दा पहेंलो
शुद्धमणि जस्तो थियो, अनि तिनीहरूको बनावट पाङ्ग्रा
भित्र पाङ्ग्रा जस्तै थियो। १७त्यो पाङ्ग्रा कुनै दिशामा
पनि घुम्न सक्थ्यो, तर जब तिनीहरू हिड़दा प्राणीहरू
यत्ता उत्ता घुम्न सक्दैन् थिए। १८त्यो पाङ्ग्रा अग्लो
डरलाग्दो सुइरोले घेरिएको थियो। त्यसको चारै पाङ्ग्राहरू
आँखै आँखाले घेरिएका थिए।

१९पाङ्ग्रा सधैं प्राणीहरूसंग हिड़थ्यो। यदि प्राणी
माथि हावामा गयो भने पाङ्ग्रा पनि संगै जान्थ्यो।
२०तिनीहरू त्यहीँ जान्थे जहाँ "हावाले लिएर जान्थ्यो
अनि पाङ्ग्रा पनि तिनीहरूसितै जान्थ्यो किनभने यी
प्राणीहरूको "हावा" पाङ्ग्राहरू थियो। २१यसकारण
प्राणी चल्दा पाङ्ग्रा पनि चल्थ्यो, अनि प्राणी रोकिए
पाङ्ग्रा पनि रोकिन्थ्यो। यदि पाङ्ग्रा हावामा माथि गए
ती प्राणीहरू पनि जान्थ्यो, किनभने हावा पाङ्ग्राहरूमा
थियो।

२२प्राणीहरूको शिरमाथि आश्चर्यजनक चीज थियो।
यो एउटा उल्टा बटुका जस्तै थियो। बटुका बरफ जस्तै
स्वच्छ थियो। २३यो बटुकाको तल प्रत्येक प्राणीको
सीधा पखेटा थियो त्यो अर्को प्राणीसम्म पुगेको थियो।
प्रत्येक प्राणीले यसको दुइवटा फिजिएको फखेटाहरू
अनि अर्को दुइवटा पखेटाहरूले यसको शरीर छोपेको
थियो।

२४जब-जब त्यो प्राणीहरू हिड्थ्यो, त्यसको पखेटाको
ध्वनि बड़ो तेजसंग आउँथ्यो। त्यो ध्वनि समुद्रको गर्जन
जस्तै हुन्थ्यो। त्यो सर्वशक्तिमान परमेश्वरको छेउमा
निस्कने वाणी समान थियो। त्यो कुनै सेना समूहको
स्वर जस्तै थियो। जब ती प्राणीहरू हिड़न छोड़थे त्यति
बेला आफ्नो पखेटा तल झर्थ्यो।

---

**तातो धातु** हामीलाई यसको अर्थ हिब्रू भाषामा निश्चित छैन। यो शायद "बिलिएको काँस" अथवा "तृणमणि" हुनु सक्छ।

**२५**ती प्राणीहरूले हिड़न बन्द गर्थे, आफ्नो पखेटाहरू तल झर्थे अनि त्यँहा फेरि डरलाग्दो आवाज हुन्थ्यो। त्यो आवाज बटुकाबाट हुन्थ्यो जुन तिनीहरूको शिरमाथि थियो। **२६**त्यो बटुकाको माथि केही थियो जुन एउटा सिंहासन जस्तो देखिन्थ्यो। यो नीलमणि जस्तै नीलो थियो, त्यहाँ कोही थियो जुन त्यो सिंहासनमाथि बसेको मानिस जस्तै देखिँदैथ्यो। **२७**मैले त्यसको कम्मरमाथि हेरे। त्यो चहकिलो काँसा जस्तो देखिन्थ्यो। त्यसको चारैतिर आगोको ज्वाला निस्किरहेको थियो। मैले त्यसको कम्मरदेखि मन्तिर हेरें, त्यहाँ पनि आगो जस्तै निक्लिरहेको थियो जुन त्यसको चारैतिर आगो जस्तै जग्मगाई रहेको थियो। **२८**त्यसको चारैतिर उज्यालो प्रकाश बादलमा इन्द्रेणीको आकार जस्तै थियो। त्यो परमप्रभुको महिमा जस्तो थियो। जब मैले त्यो देखे र म पृथ्वीमा लड़े। मैले भूइमा टाउको घोप्टो पारें अनि मैले कोही बोलिरहेको जस्तो स्वर सुनें।

**२** त्यस आवाजले भन्यो, "हे मानिसको छोरो, खड़ा हौ र म तिमीसित कुरा गर्नेछु।"

**२**जब उहाँले मसित बात गर्नुभयो, तब उहाँको आत्मा म भित्र पस्थो र मलाई खड़ा गरायो। अनि मैले त्यस मानिसलाई मसित कुरा गरेको सुनें। **३**उहाँले मलाई भन्नुभयो, "मानिसको छोरो, म तिमीलाई इस्राएलको परिवारसंग केही भन्नका निम्ति पठाउँदैछु। तिनीहरू बागीहरूको जाति हुन। लगातार मेरो विरुद्ध बागी भएकाछन् तिनीहरूका पिता-पुर्खाहरू पनि मेरो विरूद्धमा बागी भएको। तिनीहरू र तिनीहरूका पिता-पुर्खाहरूले मेरो विरुद्धमा अपराधहरू गरे अनि आज सम्म तिनीहरू त्यसै गर्दैछन्। **४**म तिमीलाई तिनीहरू विरुद्ध केही भन्नको निम्ति पठाउँदैछु। तर तिनीहरू एकदमै हठी छन्। तिनीहरू कठोर हृदयका छन्। तर तिमीले तिनीहरूसंग कुरा गर्नु पर्नेछ। तिमीले भन्नु पर्छ, 'परमप्रभु हाम्रा मालिकले यो कुराहरू भन्नुहुँदैछ।' **५**तिनीहरूले तिम्रो कुरा सुन्नेछन् वा सुन्नेछैनन् किनभने तिनीहरू विद्रोहीहरू हुन्। तर तिमीले ती कुराहरू भन्नुपर्छ ताकि उनीहरूले बुझ्न सकुन् कि तिनीहरूको माझमा एक जना अगमवक्ता छन्।

**६**"हे मानिसको छोरो! तिनीहरू संग नडराऊ। तिनीहरू जे भन्छन् त्यसको निम्ति नडराऊ। यो साँचो हो तिनीहरू तिम्रो विरुद्ध हुनेछन् अनि तिमीलाई चोट पुर्‍याउन चाहन्छन्। तिनीहरू काँड़ा जस्तै हुनेछन्। तिमीलाई यस्तो लाग्ने छ कि तिमी बिच्छीहरूको बीचमा बसेका छौ। तर तिनीहरूले जे जति भन्नेछन्, त्यसका निम्ति नडराऊ। तिनीहरू विद्रोहीहरू हुन्। **७**तिमीले तिनीहरूसंग यी सबै कुराहरू भन्नुपर्छ, जुन मैले तिमीसंग भन्दछु। तिमीले भनेको तिनीहरूले सुन्न पनि सक्छन् अथवा सक्तैनन् पनि, किनभने तिनीहरू विद्रोहीहरू हुन्।

**८**"हे मानिसको छोरो! तिमीले ती कुराहरू सुन्नु पर्छ, जुन कुरा म तिमीलाई भन्छु। ती बागी मानिसहरू जस्तै मेरो विरुद्ध नहोऊ। आफ्नो मुख खोल, जुन कुरा म तिमीलाई भन्छु त्यो स्वीकार गर अनि ती कुराहरू मानिसहरूलाई भन। यी सबै वचनहरू मान।"

**९**अनि जब मैले एउटा हात आफूतिर बढ़्दै गरेको देखें। त्यो एउटा मुट्ठो पारेर बेहेरिएको लामो पुस्तक जसमा केही लेखेर समातेको थियो। **१०**मैले त्यो बेहेरिएको पत्र खोलें अनि त्यसको छेउ अनि पछाड़ि पट्टि केही कुराहरू लेखिएको थियो। त्यसमा सबै प्रकारको विलाप, शोक र दुःखका गीत, कथाहरू अनि चेताउनीहरू थिए।

**३** परमेश्वरले मलाई भन्नुभयो, "हे मानिसको छोरो! जुन तिमीले देख्दै छौ, त्यो खाऊ। यो बेहेरिएको पत्र खाऊ अनि गएर इस्राएलका परिवारहरूलाई यी कुराहरू भन।"

**२**यसकारण मैले मेरो मुख खोलें अनि उहाँले त्यो बेहेरिएको पत्र मेरो मुखमा राखिदिनु भयो। **३**तब परमेश्वरले भन्नुभयो, "हे मानिसको छोरा! म तिमीलाई यो बेहेरिएको पत्र दिँदैछु। यसलाई निल! यो बेहेरिएको पत्र तिम्रो शरीरमा भरियोस्।"

यसकारण मैले त्यो बेहेरिएको पत्र खाँए। त्यो मेरो मुखमा मह जस्तै मीठो भयो।

**४**तब परमेश्वरले मलाई भन्नुभयो, "हे मानिसको छोरा! इस्राएलको परिवारमा जाऊ। मैले भनेको कुराहरू तिनीहरूलाई भन। **५**मैले तिमीलाई कतै विदेशहरू पठाएको होइन, जसको भाषा तिमी बुझ्दैनौं। तिमीले अर्को भाषा सिक्नु पर्नेछैन्। मैले तिमीलाई इस्राएलको परिवारकहाँ पठाउँदैछु। **६**मैले तिमीलाई विभिन्न देशहरूमा पठाएको होइन जहाँका मानिसहरू यस्तो भाषाहरू बोल्छन् जुन तिमीले बुझ्दैनौं। यदि तिमी तिनीहरूकहाँ गई कुरा गर्छौ तब तिनीहरूले तिम्रो कुरा सुन्नेछन्। **७**अहँ! मैले तिमीलाई इस्राएलको परिवारकहाँ पठाउँदैछु। किनकि इस्राएलका सारा घराना नै अट्टेरी, ढीठ र कठोर मनका छन् अनि इस्राएलका मानिसहरूले तिम्रो कुरा सुन्न इच्छा गर्ने छैनन्। तिनीहरूले मेरो कुरा सुन्ने छैनन्। **८**तर म तिमीलाई त्यति नै हठी बनाउनेछु जति तिनीहरू छन्। उनीहरूको जस्तै तिम्रो हृदय त्यति नै कठोर हुनेछ। **९**हीरा अग्नि चट्टान भन्दा पनि कड़ा हुन्छ, त्यस्तै प्रकारले तिम्रो हृदय पनि उनीहरूको भन्दा कठोर हुन्छ, तिमी उनीहरू भन्दा पनि हठी हुनेछौ, तिमी उनीहरूसँग डराउनेछैनौ। तिमी उनीहरूसँग नडराऊ जो सँधै मेरो विरुद्धमा गएका छन्।"

**१०**तब परमेश्वरले मलाई भन्नुभयो, "हे मानिसको छोरा! तिमीले मेरो प्रत्येक कुरा जुन म भन्दैछु सुन्नु पर्छ अनि ती कुराहरू याद राख्नु पर्छ। **११**तब सबै तिम्रा मानिसहरू कहाँ जाऊँ, जो कैदमा छन्। तिनीहरू

कहाँ जाऊ अनि भन, 'परमप्रभु हाम्रा मालिकले यी
कुराहरू भन्नुहुन्छ।' वास्ता नगर्नेहरूलाई यी कुराहरू
भन चाहे तिनीहरूले सुन्छ अथवा सुन्दैन।"

१२तब मलाई एउटा हावाले माथि उठायो। तब मैले
आफ्नो पछाड़ीबाट एउटा आवाज सुनें। यो आवाज
मेघको गर्जन जस्तो थियो। त्यसले भन्यो, "परमप्रभुको
महिमा धन्य छ जहाँ कही यो जान्छ।" १३अब ती
प्राणीहरूले तिनीहरूको पखेटा हल्याउन शरू गरे। जब
पखेटाहरूले एक-अर्कालाई छुन्थे, अनि पाङ्ग्राहरू
तिनीहरू तर्फ सर्थे, तिनीहरूले मेघ गर्जे भैं आवाज
निकाल्थे। १४आत्माले मलाई उठाएर माथि टाड़ो
लग्यो। मैले त्यो स्थान छोड़े। म साह्रै दु:खी थिएँ अनि
मेरो आत्मा अत्यन्त खिन्न थियो, तर परमप्रभुको शक्ति
म भित्र अत्यन्त प्रबल थियो। १५म ती कैदीहरू भए
कहाँ गए जो कबार नदीको तेलाबीबमा* बस्दै थिए।
म त्यहाँ सात दिन सम्म तिनीहरूको बीचमा छक्क
अनि खिन्न भएर बसिरहे।

१६सात दिन पछि परमप्रभुको वचन मकहाँ आयो।
उहाँले भन्नुभयो, १७"हे मानिसको छोरो! म तिमीलाई
इस्राएलको प्रहरी बनाउँदैछु। म ती सबै नराम्रो घटनाहरू
बताउनेछु जुन उनीहरूमाथि घट्नेछ, अनि तिमीले
इस्राएलको ती घटनाहरूको बारेमा चेताउनी दिनुपर्नेछ।
१८यदि मैले, 'यो नराम्रो मानिस मर्नेछ भने।' भने
तिमीले त्यो चेताउनी पनि उसलाई दिनुपर्छ। तिमीले
उसलाई भन्नु पर्छ, आफ्नो जिन्दगी बद्ली गर अनि
नराम्रो काम गर्न छोड़। यदि तिमीले त्यो मानिसलाई
चेताउनी दिएनौ भने त्यो मर्नेछ। किनकि त्यसले पाप
गरेको छ। तर म तिमीलाई त्यसको मृत्युको उत्तरदायी
बनाउँछु। किन? किनकि तिमी त्यसकहाँ गएनौ अनि
त्यसको जीवन बचाएनौ।

१९"यो पनि हुन सक्छ तिमीले कुनै मानिसलाई
चेताउनी दियौ, त्यसलाई त्यसको जीवन मार्ग बद्ली
गर्नका निम्ति सम्झायौ अनि नराम्रो काम नगर्नु भन्यौ।
यदि त्यसले तिम्रो कुरा सुनेन भने त्यो मर्नेछ। त्यो मर्नेछ
किनकि त्यसले पाप गरेको छ। तर तिमीले उसलाई
चेताउनी दियौ यसकारण तिमीले आफ्नो जीवन बचायौ।

२०"यो पनि हुन सक्छ कि कुनै राम्रो मानिस राम्रो
भइरहनु छोड़छ। किनभने मैले त्यसको पछि केही यस्तो
राखेकोछु जसले त्यसलाई पाप गर्न लगाउँछ। त्यसले
नराम्रो काम गर्न शुरू गर्छ यसकारण त्यो मर्नेछ। उसले
गरेको असल कर्महरू उसको पक्षमा सम्झना गरिनेछैन।
त्यो मर्नेछ किनभने त्यसले पाप गर्‍यो र तिमीले
उसलाई चेताउनी दिएनौ। म तिमीलाई उसको मृत्युको
उत्तरदायी सम्झनेछु।

२१"तर यदि तिमीले त्यो राम्रो मानिसलाई चेताउनी
दियौ अनि त्यसलाई पाप गर्न बन्द गर्नु भन्यौ अनि
त्यसले पाप गर्न बन्द गर्‍यो भने त्यो मानिस मर्नेछैन।
किन? किनभने तिमीले उसलाई चेताउनी दियौ अनि
उसले सुन्यो। यस प्रकारले तिमीले आफ्नो जीवन
बचायौ।"

२२तब परमप्रभुको शक्ति मकहाँ आयो। उहाँले
मलाई भन्नुभयो, "उठ, अनि बेंसीमा जाऊ। म
तिमीसित त्यहाँ कुरा गर्नेछु।"

२३यसकारण म उठें अनि बेंसीमा गए। परमप्रभुको
महिमा त्यहाँ त्यसरी नै प्रकट भयो जस्तो मैले कबार
नदीको किनारमा देखेको थिएँ। यसकारण मैले मेरो
अनुहार भूइँतिर निहुराए। २४तर एउटा हावा आयो
अनि यसले मलाई मेरो खुट्टामा उभायो परमप्रभुले
मलाई भन्नुभयो, "घर जाऊ, अनि आफै घरभित्र
ढोका थुनेर बस्। २५हे मानिसको छोरा! मानिसहरू
डोरी लिएर आउनेछन् अनि तिमीलाई बाँध्नेछन्। तिनीहरूले
तिमीलाई बाहिरका अरू मानिस भएकोमा जान दिनेछैनन्।
२६म तिम्रो जिब्रो तिम्रो तालुमा टँसाई दिनेछु। तिमीले
बात गर्न सक्नेछैनौ। यसकारण तिनीहरूले कोही मानिसलाई
पनि यस्तो भेट्टाउने छैनन् जसले तिनीहरूलाई शिक्षा दिन
सकोस् कि तिनीहरूले पाप गरिरहेका छन्। किन?
किनकि तिनीहरू सँधै मेरो विरूद्धमा गइरहेका छन्।
२७तर जब म तिमीसित कुरा गर्छु त्यसबेला तिमीलाई
म बोल्ने बनाउँनेछु। तर तिमीले भन्नु पर्छ, 'परमप्रभु
हाम्रा मालिकले यी कुराहरू भन्नु हुन्छ।' यदि कसैले
सुन्न चाहन्छ भने उसले सुनोस्। यदि होइन भने,
मलाई तिरस्कार गरोस्। किनभने तिनीहरू विध्वंसकारीहरू
हुन।

४ "हे मानिसको छोरो! एउटा ईटाँका पाटा लिऊर।
त्यसमा एउटा नक्सा बनाऊ। एउटा शहरको
अर्थात यरूशलेमको एउटा नक्सा बनाऊ। २अनि
त्यस्तो काम गर मानौं त्यस शहरलाई चारैतिरबाट तिम्रो
सेनाले घेरेको छ। शहरको चारैतिर एउटा माटोको
पर्खाल यस्तो प्रकारले बनाऊ जसबाट आक्रमण गर्न
सहायता होस्। शहरको द्वार सम्म पुग्ने गरी एउटा
कच्चा बाटो बनाऊ, त्यसलाई भत्काउने मूढ़ाहरू
ल्याऊ अनि शहरको चारैतिर सैनिकहरूको छाउनी
लगाऊ। ३अनि अब एउटा फलामको कराई ल्याए
अनि तिमी आफू र शहरको बीचमा राख। यो एउटा
फलामको पर्खाल जस्तै हुनेछ, जसले तिमी र शहरलाई
अलग राख्छ। तिमीले यस्तो प्रकारले प्रदर्शित गर कि
तिमी त्यो शहरको विरूद्धमा छौ। तिमीले त्यो शहरलाई
घेर अनि त्यसमाथि आक्रमण गर। किन? किनभने यो
इस्राएलको परिवारका निम्ति एउटा उदाहरण हुनेछ।
यसबाट यो प्रदर्शित हुनेछ कि म यरूशलेमलाई नष्ट
गर्नेछु।

---

**तेलाबीब** यो भूमि इस्राएलको बाहिर थियो। हामी जान्दैनौ
साथै नै कहाँ नाउँ को अर्थ "झर्नाको पहाड़।"

४“त्यसपछि, तिम्रो देब्रेपट्टि ढल्क। तिमीले
इस्राएलीहरूको पापहरूका तिम्रो दण्ड कार्यद्वारा अवश्यै
देखाउनु पर्छ। तिनीहरूको पापहरूको निम्ति दण्ड जति
वर्ष सम्म दण्ड भोग्नु पर्ने छ त्यति दिन सम्म तँ
देब्रेपटि कोल्टे परेर ढल्की रहनु पर्छ। ५तिमीले यस्तो
प्रकारले इस्राएली मानिसहरूको पाप ३९० दिनसम्म
सहनु पर्छ। यस प्रकार म तिमीलाई बताउँदैछु इस्राएल
एक दिन एकवर्षको बराबर लामो समयसम्म दण्डीत
हुनेछ।

६“तब तिमी तिम्रो दाहिनेपट्टि फकिएर चालिस दिन
सम्म लड़िरहने छौ। यस्तै प्रकारले यहूदाको पापको
सजाय चालिस दिन सम्म तिमीले देखाउनेछौ। एक दिन
बराबर एक वर्ष हुन्छ। म तिमीलाई बताउँदैछु कि
कहिले सम्म यहूदा दण्डीत हुनेछ।”

७परमेश्वरले फेरि भन्नुभयो। उहाँले भन्नुभयो, “अब
आफ्नो पाखुरा घुमाऊ अनि आफ्नो हातलाई ईटाँमाथि
राख। यस्तो देखाउ मानौं तिमीले यरूशलेम शहरमाथि
आक्रमण गरिरहेछौ। यो देखाउनको निम्ति गर कि
तिमी मेरो अगमवक्ताको रूपमा मानिसहरूसँग बात
गरिरहेका छौ। ८हेर, म तिमीलाई डोरीले बाँधिराख्नेछु।
जब सम्म घेराको दिन समाप्त हुँदैन तिमी यता उता
फर्कन सक्ने छैनौ।”

९परमेश्वरले यसो पनि भन्नुभयो, “तिमीले रोटी
पकाउनको निम्ति केही समान ल्याउनु पर्नेछ। केही
गँहू, जौ, सिमी, दाल कोदो, फापर, यो सबैलाई एउटै
भाँड़ामा हालेर पिँध अनि पिठो बनाऊ। तिमीले यो
पिठो रोटी बनाउनका निम्ति प्रयोग गर्नुपर्छ। तिमीले
खाली यो रोटी मात्र ३९० दिन सम्म कोल्टे परेर
खानु पर्छ। १०तिमीले तिम्रो आफ्नै निम्ति खाने
कुराहरू तैलनु पर्छ। प्रत्येक दिनको निम्ति बीस
शेकेल। अनि तिमीले दिनको तोकिएको समयमा मात्र
खानु पर्छ। ११अनि तिमीले दिनमा एक हिनको छैटौं
भाग मात्र पानी पिउन सक्छौ। १२प्रतिदिन तिमीले
आफ्नो रोटी पकाउनु पर्छ। तिमीले मानिसको मल
बाल्नु पर्छ अनि त्यो बल्दै गरेको मलमा रोटी पकाउनु
पर्छ। तिमीले यो रोटी मानिसको आँखाको सामने खानु
पर्छ।” १३तब परमप्रभुले भन्नुभयो, “यसले यो देखाउँछ
कि इस्राएलका परिवारले विदेशमा अशुद्ध भोजन
खानेछन् अनि मैले तिनीहरूलाई इस्राएल छोड़न अनि
विदेशहरूमा जान बाध्य गरें।”

१४त्यसपछि मैले आश्चर्य भएर भनें, “तर हे
परमप्रभु मेरो मालिक! मैले अशुद्ध भोजन कहिले
खाइन। मैले कहिले जनावरको मासु खाइन जुन कुनै
रोगले मरेको होस या कुनै जंगली जनावरले मारेको
होस्। मैले बाल्यकालदेखि अहिले सम्म कुनै दिन पनि
अपवित्र मासु खाइन्। मेरो मुखमा त्यस्तो नराम्रो मासु
पसेको छैन्।”

१५तब परमेश्वरले मलाई भन्नुभयो, “ठीक छ! म
तिमीलाई रोटी पकाउनुको निम्ति गाईको गोबर प्रयोग
गर्नु दिनेछु। तिमीले मानिसहरूको सुकेको दिसाको
प्रयोग गर्न आवश्यक छैन।”

१६तब परमेश्वरले मलाई भन्नुभयो, “हे मानिसको
छोरो, म यरूशलेममा भोजनको लागि उब्जनी नष्ट
पार्दै छु। मानिसकहाँ भोजन कम्ती रहनेछ। तिनीहरू
आफ्नो भोजनको अभावले साह्रै चिन्तित हुनेछन् अनि
तिनीहरूले पिउने पानी पनि नोपेर (जोखेर) मात्र पिउने
छन्। १७किनभने मानिसहरूको निम्ति प्रयाप्त भोजन
अनि पानी हुँदैन। मानिसहरू एक अर्कालाई हेरेर
डराउनेछन् किनकि तिनीहरूले आफ्नो पापको कारण
एउटाले अर्कोलाई नष्ट भएको देख्नेछन्।

५ १-२“हे मानिसको छोरो! तिमीले आफ्नो उपवासको
समय पछि यो काम गर्नुपर्छ। तिमीले एउटा
धारिलो तरवार लिनु पर्छ। त्यो तरवारको प्रयोग हजामको
छुरा जस्तै गर। तिमीले आफ्नो कपाल र दाह्री त्यसले
काट। कपाललाई तराजुमा राखेर तौल। आफ्नो कपाललाई
तीन बराबर भागमा बाँड़। आफ्नो कपालको तिहाई
भाग त्यस ईटामाथि राख जसमा तिमीले शहरको चित्र
बनाएका छौ। त्यो ‘शहरमा’ राखेको कपाल जलाऊ।
यसले देखाउने गर्छ केही मानिसहरू शहर भित्र
मर्नेछन्। त्यस समय तरवार उपयोग गर अनि आफ्नो
कपालको एक तिहाई भाग सानो-सानो टुक्रा पारेर
काट। त्यो कपाललाई ईंटामा बनाएर शहरको वरिपरि
राख। यसले देखाउँछ कि केही मानिस शहर बाहिर
मर्नेछन्। त्यसपछि आफ्नो कपालको एक तिहाई भाग
हावामा उड़ाइदेऊ। त्यसलाई हावाले टाढ़ो उड़ाएर लान
देऊ। यसले त्यो देखाउँछ कि म आफ्नो तरवार
निकाल्नेछु अनि कतिपय मानिसहरूलाई खेद्दै तिनीहरूलाई
टाढ़ो देशमा भगाई दिनेछु। ३तर त्यति बेला तिमी
जानुपर्छ अनि त्यो कपालको केही भाग ल्याउनु पर्छ।
त्यो कपालहरू ल्याएर, त्यसलाई छोप अनि त्यसको
रक्षा गर। यसले देखाउँछ कि म आफ्नो मानिसहरू
मध्ये कतिलाई बचाउँनेछु। ४अनि अब केही ज्यादा
कपालहरू ल्याऊ अनि तिनीहरूलाई आगोमाथि
फ्याकिदेऊ। यसले त्यो देखाउँछ आगो त्यहाँबाट शुरू
हुनेछ अनि इस्राएलको सम्पूर्ण परिवारलाई जलाई
दिनेछ।”

५त्यति बेला परमप्रभु मेरा मालिकले मलाई भन्नुभयो,
“त्यो ईटाँ यरूशलेम हो। मैले यरूशलेम शहरलाई
अन्य राष्ट्रहरूको बीचमा राखेको छु। यस समय
इस्राएलको चारैतिर अन्य देशहरू छन्। ६यरूशलेमका
मानिसहरूले मेरो नियमहरू र विधिहरू प्रति विद्रोह
गरे। तिनीहरू अन्य कुनै पनि राष्ट्र भन्दा एकदमै
नराम्रो छन्। तिनीहरूले मेरो नियमहरू त्यति ज्यादा
विरोध गरे जति चारैतिरको अन्य देशहरूले विरोध

गरेनन्। तिनीहरूले मेरो आदेशहरू सुन्नु अस्वीकार
गरिदिए। तिनीहरूले मेरो विधिहरू र विधानहरू पालन
गरेनन्।"
**७**यसकारण परमप्रभु मेरो मालिकले भन्नुभयो, "म
तिमीहरूमाथि भयंकर विपत्ती ल्याइदिनेछु। किन? किनभने
तिमीहरूले मेरो नियम पालन गरेनौ। तिमीहरूले मेरो
नियमहरू तिमीहरूको चारै तिर बस्ने मानिसहरूले भन्दा
पनि ज्यादा भङ्ग गर्‍यौ। तिमीहरूले त्यो काम पनि
गर्‍यौ जुन तिनीहरूले गल्ती भन्छन्।" **८**यसकारण
परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "म पनि तिमीहरूको
विरूद्धमा छु, म तिमीहरूलाई यस्तो दण्ड दिनेछु
जसलाई अर्को मानिसले पनि देख्न सकोस्। **९**म
तिमीहरूलाई यस्तो गर्नेछु जुन मैले अघि कहिले गरेको
थिइन्। अनि म त्यो भयानक काम फेरि कहिले पनि
गर्नेछैन्। किनभने तिमीहरूले धेरै डरलाग्दा कार्यहरू
गरेकाछौ। **१०**यरूशलेमका मानिसहरू भोकले यति
तड़पिने छन कि आमा-बाबुले तिनीहरूको आफ्नै छोरा-
छोरीहरू खाने छन् अनि छोरा-छोरीहरूले तिनीहरूको
आफ्नै आमा बाबुहरू खाने छन्। म तिनीहरूलाई यस्तो
प्रकारले दण्ड दिनेछु, अनि जो जति बाँचेका हुन्छन्
तिनीहरूलाई म हावामा तितर-बितर पारिदिनेछु।"
**११**परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "यरूशलेम, म
आफ्नो जीवनको शपथ खाएर भन्दैछु म तँलाई दण्ड
दिनेछु। म प्रतिज्ञा गर्दैछु कि म तँलाई दण्ड दिनेछु।
किन? किनभने तैंले मेरो पवित्र स्थानको विरूद्धमा
भयंकर पाप गरिस्। तैले घृणित काम गरेर मेरो स्थान
मैला बनाइ दिइस्। म तँलाई दण्ड दिनेछु। म तँमाथि
दया गर्ने छैन्। म तेरो निम्ति दु:खको अनुभव गर्ने
छैन्। **१२**तेरो एक तिहाइ मानिस शहरभित्र रोगले अनि
भोकै मर्नेछन्। तेरो एक तिहाइ मानिस युद्धको समयमा
शहर बाहिर मर्नेछन् अनि एक तिहाइ मानिसहरूलाई म
आफ्नो तरवार हातमा लिएर खेद्दै तितर-बितर पार्नेछु।
**१३**तब मात्र म तिनीहरू प्रति क्रोधित हुन रोकिनेछु।
तिनीहरूले नराम्रो कार्यहरू गरेकोमा म आफैले
तिनीहरूमाथि बदला लिन तिनीहरूलाई घटाउनेछु। तब
तिनीहरूले सम्झनेछन् म परमप्रभुले तिनीहरूको विरुद्धमा
उत्साहित भएर काम गरेको छु।"
**१४**परमेश्वरले भन्नुभयो, "यरूशलेम म तँलाई नष्ट
गर्छु। तँ ढुङ्गाको थुप्रो बाहेक अरू केही हुने छैनस।
चारैतिरका मानिसहरूले तेरो हाँसो उड़ाउने छन्। प्रत्येक
मानिस जुन तेरो छेउबाट जान्छ त्यसले तेरो हाँसो
उड़ाउँछ। **१५**चारैतिरका जातिहरूले तेरो हाँसो उड़ाउँनै
छन्, तर त्यसबाट तिनीहरूले शिक्षा पाउँनैछन्। तिनीहरूले
देख्नेछन्, म क्रोधित थिएँ अनि मैले तिमीहरूलाई दण्ड
दिएँ। म एकदमै क्रोधित थिएँ। मैले तिमीहरूलाई
चेताउनी दिएको थिएँ। म, परमप्रभुले तिमीहरूलाई
भनेको थिएँ म के गर्नेछु। **१६**मैले भनेको थिएँ कि म
तिमीहरूमाथि भयंकर अनिकालको समय पठाइदिनेछु।
मैले तिमीसित भनेको थिएँ, 'म ती चीजहरू पठाउँनेछु
जसले तिमीलाई नाश गर्छ अनि तिमीसित भनेको थिएँ
म तिम्रो भोजनको आपूर्ति खोस्नेछु, अनि त्यो अनिकालको
समय घरि-घरि आउनेछ। **१७**मैले तिमीसँग भनेको थिएँ
कि म तिमीहरू भएको ठाउँमा अनिकाल या जंगली
जनावर पठाउँनेछु, जसले तिम्रो नानीहरू मार्नेछ। मैले
तिमीसित भनेको थिएँ कि पुरै शहरमा रोग अनि मृत्यु
फैलिनेछ अनि म ती सैनिक शत्रुहरू तिम्रो विरुद्धमा
लड़नका निम्ति ल्याउँदैछु। म परमप्रभुले यी सबै
कुराहरू घट्नेछ भनेको थिएँ अनि तिनीहरू घट्नेछन्।'"
**६** त्यसपछि परमप्रभुको वचन फेरि मकहाँ आयो।
**२**उहाँले भन्नुभयो, "हे मानिसको छोरो, इस्राएलको
पर्वतहरूपट्टि फर्क। मेरो निम्ति तिनीहरूको विरूद्ध
भन। **३**ती पर्वतहरूसित यसो भन:
'हे इस्राएलको पर्वतहरू! परमप्रभु मेरो मालिकको
तर्फबाट यो संदेश सुन। परमप्रभु मेरा मालिक पहाड़हरू,
पर्वतहरू, बेंसीहरू अनि खोल्चाहरूसँग यसो भन्नुहुन्छ!
ध्यान देऊ। म (परमेश्वर) शत्रुलाई तिम्रो विरूद्धमा
लड़नका निम्ति ल्याउँदैछु। म तिम्रो उच्च स्थानहरू
नष्ट गरिदिनेछु। **४**तिम्रो वेदीहरू भत्काएर टुक्रा-टुक्रा
पारिदिनेछु। तिम्रो सुगन्धित धूप चढ़ाउने वेदीहरू पनि
भत्काइ दिनेछु। अनि म तिम्रो लाशहरू तिम्रो अपवित्र
मूर्तिहरूको अघाड़ी फ्याँकिदिनेछु। **५**म इस्राएलका
मानिसहरूको लाशहरू तिनीहरूको अपवित्र मूर्तिहरूको
अघि फ्याँकिदिनेछु। म तिमीहरूको हड्डीहरू तिमीहरूको
वेदीहरूको चारैतिर तितर बितर पारिदिनेछु। **६**जहाँ-जहाँ
तिमीहरूका मानिसहरू बस्छन् त्यहाँ नराम्रा कुराहरू
ल्याई दिनेछु। तिनीहरू शहरहरूमा खाली ढुङ्गाको
थुप्रोमा परिणत हुनेछन्। तिनीहरूको उच्च स्थान नष्ट
हुनेछ। किनकि ती पूजा स्थानहरूको उपयोग फेरि हुन
नसकोस्। ती सबै वेदीहरू नष्ट गरिनेछ। मानिसहरूले
फेरि ती अपवित्र मूर्तिहरू पूज्ने छैनन्। त्यो सुगन्धि
धूपको वेदीहरू स-साना टुक्रा पारिनेछ। तिमीहरूले जो
बनायौ त्यो पूर्ण रूपमा नष्ट पारिनेछ। **७**तिम्रा मानिसहरू
मर्नेछन् अनि तिमीले थाहा पाउनेछौ कि परमप्रभु म नै
हुँ।'"
**८**परमेश्वरले भन्नुभयो, "तर म तिमीहरूका कतिपय
मानिसहरूलाई बाँच्ने दिनेछु। ती केही समय सम्म
विदेशमा बस्नेछन्। म तिनीहरूलाई तितर-बितर पार्नेछु
अनि विदेशमा बस्नका निम्ति बाध्य पार्नेछु। **९**त्यसपछि
ती बाँचेका मानिसहरूलाई बन्दी बनाइनेछ। तिनीहरूलाई
विदेशमा बस्नको निम्ति बाध्य पारिनेछ। तर ती बाँचेका
मानिसहरूले मलाई सम्झनेछन्। मैले तिनीहरूको
आत्मालाई* खण्डित पारें। जुन पाप तिनीहरूले गरे

**आत्मा** साहित्यिक रूपले हृदय।

त्यसको निम्ति तिनीहरू स्वंयले आफैलाई धृणा गर्ने
छन्। बितेको समयमा जो मबाट विमुख भएर टाढ़ा
गएका थिए, तिनीहरू आफ्नो नराम्रो मूर्तिहरूको पछि
लागेका थिए। तिनीहरू त्यस प्रकारको स्त्रीहरू जस्तै
थिए जो आफ्नो पतिलाई छोड़ेर अर्को पुरूषको पछि
लाग्छे। तिनीहरूले भंयकर पाप गरेका थिए। १०तर
तिनीहरूले बुझ्नेछन् कि म नै परमप्रभु हुँ अनि
तिनीहरूले यो पनि थाहा पाउनेछन् यदि मैले केही गर्छु
भन्ने ठाने भने त्यो गर्छु। तिनीहरूले बुझ्नेछन् यो सबै
आपतहरू तिनीहरूमाथि आइलाग्यो ती सबै मैले गराएको
हुँ।”

११तब परमप्रभु मेरो मालिकले मलाई भन्नुभयो,
“ताली बजाऊ र खुट्टा ठट्टाएर भन्, हाय! इस्राएलका
मानिसहरूले गरेका सबै डरलाग्दा कुरा भन। तिनीहरूलाई
चेताउनी देऊ कि तिनीहरू रोग अनि भोकले मर्नेछन्।
तिनीहरूलाई भन कि तिनीहरू युद्धमा मारिने छौ।
१२टाढ़ाका मानिसहरू रोगबाट मर्नेछन्। छेउका मानिसहरू
तरवार द्वारा मारिनेछन्। शहरमा छाड़िएका मानिसहरू
भोकले मर्नेछन्। त्यसपछि म क्रोधित हुन छाड़ँनेछु।
१३अनि तब मात्र तिमीहरूले थाहा पाउने छौ कि म
परमप्रभु हुँ।” तिमीले यो त्यति बेला सम्झने छौ जब
तिमी आफ्नो लाश अपवित्र मूर्तिहरूको छेऊ अनि
वेदीहरूको चारैतिर देख्नेछौ। ती शरीरहरू तिमीहरूका
प्रत्येक पूजा स्थानहरूका ठाउँमा प्रत्येक पहाड़ तथा
प्रत्येक हरियो फल नलाग्ने रूख अनि त्यस रूखको
मुनि लाश हुनेछ। ती सबै ठाँउमा तिमीहरूले आफ्नो
बलि चढ़ाएकाछौं। १४तर म आफ्नो हात तिमीहरूमाथि
उठाँउनेछु अनि तिमी तिम्रा मानिसहरू जहाँ पनि
बस्छन, दण्ड दिनेछु। म तिम्रो देश नष्ट पारिदिने छु!
यो दिब्ला मरूभूमि भन्दा पनि सनुसान हुनेछ। त्यस
पछि तिनीहरूले जान्ने छन म नै परमप्रभु हुँ।”

७ तब परमप्रभुको सन्देश मकहाँ आयो। २उहाँले
भन्नुभयो, “हे मानिसको छोरा, अब परमप्रभु मेरो
मालिकको संदेश यस प्रकार छ। यो संदेश इस्राएल
देशको निम्ति हो:

अन्त्य! अन्त्य आइरहेको छ। सारा देश नष्ट हुनेछ।
३अब तिम्रो अन्त्य आएको छ। म देखाउँने छु कि
म तिमीहरू प्रति कति क्रोधित छु। म तिमीलाई त्यो
नराम्रो कर्मका निम्ति दण्ड दिनेछु जुन तिमीले गरेका
छौ। तिमीले जुन डरलाग्दो काम गरेका छौ म
तिमीलाई त्यसको दण्ड तिराउँने छु।

४म तिमीहरूलाई दया देखाउने छैंईन म तिमीहरू
प्रति टिठउने छैन। म तिमीहरूलाई तिमीहरूको नराम्रो
कामको निम्ति दण्ड दिदैंछु। तिमीहरूले डरलाग्दो काम
गरेका छौ। अब तिमीले बुझ्नेछौ म नै परमप्रभु हुँ।”

५परमप्रभु मेरा मालिकले यी कुराहरू भन्नुभयो,
“एक पछि अर्को गर्दै आपत आउँनेछ। ६अन्त आइरहेछ
अनि यो एकदमै छिटो आउनेछ। ७तिमी इस्राएलका
मानिसहरू, के तिमीहरूले चेताउनीको ध्वनी सुनिरहेकोछौ?
शत्रुहरू आउँदैछ। त्यो दण्डको समय चाँढ़ै आउँदैछन्।
शुत्रहरूको खैलाबैला झन चर्को हुँदै पर्वतमाथि पुग्दैछ।
८म चाँड़ै नै देखाउँनेछु कि म कति क्रोधित छु। म
तिम्रो विरुद्ध मेरो सारा क्रोध प्रकट गर्नेछु। म ती
नराम्रो कामको निम्ति दण्ड दिनेछु जुन तिमीले गरेकाछौ।
तिमीलाई तिमीले गरेको डरलाग्दो कार्यको निम्ति ज्याला
दिन लगाउनेछु। ९म तिमीहरूप्रति अलिकति पनि दया
देखाउने छैन्। म तिमीलाई छोड़ने छैन। तिमीहरूको
नराम्रो कामको निम्ति तिमीलाई दण्ड दिँदैछु। तिमीहरूले
जुन डरलाग्दो काम गरेकाछौ, अब तिमीले थाहा पाउने
छौ म नै परमप्रभु हुँ।

१०“दण्डको त्यो समय आई पुग्यो। दण्ड फूलहरू
फूल्न शुरू भए जस्तै शुरू हुनेछ; के तिमीले चेताउनीको
ध्वनी सुन्दैछौ? परमेश्वरले संकेत दिनु भएकोछ। फूल
फूल्नु लागे झैं दण्ड आरम्भ हुँदैछ। घमण्डी राजा
नबूकदनेस्सर तयार छ। ११त्यो हिस्त्रंक मानिस दुष्ट
मानिसहरूलाई दण्ड दिन तयारी भइरहेको छ। उ
तिनीहरू मध्येको एकजना होइन। उ तिनीहरूको भीड़बाट
एक जना होइन। ऊ तिनीहरूको सन्तान मध्येको पनि
एक होइन। ऊ तिनीहरूको अगुवाहरू मध्यको पनि
होइन।

१२“दण्डको समय आई पुगेको छ। त्यो दिन आई
पुग्यो। जसले ती चीजहरू किन्छन, तिनीहरू खुशी
नहुन्। ती जो खिन्न चीजहरू बेच्छन तिनीहरू पनि
खुशी नहुन। किनभने डरलाग्दा दण्ड प्रत्येक मानिसमाथि
आउँनेछ। १३मानिस जसले उसको सम्पत्ति बेच्छ यो
उसले फिर्ता पाउने छैन्। यद्यपि मानिस जीवित रहेता
पनि उसले उसको सम्पत्ति फिर्ता पाउँने छैन्। किनभने
यो दर्शन सम्पूर्ण समूहका मानिसहरूका निम्ति हो।
यसलाई फिर्ता लिन सक्तैन। प्रत्येक मानिसले उसको
पापहरूको कारण उसको ज्यान सम्म बचाउनु सक्तैन।

१४“तिनीहरूले मानिसहरूलाई चेताउनी दिन तुरही
बजाउने छन्। मानिसहरू युद्ध गर्नको निम्ति तयार
रहन्छन्। तर तिनीहरू युद्ध गर्न निस्कने छैनन्। किनभने
तिनीहरू सबैसित अत्यनतै क्रोधित छु। १५तरवार लिएर
शत्रुहरू शहरको बाहिर छन्। रोग अनि भोक शहर
भित्र छ। यदि कोही पनि शत्रुको मैदानमा गयो भने
शत्रुको सेनाले त्यसलाई मार्नेछ। यदि उ शहरमा बस्यो
भने रोग र भोकले उसलाई नष्ट पार्नेछ।

१६“तर कति मानिसहरू बाँचेर निस्कने छन्। ती
बाँचेका मानिसहरू भागेर पहाड़माथि जानेछन्। तर
तिनीहरू सुखी हुने छैनन्। तिनीहरू आफ्नो पापले गर्दा
दु:खी हुनेछन्। तिनीहरू चिच्याउने छन् अनि ढुकुरले
जस्तै दु:खले भरिएको आवाज निकाल्नेछन्। १७मानिसहरू
यति थकित र खिन्न हुनेछन् कि तिनीहरू आफ्नो हात

पनि उठाउँनु सक्ने छैनन्। तिनीहरूको खुट्टा पानी जस्तै
हुनेछ। १८तिनीहरूले भाङ्ग्रा लगाउँने छन् अनि डरले
काम्ने छन्। तिमीहरू प्रत्येकको अनुहारमा लाज देख्ने
छौ। तिनीहरूले शोक देखाउनको निम्ति आफ्नो टाउको
खौराउँने छन्। १९तिनीहरूले तिनीहरूको चाँदीको मूर्तिहरू
सड़कमा फ्याँकिदिने छन्। तिनीहरूको आफ्नो सुनको
मूर्तिहरू अशुद्ध चीज जस्तै हुनेछ। किन? किनकि जब
परमप्रभुले क्रोध प्रकट गर्नु भयो त्यति बेला मूर्तिहरूले
तिनीहरूलाई बचाउँन सकेन्। ती मूर्तिहरू मानिसका
निम्ति पतनको जाल अतिरिक्त अरू थिएन्। ती मूर्तिहरूले
मानिसहरूलाई खाने कुरा दिन सकेनन्। ती मूर्तिहरूले
तिनीहरूको पेटमा अन्न पुर्‍याएन्।

२०"ती मानिसहरूले तिनीहरूको सुन्दर गहना उपयोग
गरेर मूर्ति बनाए। तिनीहरूले त्यो मूर्तिमाथि घमण्ड गरे।
तिनीहरूले तिनीहरूको डरलाग्दो मूर्तिहरू बनाए। तिनीहरूले
अपवित्र चीजहरूको बनाए। त्यसकारण म तिनीहरूलाई
अशुद्ध चीज जस्तै फ्याँकिदिनेछु। २१म तिनीहरूलाई
विदेशीहरूको हातमा छोड़िदिनेछु। ती विदेशीहरूले
तिनीहरूको हाँसो उड़ाउनेछन्। ती विदेशीहरूले तिनीहरू
मध्ये कतिलाई मार्नेछन अनि कतिलाई बन्दी बनाउँनेछन्।
२२म आफ्नो अनुहार तिनीहरूदेखि फर्काउनेछु तिनीहरूलाई
हेर्नेछैन्। ती विदेशीहरूले मेरो मन्दिर भत्काउनेछन्
तिनीहरू त्यो पवित्र भवनको गुप्त भागमा जान्छन् अनि
त्यसलाई अपवित्र बनाउँनेछन्।

२३"कैदीहरूकानिम्ति साङ्ग्ली तयार पार! किन?
किनभने धेरै मानिसहरूलाई अरू मानिसहरू मारेको
खातिर दण्ड दिनेछ। त्यहाँ शहरका प्रत्येक ठाउँहरूमा
अत्याचार फैलिने छ। २४म अरू देशहरूबाट दुष्ट
मानिसहरू ल्याउँनेछु। अनि ती दुष्ट मानिसहरूले सबै
इस्राएलका मानिसहरूका घरहरू पाउँनेछन्। म सबै
शक्तिशाली मानिसहरूलाई घमण्डी हुनुबाट रोक्नेछु।
अरू देशहरूका ती मानिसहरूले तिमीहरूको पूजा गर्ने
सबै स्थानहरू लिनेछन्।

२५"तिमीहरू मानिसको डरले काम्ने छौ। तिमीहरू
शान्ति खोज्नेछौ तर त्यहाँ पाउँने छैनौं। २६तिमीले एक
पछि एक गर्दै दु:खको कथा सुन्ने छौ। तिमीले नराम्रो
खबर बाहेक अरू केही सुन्ने छैनौ। तिमीले अगमवक्ताको
खोजी गरेर दर्शन सोध्नेछौ, तर तिमीहरूले केही पनि
पाउने छैनौ। पूजाहारीसँग तिमीहरूलाई दिने व्यवस्थाको
शिक्षा केही पनि हुने छैन अनि बूढ़ा-प्रधानहरूसँग
तिमीलाई दिने राम्रो सल्लाह हुनेछैन। २७तिमीहरूको
राजा तिनीहरूको निम्ति रूनेछन् जो मरिसकेको छ।
अगुवाहरूले शोक वस्त्र लगाउने छन्। साधरण मानिसहरू
अत्यन्तै डराउँनेछन्। किन? किनकि म त्यसको बदला
लिन्छु जुन तिनीहरूले गरेका छन्। म तिनीहरूलाई
निश्चय दण्ड दिनेछु। त्यति बेला तिनीहरूले सम्झने
छन् कि म नै परमप्रभु हुँ।"

८ एक दिन म आफ्नो घरमा बसिरहेका थिए अनि
यहूदाको बूढ़ा-प्रधानहरू त्यँहा मेरो छेउमा बसेका
थिए। यो देशबाट निकालिएको छैटौं वर्षको छैटौं
महिनाको पाचौं दिनको कुरा हो। अचानक परमप्रभु
मेरो मालिकको शक्ति मकहाँ आयो। २मैले देखें त्यो
आगो जस्तै थियो। एउटा मानिसको शरीर जस्तै देखिँदै
थियो। कम्मरमुनि त्यो आगो जस्तै थियो। कम्मरमाथि
त्यो आगोले टल्काएको पीतल जस्तै चहकिलो थियो।
३तब मैले केही हात जस्तै देखिने पसारेको देखें। त्यो
हातले मेरो टाउकाको कपाल समातेर मलाई उठायो।
तब बतासले मलाई हावामा उचाल्यो अनि मलाई
यरूशलेम लिएर गयो। परमेश्वरको दर्शनमा हातले
मलाई उत्तर तिर फर्केको मन्दिरको भित्री ढोकामा
पुर्‍यायो। परप्रभुलाई डाह गराउने मूर्ति त्यहाँ थियो।
४त्यहाँ इस्राएलका परमेश्वरको महिमा थियो। मैले
त्यस्तो महिमीत दर्शनको कबारको खोल्चामा देखे।

५परमप्रभु मसित बोल्नुभयो। उहाँले भन्नुभयो, "हे
मानिसको छोरो। उत्तर पट्टि हेर!" यसकारण मैले उत्तर
पट्टि हेरें। अनि त्यहाँ मूल ढोकाको वेदी द्वारको
उत्तरपट्टि त्यो मूर्ति थियो, जुन प्रति परमेश्वरको डाह,
हुन्थ्यो।

६तब परमेश्वरले मलाई भन्नुभयो, "मानिसको छोरा!
के तिमीले देख्यौ इस्राएलका मानिसहरूले कति डरलाग्दा
कुराहरू गरिरहेका छन्? तिनीहरूले त्यो चीज यहाँ
मेरो मन्दिरको छेउमा बनाएकोछ। यदि तिमी मसँग
आयौ भने त्यो भन्दा पनि अझै भयंकर चीजहरू
देख्नेछौ।"

७यसकारण म चोकको प्रवेशद्वारमा गएँ अनि मैले
भित्तामा एउटा प्वाल देखें। ८परमेश्वरले मलाई भन्नुभयो,
"हे मानिसको छोरो। त्यो भित्ताको प्वाल भित्र पस।"
यसकारण म भित्ताको प्वाल भएर गएँ अनि यहाँ मैले
एउटा ढोका देखें।

९तब परमेश्वरले मलाई भन्नुभयो, "भित्र जाऊ,
अनि ती डरलाग्दा दुष्ट कामहरू हेर, जुन मानिसहरूले
यहाँ गरिरहेका छन्।" १०यसकारण म भित्र गएँ अनि
हेरे। मैले त्यहाँ सबै किसिमको घस्रने जन्तुहरू,
घिनलाग्दा पशुहरू र इस्राएलको घरानाका सबै मूर्तिहरूका
चित्रहरू बनाएको देखें, जसको विषयमा सोच्न पनि
घिन लाग्छ। ती इस्राएलका मानिसहरूले पूज्ने देव-मूर्तिहरू
अपवित्र थिए। त्यहाँ ती जनावरहरूको चित्र प्रत्येक
भित्तामा चारैतिर खोपेको थियो।

११तब मैले ध्यान दिएँ कि शापानको छोरा याजन्याह
अनि इस्राएलका सत्तरीजना बूढ़ा-प्रधानहरू त्यस स्थानमा
पूजा गर्नेहरूसित थिए। त्यहाँ तिनीहरू मानिसहरूको
ठीक छेउमा थिए। अनि प्रत्येक अगुवाहरूको हातमा
आ-आफ्नो सुगन्धित धूपको थाल थियो। बल्दै गरेको
धूपको धूवाँ हावामा उड़दै थियो।

१२तब परमेश्वरले मसित भन्नुभयो, "हे मानिसको
छोरो के तिमी देख्दैछौ इस्राएलको बूढ़ा-प्रधानहरू
अँध्यारोमा के गर्दारहेछन्? प्रत्येक मानिससँग आ-आफ्नो
झूटो देवताका निम्ति एउटा विशेष कोठा छ। तिनीहरू
आपसमा यसो भनेर कुरा गर्छन, 'परमप्रभुले हामीलाई
देख्न हुदैन र परमप्रभुले यस देशलाई छोड़िसक्नु भएको
छ।'" १३तब परमप्रभुले मलाई भन्नुभयो, "यदि तिमी
मसँग आयौ भने ती मानिसहरूले गदै गरेको डरलाग्दो
कामहरू तिमीले देख्नेछौ।"

१४तब परमेश्वरले मलाई परमप्रभुको मन्दिरको
प्रवेश द्वारमा लिएर जानुभयो। यो द्वार उत्तरपट्टि थियो।
त्यहाँ मैले स्त्रीहरू बसेर रूँदै गरेको देखे। तिनीहरू
झूटा देवता तम्मूजको विषयमा शोक मनाइरहेका थिए।
१५परमेश्वरले मलाई भन्नुभयो, "हे मानिसको छोरो,
के तिमीले ती भयंकर कुराहरू देखिरहेकाछौ? मेरो
साथमा आऊ अनि तिमीले यो भयंकर चीजहरू
देख्नेछौ?" १६तब उहाँले मलाई परमप्रभुको मन्दिरको
भित्री चोकमा लिएर जानुभयो। त्यस ठाँउमा मैले
पच्चीस जना मानिसहरू तल निहुरेर पूजा गर्दै गरेको
देखें। त्यो दलान अनि वेदीको बीचमा थियो। तर
तिनीहरू गल्त दिशातिर फर्केर उभिएका थिए। तिनीहरूको
ढाड़ पवित्रस्थान पट्टि थियो। तिनीहरू सूर्यको पूजा
गर्नका निम्ति तल निहुरिएका थिए!

१७तब परमेश्वरले भन्नुभयो, "मानिसको छोरा,
तिमी यो देख्दैछौ? यहूदाका मानिसहरूले त्यो मेरो
मन्दिरलाई यति महत्वहीन सम्झनछन् कि तिनीहरूले
यस्तो डरलाग्दा कुराहरू गर्छन्। यो देश हिंसाले भरिएको
छ। तिनीहरूले मलाई निरन्तर रीस उठाउने काम
गर्छन्। हेर, तिनीहरूले आफ्नो नाकमा मूर्खहरूले झैं
कुण्डल पनि घुसाछर्न। १८म तिनीहरूमाथि आफ्नो
क्रोध प्रकट गर्नेछु, म तिनीहरूमाथि कुनै दया राख्ने
छैन्। म तिनीहरूको निम्ति दुःख अनुभव गर्ने छैन।
तिनीहरू मलाई उच्च स्वरले बोलाउँने छन्, तर म सुन्न
अस्वीकार गरिदिनेछु।"

**९** तब परमेश्वरले शहरमा दण्ड दिनको निम्ति
उत्तरदायी प्रमुखहरूलाई ठूलो स्वरले बोलाउनुभयो
प्रत्येक प्रमुखको हातमा उसको आफ्नो ध्वंसक हतियार
थियो। २तब मैले छ: जना मानिसहरू माथिल्लो
ढोकाबाट सड़कमा आउँदै गरेको देखें। त्यो ढोका
उत्तरपट्टि थियो। प्रत्येक मानिसले आफैलाई नाश गर्ने
हतियार आ-आफ्नो हातमा लिएका थिए। ती मानिसहरू
मध्ये एक जनाले सूती लुगा लगाएको थियो। उसले
कम्मरमा मसीदानी भिरेको थियो। तिनीहरू मन्दिरभित्र
गएर काँसाको वेदीको छेउमा उभिए। ३तब इस्राएलका
परमेश्वरको महिमा करूब स्वर्गदूतहरू कहाँ गयो जहाँ
उहाँ हुनुहुन्थ्यो। तब महिमा मन्दिरको ढोकामा गयो।
जब त्यो सँघारमा उभियो तब महिमाले जसले सूतीको
लुगा लगाएर लेखेको लेख्ने साधानहरू लिएको थियो
त्यस मानिसलाई बोलायो।

४तब परमप्रभुले उसलाई भन्नुभयो, "यरूशलेम
शहरबाट भएर जाऊ। त्यो शहरमा मानिसहरू तिनीहरूप्रति
गरिएको डरलाग्दो चीजहरूको विषयमा दुःखी छन् अनि
आपातमा छन्, तिनीहरू प्रत्येकको निधारमा एउटा चिन्ह
लगाई देऊ।"

५-६तब मैले परमेश्वरले अरू छ: जना मानिसहरूसित
कुरा गरेको सुनें, "म चाहन्छु कि तिमी प्रथम
मानिसलाई अनुसरण गर। तिमीले ती सबै मानिसहरूलाई
मार जसको निधारमा चिन्ह छैन्। यो केही नसोच कि
बूढ़ा-मानिस, युवक, युवती, नानी अथवा आमाहरू हुन्
भनेर। तिनीहरू माझ जसको निधारमा चिन्ह छैन
प्रत्येकलाई मार्न तिमीले तिम्रो हतियारहरू प्रयोग गर्नु
पर्छ। कुनै दया नदेखाऊँ। तिनीहरूलाई नछोड़ यहाँ मेरो
मन्दिरबाट शुरू गर।" यसकारण तिनीहरूले मन्दिर
भित्रको बूढ़ा-पाखाहरूबाट शुरू गरे।

७परमेश्वरले उसलाई भन्नुभयो, "यो मन्दिरलाई
अपवित्र बनाइदेऊ। यो चोकहरू लाशले भरिदेऊ!"
यसकारण तिनीहरू गए अनि तिनीहरूले शहरमा मानिसहरू
मार्न थाले।

८जब ती मानिसहरूले, मानिसहरूलाई मार्न गए,
त्यति बेला म त्यहीँ उभिरहे। मैले मेरो शिर भूईतिर
निहुराएर कराए, "परमप्रभु मेरो मालिक तपाईं यरूशलेमको
विरुद्ध क्रोध प्रकट गर्नका निम्ति तपाईंले इस्राएलमा
बाँचेका सबै मानिसहरू मार्दैहुनु हुन्छ?"

९परमेश्वरले भन्नुभयो, "इस्राएल अनि यहूदाका
परिवारले अत्यन्तै पाप गरेका छन्। यस देशमा सम्पूर्ण
मानिसहरूको हत्या भइरहेकोछ अनि यो शहर अपराधले
भरिएकोछ। किन? किनभने मानिसहरू स्वंय भन्छन्,
'परमप्रभुले यो देश छोड़ेर जानु भयो। उहाँले हामीलाई
यी कामहरू गरिरहेको हेर्न सक्नु हुन्न।' १०अनि म
दया देखाउँने छैन्। म तिनीहरूका निम्ति अफसोस
अनुभव गर्ने छैन्। तिनीहरू स्वंयले यो बोलाएका हुन्,
म यिनीहरूलाई मात्र दण्ड दिदैछु जसको यिनीहरू पात्र
हुन्।"

११तब सूती लुगा लगाए र लेखकको लेख्ने
साधनहरू लिने मानिस बोल्यो। उसले भन्यो, "मैले त्यो
गरे जुन तपाईंले आज्ञा दिनु भएको थियो।"

**१०** तब मैले त्यो बटुका देखें जुन करूब स्वर्गदूतको
शिरमाथि थियो। बटुका नीलमणि जस्तै स्वच्छ
नीलो थियो। त्यहाँ बटुकामाथि सिंहासन जस्तो केही
चीज देखिन्थ्यो। २तब सिंहासनमा बस्ने मानिसले मिहिन
सूती लुगा लगाएको मानिससित भन्नुभयो, "करूब
स्वर्गदूतको मुनि रहेको पाङ्ग्राहरूको माझमा आऊ।
करूब स्वर्गदूतको बीचबाट जलिरहेको कोइला हातमा

भर। जल्दै गरेको कोइलाहरू लैजाऊ अनि तिनीहरूलाई
यरूशलेमको शहरमाथि फ्याँकिदेऊ।"
मैले हेरिरहेको थिए मानिस भित्र गयो। ३जब त्यो
मानिस भित्र पस्यो करूब स्वर्गदूत त्यस समय मन्दिरको
दक्षिणपट्टि उभिरहेको थियो, भित्री चोक बादलले
भरियो। ४तब परमप्रभुको महिमा करूब स्वर्गदूतबाट
अलग भएर मन्दिरको ढोकामा गयो। बादल मन्दिरमा
भरियो अनि परमप्रभुको महिमाले चोक पूरै भरियो।
५तब मैले करूब स्वर्गदूतको पखेटा फट्फटाएको जोड़
आवाज चोकमा सुनें। चोकमा फट्फटाहट बढ़ो जोड़सित
थियो। सर्वशक्तिमान परमेश्वर बोल्नु भए झैं त्यो
फट्फटाहटको आवाज जोड़ेले सुनिन्थ्यो।
६परमेश्वरले मिहिन सूतीको लुगा लगाउने मानिसलाई
आज्ञा दिनुभयो। परमेश्वरले उसलाई पाङ्ग्राहरूको
बीचमा जाने आज्ञा दिनुभयो अनि करूब स्वर्गदूतको
मुनिबाट बल्दै गरेको कोइला ल्याउन लगाउनु भयो।
यसकारण उ पाङ्ग्राहरूको बीचमा पस्यो अनि पाङ्ग्राहरू
मध्ये एउटा पाङ्ग्राको छेउमा उभियो। ७करूब स्वर्गदूतले
आफ्नो हात पसारे अनि करूब स्वर्गदूतको क्षेत्रको
बीचमा बल्दै गरेको अलिकति कोइला लिएर गयो।
उसले त्यो कोइला त्यस मानिसको हातमा राखिदियो।
८(करूब स्र्वगदूतको पखेटाको मुनि यस्तो चीज थियो
जुन हेर्दा मानिसको हात जस्तै देखिन्थ्यो।)
९तब मैले देखें कि त्यहाँ चारवटा पाङ्ग्राहरू थिए।
प्रत्येक करूब स्र्वगदूतको छेउमा एउटा पाङ्ग्रा थियो।
अनि त्यो पाङ्ग्रा स्वच्छ पहेलो रंगको थियो। १०त्यहाँ
चारवटा पाङ्ग्राहरू थिए अनि सबै पाङ्ग्राहरू एक
समानका थिए। त्यो यस्तो देखिन्थ्यो कि मानौं एउटा
पाङ्ग्रा अर्को पाङ्ग्राभित्र थियो। ११जब पाङ्ग्राहरू
हिड़थे, तिनीहरू कुनै पनि दिशामा जान सक्थे। तर
तिनीहरू पछि फर्कन्दैनं थिए। तिनीहरू जति बेला
हिड़ँथे सबै एकै साथ हिड़ँथे। त्यो त्यस दिशामा
हिड़थ्यो जता त्यसको मुख फर्केको हुन्थ्यो। पछि नहेरी
तिनीहरू हिड़थे। १२त्यसको सम्पूर्ण शरीरमा नै आँखा
थियो। त्यसको पीठ, हात, त्यसको पखेटा अनि
पाङ्ग्रामा आँखा थियो। हो चारै पाङ्ग्रामा आँखा
थियो। १३ती पाङ्ग्राहरूलाई, "हुरूरू घुम्ने पाङ्ग्रा"
भनेको मैले सुनें।
१४प्रत्येक करूब स्वर्गदूतको चारवटा अनुहारहरू
थिए। पहिलो अनुहार करूबको थियो। दोस्रो अनुहार
मानिसको थियो। तेस्रो अनुहार सिंहको थियो अनि
चौथो गरुड़को थियो। १५तब मलाई थाहा भयो कि
ती करूब स्वर्गदूत तिनीहरू नै थिए जुन मैले कबार
नदीमा दर्शनमा देखेको थिएँ।
तब करूबहरू हावामाथि उड़े। १६तिनीहरूसित पाङ्ग्रा
पनि उड़्यो। पाङ्ग्राले आफ्नो दिशा त्यस बेला सम्म
बदली गरेन जति बेला सम्म करूब स्वर्गदूतहरूले
पखेटा खोलेर हावामा उड़ेनन। १७यदि करूब स्वर्गदूतहरू
शान्तिसँग उभिए पाङ्ग्रा पनि उभिबस्थ्यो। किन?
किनकि त्यसमा प्राणीहरूको आत्माको शक्ति थियो।
१८त्यसपछि परमप्रभुको महिमा मन्दिरको सँघारबाट
उठ्यो अनि करूब स्वर्गदूतहरूको स्थानमाथि गएर
रोकियो। १९त्यसपछि करूब स्वर्गदूतहरूले आफ्नो
पखेटा खोलेर हावामा उड़े। मैले उनलाई मन्दिर छोड़दै
गरेको देखें। पाङ्ग्रा उनकै साथमा गयो। त्यसपछि उनी
परमप्रभुको मन्दिरको पूर्वी ढोकामा गएर बसे। इस्राएलको
परमेश्वरको महिमा हावामा तिनीहरूमाथि थियो।
२०त्यसपछि मैले इस्राएलको परमेश्वरको महिमाको
तल प्राणीहरूको कबार नदीको दर्शनमा याद गरे अनि
मैले अनुभव गरे कि त्यो प्राणी करूब स्वर्गदूत थियो।
२१प्रत्येक प्राणीको चारवटा मुख औ चारवटा पखेटा
थिए। पखेटाको तल यस्तो चीज थियो जुन चीज
मानिसको हात जस्तो देखिन्थ्यो। २२करूब स्वर्गदूतको
त्यही चारवटा मुख थियो जुन कबार नदीको दर्शनमा
प्राणीहरूको थियो अनि त्यो सिधै अघाड़ि त्यस दिशा
तर्फ हेर्थे जुन दिशा तर्फ तिनीहरू गइरहेका हुन्थे।
११ तब हावाले मलाई परमप्रभुको मन्दिरको पूर्वी
ढोकामा लग्यो। त्यस ढोका पूर्वपट्टि फर्केको
थियो जताबाट सूर्य उदय हुन्थ्यो। मैले त्यस मूल
ढोकाको प्रवेशमा पच्चीस जना मानिसहरू देखें। अज्जूरको
छोरा याजन्याह तिनीहरूसित थिए अनि बनायाहको छोरा
पलत्याह दुवै जना मानिसहरूको अगुवा त्यहाँ थिए।
२त्यसपछि परमेश्वर मसित बोल्नु भयो। उहाँले
भन्नुभयो, "हे मानिसको छोरो। यिनीहरू ती मानिसहरू
हुन् जसले शहरमा नराम्रो योजनाहरू बनाउँछन्। तिनीहरूले
मानिसहरूलाई नराम्रो काम गर्न उस्काउँछन्। ३तिनीहरू
भन्छन्, 'हामीहरू फेरि चाँड़ै आफ्नो घर बनाउदैनौं? यो
शहर एउटा भाँड़ा हो र हामी मासु हौ।'* ४तिमीले
मानिसहरूसँग मेरो निम्ति कुरा गर्नुपर्छ। मानिसको छोरो
जाऊ र मानिसहरूलाई अगमवाणी गर।"
५तब परमप्रभुका आत्मा ममाथि आउनु भयो र
मलाई भन्नुभयो, "तिनीहरूलाई भन परमप्रभुले यी सबै
कुरा भन्नु हुँदैछ: इस्राएलका घरानाहरू, तिमीहरूले
ठूलो योजना बनाउँदैछौ। तर मलाई थाहा छ तिमीहरूले
के सोचिरहेकाछौ। ६तिमीले यो शहरको धेरै मानिसहरू
मार्‍यौ। तिमीले सड़कको गल्लीहरू मारिएका मानिसहरूको
लाशले भरिदियौ। ७अब हाम्रा परमप्रभु यसो भन्नु
हुन्छ, 'यी सबै लाशहरू मासु हो अनि शहर भाँड़ा हो।
तर उनी (नबूकदनेस्सर) आउनेछन अनि तिमीहरूलाई
यो सुरक्षाको भाँड़ाबाट लिएर जानेछन्। ८तिमी तरवारसँग
भयभीत छौ। तर म तिम्रो विरुद्ध तरवार लिएर

**यो शहर … हो** यसको अर्थ हो तिनीहरू यरूशलेममा सुरक्षित छन् जस्तो मासु भाड़भित्र सुरक्षा रहन्छ।

आउँदैछु।'" परमप्रभु हाम्रो मालिकले यी सबै कुरा
भन्नुभयो। यसकारण यो घट्ने छ।
९परमेश्वरले यो पनि भन्नुभयो, "म तिमीहरूलाई यो
शहरबाट बाहिर निकाल्नेछु अनि तिमीहरूलाई
अपरिचितहरूको हातमा सुम्पिदिनेछु। म तिमीहरूलाई
दण्ड दिनेछु! १०तिमीहरू तरवारद्वारा मारिनेछौ। म
तिमीहरूलाई त्यहाँ इस्राएलमा दण्ड दिनेछु, यसकारण
तिमीहरूले सम्झनेछौ कि त्यो म हुँ जसले तिमीहरूलाई
दण्ड दिँदैछु, म परमप्रभु हुँ। ११हो, यो स्थान पकाउँने
कराही हुनेछ अनि तिमीहरू यसमा मासु हुनेछौ जुन
भुटिन्छ! म तिमीहरूलाई यहाँ इस्राएलमा दण्ड दिनेछु!
१२त्यसपछि तिमीहरूले जान्नेछौ कि म नै परमप्रभु हुँ।
त्यो मेरो नियम थियो जुन तिमीले तोड्यौ। तिमीले मेरो
नियमहरू पालन गरेनौ। तिमीले आफ्नो चारैतिरको
राष्ट्रका मानिसहरू जस्तै बस्ने निर्णय गर्‍यौ।"
१३मैले परमेश्वरको निम्ति बोल्न समाप्त गर्ने साथ,
बनायाहको छोरा पलत्याह मरे। म पृथ्वीमा लड़े। मैले
पृथ्वीमा टाउको टेकेर भनें, "हाय! परमप्रभु मेरा
मालिक के तपाईं इस्राएलका सबै बाँचेका मानिसहरूलाई
सम्पूर्ण रूपले नाश गर्न तयार हुनु हुन्छ?"
१४तर त्यसपछि परमप्रभुको वचन मैले प्राप्त गरे।
उहाँले भन्नुभयो, १५"मानिसको छोरो! तिमी इस्राएलको
परिवारको आफ्ना दाजू-भाइहरूलाई सम्झना गर जसलाई
आफ्नो देश छोड़नलाई बाध्य गरिएको थियो। तर म
तिनीहरूलाई फर्काई ल्याउँनेछु। तर यहाँ यरूशलेमका
बासिन्दाहरूले भन्दैछन्, 'तिनीहरू परमप्रभुबाट टाढ़ो
गए। यो भूमि हामीलाई दिइसकेकोछ यो हाम्रो हो।'"
१६"यसकारण मानिसहरूसँग भन: परमप्रभु हाम्रा
मालिक भन्नु हुन्छ, 'यो साँचो हो कि मैले आफ्नो
मानिसहरूलाई टाढ़ो भूमिहरूमा जानको निम्ति बाध्य
गरे। मैले नै तिनीहरूलाई धेरै देशहरूमा तितर-बितर
पारें। ती भूमिहरूमा म तिनीहरूको निम्ति केही समय
मन्दिर हुनेछ। १७यसकारण तिमीले तिनीहरूलाई भन्नु
पर्छ कि परमप्रभु तिनीहरूको मालिकले तिनीहरूलाई
फेरि फर्काएर ल्याउँनु हुन्छ। मैले तिमीहरूलाई धेरै
देशहरूमा छरिदिए। तर म तिमीहरूलाई एक ठाँउमा
जम्मा गर्नेछु अनि ती देशहरूबाट तिमीहरूलाई फर्काएर
ल्याउँनेछु। म इस्राएलको प्रदेश तिमीहरूलाई फेरि
दिनेछु। १८अनि जब हाम्रा मानिसहरू फर्कन्छन् त्यसबेला
तिनीहरूले त्यो सबै डरलाग्दा कुहिएको देव-मूर्तिहरू
जुन अहिले यहाँ छ नष्ट गरिदिनेछन्। १९म तिनीहरूलाई
एकैसाथ ल्याउँनेछु अनि तिनीहरूलाई एउटै मानिस जस्तै
बनाउँनेछु। म तिनीहरूमा नँया आत्मा भर्नेछु। म
तिनीहरूको ढुङ्गाको हृदय तोड़ेर त्यो ठाँउमा साँचो हृदय
भरिदिनेछु। २०तब तिनीहरूले मेरो विधिहरू पालन
गर्नेछन्। तिनीहरूले मेरो नियमहरू पालन गर्नेछन्,
तिनीहरूले त्यो काम गर्नेछन् जुन म गर्न लगाउँछु।
तिनीहरू साँच्चै मेरो प्रजा हुनेछन् अनि म तिनीहरूका
परमेश्वर हुनेछु।'"
२१त्यसपछि परमेश्वरले भन्नुभयो, "तर यस समय
उहाँको हृदय डरलाग्दा कुहिएको मूर्ति भइसकेको छ।
मैले ती मानिसहरूलाई तिनीहरूको नराम्रो कामको
निम्ति दण्ड दिनुपर्छ जुन तिनीहरूले गरेका छन्।" मेरा
स्वामी परमप्रभु मेरा मालिकले यी सबै कुराहरू
भन्नुभयो। २२तबपछि करूब स्वर्गदूतले आफ्नो पखेटा
फटफटायो अनि हावामाथि उड्यो। पाङ्ग्रा तिनीहरूसितै
गयो। इस्राएलका परमेश्वरको महिमा तिनीहरूमाथि
थियो। २३परमप्रभुको महिमामाथि हावामा उठ्यो अनि
उसले यरूशलेम छोड़ि दियो। अनि केही क्षणको लागि
यरूशलेमको पूर्वी पहाड़मा गएर बस्यो। २४तब वतासले
मलाई हावामाथि उठायो अनि फेरि बाबेल पुरायो, ती
मानिसहरूकहाँ पुरायो जुन मानिसहरूलाई इस्राएल छोड्नुको
निम्ति बाध्य गराइएको थियो। त्यसपछि दर्शनमा
परमेश्वरको आत्मा हावामा उठाउनुभयो अनि मलाई
छोड़ियो। मैले ती सबै चीजहरू परमेश्वरको दर्शनमा
देखें। २५त्यसपछि मैले निर्वासित मानिसहरूसँग कुरा
गरें। मैले ती सबै कुराहरू बताएँ जुन परमप्रभुले मलाई
देखाउनु भएको थियो।
१२ त्यसपछि परमप्रभुको वचन मलाई प्राप्त भयो।
उहाँले भन्नुभयो, २"हे मानिसको छोरो, तिमी
विद्रोही मानिसहरूसँग बस्छौ। तिनीहरू सधैं मेरो विरुद्धमा
गएका छन्। हेर्नको निम्ति तिनीहरूका आँखा छन्, जे
जति मैले तिनीहरूको निम्ति गरें। तर तिनीहरूले त्यो
देख्दैनन्। सुन्ने कान छन्, जे जति मैले तिनीहरूलाई
गर्नु भनें तिनीहरूले सुनेनन्। किन? किनकि ती विद्रोहीहरू
हुन्। ३यसकारण, हे मानिसको छोरो! आफ्नो समान
तयार पार। यस्तो व्यवहार गर मानौ तिमी कुनै टाढ़ो
देशमा गइरहेकोछौ। यो यस्तो प्रकारले गर कि मानिसहरूले
हेरेको हेरेकै छन सम्भव छ तिनीहरूले तिमीमाथि ध्यान
दिनेछन्, तर ती मानिसहरू एकदमै विद्रोही हुन्।
४"दिउँसोको समयमा तिमी आफ्नो समान यस्तो
प्रकारले बाहिर निकाल कि मानिसहरूले तिमीलाई
हेरेको हेरेकै हुन। त्यसपछि साँझमा यस्तो देखावटी गर
कि तिमी टाढ़ा देशमा एउटा बन्दी जस्तै जाँदैछौ।
५मानिसको आँखाको अघाड़ी पर्खालमा प्वाल बनाऊ
अनि त्यो पर्खालको प्वालबाट बाहिर जाऊ। ६राती
आफ्नो समान काँधमा राख अनि त्यस स्थान छोड़ीदेऊ।
आफ्नो मुख छोप, जसद्वारा तिमीले देख्न नपरोस् कि
तिमी कहाँ गई रहेकाछौ। यो काम तिमीले यस्तो
प्रकारले गर कि कसैले देख्न नसकोस्। किन? किनकि
म तिमीलाई इस्राएलको परिवारको लागि एउटा उदाहरणको
रूपमा उपयोग गर्दैछु।"
७यसैकारण मैले आज्ञा गरे अनुसार गरे। दिउँसो
मैले आफ्नो समान उठाएँ अनि यस्तो देखावटी गरे

मानौ म कुनै टाढ़ो देश जाँदैछु। त्यो साँझ मैले आफ्नो हातको उपयोग गरें अनि भित्तामा प्वाल बनाए्। राती मैले आफ्नो समान काँधमा राखें अनि गएँ। मैले यो सब यसप्रकारले गरें कि सबैले मलाई देखोस्।

८भोलि पल्ट बिहान मैले परमप्रभुको वचन प्राप्त गरें। उहाँले भन्नुभयो, ९"हे मानिसको छोरो, के इस्राएलका ती विद्रोहीहरूले तिमीलाई सोधे तिमीले के गर्दैछौ भनेर? १०तिनीहरूलाई भन कि परमप्रभु तिनीहरूका मालिकले यो कुरा बताउनु भयो। यो दु:खको संदेश यरूशलेमका बूढ़ा-प्रधानहरू अनि यरूशलेममा बस्ने इस्राएलका सबै मनिसहरूको विषयमा हो। ११तिनीहरूलाई भन, 'म तिमीहरू सबैका लागि उदाहरण हुँ। मैले जे जे गरे त्यो तिमीहरू सबैको निम्ति वास्तविक हुनेछ।' तिनीहरू कैदीहरू जस्तो जान बाध्य हुनेछन्। १२तिमीहरूका अगुवाहरूले आफ्नो सामन उस्कै काँधमा लैजानेछन्। उसले भित्तामा प्वाल बनाई गुप्त रूपमा भागेर जाने छन। उसले आफ्नो मुख छोप्नेछ ताकि उ कहाँ जादैछ आफ्नो आँखाले देख्दैन। १३उसले भाग्ने कोशिश गर्नेछ, तर म (परमेश्वरर) उसलाई समातिहाल्नेछु। ऊ मेरो जालमा फस्नेछ अनि म उसलाई कल्दीहरूको देश बाबेलमा लिएर जानेछु। तर उसले यो देख्न सक्तैंन् त्यो त्यहाँ मर्नेछ। १४म राजाका मानिसहरूलाई बाध्य गर्नेछु कि तिनीहरू इस्राएलको चारै तिर विदेशमा बसन। म उनको सेनालाई तितर-बितर पार्नेछु अनि शत्रुको सेना उनको पछि लाग्नेछ। १५त्यसपछि तिनीहरूलेबुझ्छन् कि म नै परमप्रभु हुँ। तिनीहरूले सम्झनेछन् कि मैले नै तिनीहरूलाई देशबाट तितर-बितर पारे। तिनीहरूले सम्झने छन् कि मैले तिनीहरूलाई अरु देशहरूमा जानु बाध्य पारें।

१६"तर म कतिपय मानिसहरूलाई जीवित राख्नेछु। तिनीहरू रोग, अनिकाल र युद्धद्वारा मर्ने छैनन्। म तिनीहरूलाई यसकारण जीवित राख्नेछु कि तिनीहरू अन्य मानिसहरूसँग त्यो घिनलाग्दो कामको बारेमा भन्न नसकुन् जुन तिनीहरूले मेरो विरुद्ध गरे। त्यसपछि तिनीहरूले थाहा पाउनेछन् म नै परमप्रभु हुँ।"

१७तब फेरि परमप्रभुको वचन मकहाँ आयो र त्यसले भन्यो, १८"हे मानिसको छोरो, तिमीले यस्तो गर्नुपर्छ मानौं तिमी भयभीत छौ। तिमी जब खान्छौ काम्नु पर्छ। तिमीले पानी पिउँदा चिन्तित अनि भयभीत भए झैं हुनुपर्छ। १९तिमीले यी साधारण जनतासित भन्नुपर्छ। तिमीले भन्नुपर्छ, 'परमप्रभु हाम्रो मालिक यरूशलेमको बासिन्दाहरू अनि इस्राएलको अन्य भागका मानिसहरूसँग यसो भन्नुहुन्छ। मानिसहरू, तिमीहरूले खाना खाँदा अफसोसमा पार्नुपर्छ। तिमीहरू पानी पिउदा साह्रै भयभीत हुनेछौ। किनकि त्यहाँ बसो-बास गर्नेहरूको हिंसाले गर्दा तिमीहरूको देशको सबै सामानहरू नष्ट हुनेछ। २०तिमीहरूको शहरमा यति बेला धेरै मानिसहरू बस्दैछन् तर त्यो शहर नष्ट भएर जान्छ। तिम्रो पुरै देश नष्ट भएर जानेछ। त्यसपछि तिमीले बुझ्नेछौ कि 'म नै परमप्रभु हुँ।'"

२१तब परमप्रभुको वचन मलाई प्राप्त भयो। उहाँले भन्नुभयो, २२"हे मानिसको छोरो, इस्राएल देशको विषयमा मानिसहरूले यो उखान किन सुनाउँछन:

विपत्ति चाढ़ै आउँदैन, दर्शन कहिल्यै हुँदैन।

२३"ती मानिसहरूसँग भन कि परमप्रभु तिनीहरूका मलिकले यो उखान पढ़न बन्द गरिदिनु हुन्छ। तिनीहरू इस्राएलको बारेमा यो कुरा कहिल्यै पनि भन्दैनन्। अब तिनीहरू यो उखान सुनाउँछन्:

विपत्ति चाढ़ै आउँछ, दर्शन पूरा हुनेछ।

२४"यो सत्य हो कि इस्राएलमा कहिल्यै पनि झूटो दर्शन हुँदैन। अब यस्तो जादु गर्नेहरू भविष्यमा हुँदैनन्, जसले यस्तो अगमवाणी गर्छ त्यो साँचो हुँदैन। २५किन? किनभने म परमप्रभु हुँ। अनि म त्यही भन्छु, जुन मलाई भन्न मन लाग्छ! अनि त्यही घट्नेछ अनि म घटना काललाई लामो तान्न दिनेछैन। ती विपत्तिहरू चाड़ैं आउँदैछन् तिम्रो आफ्नो जीवनकाल मानै। विद्रोही मानिसहरू! जब म केही भन्छु त्यो पूरा गरेनै छाड़छु।" परमप्रभु मेरो मालिकले यी सबै कुरा भन्नुभयो।

२६तब परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो, २७"हे मानिसको छोरा, इस्राएलका मानिसहरू सोच्छन् जे दर्शन म तिमीलाई दिन्छु त्यो भविष्यमा घट्नेछ। तिनीहरू सम्झनछन्  जुन विपत्तिहरूको विषयमा तिमी कुरा गर्छौ त्यो आज भन्दा धेरै वर्ष पछि घट्नेछ। २८यसकारण तिमीले उनीहरूलाई भन्नुपर्छ, 'परमप्रभु मेरो मालिक भन्नु हुन्छ: म अझ ज्यादा ढीलो गर्न सक्तिन्, यदि म हुनेछ भन्छु, त्यो भएरनै छाड़नेछ।'" परमप्रभु मेरो मालिकले यी सबै कुरा भन्नुभयो।

१३ त्यसपछि परमप्रभुको वचन मलाई प्राप्त भयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो, तिमीले इस्राएलको अगमवक्ताहरूसित मेरो विषयमा कुरा गर्नु पर्छ। ती अगमवक्ताहरूले वास्तवमा मेरो निम्ति कुरा गरेकोछैन्। ती अगमवक्ताहरू त्यही भन्छन जुन उनीहरूले भन्न खोज्दैछन्। यसकारण तिमीले उसँग कुरा गर्नु पर्छ। उसँग यो कुरा भन, 'परमप्रभुबाट प्राप्त भएको यो वचन सुन! ३परमप्रभु मेरो मालिक यो वचन दिनुहुन्छ। मूर्ख अगमवक्ताहरू! तिमीहरूमाथि आपत आई लाग्ने छ। तिमीहरू आफ्नो आत्माको अनुसरण गरि रहेका छौ। तिमीहरूसँग त्यो भनेका छैनन् जुन तिमीले साँच्चै दर्शनहरूमा देख्छौ।

४"'इस्राएलीहरू तिमीहरूका अगमवक्ताहरू त्यो सुनसान भत्केको ठाउँहरूमा बस्ने स्यालहरू जस्तै भएकाछन्। ५तिमीहरूले शहरको भत्केको पर्खालको नजिक सैनिकहरू बस्न दिएनौ। तिमीहरूले इस्राएलको परिवारको रक्षाको निम्ति पर्खालहरू बनाएनौ। यसकारण परमप्रभुको निम्ति

जब तिमीहरूलाई दण्ड दिने समय आउँछ त्यतिबेला
तिमीहरू युद्धमा हार्नेछौ।
६“‘झूटा अगमवक्ताहरूले भने, तिनीहरूले दर्शन
देखेकाछन्। तिनीहरूले तिनीहरूको तन्त्र मन्त्र गरेर भने
कि घटनाहरू हुन्छन्। तर तिनीहरूले झूटो बोले।
तिनीहरूले भने परमप्रभुले तिनीहरूलाई पठाउनु भयो
तर तिनीहरूले झूटो बोले। झूटोलाई साँचो बनाउँने
प्रयास आजसम्म पनि गर्दैछन्।
७“‘झूटा अगमवक्ताहरू! जुन दर्शन तिमीहरूले देख्यौ,
त्यो सत्य थिएन। तिमीले आफै जादू गर्‍यौ अनि भन्यौ
केही घट्ने वोला छ तर तिमीले मानिसहरूसँग झूटो
भन्यौ। तिमी भन्छौ यो परमप्रभुको कथन हो, तर मैले
तिमीहरूसँग कुरै गरिन।’”
८यसकारण परमप्रभु मेरो मालिक अब साँच्चै केही
बोल्नुहुन्छ उहाँ भन्नुहुन्छ, “तिमीले झूटो भन्यौ। तिमीहरूले
दर्शनमा जे देखेको थियौ, त्यो सत्य होइन्। यसकारण
म अब तिमीहरूको विरुद्धमा छु।” परमप्रभु मेरो
मालिकले यो कुरा भन्नुभयो। ९परमप्रभुले भन्नुभयो,
“म ती अगमवक्ताहरूलाई दण्ड दिनेछु जसले असत्य
दर्शन देखे अनि झूटा बोले। म तिनीहरूलाई आफ्नो
मानिसदेखि अलग पार्नेछु। तिनीहरूको नाम इस्राएलको
परिवारको सूचिमा रहनेछैन्। तिनीहरू फेरि इस्राएल
प्रदेशमा कहिल्यै जाने छैनन्। त्यसपछि तिमीले जान्ने
छौ कि म परमप्रभु अनि मालिक हुँ।
१०“ती झूटो अगमवक्ताहरूले घरिघरि मानिसहरूसँग
झूटो भने। अगमवक्ताहरूले भने शान्ति हुन्छ अनि
त्यहाँ कुनै शान्ति भएन। मानिसहरूको पर्खाल दृढ़
गर्नुछ अनि युद्धको तयारी गर्नुछ। तर भत्केको पर्खालमा
एउटा पातको तरह लेप लगाइरहेछन्। ११तिनीहरूलाई
भन म असिना र पानी पठाउँनेछु। प्रचण्ड आँधी-बेही
चल्नेछ अनि बाढ़ी आउनेछ, अनि पर्खाल ढल्नेछ।
१२पर्खाल तल ढल्नेछ। मानिसहरूले अगमवक्ताहरूलाई
सोध्नेछन्, ‘त्यो चूना लगाएको के भयो, जुन तिमीले
पर्खालमा लगाएका थियौ?’” १३परमप्रभु मेरा मालिक
भन्नुहुन्छ, ‘म क्रोधित छु, म तिमीहरूको विरुद्ध
आँधी-बेही पठाउँछु। म क्रोधित छु अनि म घनघोर
वर्षा पठाउँछु। म क्रोधित छु अनि आकाशबाट असिना
खसाउँनेछु। अनि तिमीहरूलाई पूर्ण रूपमा नष्ट पार्नेछु।
१४तिमी पर्खालमा चुना लगाउँछौ। तर म पूरै पर्खाल
नष्ट पारिदिनेछु। म त्यसलाई भत्काई दिनेछु। पर्खाल
तिमीमाथि ढल्नेछ अनि तिमीले जान्नेछौ म नै परमप्रभु
हुँ। १५अब म पर्खालमाथि अनि मानिसहरूमाथि मेरो
क्रोध छाड़िदिनेछु जसले यसलाई लेप लगाए। तब
तिमीलाई भन्नेछु, ‘अब कुनै पर्खाल रहेन र कुनै
मजदूरले यसमाथि लेप लगाउनेछैन्।’
१६“यो सबै इस्राएलको झूटो अगमवक्तहरूको निम्ति
हुनेछ। ती अगमवक्ताहरू यरूशलेमका मानिसहरूसँग
बात गर्छन। ती अगमवक्ताहरू भन्छन् शान्ति हुन्छ तर
कतै शान्ति छैन्।” परमप्रभु मेरा मालिकले यसो
भन्नुभयो।
१७परमप्रभुले भन्नुभयो, “हे मानिसको छोरो! इस्राएलमा
स्त्री अगमवादिनीहरू खोज। त्यो स्त्री अगमवादिनीहरू
मेरो निम्ति बोल्दैनन्। तिनले त्यही भन्छन, जुन तिनीहरूलाई
भन्न मन पर्छ। यसकारण तिमीले मेरो लागि उसको
विरुद्ध बोल्नु पर्छ। तिमीले यसो भन्नु पर्छ। १८‘परमप्रभु
मेरो मालिक भन्नुहुन्छ: विपत तिमी स्त्रीहरूमाथि
आइलाग्नेछ। तिमीहरूले प्रत्येक मानिसको पाखुराहरूमा
जादूको पाटा सिलाइ दिन्छौ। तिमीले मानिसको शिरमा
बाँध्न “फेटा” बनाउँछौ। तिमीहरू भन्छौ कि ती
चीजहरूमा मानिसहरूको जीवन नियन्त्रण गर्ने तन्त्र-मन्त्रको
शक्ति छ। के तिमी सोच्छौ कि तिमीहरू आफ्नो
आत्माहरू जीवित राख्न र मेरो मानिसहरूका आत्माहरूलाई
मार्नु सक्छौ। १९तिमी नै एकजना हौ जसले मानिसहरूलाई
म महत्वहीन हुँ भनी सोच्न लगाउँछौ। तिमीहरू एक
मुठी जौ र रोटीको केही टुक्राको लागि तिनीहरूलाई
मेरो विरुद्धमा हिड़ाउँछौ। तिमीहरू मेरो मानिसहरूसँग
झूटो बोल्छौ। तिनीहरू झूटो सुन्न मन पराउँछन्।
तिमीहरू ती मानिसलाई मार्छौ जसलाई जीवित रहन्छ
अनि तिमीहरू त्यस्ता मानिसहरूलाई जीवित राख्न
चाहन्छौं जसलाई मार्नु जरूरी छ। २०यसकारण परमप्रभु
मेरो मालिक तिमीहरूसित यसो भन्नुहुन्छ: ‘म ती
जादूका बूटीहरूको विरुद्धमा छु जो मानिसहरूलाई
फसाउँन तिमी प्रयोग गर्छौ, तर म तिनीहरूलाई स्वतन्त्र
पार्नेछु। म ती बूटीहरू तिनीहरूका पाखुराबाट चुड़ाइदिनेछु
अनि तिमीहरूलाई मुक्त गराइदिनेछ। तिनीहरू जालबाट
मुक्त गरिएका पक्षीहरू जस्तै हुनेछन्। २१म तिमीहरूको
घुम्टो च्यातिदिनेछु अनि मेरो मानिसहरूलाई तिम्रो शक्तिबाट
बचाउँनेछु। तिनीहरू तिम्रो जालबाट भाग्नेछन् अनि
तिमीले बुझ्नेछौ म नै परमप्रभु हुँ।
२२“‘स्त्री अगमवादिनीहरू तिमीहरू झूटो बोल्छौ।
तिम्रो झूटले राम्रो मानिसहरूलाई दु:ख पुर्‍याउँछ म ती
राम्रो मानिसहरूलाई दु:ख दिन चाहँदिन। तिमी नराम्रो
मानिसलाई सहायता गर्छौ अनि तिनीहरूलाई उत्साहित
पार्छौ। तिमी तिनीहरूलाई आफ्नो जीवन बदलि गर
भन्दैनौ। तिमी तिनीहरूको जीवन रक्षा गर्दैनौ। २३तिमीले
अब भविष्यमा व्यर्थको दर्शनहरू देख्ने छैनौ। तिमीले
भविष्यमा जादू गर्ने छैनौ। म मेरो मानिसलाई तिमीहरूको
शक्तिदेखि बचाउँने छु अनि तिमीहरूले थाह पाउनेछौ।
म नै परमप्रभु हुँ।’”

**१४** इस्राएलका केही बूढ़ा-प्रधानहरू मकहाँ आए।
तिनीहरू मसँग बात गर्न बसे। २परमप्रभुको
वचन मकहाँ आयो उहाँले भन्नुभयो, ३“हे मानिसको
छोरो! यी मानिसहरू तिमीसित बात गर्न आएकाछन्।
तिनीहरू चाहन्छन् तिमीले मसँग सल्लाह लेउन्। तर ती

मानिसहरूले आज सम्म आफ्ना घिनलाग्दो मूर्तिहरू
राखेकै छन्। तिनीहरू ती चीजहरू राख्छन् जसले
तिनीहरूलाई पाप गराउँछन्। तिनीहरू आज सम्म त्यही
मूर्ति पूजा गरिरहेकाछन्। यसकारण, तिनीहरू मकहाँ
सल्लाह लिन किन आउँछन्? के मैले उनीहरूको
प्रश्नहरूको उत्तर दिनुपर्छ? अँह! ४तर म तिनीहरूलाई
उत्तर दिन्छु। तिमीले तिनीहरूलाई भन्नु पर्छ, 'परमप्रभु
मेरो मालिक भन्नुहुन्छ: यदि कोही इस्राएलीहरू
अगमवक्ताकहाँ जान्छ अनि मदेखि सल्लाह माग्छ भने
यदि त्यो मानिसले उसका मूर्तिहरू राखेकोछ भने त्यो
मानिसको प्रश्नको उत्तर म आफै दिनेछु। यदि उसले
ती चीजहरू जसले तिनीहरूलाई पाप कर्महरू गराउन
उकास्छ अनि यदि उसले मूर्तिहरूको पूजा गर्छ भने म
उसित कुरा गर्नेछु। ५किन? किनकि म तिनीहरूको
हृदय छुन चाहन्छु। म देखाउन चाहन्छु कि म
तिनीहरूलाई प्रेम गर्छु, यद्यपि तिनीहरूले मलाई आफ्नो
घिनलाग्दो मूर्तिहरूको निम्ति छोड़िदिए।'

६"यसकारण इस्राएलका परिवारसँग यी सब भन।
तिनीहरूलाई भन, 'परमप्रभु मेरो मालिक भन्नुहुन्छ!
मकहाँ फर्केर आऊ अनि आफ्नो घिनलाग्दो मूर्तिहरू
छोड़िदेऊ। ती सबै डरलाग्दा भूटो देवताहरूबाट तिमी
फर्क ७यदि कुनै इस्राएलीहरू अथवा इस्राएलमा बस्ने
विदेशीहरू सल्लाहमा निम्ति मकहाँ आए म उसलाई
उत्तर दिनेछु। यदि उसले घिनलाग्दो मूर्तिहरू राखे ता
पनि म उसलाई उत्तर दिन्छु। यदि उसले ती चीजहरू
राख्छ जसले उसलाई पाप गराउँछ। यदि उसले तब
सम्म ती मूर्तिहरूको पूजा गर्छ। म उसलाई यस्तो उत्तर
दिन्छु। ८म त्यस मानिसको विरोधी हुनेछु। उसलाई नष्ट
गरिदिन्छु। त्यो अरू मानिसहरूको निम्ति उदाहरण
बनिनेछ। मानिसहरूले उसको हाँसो उड़ाउँनेछन्। म
तिनीहरूलाई आफ्नो मानिसहरूबाट बाहिर निकल्नेछु।
त्यसपछि तिमीले जान्ने छौ म नै परमप्रभु हुँ। ९यदि
अगमवक्ता धेरै मूर्ख भई आफ्नो उत्तर दियो भने म
उसलाई देखाई दिन्छु कि उ कति मूर्ख छ, म उसको
विरुद्ध आफ्नो शक्ति प्रयोग गर्छु। म उसलाई नष्ट
गरिदिन्छु अनि आफ्ना मानिसहरूलाई इस्राएलबाट बाहिर
निकाल्नेछु। १०यस्तै प्रकारले त्यो मानिस जुन राय लिन
आएको थियो अनि अगमवक्ता जसले उत्तर दियो दुवैले
एउटै दण्ड पाउँनेछन्। ११किनकि यसप्रकारले त्यो
अगमवक्ताले मेरो मानिसहरूलाई मदेखि टाढ़ो लिएर
जान बन्द गरिदिन्छ। यसप्रकारले मेरा मानिसहरूले
आफ्नो पापबाट अपवित्र हुनु बन्द गरिदिन्छन्। तब
तिनीहरू मेरो विशेष मानिस हुनेछन अनि म तिनीहरूको
परमेश्वर बनिन्छु।'" परमप्रभु मेरो मालिकले यी सबै
कुराहरू भन्नुभयो।

१२तब परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, १३"हे मानिसको छोरो! म आफ्नो त्यो
राष्ट्रलाई दण्ड दिन्छु जसले मलाई छोड़्छ अनि मेरो
विरुद्ध पापहरू गर्छ। म तिनीहरूको भोजनको आपूर्ति
बन्द गरिदिन्छु। म अनिकाल उत्पन्न गरिदिन सक्छु
अनि त्यस देशबाट मानिस अनि पशुहरू बाहिर गरिदिन
सक्छु। १४म त्यस देशलाई दण्ड दिन्छु त्यहाँ नूह,
दानियल अनि अय्यूब नै किन नबसुन, उनीहरू आफ्नो
जीवन आफ्नो धार्मिकताद्वारा बचाउँन सक्छन् तर तिनीहरूले
सम्पूर्ण देशलाई बचाउँन सक्तैनन्।" परमप्रभु मेरा मालिकले
यी सबै कुरा भन्नुभयो।

१५परमेश्वरले भन्नुभयो, "अथवा म त्यो पुरै देशमा
जंगली जनावरहरू पठाइदिन्छु अनि ती जनावरहरूले
सबै मानिसहरूलाई मार्न सक्छन। जंगली जनावरहरूको
कारणले त्यस देश भएर कसैले पनि यात्रा गर्नसक्तैनन्।
१६यदि नूह, दानियल अनि अय्यूब त्यहाँ बस्थे भने म
ती तीनैजनालाई बचाउने थिँए। ती तीनैजना स्वंयले
आफूलाई बचाउँनु सक्छन्। तर म मेरो जीवनको शपथ
खाएर भन्छु कि तिनीहरूले आफ्नो बाहेक अरूको
जीवनसितै आफ्नो छोरा-छोरी पनि बचाउँन सक्ने थिएनन्।
त्यो नराम्रो देश नष्ट गरिनेछ।" परमप्रभु मेरो मालिकले
यी सबै कुरा भन्नुभयो।

१७परमेश्वरले भन्नुभयो, "अथवा त्यस देशको विरुद्ध
लड्नका निम्ति म शत्रुका सेना पठाउँन सक्छु। ती
सैनिकले त्यो देश नष्ट पारिदिन्छन्। म त्यस देशको
सबै मानिसहरू अनि जनावरहरूलाई बाहिर निकालिदिन्छु।
१८यदि नूह, दानियल अनि अय्यूब त्यहाँ बस्थे भने ती
तीनजना राम्रो मानिसहरूलाई बचाउँथें। ती तीनजनाले
आफ्नो जीवन स्वंय बचाउँन सक्छन्। म मेरो जीवनको
शपथ खाएर भन्छु कि अरू मानिसहरूको जीवन
तिनीहरूले बचाउँन सक्तैंनन् यहाँ सम्म कि आफ्नो
छोरा-छोरीको जीवन पनि बचाउँन सक्ने थिएन। त्यो
देश सम्पूर्ण रूपमा नष्ट गरिइनेछ।" परमप्रभु मेरो
मालिकले यी कुराहरू भन्नुभयो।

१९परमेश्वरले भन्नुभयो, "अथवा म त्यस देशको
विरुद्ध रूढ़ी (महामारी) पठाउँन सक्छु। म तिनीहरूमाथि
आफ्नो क्रोध बर्साउन सक्छु। म सबै मानिस अनि
जनावरहरूलाई त्यस देशबाट हटाउन सक्छु। २०यदि
नूह, दानियेल अनि अय्यूब त्यहाँ बस्थे भने पनि म ती
तीनजना राम्रो मानिसहरूलाई बचाउँथें किनकि ती
तीनैजना राम्रा मानिसहरू हुन्। ती तीनैजना आफ्नो
जीवन स्वंय बचाउन सक्छन्। तर म आफ्नो जीवनको
शपथ खाएर भन्छु अरू मानिसहरूको जीवन तिनीहरूले
बचाउँन सक्तैंनन्, यहाँ सम्म ताकि आफ्ना छोरा-छोरीको
जीवन पनि बचाउँनु सक्तैनन।" परमप्रभु मेरो मालिकले
यी सबै कुरा भन्नुभयो।

२१त्यसपछि परमप्रभु मेरो मालिकले भन्नुभयो,
"यसैकारण सोच यरूशलेमका निम्ति यो कति नराम्रो
हुन्छ, म त्यस शहरको विरुद्ध यी चारैवटा दण्ड

पठाइदिन्छु! म शत्रुका सेना, अनिकाल, महामारी, अनि
जंगली जनावरहरू त्यस शहरको विरुद्ध पठाउँछु। म
त्यस देशको सबै मानिसहरू अनि जनावरहरूलाई बाहिर
निकालिदिन्छु। २२केही मानिसहरू त्यो देशबाट भाग्नेछन्।
तिनीहरू आफ्ना छोरा-छोरी लिएर तिमीहरूकहाँ सहायताको
लागि आउनेछन्। तब तिमीहरूले थाहा पाउनेछौ कि यी
मानिसहरू साँच्चै कति नराम्रा छन्। म जुन आपत
यरूशलेममा ल्याउँनेछु त्यो न्यायसगत हो भन्ने तिमीलाई
विश्वास गराइनेछ अनि तिमीहरूले सान्तवना पाउनेछौ।
२३तिमीहरूले तिनीहरूको बस्ने ढंग अनि तिनीहरूले
गर्ने नराम्रो काम देख्नेछौ। त्यसपछि तिमीले सम्भने छौ
कि तिनीहरूलाई दण्ड दिने उचित कारण मसँग
थियो।" परमप्रभु मेरो मालिकले यो कुराहरू भन्नुभयो।

१५ तब परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, २"हे मानिसको छोरो! के दाखको
बोटको दाउरा जंगलको कुनै अर्को रूखको काठको
सानो हाँगाभन्दा अधिक राम्रो हुन्छ? अँहँ। ३के
तिमीहरू दाखको बोटको दाउरा कुनै काममा उपयोग
गर्न सक्छौ? अँहँ! के तिमीहरू त्यसबाट केही चीज
बनाउँनको निम्ति काठ निकाल्न सक्छौ? अँहँ! ४यो
आगो बाल्नु मात्र प्रयोग गरिन्छ। सुकेको दाउरा
छेउबाट बल्छ बल्दैन, बीचको भाग आगोले जलेर
कालो हुन्छ, तर दाउरा पूर्ण रूपमा जल्दैन्। के तिमी
त्यो जलेको दाउराबाट कुनै चीज बनाउँन सक्छौ? ५यदि
बल्नु भन्दा पहिला तिमीले त्यस दाउराको केही चीज
बनाउँन सक्छौ भने पनि निश्चय नै त्यो जलिसके पछि
त्यसबाट केही बनाउँन सक्तैनौ! ६यसैले दाखको बोटको
दाउराको टुक्रा जंगलको ती कुनै पनि दाउराको टुक्राको
बराबर छ। मानिसहरू त्यो दाउराको टुक्रा आगोमा
हाल्छन् अनि आगोले त्यसलाई जलाउँछ। त्यस्तै प्रकारले,
म यरूशलेमका मानिसहरूलाई आगोमा फ्याँक्छु!" परमप्रभु
मेरो मालिकले यो सबै कुराहरू भन्नुभयो। ७"म
तिनीसहरूलाई दण्ड दिनेछु, अनि तिनीहरू आगोबाट
उम्के तापनि त्यसले तिनीहरूलाई अझै जलाउनेछ।
अनि तिमीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछौ। मैले
तिनीहरूलाई दण्ड दिएँ भनेर जान्नेछन्। ८म त्यस
देशलाई पुरै नष्ट गर्नेछु किनभने तिनीहरूले मलाई
धोका दिए।" यो सबै कुरा परमप्रभु मेरो मालिकले
भन्नुभयो।

१६ त्यसपछि परमप्रभुको वचन मकहाँ आयो।
उहाँले भन्नुभयो, २"हे मानिसको छोरो!
यरूशलेमका मानिसलाई त्यो डरलाग्दो नराम्रो कामको
लागि जनाइदेऊ जुन तिनीहरूले गरेकाछन्। ३तिमीले
भन्नु पर्छ, 'परमप्रभु मेरो मालिक यरूशलेमका
मानिसहरूलाई यो संदेश दिनुहुन्छ, आफ्नो इतिहास हेर।
तिमी कनानमा जन्मेका थियौ। तिम्रो बाबु एक एमोरी
अनि आमा हित्ती हुन। ४यरूशलेम जुन दिन उत्पन्न
भयो, तिम्रो नाभीको नाल काटने कोही पनि थिएन।
कसैले पनि तिम्रो शरीरमा नुन मलिदिएन, अनि तिमीलाई
सफा तुल्याउन कसैले पनि नुहाई दिएन। कसैले
तिमीलाई लुगा लगाई दिएन्। ५यरूशलेम, तिमी एक्लै
थियौ। कसैले पनि तिमीप्रति दया देखाएन, न त कसैले
तिमीलाई हेरचाह नै गऱ्यो। हे! यरूशलेम तिमी
जन्मिएको दिन, तिम्रो आमा-बाबुले तिमीलाई खेतमा
राखिदिए। जब तिमी जन्मियौ तिमी रगतमा लपेटिएका
थियौ।

६"'त्यसपछि म (परमेश्वर) त्यताबाट गएँ। मैले
त्यहाँ तिमीलाई रगतमा लटपटिएको अवस्थामा भेट्टाएँ।
तिमी रगतमा लटपटिरहेको थियौ, तर मैले भनें "जीवित
होऊ!" हो, तिमी रगतमा लटपटिएको थियौ, अनि मैले
भनें, "जीवित हौऊ!" ७मैले तिमीलाई खेतमा बिरुवा
सियारे जस्तै सेवा गरेर बढ़ाएँ। तिमी बढ़दै गयौ। तिमी
जवान स्त्री बनियौ, तिम्रो मासिक-धर्म आरम्भ भयो,
तिम्रो स्तन बढ्यो, तिम्रो कपाल बढ्न थाल्यो। तर
त्यसबेला सम्म तिमी वस्त्रहीन र नाङ्गै थियौ। ८मैले
तिमी प्रति दृष्टि घुमाएँ। मैले देखें तिमी प्रेमको लागि
तयार थियौ। यसकारण मैले तिमीलाई लुगा लगाई दिएँ
अनि तिम्रो नग्नता छोपिदिएँ। मैले तिमीसित विवाह गर्ने
वचन दिएँ। मैले तिमीसँग वाचा बाँधे र शपथ खाएँ
अनि तिमी मेरी भयौ।'" परमप्रभु मेरो मालिकले यी
कुराहरू भन्नुभयो। ९"'मैले तिमीलाई पानीले नुहाई
दिएँ। मैले तिम्रो रगत धोई दिएँ अनि तिम्रो शरीरमा
तेल मालिश गरिदिएँ। १०मैले तिमीलाई एउटा राम्रो
लुगा अनि नरम छालाको जुत्ता दिएँ। मैले तिमीलाई
एउटा मिहीन मलमलको अनि एउटा रेशमको लुगा
दिएँ। ११तब मैले तिमीलाई केही गर-गहना दिएँ। मैले
तिम्रो हातहरूमा चुरा लगाइ दिएँ अनि तिम्रो गलामा
माला लगाइदिएँ। १२मैले तिमीलाई नाकमा एउटा
मुन्द्री, कानमा झुम्का अनि शिरमा राम्रो शिरपेच
लगाइदिएँ। १३तिमी सुन, चाँदीको गर-गहना अनि
रेशमको लुगामा बुट्टा गरेको लगाउँदा सुन्दर देखियौ।
तिमीले राम्रो खाना खायौं। तिमी अत्याधिक सुन्दरी
थियौ अनि तिमी रानी बनियौ १४तिम्रो सुन्दरताले गर्दा
तिमी विख्यात भयौ। यो सब यसकारण भयो किनकि
मैले तिमीलाई यति ज्यादा राम्री बनाए।'" परमप्रभु मेरो
मालिकले यी कुराहरू भन्नुभयो।

१५परमेश्वरले भन्नुभयो, "तर तिमीले आफ्नो सौन्दर्यमा
भरोसा गर्न आरम्भ गऱ्यौ। तिमीले आफ्नो यशको
उपयोग गऱ्यौ अनि तिमीले मलाई धोका दियौ। तिमीले
एउटा वेश्याले जस्तो व्यवहार गऱ्यौ अनि तिमीले
त्यस्तो प्रत्येकसित गऱ्यौ जो तिम्रो छैउमा आयो। तिमीले
तिनीहरू सबैलाई आफ्नो शरीर अर्पित गऱ्यौ। १६तिमीले
आफ्नो सुन्दर लुगा लियौ अनि त्यसको उपयोग आफ्नो
पूजाको स्थानमा सजाउन गऱ्यौ। तिमीले त्यस ठाँउमा

एउटा वेश्याले जस्तो काम गर्‍यौ। तिमीले आफूलाई
प्रत्येक मानिससँग अर्पित गर्‍यौ जो त्यहाँ आयो!
१७तब मैले दिएको सुन्दर गर-गहना लियौ अनि त्यो
सुन-चाँदी मानिसहरूको मूर्तिहरू बनाउँनमा उपयोग
गर्‍यौ। तिमीले तिनीहरूलाई वेश्याले झैं पूज्यौ।
१८त्यसपछि तिमीले सुन्दर लुगा लियौ अनि ती मूर्तिलाई
लगाई दियौ। तिमीले सुगन्धि धूप अनि बत्ती लियौ जुन
मैले तिमीलाई दिएको थिएँ, अथवा त्यसलाई ती
देवमूर्तिहरू अघाड़ी चढ़ायौ। १९मैले तिमीलाई रोटी,
मह अनि भद्राक्षेको तेल दिएँ। तर तिमीले त्यो खाना
आफ्नो मूर्तिलाई दियौ। तिमीले ती आफ्नो असत्य
देवताहरूलाई प्रसन्न पार्नका निम्ति सुगन्धको रूपमा
भेटी चढ़ायौ। तिमीले ती झूटा देवताहरूसँग वेश्या
जस्तो व्यवहार गर्‍यौ।" परमप्रभु मेरो मालिकले यो
कुरा भन्नुभयो।

२०परमेश्वरले भन्नुभयो, "तिमीले मेरोलागि जन्मेको
सबै छोरा-छोरीहरू मूर्तिहरू अघि बलि चढ़ायौ। के
तिम्रा मूर्तिहरूसित यस्तो वेश्यावृति गर्नु सानो कुरो हो?
२१तिमीले मेरो छोराहरूको हत्या गर्‍यौ अनि तिनीहरूलाई
ती झूटा देवताहरूकोमा चढ़ायौं। २२तिमीले मलाई
छोड़्यौ अनि त्यो डरलाग्दा काम गर्‍यौ। तिमीले आफ्नो
समयको कहिल्यै पनि याद गरेनौ जब तिमी बाल्यावस्थामा
थियौ तिमीले याद गरेनौं, जतिबेला मैले तिमीलाई
भेट्टाँए त्यति बेला तिमी नाङ्गै थियौ अनि रगतमा
लटपटिरहेको थियौ।

२३"ती सबै नराम्रा चीजहरू पछि, हे यरूशललेम!
यो तिमीलाई एकदमै नराम्रो हुन्छ।" परमप्रभु मेरा
मालिकले यो कुराहरू भन्नुभयो। २४"ती सबै कुराहरू
पछि तिमीले त्यो असत्य देवताको पूजा गर्न उच्च
स्थानहरू बनायौ। तिमीले प्रत्येक बाटोको चोकमा
झूटो देवताको पूजाका निम्ति उच्चस्थान बनायौं।
२५तिमीले प्रत्येक दोबाटोमा आफ्नो उच्च्व स्थान बनायौ।
तिमीले आफ्नो सुन्दरतालाई तुच्छ देखायौ। तिमीले
प्रत्येक बाटो भएर हिड़ने मानिसहरूलाई फँसाउनका
निम्ति यसो गर्‍यौं। तिमीले आफ्नो खुट्टा देखियोस भनी
फरियामाथि उठायौ अनि त्यसपछि तिमीले ती मानिसहरूसँग
वेश्याहरूले झैं व्यवहार गर्न थाल्यौ। २६तब तिमी त्यो
छिमेकी मिश्रकहाँ गयौ, जसको लिङ्ग एकदमै ठूलो
थियो। तिमीले मलाई क्रोधित पार्नको लागि त्योसँग धेरै
पल्ट शारीरिक सम्बन्ध स्थापित गर्‍यौं। २७यसकारण
मैले तिमीलाई दण्ड दिएँ। मैलें तिमीलाई दिएको
जमीनको एक भाग लिएँ। मैलें तिमीलाई तिनीहरूको
हातमा सुम्पिदिएँ जसले तिमीलाई घृणा गर्छन्। तिम्रो
व्यवहारले गर्दा पलिश्तीहरूका छोरीहरू पनि लज्जित
भए। २८त्यसपछि तिमीले अश्शूरहरूसित शारीरिक
सम्बन्ध गर्‍यौं। तर तिमीलाई पर्याप्त भएन। तिमी
कहिल्यै पनि सन्तुष्ट भएनौ। २९यसकारण तिमी कनान
पट्टि फर्कियौ अनि त्यसपछि बाबेल पट्टि। तब पनि
तिमी सन्तुष्ट भएनौं। ३०तिमी साह्है कमजोर छौ।
तिमीले ती सबै मानिसहरू र राज्यहरूलाई पाप गर्न
लगायौ। तिमीले ठीक एउटी वेश्या जस्तै काम गर्‍यौ।"
यी कुराहरू परमप्रभु मेरो मालिकले भन्नुभयो।

३१"तिमीले प्रत्येक दोबाटोहरूमा उच्च्च स्थानहरू
बनायौ। अनि तिमीले बाटोको हरेक गल्लीको कुनामा
पूजाको स्थान बनायौ। अनि वेश्याले झैं, त्यसबाट
फाइदा हुने चासो पनि गरिनौ। ३२तिमी व्यभिचारी स्त्री
हौ। तिमीले आफ्नो पतिको भन्दा विदेशीहरूसँग शारीरिक
संम्बन्ध राख्न ज्यादा राम्रो मान्यौ। ३३प्राय वेश्याहरू
शारीरिक सम्बंधको लागि मानिसलाई ज्याला तिर्नु बाध्य
गर्दछन्। तर तिमीले आफ्नो प्रेमीहरू लोभाउन स्वंय
भेटी दिन्छौ, अनि तिनीहरूलाई शारीरिक सम्बन्धको
निम्ति आमंत्रित गर्छौं। तिमीले आफ्नो चारैतिर सबैलाई
आफूसँग शारीरिक सम्बंधको लागि आमन्त्रित गर्‍यौ।
३४तिमी प्राय: सबै वेश्याहरूको ठीक विपरीत छौ।
प्राय वेश्याहरू पुरूषहरूलाई ज्याला तिर्नको लागि
बाध्य गर्छन्। तर तिमीले पुरूषहरूलाई आफुसँग शारीरिक
सम्बन्धको ज्याला तिर्ने गर्छौ।"

३५हे वेश्या! परमप्रभुको वचन सुन। ३६परमप्रभु
मेरो मालिकले यो कुरा भन्नुहुन्छ: "तिमीले तिम्रो पैसा
खर्च गरायौ अनि आफ्नो प्रेमीहरू तथा झूटा देवताहरूलाई
आफ्नो नाङ्गो शरीर हेर्न दियौं तथा तिमीसित शारीरिक
सम्बन्ध गर्नदियौ। तिमीहरूले तिनीहरूको नानीहरू मार्‍यौ
अनि तिनीहरूको रगत बगायौ। त्यो ती झूटा देवताहरूलाई
तिम्रो भेटी थियो। ३७यसकारण, म तिम्रो सबै प्रेमीहरूलाई
एकै ठाँउमा जम्मा गर्छु। म ती सबैलाई ल्याउँछु जोसँग
तिमीले प्रेम गर्‍यौ तथा जुन मानिसहरूलाई घृणा गर्‍यौ।
म ती सबैलाई एकै साथ लिएर आउँछु अनि तिनीहरूलाई
तिम्रो नग्नता देखाउँछु। तिनीहरूले तिम्रो पुरै नग्नता
देख्नेछन्। ३८त्यसपछि म तिमीलाई दण्ड दिन्छु। म
तिमीलाई कुनै हत्यारिनी अनि त्यस स्त्रीलाई जस्तै दण्ड
दिन्छु जसले व्यभिचारी पाप गरेकीछ। तिमी त्यस्तै
दन्डित हुनेछौ मानौ कुनै क्रोधित तथा ईष्यालु पतिले
आफ्नी पत्नीलाई दण्ड दिए जस्तै। ३९म तिमीलाई ती
सबै प्रेमीहरूलाई प्राप्त गर्न दिन्छु। तिनीहरूले तिम्रो सबै
उच्च्व स्थानहरू नष्ट पारिदिनेछन्। तिनीहरूले तिम्रो पूजा
स्थानहरू जलाई दिनेछन्। तिनीहरूले तिम्रो लुगाहरू
च्याति दिनेछन् तथा तिम्रो सुन्दर गर-गहनाहरू लिनेछन्।
तिनीहरूले तिमीलाई वस्त्रहीन अनि नाङ्गै छोड़िदिनेछन्
जस्तो तिमीलाई मैले भेट्टाएको बेलामा थियौ। ४०तिनीहरूले
आफूसँग विशाल जनसमूह लिएर आउनेछ, अनि
तिमीलाई मार्नका निम्ति ढुङ्गा हान्नेछन् त्यसपछि तिमीलाई
टुक्रा-टुक्रा पार्नेछन्। ४१अनि तिनीहरूले तिम्रो घरहरू
आगोले जलाई दिनेछन् अनि तिमीलाई धेरै स्त्रीहरूको
सामुने दण्ड दिनेछन्। म तिमीलाई तिम्रो वेश्यावृतिदेखि

रोक्नेछु र तिमीले अरु ज्याला पाउने छैनौ। ४२त्यसपछि
म क्रोधित अनि डाही हुन छोड़िदिनेछु। म शान्त हुनेछु।
म फेरि क्रोधित हुनेछैन। ४३यी सबै कुराहरू किन
हुन्छन्? किनकि तिमीले त्यो याद राखेनौ कि तिमीमाथि
जवानी हुदा के घट्यो। तिमीले त्यो सबै नराम्रो पापहरू
गर्‍यौ अनि मलाई क्रोधित बनायौ। यसकारण ती नराम्रो
कामको निम्ति मैले तिमीलाई दण्ड दिनु पर्‍यो। तर
तिमीले अझै ज्यादा डरलाग्दो योजनाहरू बनायौ।"
परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नुभयो।

४४"तिम्रो विषयमा कुरा गर्ने सबैसित अर्को एउटा
कुरा पनि होला। तिनीहरू भन्छन, 'जस्तो आमा त्यस्तै
छोरी।' ४५तिमी आफ्नो आमाको छोरी हौ। तिमीले
आफ्नो पति र नानीहरूलाई ध्यान दिँदैनौ। तिमी ठीक
आफ्नो बहिनी बराबर छौ। तिमी दुवै जनाले आफ्नो
पति र नानीहरूलाई घृणा गर्छौ। तिमीहरू ठीक आफ्नो
आमा-बाबु जस्तो छौ। तिम्रो आमा हित्ती अनि बाबु
एमोरी थिए। ४६तिम्रो ठूलो दिदी सामरिया थिई उ
तिम्रो उत्तरदिशामा आफ्नो छोरीहरूसँग बस्थी अनि तिम्रो
सानो बहिनी सदोम थिई। उ आफ्नो छोरीहरू (शहरहरू)
सँग तिम्रो दक्षिणमा बस्थी! ४७तिमीले त्यो सबै
डरलाग्दा पाप काम गर्‍यौ जुन तिनीहरूले गरे। तर
तिमीले त्यो काम पनि गर्‍यौ जुन तिनीहरूले गरेको
भन्दा नराम्रो थियो। ४८म परमप्रभु अनि मालिक हुँ।
म सदा जीवित छु अनि आफ्नो जीवनको शपथ खाएर
भन्छु कि तिम्रो बहिनी सदोम अनि उसको छोरीहरूले
कहिल्यै पनि त्यति नराम्रो काम गरेनन् जति तिम्रो
छोरीहरूले गरे।"

४९परमप्रभुले भन्नुभयो, "तिम्रो बहिनी सदोम अनि
उसको छोरीहरू घमण्डी थिए। तिनीहरूसित आवश्यकता
भन्दा ज्यादा खाने कुरा थियो अनि तिनीहरूसित समय
पनि ज्यादा थियो। तिनीहरूले दीन अनि असहाय
मानिसहरूलाई सहायता गर्दैनथिए। ५०सदोम अनि उसको
छोरीहरू अत्याधिक घमण्डी भए र मेरो अघि डरलाग्दा
पाप गर्न थाले। जब मैले ती कामहरू गरेको देखें,
मैले दण्ड दिएँ।"

५१परमेश्वरले भन्नुभयो, "सामरियाले तिमीले गरेको
पाप भन्दा आधा मात्र पाप गर्‍यो। सामरियाले भन्दा
अधिक डरलाग्दा पाप तिमीले गर्‍यौ! आफ्नो बहिनीहरूले
भन्दा अधिक डरलाग्दा पाप गर्‍यौ! सदोम अनि
सामरियाको तुलना गर्दा तिनीहरूलाई तिमी भन्दा राम्रो
लाग्छ। ५२यसकारण तिमी लज्जित हुनुपर्छ। तिमीले
तिम्रो दिदी बहिनीहरूलाई तिमी भन्दा धार्मिक देखिने
बनायौ। तिमीले भयंकर पापहरू गरेकीछौ यसकारण
तिमी लज्जित हुनुपर्छ।"

५३परमेश्वरले भन्नुभयो, "मैले सदोम अनि त्यसको
चारैतिरको शहरहरू नष्ट पारिदिएँ। मैले सामरिया अनि
त्यसको चारैतिरको शहरहरू नष्ट पारेँ। यरूशलेम म
तिमीलाई नष्ट पार्नेछु। तर म ती शहरहरू फेरि
बनाउँनेछु। यरूशलेम म तिमीलाई फेरि बनाउँनेछु।
५४म तिमीलाई आराम दिनेछु। त्यसबेला तिमीले डरलाग्दा
पापहरू याद गर्नेछौ जुन तिमीले गरेका थियौ अनि
तिमी लज्जित हुनेछौ। ५५यस्तो प्रकारले तिमी अनि
तिम्रो बहिनीहरू फेरि बनाइनेछन्। सदोम अनि उसको
चारैतिरको शहरहरू, सामरिया अनि त्यसको चारैतिरको
शहरहरू तथा तिमी अनि तिम्रो चारैतिरको शहरहरू
फेरि बनाइनेछन्।"

५६परमेश्वरले भन्नुभयो, "बितेका दिनहरूमा तिमी
घमण्डी थियौ अनि तिम्रो बहिनी सदोमको हाँसो
उड़ाउथ्यौ। तर तिमीले त्यस्तो फेरि गर्न सक्तैनौ।
५७तिमीलाई सजाय दिनु भन्दा पहिला आफ्नो
छिमेकीहरूद्वारा हाँसो उड़ाउँन शुरू गर्नु भन्दा पहिला
तिमीले त्यो गरेकी थियौ। एदोमको छोरीहरू तथा
पलिश्तीले अहिले तिम्रो हाँसो उड़ाइरहेकाछन्। ५८अब
तिमीले जुन भयंकर पाप गर्‍यौ त्यसका निम्ति कष्ट
उठाँउनु पर्छ।" परमप्रभुले यी कुराहरू भन्नुभयो।

५९परमप्रभु मेरो मालिकले यी सबै कुराहरू भन्नभयो,
"तिमीले आफ्नो विवाहको प्रतिज्ञा भंग गर्‍यौ। तिमीले
हाम्रो करारको आदर गरेनौ। ६०तर मलाई त्यो करार
याद छ जुन त्यस समय गरिएको थियो, जुन समय
तिमी नानी थियौ। मैले तिमीसँग करार गरेको थिएँ जुन
सधैं रहने थियो। ६१म तिम्रो बहिनीहरू तिमी भएकहाँ
ल्याउँनेछु अनि म तिनीहरूलाई तिम्रो छोरीहरू बनाउँनेछु।
यो हाम्रो करारमा थिएन, तर म यो तिम्रा निम्ति गर्नेछु।
त्यति बेला तिमी ती डरलाग्दा पापहरू याद गर्नेछौ, जुन
तिमीले गर्‍यौ अनि तिमी लज्जित हुनेछौ। ६२यसकारण
म तिमीसित मेरो करार बाँध्नेछु र तिमीले जान्नेछौ कि
म नै परमप्रभु हुँ। ६३तिमीले गरेका ती सबै नराम्रा
कर्महरूको निम्ति मैले क्षमा दिएँ। अब तिमीले त्यो
सम्झना गर्ने छौ अनि लज्जित हुनेछौ। तिमीले केही
पनि भन्न सक्ने छैनौ।" परमप्रभु मेरो मालिकले ती सबै
कुराहरू भन्नुभुयो।

**१७** त्यसपछि परमप्रभुको वचन मकहाँ आयो।
उहाँले भन्नुभयो, २"हे मानिसको छोरो,
इस्राएलका घरानालाई यो कथा सुनाऊ! तिनीहरूलाई
प्रश्न गर यसको अर्थ के हो? ३तिनीहरूलाई भन,

यो त्यही हो जुन परमप्रभु मेरा मालिकले भन्नुहुन्छ:
"एउटा विशाल चील विशाल पखेटासित लबानोन
आउँदैछ। चीलको धेरै रंगहरू भएको लामो लामो
प्वाँखहरू थिए। त्यो लबानोनमा आयो अनि देवदारु
रूखको टुप्पा लग्यो।

४त्यो गरुड़ले त्यो विशाल देवदारुको (लबानोन)
रूखको टुप्पो चुड़ाँयो अनि कनान लिएर गयो। गरुड़ले
व्यापारीको शहरमा त्यो रोप्यो।"

५त्यसपछि गरुड़ले केही बिऊहरू (मानिसहरू)
कनानबाट केही भाग लिएर गयो। त्यसले त्यो मलिलो
जमीनमा रोप्यो। त्यसले प्रशस्त पानी भएको छेउमा
रोप्यो।

६बिऊ उम्रियो अनि त्यो दाखको बोट बनियो। यो
बोट राम्रो थियो। बोट अग्लो थिएन। तर यो एउटा
ठूलो क्षेत्रभरि ढाक्ने गरी फैलियो। दाखको काण्ड
बड्यौ अनि लामो भएर हाँगाहरू र पातहरू पलायो।

७त्यसपछि अर्को ठूलो पखेटा भएको गरुड़ले दाखको
बोट देख्यो। गरुड़को लामो पखेटा थियो। दाखको
बोटले चाहन्थ्यो कि यो नयाँ गरुड़ले उसको देख रेख
गरोस्। यसकारण त्यसले आफ्नो जराहरू त्यो गरुड़
भए पट्टि फैलायो। यसको हाँगाहरू गरुड़ भएको पट्टि
फैलिन थाल्यो। यसको हाँगाहरू त्यो खेतदेखि टाढ़ो
सम्म फैलिन थाल्यो, जहाँ यो रोपेको थियो। दाखको
बोटले चाहन्थ्यो नयाँ गरुड़ले उसलाई पानी हालोस्।

८दाखको बोट अर्को मलिलो खेतमा सारियो। यो
प्रशस्त पानी भएको भूमिमा रोपिएको थियो। यसले
हाँगाहरू अनि फल दिन सक्थ्यो। यो एउटा साह्रै राम्रो
दाखको बोट हुन सक्थ्यो।”

९परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नभयो, “के
तिमी सम्झन्छौ कि बोट सफल हुन्छ? अहँ! नयाँ
गरुड़ले बोटलाई जमीनदेखि उखेलिदिन्छ अनि पक्षीले
बोटलाई जरासँगै उखेलिदिन्छ। त्यसले सबै दाख खान्छ।
त्यसपक्षि नयाँ पातहरू सुक्छ अनि मर्छ। त्यो बोट
एकदमै कमजोर हुन्छ। त्यो बोटलाई जरैसँग उखाल्नका
निम्ति शक्तिशाली अस्त्र-शस्त्र अथवा शक्तिशाली देशको
आवश्यकता पर्दैन्।

१०के त्यो बोट त्यहाँ बढ्छ जहाँ रोपेको छ? अँहँ!
गरम पूर्वीय बतास चल्ने छ; अनि बोट सुकेर मर्नेछ।
यो त्यहीँ मर्छ जहाँ रोपेको थियो।”

११परमप्रभुको वचन मकहाँ आयो उहाँले भन्नुभयो,
१२“यो कुराको व्याख्या इस्राएलका मानिसहरूको बीचमा
गर, तिनीहरू सधैं मेरो विरुद्धमा जान्छन्। तिनीहरूलाई
यो भन, पहिलो गरुड़ (नबूकदनेस्सर) बाबेलको राजा
हो। उ यरूशलेममा आयो अनि राजा तथा अन्य
प्रमुखहरूलाई लिएर गयो। उसले तिनीहरूलाई बाबेल
लिएर आयो। १३त्यसपछि नबूकदनेस्सरले राजाको
परिवारको एउटा मानिससँग सन्धि गऱ्यो। नबूकदनेस्सरले
त्यस मानिसलाई शपथ गर्नका निम्ति वाध्य पाऱ्यो। यस
प्रकार त्यस नबूकदनेस्सरले मानिसलाई राजभक्त राख्ने
शपथ गऱ्यो। नबूकदनेस्सरले यो मानिसलाई यहूदाको
नयाँ राजा बनायो। त्यसपछि उसले सबै शक्तिशाली
मानिसलाई यहूदाबाट बाहिर निकाल्यो। १४यस प्रकार
यहूदा एक दुर्बल राज्य बनियो, जुन राजा नबूकदनेस्सरको
विरुद्ध उठ्न सक्तैन्थ्यो। यहूदाको नयाँ राजासँग
नबूकदनेस्सरले जुन संधि गरेको थियो त्यो पालन
गर्नका निम्ति त्यो मानिस बाध्य भयो। १५तर यो नयाँ
राजाले कुनै न कुनै प्रकारले नबूकदनेस्सरको विरुद्ध
विद्रोह गर्ने प्रयत्न गऱ्यो। उसले सहायताको लागि
मिश्रमा राजदूतहरू पठायो। नयाँ राजाले धेरै घोड़ा अनि
सैनिक मागे। यस्तो दशामा के तिमी सम्झन्छौ कि
यहूदाको राजा सफल हुन्छ? के तिमी सम्झन्छौ कि
नयाँ राजासँग प्रयाप्त शक्ति हुन्छ अनि उसले करार
भङ्ग गरी दण्डबाट बाँच्न सक्छ?”

१६परमप्रभु मेरा मालिक भन्नुहुन्छ, “म आफ्नो
जीवनको शपथ खाएर वचन दिन्छु कि यो नँया राजा
बाबेलमा मर्नेछ। नबूकदनेस्सरले त्यो मानिसलाई यहूदाको
नयाँ राजा बनायो। तर त्यो मानिसले नबूकदनेस्सरसँग
भएको शपथ तोड्यो। यो नयाँ राजाले त्यो सन्धि
तोड्यो। १७मिश्रको राजा यहूदाको राजाको रक्षा गर्नमा
समर्थ हुँदैन। उसले धेरै संख्यामा सैनिक पठाउँन सक्छ,
तर मिश्रको महान शक्तिले यहूदाको रक्षा गर्न सक्तैन्।
नबूकदनेस्सरको सेनाहरूले शहरमा अधिकार गर्नका
निम्ति कच्चा बाटो अनि माटोको पर्खाल बनाउँछन।
धेरै संख्यामा मानिसहरू मर्नेछन्। १८तर यहूदाको राजा
बाचेर निक्लन सक्तैन्। किन? किनकि उसले आफ्नो
सन्धिको उपेक्षा गऱ्यो। उसले नबूकदनेस्सरलाई दिएको
शपथ भङ्ग गऱ्यो।”

१९परमप्रभु मेरो मालिकले यो प्रतिज्ञा गर्नुभयो: “म
आफ्नो जीवनको शपथ खाएर प्रतिज्ञा गर्छु कि म
यहूदाको राजालाई दण्ड दिन्छु। किन? किनकि उसले
मेरो चेताउनीहरूको उपेक्षा गऱ्यो। उसले हाम्रो करार
भङ्ग गऱ्यो। २०म आफ्नो जाल फैलाउँछु अनि उ
त्यसमा फँस्नेछ। म उसलाई बाबेलमा ल्याउँछु अनि
हाम्रो मामला त्यहीँ फैसला हुनेछ, किनभने उसले
मलाई धोका दियो। २१म उसको सेनाहरू नष्ट
पारिदिन्छु। म उसको सर्वश्रेष्ट सैनिकहरू नष्ट पारिदिन्छु
अनि बाँचेका मानिसहरूलाई हावामा उड़ाइदिन्छु। तब
तिमीले जान्नेछौ कि म नै परमप्रभु हुँ अनि मैले यो
कुराहरू तिमीसित गरें।”

२२परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नुभयो,
“म लामो देवदार वृक्षको एउटा हाँगा लिन्छु। म
बृक्षको टुप्पाको एउटा सानो हाँगा लिन्छु। अनि म
स्वंय त्यसलाई अग्लो पर्वतमा रोप्छु।

२३“म स्वंयले यसलाई इस्राएलको अग्लो पर्वतमा
रोप्नेछु। यो हाँगा एउटा सुन्दर देवदारको रूखमा
परिणत हुनेछ। यसको हाँगा निक्लन्छ अनि यसले फल
दिन्छ अनि यसका हाँगामा सबै प्रकारका चराहरूले गुँड़
बनाउँनेछन्।

२४“तब अर्को वृक्षले थाहा पाउँछ कि म अग्लो
रूखलाई भूईंमा लड़ाई दिन्छु अनि म सानो रूखलाई
बढ़ाउँछु। त्यसलाई लामो बनाउँछु म हरियो रूखलाई
सुकाई दिन्छु। म सुकेको रूखलाई हरियो बनाई दिन्छु

म परमप्रभु हुँ। यदि मैले गर्छु भने पछि त्यो निश्चय
गर्नेछु।"

१८ परमप्रभुको वचन मकहाँ आयो, २"तिमीहरूले
इस्राएलको भूमिमा बस्ने मानिसहरूको विषयमा
यो उखान दोहऱ्याइरहेका छौ। तिमी भन्छौ;

आमा-बाबुहरूले अमिलो अङ्गुर खाए,
तर नानीहरूले अमिलो स्वाद पाए।

३तर परमप्रभु मेरा मालिक भन्नुहुन्छ, "म आफ्नो
जीवनको शपथ खाएर प्रतिज्ञा गर्छु कि इस्राएलका
मानिस अब भविष्यमा यो उखानलाई कहिल्यै साँचो
सम्झदैनन्! ४म सबै मनिसहरूलाई एउटै व्यवहार
गर्छु। यो महत्वपूर्ण हुँदैन् कि त्यो आमा-बाबु होस्
अथवा सन्तान। जसले पाप गर्छन् ती मानिसहरू
मर्नेछन्!
५"यदि कोही मानिस राम्रो हुन चाहन्छ भने उसलाई
जुन न्याय र सही छ त्यो गर्न देऊ। ६त्यो धर्मी मानिस
पहाड़माथि जाँदैन् अनि असत्य देवताहरूलाई चढ़ाएको
खानाबाट कुनै भाग पनि बाढ़ँदैन्। त्यो इस्राएलको
नराम्रो देवताहरूको मूर्तिहरूको स्तुति गर्दैन्। उसले
आफ्नो छिमेकीको पत्नीसँग व्यभिचारको पाप गर्दैन्।
उसले आफ्नो पत्नीसँग उसको रजस्वलाको समयमा
शारीरिक सम्बन्ध राख्दैन्। ७असल मानिसले मानिसहरूबाट
लाभ उठाउँदैन्। यदि कसैले उदेखि ऋण लिन्छ भने
उसले बन्धक राखेर ऋण दिन्छ र ऋणी मानिसले ऋण
चुक्ता गर्दा बन्धकी फकाई दिन्छ। राम्रो मानिसले
भोको मानिसहरूलाई खाना दिन्छ अनि नाङ्गो मनिसहरूलाई
लुगा दिन्छ। ८यदि कसैले ऋण लिनु चाह्यो भने राम्रो
मानिसले उसलाई ऋण दिन्छ, उसले त्यो ऋणको ब्याज
लिदैन्। राम्रो मानिस कुटिल हुनु सक्तैन। उ प्रत्येक
मानिससँग राम्रो व्यवहार गर्छ, उसलाई मानिसहरूले
विश्वास गर्छन्। ९उ मेरो विधिहरूको पालन गर्छ।
उसले मेरो निर्णयहरू सम्झन्छ अनि राम्रो एवं विश्वासनीय
हुन सिक्छ। किनकि उ राम्रो मानिस हो, यसकारण उ
जीवित रहन्छ।
१०"तर त्यस मानिसको कुनै छोरा यस्तो हुन सक्छ,
जो ती राम्रो कामहरूमध्ये कुनै पनि गर्दैन्। त्यसले
चीजहरू चोर्न सक्छ तथा मानिसहरूको हत्या गर्न
सक्छ। ११छोरोले यी नराम्रो कामहरूमध्ये कुनै पनि
काम गर्न सक्छ। उ पहाड़हरूमा जान सक्छ अनि
झूटो देवताहरूलाई चढ़ाएको भोजनबाट हिस्सा बाड़न
सक्छ। त्यो पापी छोरोले आफ्नो छिमेकोको पत्नीसँग
व्यभिचार कर्म गर्न सक्छ। १२उसले गरीब र असहाय
मानिससँग नराम्रो व्यवहार गर्न सक्छ। उसले मानिससँग
अनुचित लाभ उठाउन सक्छ। उसले बन्धक राखेको
बस्तु ऋण चुक्ता भइसक्दा पनि नफर्काउन सक्छ। त्यो
पापी छोरोले नराम्रो मूर्तिहरूसित प्रार्थना गर्न सक्छ
अथवा अर्को डरलाग्दो पाप पनि गर्न सक्छ। १३कुनै
मानिसलाई त्यो पापी छोरोबाट ऋण लिने आश्यकता
पर्न सक्छ, तर उ त्यो मानिसलाई ऋणको ब्याज तिर्नु
बाध्य पार्छ। यसकारण त्यो पापी छोरो जीवित रहँदैन।
उसले भयंकर पाप गऱ्यो। यसकारण त्यो मारिन सक्छ
अनि आफ्नो मृत्युको निम्ति स्वंय उत्तरदायी हुन्छ।
१४"सम्भवत: त्यो पापी छोरोको पनि एउटा छोरा
हुनुसक्छ। तर यो छोरोले आफ्नो बाबुद्वारा गरिएको पाप
कर्महरू देख्न सक्छ अनि उ आफ्नो बाबु जस्तै हुन
मान्दैन। राम्रो मानिसले मानिसहरूसित राम्रो व्यवहार
गर्छ। १५त्यो मानिस पहाड़हरूमा जाँदैन्, झूटो
देवताहरूलाई चढ़ाएको खानामा भाग लिँदैन। त्यसले
इस्राएलको झूटो मूर्तिहरू सित प्रार्थना गर्दैन। ऊ
आफ्नो छिमेकीको पत्नीसँग व्यभिचारी पाप गर्दैन्।
१६त्यो राम्रो छोराले मानिसहरूबाट अनुचित लाभ
उठाउँदैन्। यदि कुनै मानिसले उसबाट ऋण लियो भने
त्यो राम्रो मानिसले चीज बन्धक राख्छ अनि त्यस
मानिसलाई ऋण दिन्छ अनि जब त्यो मानिसले ऋण
भुगतान गर्छ त्यतिबेला त्यो राम्रो मानिसले बन्धक
राखेको चीज फर्काउँछ। राम्रो मानिसले भोकाएकोलाई
भोजन दिन्छ अनि तिनीहरूलाई वस्त्र पनि दिन्छ
जसलाई त्यसको आवश्यकता छ। १७उसले गरीबलाई
सहायता गर्छा यदि कुनै मानिस ऋण लिन चाहन्छ भने
त्यो राम्रो छोरोले ऋण दिन्छ अनि उसले त्यसको ब्याज
लिँदैन। राम्रो छोराले मेरो नियमहरू पालन गर्छ अनि
मेरो नियमहरू अनुसार चल्छ। त्यो राम्रो छोरा आफ्नो
आमा बाबुको पापले मर्दैन्। त्यो राम्रो छोरा बाँचिरहन्छ।
१८उसको बाबुले मानिसहरूबाट फाइदा उठाउन सक्छ
अनि तिनीहरूहबाट चीजहरू पनि चोर्न सक्छ। उसले
केही राम्रो काम गर्न सक्तैन्। किनभने त्यो बाबु आफ्नो
पापहरूले गर्दा मर्छ। तर छोरोलाई उसको बाबुको
पापको निम्ति दण्ड दिनु हुदैन।
१९"तिमी सोध्न सक्छौ, 'छोराले बाबुको पापहरूका
निम्ति किन दण्डदायी हुँदैन?' यसको कारण यो हो कि
छोरा राम्रो छ अनि उसले राम्रो काम गरेकोछ! उसले
एकदमै सावधानीसँग मेरो नियमहरू पालन गरेको छ।
यसकारण उ बाँचिरहन्छ। २०जुन मानिसले पाप गर्छ,
त्यही मानिस मारिन्छ। एउटा छोरो आफ्नो बाबुको
पापले दण्डित हुँदैन्। अनि अर्को बाबु आफ्नो छोरोको
पापको लागि दण्ड पाउँदैन। एउटा धर्मी मानिसको
धार्मिकता केवल उसको निजी हुन्छ अनि नराम्रो गरेको
फल पनि उसकै मात्र हुन्छ।
२१"यस्तो स्थितिमा यदि कुनै नराम्रो मानिसले आफ्नो
जीवन क्रम परिर्वतन गर्छ भने त्यो बाँच्नेछ। पाप कर्म
छोड़े पछि त्यो मानिस मर्दैन। त्यसले धेरै सावधानीसँग
मेरो विधिहरू पालन गर्न आरम्भ गर्ने गर्छ। ऊ
न्यायशील अनि राम्रो हुन सक्छ। २२परमेश्वरले उसले

गरेको सबै पापहरू याद राख्नु हुँदैन। परमेश्वरले
केवल उसको धार्मिकता मात्र याद राख्नु हुन्छ,
यसकारण त्यो मानिस जीवित रहन्छ।"
२३परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "म नराम्रो
मानिसहरू मर्न दिन चहाँदिन। म तिनीहरू आफ्नो
जीवनको दुष्ट चालबाट फर्केको चाहन्छु ताकि तिनीहरू
बाँच्न सकोस्।
२४"यस्तो पनि हुन सक्छ कि राम्रो मानिस राम्रो
रहन छोड्न सक्छ। उ आफ्नो जीवन बद्लिन सक्छ
अनि त्यो डरलाग्दा पापहरू गर्न आरम्भ गर्न सक्छ जुन
नराम्रा मानिसहरूले भूतकालमा गरे। यसकारण त्यो
राम्रो मानिस बदलिएर नराम्रो बनियो भने परमेश्वरले
त्यस मानिसले गरेको राम्रो कामहरू याद राख्नुहुन्न।
परमेश्वरले यही याद राख्नुहुनेछ कि त्यो मानिस उसको
विरुद्ध गयो अनि उसले पाप गर्न थाल्यो। यसैकारण
त्यो मानिस आफ्नो पापको कारण मर्नेछ।"
२५परमेश्वरले भन्नुभयो, "तिमीले भन्न सक्छौ कि
'परमेश्वर हाम्रो मालिक न्यायपूर्ण हुनुहुन्न।' तर हे
इस्राएलका परिवारहरू सुन! मेरो मार्गहरू अन्याय
संगत छैन। तिमीहरूकै मार्गहरू अन्याय संगत छन्।
२६यदि एउटा धर्मी मानिस बद्लिन्छ अनि पापी बनिन्छ
भने उसले आफूले गरेको नराम्रो कामको कारण मर्नु
पर्छ। २७यदि कुनै पापी बदलिन्छ अनि राम्रो तथा
न्याय-प्रिय बनिन्छ भने उसले आफ्नो प्राण बँचायो! उ
जीवित बाँच्छ! २८त्यो मानिसले देख्यो कि उ कति
नराम्रो थियो अनि मकहाँ आयो। उसले ती नराम्रो
पापहरू गर्न छोड़िदियो जुन उसले भूतकालमा गरेको
थियो यसकारण उ बाँच्नेछ। उ मर्नेछैन!"
२९इस्राएलका मानिसहरूले भने, "परमप्रभु हाम्रा
मालिक न्यायपूर्ण हुनुहुन्न।"
परमेश्वरले भन्नुभयो, "मेरा मार्गहरू अन्यायी छैनन्।
यो त तिमीहरूका मार्गहरू हुन जुन न्याय सङ्गत छैनन्।
३०किन? किनकि इस्राएलको परिवारलाई, म प्रत्येक
मानिससँग त्यही प्रकारले न्याय गर्नेछु जस्तो त्यो मानिसले
कर्म गनेछ।" परमप्रभु मेरो मालिकले यी कुराहरू
भन्नुभयो: "यसकारण मसित आऊ! पाप गर्न छोड़! ती
डरलाग्दा चीजहरूले (मूर्ति) तिमीलाई पाप गर्नु नलावोस्।
३१ती सबै डरलाग्दा चीजहरू जुन तिमीले बनायौ,
फ्याँकि देऊ, तिनीहरूले तिमीलाई खाली पाप गराउँछ।
आफ्नो हृदय र आत्मा बद्लि गर! इस्राएलका मानिसहरू,
तिमी आफूलाई किन मर्न दिन चाहन्छौ? ३२म तिमीलाई
मार्न चाहदिन्। दया गरि फर्केर आऊ अनि बाँच!" यो
सबै कुरा परमप्रभु मेरो मालिकले भन्नुभयो।

**१९** परमेश्वरले मलाई भन्नुभयो, "तिमीले
इस्राएलको नेताहरूको विषयमा दुःखको गीत
गाउनु पर्छ!
२"'कस्तो सिंहिनी तिम्री आमा? उ सिंहहरू बीच
एउटा सिंहिनी थिई। उ जवानसिंहहरूको बीच ढल्केर
बस्थी अनि आफ्नो डमरूहरूलाई हुर्काउने गर्थी।
३ती डमरूहरूमध्ये एउटालाई त्यसले हुर्काई। त्यो
एउटा शक्तिशाली बलियो सिंह बनियो। त्यसले शिकार
गर्न सिक्यो। त्यसले एउटा मानिसलाई मार्‍यो अनि
खायो।
४जाति-जातिहरूले त्यसले गर्जेको सुने अनि तिनीहरूले
त्सलाई आफ्नो जालमा फसाँए। तिनीहरूले त्यसको
मुखमा बल्छी लगाए अनि जवान सिंहलाई मिश्र देशमा
लिएर आए।
५आमा सिंहिनीलाई आशा थियो कि त्यो डमरू
प्रमुख बन्नेछ। तर अहिले तिनका सबै आशा हराए।
यसकारण आफ्नो डमरूहरू मध्ये उसले अर्को एउटा
लिई। त्यसलाई उसले एउटा सिंह हुने प्रशिक्षण दिई।
६त्यो जवान सिंहहरूसँग शिकार गर्न गयो। त्यो
जवान सिंह एउटा बलवान सिंह भयो। उसले आफ्नो
शिकार पक्रन सिक्यो। उसले एउटा मानिस मार्‍यो अनि
त्यसलाई खायो।
७उसले महलहरूमा आक्रमण गर्‍यो, उसले शहरहरू
नष्ट पार्‍यो। त्यो देशको प्रत्येक मानिस त्यति बेला साह्रै
डराउँथे जतिबेला त्यसको गर्जन सुन्थे।
८त्यसपछि उसको चारैतिर भएका राष्ट्रहरूले जाल
फिँजाए अनि तिनीहरूले त्यलाई खाल्डामा पारे।
९तिनीहरूले त्यसलाई खोरमा हाले अनि बन्द गरिदिए।
तिनीहरूले त्यसलाई आफ्नो जालमा बन्द गरे यसप्रकारले
तिनीहरूले त्यसलाई बाबेलको राजाकहाँ लिएर गए।
अब त्यसको गर्जन तिमीहरूले इस्राएलको पर्वतमा
सुन्नेछैनौ।
१०तिम्री आमा पानीको छेउको दाखको बोट जस्तै
थिई। त्योसँग प्रशस्त पानी थियो। यसकारण त्यसले
फल लाग्ने हाँगाहरू उत्पन्न गरी।
११त्यसपछि उसले एउटा ठूलो हाँगा उत्पन्न गर्‍यो,
त्यो हाँगा टेक्ने लौरो जस्तो थियो। त्यो हाँगा राजाको
राजदण्ड जस्तो थियो। बोट अग्लो अनि अग्लो हुँदै
गयो। यसको धेरै हाँगाहरू थिए अनि त्यसले बादलहरू
छुन थाल्यो।
१२तर बोटलाई जरैसँग उखेलिदियो, अनि त्यसलाई
जमीनमा फ्याँकि दियो। गरम पूर्वीय बतास चल्न
थाल्यो अनि त्यसको फलहरू सुकाई दियो, शक्तिशाली
हाँगाहरू भाँचिए अनि त्यसलाई आगोमा फ्याँकि दियो।
१३तर त्यो दाखको बोट अब मरुभूमिमा रोपियो, यो
एकदमै सुक्खा र पानी नभएको ठाउँ थियो।
१४विशाल हाँगामा आगो फैलियो, आगोले त्यसको
हाँगाहरू र फलहरू भस्म पार्‍यो। यसकारण, कुनै
हाँगाको शक्तिशाली लौरो रहेन। कुनै राजाको राजदण्ड
थिएन।'

यो मृत्युको बारेमा दु:खको गीत थियो अनि यो मृत्युको बारेमा दु:खको गीतको रूपमा गाइयो।”

## २०

एकदिन परमप्रभुलाई एउटा प्रश्न गर्न इस्राएलका बूढ़ा-प्रधानहरू मध्ये कतिजना मकहाँ आए। यो पाँचौं महीनाको दशौं दिन अनि देशबाट निकालिएको सातौं वर्ष थियो। बूढ़ा-प्रधानहरू मेरो अघि बसेका थिए।

२त्यसपछि परमप्रभुको वचन मकहाँ आयो, उहाँले भन्नुभयो, ३“हे मानिसको छोरो, इस्राएलका बूढ़ा-प्रधानहरूसँग कुरा गर। तिनीहरूलाई भन, ‘परमप्रभु मेरो मालिकले, यो कुरा बताउनु हुन्छ: के तिमीहरू मेरो सल्लाह माग्न आएका हौ? यदि तिमीहरू आएका हौ भने म तिमीलाई यो दिँदिन। परमप्रभु मेरा मालिकले यो कुराहरू भन्नुभयो।’ ४हे मानिसहरूको छोरो! के तँ तिनीहरूको न्याय गर्नेछस्? के तँ तिनीहरूको न्याय गर्नेछस्? तिमीले तिनीहरूलाई ती डरलाग्दा पापहरूको विषयमा बताउनु पर्छ जुन तिनीहरूका पिता-पुर्खाहरूले गरेका थिए। ५तिमीले तिनीहरूलाई भन्नुपर्छ, ‘परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ: जुन दिन मैले इस्राएललाई छाने, मैले आफ्नो हात याकूबको परिवारको विरुद्ध उठाएँ अनि मैले तिनीहरूलाई मिश्रमा भाकल गरे। मैले आफ्नो हात उठाएँ अनि भनें: “म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। ६त्यसदिन मैले तिमीलाई मिश्रबाट बाहिर ल्याउँने प्रतिज्ञा गरेको थिएँ अनि मैले तिमीलाई त्यस प्रदेशमा ल्याँए जुन मैले तिमीलाई दिँदै थिए। त्यो एउटा राम्रो देश थियो जुन धेरै राम्रो चीजहरूले भरिएको थियो। यो सबै देशहरू मध्ये ज्यादै राम्रो थियो।

७“मैले इस्राएलको परिवारसित तिनीहरूको डरलाग्दा मूर्तिहरू फ्याँकि दिनु भनें। मैले त्यो मिश्रको नराम्रो प्रतिमाहरूसित तिनीहरूलाई नराम्रो नहुनको लागि भनें। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।” ८तर तिनीहरू मेरो विरुद्ध भए अनि मेरो एक शब्द पनि सुनेनन्। तिनीहरूले आफ्नो डरलाग्दा मूर्तिहरू फ्याँकेनन्। उनीहरूले आफ्नो नराम्रो मूर्तिहरू मिश्रमा छोड़ेनन्। यसकारण मैले तिनीहरूलाई मिश्रमा नष्ट गर्ने निर्णय गरें अर्थात् आफ्नो क्रोधको पूरै शक्तिको अनुभव गर्न खोजें। ९तर मैले तिनीहरूलाई नष्ट गरिन। मैले मानिसहरूलाई पहिला नै भनिसकेको थिएँ कि म आफ्नो मानिसहरूलाई मिश्रबाट बाहिर लिएर जान्छु। म आफ्नो राम्रो नाम बदनाम गर्न चहाँदिन्। यसकारण मैले तिनीहरूको सामु इस्राएलीहरूलाई नष्ट गरिन्। १०मैले इस्राएलको परिवारलाई मिश्रबाट बाहिर ल्याएँ। मैले तिनीहरूलाई मरूभूमिमा लिएर गएँ। ११त्यसपछि मैले तिनीहरूलाई आफ्नो नियम दिएँ। मैले उनीहरूलाई सारा नियमहरू बताएँ। यदि कोही मानिसले यो नियमहरू पालन गऱ्यो भने ऊ बाँच्नेछ। १२मैले प्रत्येक सात दिने दिनहरूको विश्राम विषयमा तिनीहरूलाई बताएँ। मैलै तिनीहरूलाई मेरो पवित्र दिन तिनीहरू अनि मेरो बीचको एक विशेष संकेत जस्तै दिएँ। म परमेश्वर हुँ अनि मैले तिनीहरूलाई आफ्नो विशेष मानिसहरू बनाँउदै छु भनी तिनीहरूलाई बताई दिएँ।

१३“‘तर इस्राएलको परिवार मरूभूमिमा मेरो विरूद्धमा उठ्यो। तिनीहरूले मेरो नियमहरू अनुसरण गरेनन्। तिनीहरूले मेरो विधिहरू पालन गर्न अस्वीकार गरे। मानिसहरू जसले यी विधिहरू पालन गर्छन ती जीवित रहनेछन्। तर तिनीहरूले मेरो विशेष विश्रामका दिनहरू यस्तो व्यवहार गरे मानौं यसको केही तात्पर्य नै छैन्। मैले मरुभूमिमा तिनीहरूलाई नष्ट गर्ने निर्णय गरें। आफ्नो क्रोधको पूरै शक्तिको अनुभव तिनीहरूलाई गराउन खोजें। १४तर मैले तिनीहरूलाई नष्ट गरिन। अन्य राष्ट्रले मलाई इस्राएललाई मिश्रबाट बाहिर ल्याउँदै गरेको देख्यो। म आफ्नो राम्रो नाम समाप्त गर्न चाहँदिन्। यसकारण मैले ती राष्ट्रहरूको सामने इस्राएललाई नष्ट गरिन्। १५मैले मरुभूमिमा ती मानिसहरूसित एउटा शपथ ग्रहण गर्हें। मैले शपथ खाए कि मैले तिनीहरूलाई त्यस प्रदेशमा ल्याउँदिन। जुन म उनलाई दिँदैछु। त्यो धेरै चीजहरूले भरिएको छ। एउटा राम्रो प्रदेश थियो। यो सबै देश भन्दा ज्यादा सुन्दर थियो।

१६“‘मैले त्यसो गरें कारण इस्राएलका मानिसहरूले मेरा नियमहरू पालन गर्नु इन्कार गरे! तिनीहरूले मेरो विधि-विधानहरूको अनुसरण गरेनन्। तिनीहरूले मेरो विश्राम दिनहरूमा यस्तो गरे मानौं तिनीहरूलाई कुनै महत्व थिएन्। तिनीहरूले यो सबै काम गरे यसकारण किनभने तिनीहरूको हृदय तिनीहरूको मूर्तिहरूलाई सर्मपण गरेका थिए। १७तर मलाई तिनीहरू प्रति दया जाग्यो, यसकारण मैले तिनीहरूलाई नष्ट गरिन्। १८मैले तिनीहरूको नानीहरूसँग कुरा गरें, “मैले तिनीहरूलाई भनें, आफ्नो आमा-बाबु जस्तो नहुनु। तिनीहरूको नराम्रो मूर्तिहरूबाट आफूलाई नराम्रो नबनाऊ। तिनीहरूको नियमको अनुसरण नगर। तिनीहरूको आदेशहरू पालन नगर। १९म परमप्रभु हुँ। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। मेरो विधिहरू पालन गर। मेरो विधिहरू मान। त्यो काम गर जुन म गर भन्छु। २०यो प्रदर्शित गर कि मेरो विश्रामको दिन तिम्रो निम्ति महत्वपूर्ण छ। याद राख कि तिनीहरू तिम्रो र हाम्रो बीच विशेष प्रतीक होस्। म परमप्रभु हुँ अनि यो पवित्र दिनले यो संकेत गर्छ कि म तिमीहरूका परमेश्वर हुँ।”

२१“‘तर ती नानीहरू मेरो विरुद्ध भए। तिनीहरूले मेरा व्यवस्थाहरू पालन गरेनन्। तिनीहरूले मेरो आदेशहरू मानेनन्। तिनीहरूले त्यो काम गरेनन् जुन मैले भनें, त्यो राम्रो नियम थियो। यदि कसैले उहाँको नियम पालन गर्छ त्यो जीवित रहन्छ। तिनीहरूले मेरो विश्रामको विशेष दिनहरूमा यस्तो काम गरे मानौ तिनीहरूले

त्यसको महत्व राख्दैन्। यसकारण मैले तिनीहरूलाई
मरुभूमि पूर्ण रूपमा नष्ट गर्ने निश्चय गरें जसबाट
तिनीहरूले मेरो क्रोधको पुरै शक्ति अनुभव गर्न सकुन्।
२२तर मैले आफैलाई रोकेँ। अन्य राष्ट्रहरूले मलाई
इस्राएललाई मिश्रबाट बाहिर ल्याउँदै गरेको देखे।
जसबाट मेरो नाम अपवित्र नहोस्। यसकारण मैले ती
अन्य देशहरूको सामुन्ने इस्राएललाई नष्ट गरिन्।
२३यसकारण मैले मरुभूमिमा तिनीहरूलाई अझै एउटा
वचन दिएँ। मैले तिनीहरूलाई विभिन्न राष्ट्रहरूमा
तितर-बितर हुने अनि दोस्रो अनेकौं देशहरूमा पठाउने
प्रतिज्ञा गरे।

२४“‘इस्राएलका मानिसहरूले मेरो आदेशको पालन
गरेनन्। तिनीहरूले मेरो नियमहरू पालन गर्न अस्वीकार
गरे। तिनीहरूले मेरो विश्रामको विशेष दिनहरूमा यस्तो
गरे मानौ तिनीहरू त्यसको महत्व राख्दैनन्। तिनीहरूले
आफ्नो पिता-पुर्खाहरूको अपवित्र मूर्तिहरूको पूजा गरे।
२५यसकारण मैले तिनीहरूलाई त्यो नियम दिए, जुन
राम्रो थिएन। मैले तिनीहरूलाई त्यो आदेश दिए जुसद्वारा
तिनीहरूले जीवन प्राप्त गर्नु सक्ने थिएनन्। २६मैले
तिनीहरूले आफ्नो भेटीद्वारा आफैलाई अपवित्र बनाउँन
दिएँ। तिनीहरूले आफ्नो प्रथम सन्तान सम्म बलि
चढ़ाउँन थाले। यस्तो प्रकारले मैले तिनीहरूलाई नष्ट
गर्न चाहें। त्यसपछि तिनीहरूले थाहा पाए म नै
परमप्रभु हुँ।’ २७यसकारण हे मानिसको छोरो! अब
इस्राएलको परिवारलाई भन, ‘तिनीहरूसँग परमप्रभु मेरो
मालिकले यो कुराहरू भन्नु हुन्छ: इस्राएलका मानिसहरूले
मेरो विरुद्ध अपवित्र कुराहरू भने अनि मेरो विरुद्ध
नराम्रो योजनाहरू बनाए। २८तर यस्तो हुँदा हुँदै पनि
मैले तिनीहरूलाई त्यो देशमा ल्याएँ जुन मैले तिनीहरूलाई
दिन्छु भनि प्रतिज्ञा गरेको थिएँ। तिनीहरूले ती पहाड़हरू
अनि हरियो वृक्षहरूलाई देखे यसकारण तिनीहरूलाई
त्यो सबै स्थानहरूमा पूजा गर्न गए। तिनीहरूले आफ्नो
बलिदान अनि क्रोध भेटी* ती सबै स्थानहरूमा चढ़ाए।
तिनीहरूले आफ्नो त्यो बलिदान चढ़ाए जुन मधुर
सुगन्धवाला थियो अनि तिनीहरूले आफ्नो पेय भेटी
पनि ती स्थानमा चढ़ाए। २९मैले इस्राएलको मानिसहरूलाई
सोधेँ, तिनीहरू त्यो उच्चस्थानमा किन गई
रहेछन्। यसरी आज सम्म पनि त्यसलाई अल्गो ठाउँ
भनिन्छ।*’”

३०परमेश्वरले भन्नुभयो, “इस्राएलका मानिसहरूले
त्यो सबै अपवित्र कामहरू गरे। यसकारण इस्राएलका
मानिसहरूसित कुरा गर। तिनीहरूलाई भन, ‘परमप्रभु
मेरो मालिक यसो भन्नुहुन्छ: तिमीहरूले त्यो कामहरू
गरेर आफैलाई अपवित्र बनायौ जुन तिम्रो पिता-पूर्खाहरूले
गरेका थिए। तिमीले एउटी वेश्याको जस्तो काम
गर्‍यौ। तिमी ती डरलाग्दा देवताहरूसित मलाई छोड़ेर
गयौ जसको पूजा तिमीहरूका पिता-पुर्खाहरूले गर्थे।
३१तिमीले त्यसरी नै उपहारहरू चढ़ाइरहेछौ। तिमीले
आफ्नो नानीहरूलाई आगोमा (असत्य देवताहरूको
उपहार स्वरूप) हालिरहेकाछौ। तिमीले आफूलाई आज
पनि अपवित्र मूर्तिहरूद्वारा अपवित्र बनाइरहेकाछौ। के
तिमी साँच्चै सोच्छौ कि म तिमीलाई मकहाँ आएर
आफ्नो सल्लाह माग्न दिन्छु? म परमप्रभु अनि मालिक
हुँ। म आफ्नो जीवनको शपथ खाएर प्रतिज्ञा गर्छु कि
म तिम्रो प्रश्नको उत्तर दिँदिन अनि तिमीलाई सल्लाह
पनि दिँदिन। ३२तिमी भन्छौ तिमी अन्य देशहरू जस्तै
हुने इच्छा गर्छौ। तिमी त्यो राष्ट्रको मानिसहरू जस्तै
बस्ने इच्छा गर्छौं। तिनीहरू जस्तै काठ अनि ढुङ्गाको
पूजा गर्छौं। तिमीले आफ्नो लागि जो सोच्छौ त्यो
कदापि हुँदैन।’”

३३परमप्रभु मेरा मालिक भन्नुहुन्छ, “आफ्नो जीवनको
शपथ खाएर प्रतिज्ञा गर्छु कि म तिमीहरूमाथि राजाले
जस्तै शासन गर्छु। म आफ्नो शक्तिशाली हातहरू
उठाउँछु अनि तिमीहरूलाई दण्ड दिन्छु। म तिमीहरू
विरुद्ध आफ्नो क्रोध प्रकट गर्छु! ३४म तिमीहरूलाई ती
अन्य राष्ट्रहरूबाट निकाल्नेछु। जहाँ तिमीहरूले अरु
राष्ट्रका मानिसहरूको माझ छरिएर बसेकाछौ म
तिमीहरूलाई बटुल्नेछु। म मेरो शक्तिशाली हात उठाएर
यसो गर्नेछु अनि तिमीहरूलाई दण्ड दिनेछु। म मेरो
क्रोध तिमीहरूका विरूद्ध खन्याउनेछु। ३५म तिमीलाई
मरूभूमिमा लिएर जान्छु, जहाँ अन्य राष्ट्रका मानिहरू
बस्छन्। हामी आमने सामने खड़ा हुनेछौ अनि हाम्रो
मुद्दा निर्णय गरिनेछ। ३६म तिमीसँग त्यस्तै न्याय गर्नेछु
जस्तो मैले तिम्रो पिता-पुर्खाहरूसित मिश्रको मरुभूमिमा
गरेको थिएँ।” परमप्रभु मेरो मालिकले यी कुराहरू
भन्नुभयो।

३७“म तिमीलाई मेरो टाँगमुनी छिर्न लगाउनेछु अनि
मसित रहेको करार मान्न बाध्य गराउँछु। ३८म जो
मेरो विरुद्धमा खड़ा हुन्छ अनि जसले मेरो विरुद्ध पाप
गरेको छ तिनीहरू सबैलाई टाढ़ा पठाउँनेछु। म तिनीहरू
सबैलाई तिमीहरूको जन्म-भूमिबाट टाढ़ा पठाउँनेछ।
तिनीहरू इस्राएल भूमिमा फेरि कहिल्यै फर्केर आउँने
छैनन्। तब तिमीले जान्ने छौ म नै परमप्रभु हुँ।”

३९हे इस्राएलका परिवार! अब सुन, परमप्रभु मेरो
मालिक यसो भन्नुहुन्छ, “यदि कुनै मानिसले तिमीहरूको
अपवित्र मूर्तिहरूको पूजा गर्ने इच्छा गर्‍यो भने,
त्यसलाई जान देऊ अनि पूजा गर्न देऊ। तर पछि
त्यसले नसोच्नु कि तिमीले मदेखि कुनै सल्लाह पाउँछु।

---

**क्रोध भेटी** मानिसहरूले त्यस भोजलाई “मेलबलि” भने तर इजकिएले गील्ला गरे अनि भने ती भोजले परमेश्वरलाई क्रोधित बनाए।

**तर … भनिन्छ** अर्थात, “आजको दिनसम्म पनि त्यो ठाँउ बामा भनिन्छ।”

तिमीले मेरो नाम भविष्यमा अझै ज्यादा अपवित्र पार्न
सक्नेछैनौ। त्यस समय होइन, जब तिमी आफ्नो
अपवित्र मूर्तिलाई भेटी दिन जारी राख्छौ।”
४०परमप्रभु मेरो मालिक भन्नुहुन्छ, “मानिसहरू मेरो
पवित्र पर्वत-इस्राएलको अग्लो पर्वतमा मेरो सेवाको
निम्ति आउनुपर्छ। इस्राएलको पुरै परिवार आफ्नो
भूमिमा हुनेछन, त्यहाँ तिनीहरूको देश हुनेछ। त्यो त्यही
ठाँउ हो जहाँ तिमीहरू मलाई सल्लाह माग्नु आउँनु
सक्छौ अनि मलाई भेटी चढ़ाउनु तिमीहरू त्यस स्थानमा
आउँनु पर्छ। तिमीहरूले आफ्नो फसलको पहिलो भाग
त्यो स्थानमा ल्याउनु पर्छ। तिमीहरूले आफ्नो सबै
पवित्र भेटी त्यहीँ ल्याउनु पर्छ। ४१तब तिमीरूको
सुगन्धित बलिदानहरूमा म प्रसन्न हुनेछु। यो सबै त्यस
बेला हुनेछ जब म तिमीलाई फर्काई ल्याउँनेछु। मैले
तिमीहरूलाई विभिन्न राष्ट्रहरूमा छरपष्ट पारें। तर म
तिमीहरूलाई फेरि एकै ठाँउमा भेला गर्छु अनि फेरि
तिमीहरूलाई आफ्नो विशेष मानिसहरू बनाउँनेछु अनि
सबै राष्ट्रले यो देख्नेछन्। ४२तब तिमीले बुझ्छौ म नै
परमप्रभु हुँ यो तिमीहरूले त्यस बेला थाहाँ पाउछौ जब
म तिमीहरूलाई इस्राएलमा लिएर आउँछु। यो त्यही
देश हो जुन मैले तिमीहरूको पिता-पुर्खाहरूलाई दिने
वचन दिएको थिएँ। ४३त्यो देशमा तिमीहरूले ती
अशुद्ध पापहरू याद गर्नेछौ। जसले तिमीहरूलाई दोषी
बनायो अनि तिमीहरू लज्जित भयौ। ४४हे इस्राएलको
परिवार! तिमीहरूले धेरै दुष्ट कामहरू गर्‍यौ। तिमीहरूलाई
त्यो अपवित्र अभ्यासहरूको निम्ति नष्ट गरिनेछ। तर
आफ्नो नामको खातिर म तिमीहरूलाई त्यो दण्ड
दिनेछैन जसको पात्र तिमीहरू छौ। त्यसपछि तिमीले
थाहा पाउँनेछौ कि म परमप्रभु हुँ।” परमप्रभु मेरो
मालिकले यी कुराहरू भन्नुभयो।
४५तब परमप्रभुको यो वचन मकहाँ आयो। उहाँले
भन्नुभयो। ४६“हे मानिसको छोरो! ध्यान दिएर दक्षिणपट्टि
हेर अनि यहूदाको दक्षिण भाग नेगेव हेर। नेगेवको
जङ्गलको* विरुद्ध अगमवाणी गर। ४७नेगेव जङ्गललाई
भन, ‘परमप्रभुको समाचार सुन। परमप्रभु मेरो मालिकले
यी कुराहरू भन्नु भयो: ध्यान देऊ, म तिम्रो जङ्गलमा
आगो लगाउनेछु। आगोले प्रत्येक वृक्ष अनि प्रत्येक
सुक्खा वृक्षलाई नाश पार्नेछ। त्यसको दन्केको ज्वाला
निभ्नेछैन्। दक्षिणबाट उत्तर सम्म सम्पूर्ण देश आगाले
जलाइनेछ। ४८त्यसपछि मानिसहरूले थाहा पाउनेछन
कि मैले अर्थात परमप्रभुले आगो लगाएको हो। यो
आगो निभाउँन सक्नैं।’”
४९त्यसपछि मैले भने, “हे परमप्रभु मेरो मालिक!
यदि मैले यो कुराहरू मानिसहरूलाई भने-भने उनीहरूले
सम्झन्छन् कि मैले कथा सुनाउँदैछु। तिनीहरूले सोच्दैनन्
कि यो साँचो हुनेछ।”

२१ यसकारण परमप्रभुको वचन फेरि मकहाँ आयो।
उहाँले भन्नुभयो, २“हे मानिसको छोरो,
यरूशलेमपट्टि ध्यान देऊ अनि त्यसको पवित्र स्थानहरूको
विरुद्ध केही भन। मेरो निम्ति इस्राएल देशको विरुद्ध
केही भन। ३इस्राएल देशलाई भन, ‘परमप्रभुले यी
कुराहरू भन्नुभएको छ: म तिमीहरूको विरुद्धमा छु!
म आफ्नो तरवार म्यानबाट बाहिर निकाल्छु! तिमीहरूबाट
दुवै राम्रो नराम्रो सबै मानिसहरू काटेर हटाउनेछु। ४म
राम्रो अनि नराम्रो दुवै मानिसहरू तिमीहरूबाट काटेर
हटाउँछु। म आफ्नो तरवार म्यानबाट बाहिर निकाल्छु
अनि दक्षिणबाट उत्तर सम्मका सबै मानिसहरूको विरुद्ध
उपयोग गर्छु। ५तब सबै मानिसहरूले थाहा पाउनेछन्
कि म नै परमप्रभु हुँ अनि तिनीहरूले थाहा पाउँनेछन्
कि मैले नै तरवार म्यानबाट बाहिर निकाले। मेरो
तरवार फेरि म्यानमा पस्ने छैन जबसम्म यो शेष
हुदैन्।’”
६परमेश्वरले मलाई भन्नुभयो, “हे मानिसको छोरो,
दुःखमा परेको मानिसको जस्तो दुःखको आवाज निकाल।
मानिसहरूको छेउमा कराऊ। ७तब तिनीहरूले तिमीलाई
सोध्ने छन्, ‘तिमी किन दुःखको आवाज निकालिरहेका
छौ?’ त्यस बेला तिमीले भन्नुपर्छ, ‘किनभने कष्टदायक
समाचार आउँदै छ। प्रत्येकको हृदय डरले पग्लिने छ।
सबै हातहरू कमजोर हुनेछन। हरेकको आत्मा कमजोर
हुनेछ। हरेकको घुँड़ा पानी जस्तै हुनेछ।’ ध्यान देऊ त्यो
नराम्रो समाचार आउँदै छ। यी घटनाहरू घट्नेछन्।”
परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नुभएको हो।

### तरवार तयार छ

८परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो,
९“हे मानिसको छोरो, मेरो निम्ति यी कुराहरू गर। यी
कुराहरू भन, ‘परमप्रभु मेरो मालिक यी कुराहरू
भन्नुहुन्छ:
“‘ध्यान देऊ, एउटा तरवार, एउटा धारिलो तरवार
हो, अनि तरवारमा सान लगाइएको छ।
१०तरवार ज्यान लिनको निम्ति धारिलो बनाइएको
छ। बिजुली जस्तै चम्काउनलाई यसमा सान लगाएर
टल्काइएको छ। “‘मेरो छोरा, तिमी त्यो लौरो देखि
टाढ़ो भाग्यौ जसले तिमीलाई दण्ड दिन्थ्यो। तिमीले त्यो
काठको लौरोबाट दण्डित हुन अस्वीकार गर्‍यौ।
११यसकारण तरवारलाई टल्काइएको हो। अब यो
प्रयोग गर्न सकिन्छ। तरवार धारिलो बनाइएको छ अनि
सान लगाइएको छ। अब यो मार्नेको हातमा दिइसकेको
छ।
१२“‘हे मानिसको छोरो! चिच्याऊ अनि कराऊ।
किन? किनकि तरवारको उपयोग मेरा मानिसहरू अनि

**नेगेव जंगल** परमेश्वरले जातिसक्दो गील्ला गरिरहेक छ।
नगेव मरूभूमिमा क्षेत्र हो त्यहाँ नेगेवमा जंगल छैन।

इस्राएलको सबै शासकहरूको विरुद्धमा हुन्छ। ती अगुवाहरू मेरो मानिसहरूसितै तरवारद्धारा मारिनेछन्। यसकारण, तिमीले आफ्नो छाती पीट। **१३**किन? किनकि यो परीक्षा मात्र होइन तिमीले काठको लौराद्वारा दण्डदायी हुन अस्वीकार गऱ्यौ यसकारण त्यसको अतिरिक्त तिमीलाई दण्ड दिनको निम्ति म के उपयोग गँरु? हो, तरवार नै।'" परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नुभयो।

**१४**परमेश्वरले भन्नुभयो, "हे मानिसको छोरा! ताली बजाऊ अनि मेरो निम्ति मानिसहरूलाई यी कुराहरू भनः

"तरवार दुइ पल्ट आवोस्, तीन पल्ट! यो तरवार मानिसहरू मार्नुका निम्ति हो। यो तरवार हो, ठूलो नर-संहारका निम्ति! यो तरवारले मानिसहरूलाई काट्नेछ! **१५**तिनीहरूको हृदय डरले पग्लिनेछ, अनि धेरै मानिसहरू लड्नेछन्, धेरै ज्यादा मानिसहरू आफ्नो नगर-द्वारमा मर्नेछन्। तरवार बिजुलि जस्तै चम्कनेछ। यो मानिसहरू मार्नको निम्ति सान लगाएर टल्काइएको हो। **१६**हे तरवार! धारिलो हो! तरवार दाहिनेपट्टि काट सीधै छेउमा काट देब्रे पट्टि काट, जाउ प्रत्येक स्थानमा जहाँ तेरो धारले जानका निम्ति छानेकोछ।

**१७**तब म ताली बजाउनेछु अनि म मेरो क्रोध देखाउनु बन्दा गर्नेछु। म परमप्रभुले नै भनेको छुँ।"

## यरूशलेम सम्मको बाटो छान्

**१८**परमप्रभुको वचन फेरि मकहाँ आयो, **१९**"हे मानिसको छोरो! दुइवटा बाटोको नक्शा बनाऊ त्यो बाबेलका राजाले तरवार इस्राएलमा ल्याउन छाने। दुवै बाटोहरू एउटै भूमिमा आउनु पर्छ। एउटा संकेत शहरको शुरुमा लगाउनु पर्छ। **२०**जुन बाटो तरवारले प्रयोग गर्छ त्यसलाई देखाउन संकेत प्रयोग गर। एउटा बाटोले रब्बा अम्मोनी शहर अनि अर्को यहूदा यरूशलेमको बलियो शहर तिर लैजान्छ। **२१**यसले स्पष्ट पार्छ कि बाबेलको राजाले त्यो बाटोको योजना बनाउँदैछ, जसद्वारा उसले त्यस क्षेत्रमा आक्रमण गर्न सकोस्। बाबेलको राजा त्यो बिन्दु सम्म आइपुगिसकेकोछ जहाँ दुइवटा बाटो छुटिन्छ। बाबेलको राजाले जादूको संकेतको उपयोग भविष्य जान्नुको निम्ति गरेको हो। उसले केही बाण हल्लायो, उसले परिवारको मूर्तिहरूसँग प्रश्न गऱ्यो, उसले मारेको जनावरको कलेजो हेऱ्यो।

**२२**"संकेतले उसलाई दाहिनेपट्टिको बाटोबाट यरूशलेम पुग्छ भन्ने बताउँदैछ! उसले आफूसँग ध्वंस गर्ने हतियार ल्याउने योजना बनाएको छ। उसले आदेश दिनेछ अनि उसको सैनिकले ज्यान मार्न शरू गर्नेछ। उसले युद्ध घोषणा गर्छ। त्यस समयमा उसले शहरको चारैतिर माटोको पर्खाल बनाउँनेछ। उसले पर्खाल सम्म पुग्ने एउटा माटोको बाटो बनाउँनेछ। उसले शहरमा आक्रमण गर्नका निम्ति काठको धरहराहरू बनाउँनेछ। **२३**इस्राएलका मानिसहरूको निम्ति त्यो जादूको चिन्हको केही अर्थ हुँदैन्। तिनीहरूले त्यो वचनको पालन गर्छन जुन तिनीहरूलाई दिइएको छ। तर परमप्रभुले तिनीहरूको पाप याद राख्नु हुनेछ। अनि इस्राएलीहरू कैदी हुनेछन्।"

**२४**परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "तिमीले तिमीहरूको कुकर्महरू स्मरणीय पारेकाछौ। तिम्रो पापहरू पुरै प्रकाशमा आएको छ। तिमीले मलाई तिमी दोषी थियो भन्ने याद गर्न बाध्य गरायौ। यसकारण शत्रुले तिमीलाई आफ्नो हातमा लिनेछ। **२५**अनि इस्राएलका दुष्ट शासकहरू! तिमीहरू मारिनेछौ, तिम्रो दण्डको समय आई सक्यो। अब अन्त छेउमा छ!"

**२६**परमप्रभु मेरो मालिक यो संदेश दिनुहुन्छ, "फेटा उठा। मुकुट उठा! परिवर्तनको समय आइपुग्यो। महत्वपूर्ण चीजहरू तल ल्याइनेछ अनि जो मानिसहरू महत्वपूर्ण छैनन तिनीहरू महत्वपूर्ण बनिनेछन्। **२७**म त्यो शहरहरू पूर्णरुपमा नष्ट पार्नेछु। तर यो त्यस बेला सम्म हुँदैन जब सम्म उपयुक्त मानिस राजा हुँदैन। त्यसपछि म बाबेलको राजालाई शहरमाथि अधिकार गर्नेदिन्छु।"

## अम्मोनको विरुद्धमा अगमवाणी

**२८**परमेश्वरले भन्नुभयो, "हे मानिसको छोरो, मेरो निम्ति मानिसहरूलाई भन, 'परमप्रभु मेरो मालिकले यी कुराहरू अम्मोनका मानिसहरू अनि तिनीहरूको लज्जित देवतासँग भन्नुहुन्छः

"'ध्यान देऊ, एउटा तरवार! एउटा तरवार म्यानबाट बाहिर छ। तरवार टल्काइएको छ! तरवार मार्नको निम्ति तयार छ! बिजुली जस्तो चम्काउनका निम्ति यसलाई टल्काइएको थियो!

**२९**तिम्रो दर्शन व्यर्थ छ। तिम्रो जादूले तिमीलाई सहायता गर्नेछैन। यो झूठो अगमवाणी हो। अब ती दुष्ट मानिसहरूको घाँटीमा तरवार राखिन्छ। तिनीहरू चाँडै मर्नेछन। अन्त्यको दिन आइपुगेको छ। तिनीहरूको पापको अन्तिम समय आइसकेकोछ।

## बाबेलको विरुद्धमा अगमवाणी

**३०**"'अब तिम्रो तरवार (बाबेललाई) म्यानभित्र राख। बाबेल! म तिमीसित न्याय त्यही गर्छु तिमी जहाँ बसेकाछौ। अथवा त्यहीँ देश जहाँबाट तिमी उत्पन्न भएका थियौ। **३१**म तिम्रो विरुद्ध आफ्नो क्रोध खन्याउँछु। मेरो क्रोधले तिमीलाई तातो हावाले जस्तै जलाउँनेछ। म तिमीलाई क्रूर मानिसहरूको हातमा सुम्पिन्छु। ती मानिसहरू मानिसहरूलाई मार्नु सिपालु छन्। **३२**तिमी आगोका निम्ति दाउरा जस्तै हुनेछौ। तिम्रो रगत पृथ्वीमा बग्नेछ, फेरि मानिसले तिमीलाई कहिल्यै याद गर्ने छैनन्। म परमप्रभुले यो भनेको हुँ।'"

## इजकिएल यरूशलेमको विरुद्धमा बोल्छन

२२ परमप्रभुको वचन मलाई प्राप्त भयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो! के तिमी न्याय गर्छौ? के तिमी हत्याराहरूको शहरसित न्याय गर्छौ? के तिमी तिनीहरूसित त्यो डरलाग्दो कुराहरूको विषयमा भन्छौ जुन तिनीहरूले गरे? ३तिमीले भन्नुपर्छ, 'परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छः शहर हत्याराहरूले भरिएको छ। यसकारण यसको निम्ति दण्डको समय आइसकेको छ। त्यसले आफ्नो निम्ति अपवित्र मूर्तिहरू बनायो अनि यी अपवित्र मूर्तिहरूले तिनीहरूलाई अपवित्र बनायो।

४"'यरूशलेमका मानिसहरू, तिमीहरूले धेरै मानिसहरू माऱ्यौ। तिमीहरूले अपवित्र मूर्तिहरू बनायौ। तिमीहरू दोषी छौ अनि तिमीहरूलाई दण्ड दिने समय आइसकेको छ। तिम्रो अन्त आइसकेको छ। अन्य राष्ट्रहरूले तिम्रो हाँसो उड़ाउनेछन्। ती देशहरू तिमीमाथि हाँस्नेछन्। ५टाढ़ा अनि नजिकका मानिसहरूले तिम्रो हाँसो उड़ाउँनै छन्। तिमीले आफैलाई बदनाम गऱ्यौ। तिमी उपद्रोले भरीएका छौ।

६"'हेर! यरूशलेममा प्रत्येक शासकले आफूलाई शक्तिशाली बनाएकोछ जसद्वारा तिनीहरूले अन्य मानिसहरूलाई मार्न सक्छन्। ७यरूशलेमका मानिसहरूले आफ्नो आमा बाबुको सम्मान गर्दैनन्। तिनीहरूले शहरहरूमा विदेशीहरूलाई सताउँछन तिनीहरूले टुहुरा-टुहुरी अनि विधवाहरूलाई पनि त्यो स्थानमा ठग्छन्। ८तिमीहरूले पवित्र चीजलाई घृणा गर्छौ। तिमीहरूले मेरो विश्रामको दिनलाई यस्तो मान्छौ मानौं त्यस दिनको कुनै महत्व छैन्। ९यरूशलेमका मानिसहरू अरु मानिसहरूको विषयमा झूटो बोल्छन्। यिनीहरूले यी निर्दोष मानिसहरूलाई मार्नका निम्ति गर्छन। मानिसहरू डाड़ाहरूमाथि मूर्तिहरूलाई अपर्ण गरेका भोजहरू खान जान्छन् यरूशलेममा मानिसहरूले धेरै व्यभिचारी पापहरू गर्दैछन्।

१०"'यरूशलेमका मानिसहरू आफ्नो पिताको पत्नीसँग व्यभिचार गर्छन। यरुशलेमका मानिसहरू रजस्वलको समयमा पनि स्त्रीहरूसँग अशुद्ध सम्भोग गर्छन। ११कसैले आफ्नो छिमेकीको पत्नीसित यस्तो डरलाग्दो पाप गर्छ। कसैले आफ्नो पुत्र-बंधुसित पनि शारीरिक सम्बन्ध राख्छन अनि उसलाई अपवित्र बनाउँछन् अनि कसैले आफ्नो बाबुकी छोरी अर्थात बहिनीसँग शारीरिक सम्बन्ध राख्छन्।

१२"'यरूशलेममा तिमीहरूले, मानिसहरू मार्नको निम्ति पैसा लिन्छौ। तिमीहरूले ऋण दिन्छौ अनि त्यो ऋणको ब्याज लिन्छौ। तिनीहरू नाफा लिनकालगि आफ्ना छिमेकीहरूलाई दबाउँछौ। अनि तिमीहरूले मलाई बिर्सेकाछौ।' परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नुभयो।

१३परमेश्वरले भन्नुभयो, "अब हेर! म तिनीहरूलाई देखेर ताली बजाउँनेछु। मानिसहरूलाई धोका दिएको अनि हत्या गरेकोमा तिमीहरूलाई दण्ड दिन्छु। १४के त्यसपछि तिमी वीर बन्छौ? जति बेला म तिमीहरूलाई ढण्ड दिन आउँनेछु के तिमी प्रयाप्त बलियो भएका हुन्छौ। अँहँ म परमप्रभु हुँ। मैले यो भनिदिएँ अनि म त्यति गर्छु जुन मैले गर्छु भनें! १५म तिमीलाई जाति जातिहरूको बीचमा पार्नेछु। म तिमीहरूलाई जाति-जातिहरूको बीचमा तितर-बितर पार्नेछु। म सबै अशुद्धता तिमीबाट निकालिदिनेछु। १६तर यरूशलेम तिमी अपवित्र हुन्छौ अनि अरु देशहरूले यो घटना देख्नेछ। त्यसपछि तिमीले थाहा पाउने छौ म नै परमप्रभु हुँ।'"

## इस्राएल बेकामको मरूभूमि जस्तै छ

१७परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो, १८"हे मानिसको छोरो, ताँबा, फलाम, जस्ता, अनि सीसा चाँदीको तुलनामा बेकार छ। कारीगरले चाँदीलाई शुद्ध पार्न आगोमा हाल्छ। चाँदी गल्छ अनि कारीगरले यसलाई मैलाबाट अलग पार्छ। इस्राएल देश बेकारको मैला जस्तो भएको छ। १९यसैकारण परमप्रभु मेरो मालिक यसो भन्नु हुन्छ, 'तिमीहरू सबै बेकारको मैला जस्तो भएकाछौ। त्यसकारण म तिमीहरूलाई यरूशलेम भित्र भेला गराउनेछु। २०कारीगरले चाँदी, काँसा, फलाम, सीसा अनि जस्तालाई आगोमा हाल्छ। आगो एकदमै ठूलो बनाउँनको निम्ति फुकिन्छ। त्यसपछि यो धातुहरू सबै गल्न थाल्छ। यस्तै प्रकारले म तिमीलाई आफ्नो आगोमा हालेर पगाल्छु। त्यो मेरो आगो चाँहि क्रोध हो। २१म तिमीलाई त्यो आगोमा हाल्छु अनि म आफ्नो क्रोधको आगो फुक्छु अनि तिमी पग्लिनु थाल्छौ। २२चाँदी आगोमा पग्लिन्छ अनि कारीगरले चाँदी हाल्छ अनि पगाल्छ। यस्तै प्रकारले शहरमा तिमी पग्लिन्छौ। त्यसपछि तिमीले थाहा पाउनेछौ कि 'म नै परमप्रभु हुँ अनि तिमीले सम्झनेछौ कि म नै तिम्रो विरुद्ध आफ्नो क्रोध निकाल्दैछु।'"

## इजकिएल यरूशलेमको विरुद्ध बोल्छन्

२३परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो, २४"हे मानिसको छोरो! यरूशलेमसित कुरा गर। उसलाई भन, तिमी भूमि हौ जुन सफा पारिएको छैन्। जब म क्रोधित हुन्छ तिमीमाथि पानी पार्नेछैन्। २५यरूशलेममा अगमवक्ताहरूले नराम्रो योजना बनाइरहेछ ऊ त्यो सिंह जस्तो भएको छ, जब त्यसले आफूले पक्रेको जनावर खान्छ त्यस समय गर्जन्छ। ती अगमवक्ताहरूले धेरै जीवनहरू नष्ट गरेका छन्। तिनीहरूले धेरै बहुमल्य चीहहरू राखेका छन्। तिनीहरूले यरूशलेममा धेरै स्त्रीहरूलाई विधवा बनाए।

२६"पूजाहारीहरूले मेरो व्यवस्था भङ्ग गरेका छन्। तिनीहरूले मेरो पवित्र चीजहरू अपवित्र बनाएका छन्। तिनीहरूले पवित्र र अपवित्र वस्तुहरूमा भेद राख्दैनन्

अनि तिनीहरूले मानिहरूलाई सफा र मैला बीचको
भिन्नता सिकाउँदैनन्। तिनीहरूले मेरो विश्रामको दिनलाई
सम्मान गर्न अस्वीकार गरे। म तिनीहरूको बिचमा
अपमानित भएकोछु।

२७“‘यरूशलेमका बूढ़ा-प्रधानहरू आफूले पक्रेका
पशुहरू खाँदै गरेका ब्वासाँहरू जस्तै छन्। बूढ़ा-प्रधानहरू
फायदा लिनको लागि मानिसहरूलाई आक्रमण गर्छन
अनि मार्छन्।

२८“अगमवक्ताहरूले मानिसहरूलाई चेताउनी दिदैनथे
तिनीहरूले सत्यलाई लुकाउँथे। तिनीहरू त्यो कारीगार
जस्तै हुन जसले पर्खाल दृढ़ बनाउँदैन् केवल दूलोमा
लेप लगाइदिन्छ। तिनीहरूको ध्यान केवल झूटोमाथि
हुन्छ। तिनीहरूले आफ्नो जादूको उपयोग भविष्य
जान्नका निम्ति गर्छन। तर तिनीहरू खाली झूटो
बोल्छन्। तिनीहरू भन्छन्, ‘परमप्रभु मेरो मालिकले यो
कुरा भन्नुभयो।’ तर तिनीहरू खाली झूटो बोलिरहेछन्
परमप्रभुले तिनीहरूसँग बात गर्नुभएन।

२९“सामन्य जनता एका-अर्कामा लाभ उठाउँछन्।
तिनीहरू एका-अर्कालाई धोका दिन्छन अनि चोरी
गर्छन। तिनीहरू गरीब अनि असहाय मानिसहरूसँग
यस्तो व्यवहार गर्छन्। तिनीहरूले विदेशीहरूलाई पनि
धोका दिन्छन्, मानौं तिनीहरूको विरुद्ध कुनै नियम
छैन्!

३०“देश रक्षाकोलागि पर्खाल बनाउन अथवा त्यही
भत्केको भागमा उभिन एकजना मानिस मैले तिनीहरूको
माझमा खोजें धाँदोमा उमेर प्रार्थना गर्ने मानिए तर
जसले त्यस्तो गर्न सक्थ्यो कुनै मानिस पनि पाउन
सकिन्। ३१यसकारण म आफ्नो क्रोध प्रकट गर्छु, म
तिनीहरूलाई पूर्ण रुपमा नष्ट गर्छु! अपवित्र कामको
निम्ति म तिनीहरूलाई दण्ड दिन्छु। जुन तिनीहरूले
गरे। यो सब तिनीहरूको दोष हो।” परमप्रभु मेरो
मालिकले यी कुराहरू भन्नुभयो।

**२३** परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, २“हे मानिसको छोरो! सामरिया र
यरूशलेमको विषयमा यो कथा सुन! त्यहा दुइ बहिनी
थिए! तिनीहरू एउटै आमाका छोरीहरू थिए। ३तिनीहरू
मिश्रमा त्यस बेला वेश्या भए जब सानो बहिनी एकदमै
सानो थिई। मिश्रमा तिनीहरूले पहिलो प्रेम गरे अनि
मानिसहरूले आफ्नो हातले तिनीहरूको स्तनलाई छुए।
४ठूली दिदीको नाम ओहोला थियो अनि उसको
बहिनीको नाम ओहोलिबा थियो। तिनीहरू मेरा पत्नीहरू
भए अनि हामीहरूका छोरा-छोरीहरू भए। (ओहोला
चाहिँ: सामरिया हो अनि ओहोलिबा चाहिँ: यरूशलेम
हो।)

५“त्यसपाछि ओहोला पतिवृता रहिन। एउटी वेश्या
जस्तो हुन गई। उसले आफ्नो प्रेमिहरू प्रति मात्र चाख
राख्न थाली। ६उसले अश्शूरको सैनिकलाई तिनीहरूको
वैजनी वस्त्र देखी तिनीहरू घोड़ाहरूमा चढ़ने सबै जवान
मानिसहरूले मन पराउँथे। तिनीहरू राजपालहरू अनि
अधिकारीहरू थिए। ७अनि ओहोलाले आफूलाई ती
सबै मानिसहरूलाई सुम्पी दिए। ती सबै अश्शूरको
सेनाहरूमा विशिष्ट छानिएका सैनिकहरू थिए। अनि ती
सबैसित मोहित भई! उ ती अपवित्र मूर्तिहरूसित
अपवित्र भई। ८यसको अतिरिक्त उसले मिश्रसित
आफ्नो प्रेम-व्यापार छोड़ी। मिश्रले त्योसित त्यस बेला
प्रेममा फस्यो जब उ कुमारी थिई। मिश्र उसको स्तन
छुने पहिलो प्रेमी थियो। मिश्रले तिनीमाथि आफ्नो झूटो
प्रेम गर्थ्यो। ९यसकारण मैले त्यसको प्रेमीहरूलाई
त्यसको कुमारी अवस्था भोग गर्न दिएँ। उसले
अश्शूरहरूलाई चाहन्थी, यसकारण मैले उसलाई
तिनीहरूसित छोड़ि दिएँ। १०तिनीहरूले त्यसलाई बलात्कार
गरे। तिनीहरूले त्यसको नानीहरू लिए अनि तिनीहरूलाई
तरवारले मारे। तिनीहरूलाई दण्ड दिएँ अनि स्त्रीहरूले
अहिले सम्म त्यसको कुरा गर्छन्।

११“उसको सानो बहिनी ओहोलिबाले यी घटनाहरू
घटेको देखी। तर ओहोलिबाले आफ्नो दिदी भन्दा
ज्यादा पाप गरी। ऊ ओहोलिबा भन्दा अझ खराब
वेश्या भई। १२ऊ अश्शूरको राज्यपालहरू अनि
अधिकारीहरूलाई चाहन्थी। उसले वैजनी सुन्दर वस्त्र
घोड़सवार सैनिकहरूलाई चाहन्थी। तिनीहरू सबै मनपर्दो
जवान मानिसहरू थिए। १३मैले देखें ती दुवै स्त्रीहरू
एउटै गल्ती गरे आफ्नो जीवन नष्ट गरिरहेका थिए।

१४“ओहोलिबा म प्रति धोकबाज भई। बाबेलमा
उसले मानिसहरूको चित्र पर्खालमा कोरिएको देखी।
त्यो कल्दी मानिसहरूको रातो वस्त्र लगाएको चित्र
थियो। १५तिनीहरूले कम्मरमा पेटी अनि शिरमा लामो
फेटा बाधेका थिए। तिनीहरू सबै रथको अधिकारी
जस्ता देखिन्थे। तिनीहरू सबै बाबेलको जन्मभूमिमा
उत्पन्न पुरुष जस्तो ज्ञात हुन्थ्यो। १६ओहोलिबाले
तिनीहरूलाई चाहन्थी। उसले तिनीहरूलाई आमंत्रित
गर्नका निम्ति स्वर्गदूत पठाई। १७यसकारण बाबेलवासीहरू
त्यसको ओछ्यानमा सहवास गर्न आए र आफ्नो
कामवासनाले त्यसलाई अशुद्ध पारे। तिनीहरूबाट भ्रष्ट
भए पछि वाक्क भएर त्यसको मन तिनीहरू देखि
हट्यो।

१८“ओहोलिबाले त्यो धोकेबाज हो भनी सबलाई
देखाई उसले यति ज्यादा मानिसहरूलाई आफ्नो नाङ्गो
शरीरको उपयोग गर्न दिई कि मलाई उ प्रति त्यसै घृणा
उत्पन्न भयो, जस्तो उसको बहिनी प्रति भएको थियो।
१९ओहोलिबाले घरि-घरि मलाई धोका दिइरही अनि
तब उसले आफ्नो प्रेम-व्यापार याद गरि जुन उसले
युवावस्थामा मिश्रमा गरेकी थिई। २०उसले आफ्नो
प्रेमीको गधाको जस्तो लिंग अनि वीर्य चाहिँ घोड़ाको
झैं निस्केको सम्झना गरी।

२१“ओहोलिबा, तिमीले आफ्नो ती दिनहरू याद
गर्‍यौ जब तिमी युवती थियौ, जब तिम्रो प्रेमीले तिम्रो
स्तन छुन्थे अनि युवावस्थाका स्तन माड़ेका थिए।
२२यसकारण ओहोलिबा, परमप्रभु मेरो मालिक यसो
भन्नुहुन्छः ‘तिमीले आफ्नो प्रेमीहरूलाई घृणा गर्न थाल्यौ।
तर म तिम्रो प्रेमीहरूलाई भन्छु कि तिनीहरूले तिमीलाई
चारै तिरबाट घेर्नेछन्। २३म ती सबै मानिसहरूलाई
बाबेलमा विशेष गरी कल्दीहरूलाई ल्याउँनेछु। म पकोद
शोअ अनि कोअबाट मानिसहरूलाई ल्याउनेछु अनि ती
सबैलाई अश्शूरबाट ल्याउँछु। यस्तै प्रकार म सबै
शासकहरू अनि अधिकारीहरूलाई ल्याउँछु। तिनीहरू
सबै योग्य, रथहरूको विशेष योग्यताको निम्ति छानिएका
घोड़सवार थिए। २४तिनीहरूको भीड़ तिम्रोमा आउने
छ। तिनीहरू आफ्नो घोड़ामा अनि आफ्नो रथहरूमा
आउनेछन्। तिनीहरू धेरै संख्यामा हुनेछन्। तिनीहरूसित
भाला, तिनीहरूको ढाल अनि तिनीहरूको शिरमा सुरक्षा
कवच हुनेछ। तिनीहरू तिम्रो चारै तिर जम्मा हुनेछन्।
म तिनीहरूलाई बताउनेछु कि तिनीहरूले मसँग के गरे
अनि तिनीहरूले आफ्नो तर्फबाट तिनीहरूलाई दण्ड
दिनेछन। २५म तिमीहरूलाई मेरो इर्ष्या शक्ति तिमीहरूको
विरूद्ध देखाउनेछु। तिनीहरू अत्यन्तै क्रोधित हुनेछन्
अनि तिमीहरूलाई चोट पुर्‍याउनेछन। तिनीहरूले तिम्रो
नाक अनि कान काट्नेछन्। तिनीहरूले तिमीहरूलाई
तरवारले मार्नेछन्। त्यसपछि तिनीहरूले तिम्रो नानीहरू
लिएर जानेछन् अनि तिनीहरूले ती नानीहरू जलाई
दिनेछन्। २६तिनीहरूले तिम्रो राम्रो लुगा गर-गहनाहरू
लिनेछन। २७अनि म तिम्रो मिश्रसित व्यविचार कार्यहरू
रोकिदिनेछु। तिमीहरूले फेरि कहिल्यै तिनीहरूतिर फर्केर
हेर्नेछैनौ। तिमीले फेरि कहिल्यै मिश्रलाई याद गर्ने
छैनौ।’”

२८परमप्रभु मेरो मालिक भन्नुहुन्छ, “म तिमीलाई ती
मानिसहरूको हातमा दिँदैछु जसलाई तिमीले घृणा गर्छौ।
म तिमीलाई ती मानिसहरूको हातमा दिन्छु जसलाई
तिमीले घृणा गर्न थालेको थियौ। २९अनि तिनीहरूले
देखाउँनेछन कि तिनीहरूले तिमीलाई कति घृणा गर्नेछ।
तिनीहरूले तिम्रो प्रत्येक चीज लानेछन् जुन तिमीले
कमाएकीछौ। तिनीहरूले तिमीलाई खाली हात र नाङ्गो
छोड़िदिन्छन्। मानिसहरूले तिम्रो पाप, वेश्यापना अनि
लाज तिम्रो भक्तिहीन स्पष्ट देख्ने छन्। ३०यी चीजहरू
तिमीमाथि आइलाग्यो किनभने तिमी आफैले आफैलाई
वेश्या झैं राष्ट्रहरूको पछि गएर कलंकित बनायौ अनि
तिमीहरूका घिनलाग्दा मूर्तिहरूले फोहोर बनायौ।
३१तिमीले आफ्नो दिदी कै चालमा हिड़्यौ अनि त्यसरी
नै गरिरहयौ। तिमीहरू आ-आफैले विषको कचौरा
लियौ अनि त्यो आफ्नो हातमा उठाएर राख्यौ। तिमीले
आफ्नो दण्ड स्वंय कमायौ।” ३२परमप्रभु मेरो मालिकले
यसो भन्नुहुन्छ,

“तिमीले आफ्नो दिदीको बिषको कचौरी पिउँनेछौ।
यो विषको कचौरा लामो-गहिरो छ। त्यो कचौरामा धेरै
बिष छ। मानिसहरू तिमीप्रति हाँस्नेछन् अनि हाँसो
उड़ाउनेछन्।

३३तिमी मतवाला मानिस जस्तै लड़बड़ाउनेछौ। तिमी
ज्यादै अस्थीर हुनेछौ। यो ध्वंश अनि सर्वनाश हो। यो
त्यही कचौरा जस्तै हो, जुन तिम्रो दिदी सामरियाले
पिएकी थिई।

३४तिमीले त्यही कचौराबाट विष पिउनेछौ। तिमीले
त्यसको अन्तिम थोपा सम्म पिउनेछौ। तिमीले कचौरा
फ्याँकेर त्यसलाई टुक्रा-टुक्रा बनाउनेछौ अनि तिमीले
आफ्नो छाती जता भावी पिट्नेछौ। यो हुनेछ किनकि म
परमप्रभु अनि मालिक हुँ अनि मैले यी कुराहरू भने।

३५“यस्तो प्रकारले परमप्रभु मेरो मालिकले यी
कुराहरू भन्नुभयो, ‘यरूशलेम, तिमीले मलाई बिर्सियौ।
तिमीले मलाई फ्याँकि दियौ अनि पछाड़ी छोड़िदियौ।
यसकारण तिमीले मलाई छोड़ेको अनि वेश्या झैं
बाँचेकोमा तिमीले दण्ड भोग्नु पर्नेछ। तिम्रो दुष्याँईका
निम्ति तिमीले दण्ड भोग्नुपर्छ।’”

## ओहोला अनि ओहोलीबाको विरुद्ध निर्णय

३६परमप्रभु मेरो मालिकले मलाई भन्नुभयो, “हे
मानिसको छोरो, के तिमी ओहोला अनि ओहोलिबाको
न्याय गर्छौ? तब तिनीहरूलाई ती भयंकर कुराहरू भन
जुन तिनीहरूले गरेका छन्। ३७तिनीहरूले व्यभिचारी
पाप गरे। तिनीहरूले हत्या जस्तो अपराध गरे। तिनीहरूले
वेश्या जस्तो काम गरे, तिनीहरूले आफ्नो अपवित्र
मूर्तिहरूको लागि मलाई छोड़िदिए। तिनीहरूले तिनीहरूको
नानीहरूलाई बलिदान दिए जो मेरा निम्ति जन्माएका
थिए। तिनीहरूले आफ्नो मूर्तिहरूलाई भोजन दिनका
निम्ति यसो गरे। ३८तिनीहरूले मेरो विश्रामको दिन
अनि पवित्र स्थानहरूमा यस्तो काम गरे मानौं त्यसको
कुनै महत्व छैन्। ३९तिनीहरूले मूर्तिको लागि आफ्नो
नानीहरूलाई मारे अनि मेरो पवित्र स्थानमा गए अनि
त्यसलाई अपवित्र बनाए। तिनीहरूले यो मेरो मन्दिरभित्र
यस्तो गरे।

४०“तिनीहरूले अत्यन्तै टाढ़ो ठाँउमा मानिसहरूलाई
बोलाए। यी मानिसहरूका निम्ति तिमीले एउटा स्वर्गदूत
पठायौ अनि तिनीहरू तिमीलाई हर्न आए। तिमीले
तिनीहरूको निम्ति नुहायौ, आफ्नो आँखा सिंगार्‍यौ अनि
गरगहनाहरू लगायौ। ४१तिमी राम्रो ओछ्यानमा बस्यौ,
जसको छेउमा टेबलमा राखिएको थियो। तिमीले मेरो
सुगन्धित धूप अनि तेल त्यही टेबलमा राख्यौ।

४२“यरूशलेममा यस्तो आवाज सुनियो जुन मानिसहरूले
भोज मनाइरहे जस्तो लाग्थ्यो। तिनीहरू मध्ये यरूशलेमबाट
आउनेहरू पहिले नै मातेका थिए। तिनीहरू मरूभूमिबाट
आए अनि स्त्रीहरूलाई चुरा अनि राम्रो राम्रो शिरवन्दीहरू

दिए। ४३तर मैले त्यो स्त्रीसित बात गरे, जो व्यभिचार
कर्मले शिथिल भएकी थिई। मैले उसलाई भनेँ, 'के
तिनीहरूसित लगातार व्यभिचार गरिरहन सक्छन, अनि
उसले त्यससित व्यभिचार गरिरहन् सक्छे?' ४४तर ऊ
त्योसित त्यसरी नै गईरहयो जसरी एउटा वेश्या भएकहाँ
उ जान सक्थ्यो। हो, उ ती दुष्ट स्त्रीहरू ओहोला
अनि ओहोलिबाकहाँ गइरह्यो।

४५"तर धार्मिक मानिसहरूले तिनीहरूको न्याय अपराधी
भनी गर्नेछन्। ती स्त्रीहरूलाई तिनीहरूले अपवित्र अनि
व्यभिचारिणीहरू भनी न्याय गर्नेछन्। किन? किनकि
ओहोला अनि ओहोलिबाले व्यभिचार पाप गरेकाछन्
अनि तिनीहरूले जुन स्त्रीहरूको हत्या गरका थिए
तिनीहरूको रगतले तिनीहरूको हातहरू कलंकित छन्।"
४६परमप्रभु मेरो मालिकले यो कुरा भन्नुभयो,
"मानिसहरूलाई एकै ठाउँमा भेला गर। त्यसपछि तिनीहरूले
ओहोला अनि ओहोलिबालाई सजाय दिनेछन्। मानिसहरूको
त्यो समूहले ती दुइ स्त्रीहरूलाई दण्ड दिनेछन् तथा
तिनीहरूको हासो उड़ाउनेछन्। ४७तब त्यो समूहले
तिनीहरूलाई ढुङ्गा हान्नेछन् अनि तिनीहरूलाई मार्नेछन्,
तब त्यो समूहले आफ्नो तरवारले स्त्रीहरूलाई टुक्रा
पार्नेछन् ती स्त्रीहरूको नानीहरूलाई मार्नेछन् अनि घर
जलाई दिनेछन्। ४८यस्तो प्रकारले म यो देशको
दुष्टतालाई अन्त गरिदिनेछु, अनि सबै स्त्रीहरूलाई
चेताउनी दिनेछु कि तिनीहरूले अब यस्तो लज्जित काम
नगरुन् जुन तिमीहरूले गर्‍यौ। ४९तिनीहरूले तिमीलाई
त्यो दुष्ट कामको निम्ति दण्ड दिनेछन जुन तिमीले गर्‍यौ
अनि तिमीलाई तिम्रो आफ्नो मूर्तिको निम्ति पनि दण्ड
दिइनेछ। त्यस बेला तिमीले थाहा पाउँनेछौ कि म नै
परमप्रभु अनि मालिक हुँ।"

## भाड़ो अनि मासु

२४ परमप्रभ मेरो मालिकको वचन मकहाँ आयो।
त्यो दिन देशबाट निकालिएको नवौं वर्षको
दशौं महीनाको दशौं दिन थियो। उहाँले भन्नुभयो, २"हे
मानिसको छोरो! आजको दिन र आजैको दिनको नाम
लेखिराख: 'आजै बाबेलको राजाको सेनाले यरूशलेमलाई
घेर्‍यो।' ३यो कुरा त्यो घरानालाई भन (इस्राएल)
जुन परिवार आज्ञा पालन गर्न अस्वीकार गरिरहेछ।
उसलाई यो कुराहरू भन। 'परमप्रभु मेरो मालिक यसो
भन्नुहुन्छ:
"'भाड़ाँ आगोमाथि राख, भाँड़ा राख अनि त्यसमा
पानी हाल।
४त्यसमा राम्रो राम्रो टुक्राहरू हाल, फिला अनि
कुमको मासुको टुक्राहरू हाल। भाँड़ा सर्वोत्तम हड्डीहरूले
पूरा भर।
५बगालको राम्रो-राम्रो पशुहरू उपयोग गर, भाड़ाको
तल पूरा आगो लगाऊ, अनि मासुको टुक्राहरू पकाऊ।
सुरुआलाई त्यस बेला सम्म पकाऊ जब सम्म हड्डीहरू
राम्रोसँग पाक्दैन!'
६यसर्थ परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ: 'यो
यरूशलेमको निम्ति नराम्रो हुन्छ। यो हत्याराहरूले
भरिएको शहरका निम्ति नराम्रो हुन्छ। यरूशलेम त्यो
भाँड़ा जस्तै हो जसमा खियाको दाग छ अनि त्यो
खियाको दाग जब सम्म हट्दैन त्यो भाँड़ा शुद्ध हुँदैन्
यसकारण मासुको प्रत्येक टुक्रा भाँड़ाबाट बाहिर निकाल!
त्यो मासु नखाँऊ। पूजाहारीलाई त्यो बेकामको मासुबाट
एउटा टुक्रा पनि छान्न नदेऊ!
७यरूशलेम त्यो कलंकित दाग लागेको भाड़ा जस्तै
हो। किन? किनकि त्यसले बगाएको रगत त्यहाँ अहिले
सम्म छ! उसले खुल्ला चट्टानमा रगत हाली। उसले
रगत भूईंमा पोखाई अनि त्यसलाई धूलोले छोपीदिई।
८मैले त्यसको रगत खुल्ला चट्टानमा हालेँ। यसकारण
यो नछोपियोस्। मैले यसो गरें जसबाट मानिसहरू
क्रोधित होस् अनि उसले निर्दोष मानिसहरूलाई हत्याको
दण्ड दिवोस्।'
९यसकारण परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ:
'हत्याराहरूले भरिएको यो शहरमा नराम्रो हुनेछ। म
आगोको लागि दाउराको थुप्रो लगाई दिन्छु।
१०भाड़ाँको मुनि धेरै दाउरा लगाऊ। आगो बाल
राम्रोसँग मासु पकाऊ। मसला मिलाऊ अनि हड्डीहरू
बेस्सरी पकाऊ जब सम्म ती हड्डीहरू डड़दैनन्।
११तब भाड़ाँलाई खाली कोईलामा छोड़ीदेऊ। यसलाई
यति तातो हुनु देऊ कि यसको दाग पनि डड़ोस्।
त्यहाँबाट अपवित्रता पूरै जावोस् अनि खिया नाश होस्।
१२यरूशलेमले आफ्नो दागलाई धनुको लागि कठोर
परिश्रम गर्न सक्छ तर त्यो 'खिया' जाँदैन्। आगोले
(दण्डले) मात्र त्यो खिया हटाउँनु सक्छ!
१३तिमीले मेरो विरुद्ध पाप गर्‍यौ अनि पापले
कलंकित भयौ मैले तिमीलाई नुहाई दिन खोजें, अनि
तिमीलाई शुद्ध बनाउन चाहें। तर दाग बाहिर आएन। म
तिमीलाई फेरि नुहाई दिन चहाँदिन। जब सम्म मेरो तातो
क्रोध तिमी प्रति समाप्त हुँदैन्।
१४म परमप्रभु हुँ। मैले भनें, तिमीले दण्ड पाउनेछौ,
अनि म यो गराउँछु। म दण्ड रोक्ने छैन। म तिम्रो
निम्ति दु:खीत हुने छैन। म तिमीलाई अपवित्र कामहरूको
निम्ति दण्ड दिन्छु, जो तिमीले गर्‍यौ।' परमप्रभु मेरो
मालिकले यसो भन्नुभयो।"

## इजकिएलको पत्नीको मृत्यु

१५त्यसपछि परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भनुभयो, १६"हे मानिसको छोरा! तिमी आफ्नो पत्नीलाई
ज्यादै प्रेम गर्छौ तर म उसलाई तिमीदेखि टाढ़ो लान्छु।
तिम्रो पत्नी अचानक मर्नेछन। तर तिमीले उसको
मृत्युमाथि शोक गर्ने छैनौ। तिमी चिच्याउने छैनौ।

आफैलाई रुन नदेऊ। १७तर तिमीले आफ्नो शोकमा
सुस्केरा हाल। आफ्नो मृतक पत्नीका निम्ति नरोऊ।
तिमीले सँधै जस्तै साधारण लुगा लगाऊ। आफ्नो फेटा
र जुत्ता लगाऊ। आफ्नो शोक प्रकट गर्न जुगाँ नछोप
अनि एउटा मानिस मर्दा मानिसहरूले खाने भोजन
नखाऊ।"

१८त्यसको अर्को बिहान, म मानिसहरूलाई भन्दै
थिएँ। त्यही साँझ मेरी पत्नीको मृत्यु भयो। अर्को
बिहान मैले त्यही गरें जुन परमेश्वरले मलाई आज्ञा दिनु
भएको थियो! १९त्यसपछि मानिसहरूले मलाई सोधे,
"तिमीले यो काम किन गरिरहेकाछौ? यसको अर्थ के
हो?"

२०मैले तिनीहरूलाई भने, "परमप्रभुको वचन मकहाँ
आयो, उहाँले भन्नुभयो, २१इस्राएलको घरानालाई भन्नु,
परमप्रभु मेरो मालिकले भन्नुभयो, 'हेर, म मेरो
स्थानलाई नष्ट गर्नेछु। तिमीहरूलाई त्यसको घमण्ड छ
अनि तिमीहरूले यसको विषयमा प्रशंसाको गीत गाउँछौ।
तिमीले त्यो स्थान हेर्न मन पराउँनेछौ। तिमी साँच्चै त्यो
ठाँउलाई प्रेम गर्छौ। तर म त्यो ठाँउ नष्ट पार्नेछु अनि
तिमीले त्यागेका नानीहरू मारिनेछन्। २२तर तिमीले
त्यही गर्नेछौ जुन मैले आफ्नो मृत पत्नीको विषयमा
गरे। तिमीले आफ्नो शोक प्रकटको निम्ति जुगाँ छोप्ने
छैनौ। तिमीले त्यो भोजन खाने छैनौ जुन प्राय कुनै
मानिस मर्दा अरु मानिसहरूले खान्छन्। २३तिमीहरूले
आफ्नो फेटा अनि जुत्ता लगाउँछौ। तिमीहरूले आफ्नो
शोक प्रकट गर्ने छैनौ। तिमी रुने छैनौ। तर तिमी
आफ्नो पापको कारणले नष्ट हुनेछौ, तिमी चुपचाप
आफ्नो अफशोस् अरुसँग गर्नेछौ। २४यसकारण इजकिएल
तिम्रो निम्ति एउटा उदाहरण हो। तिमीले त्यही सब
गर्नेछौ जुन उसले गऱ्यो। दण्डको समय आउँनेछ अनि
तिमीहरूले थाहा पाउँनेछौ 'म नै परमप्रभु हुँ।'"

२५"हे मानिसको छोरा! म त्यो सुरक्षित भूमि
यरूशलेम मानिसहरूबाट लिनेछु। त्यो सुन्दर भूमिले
तिनीहरूलाई आनन्दित पारिरहेछ। तिनीहरूले त्यो स्थान
हेर्न मन पराउँछन्। तिनीहरूले साँच्चै त्यो स्थानलाई प्रेम
गर्छन्। तर त्यस समय म शहर अनि तिनीहरूको
नानीहरू तिनीहरूबाट लिन्छु। २६बाँच्नेहरू मध्ये एकजनाले
तिमी कहाँ नराम्रो समाचार लिएर आउनेछ। २७त्यस
समय तिमी त्यो मानिससित बात गर्न सक्छौ। तिमी अब
अझ अधिक चुप लागेर बस्न सक्तैनौ। यसकारण तिमी
उसको उदाहरण बन्नेछौ। त्यति बेला तिनीहरूले थाहा
पाँउनेछन् 'म नै परमप्रभु हुँ।'"

## अम्मोनको विरुद्ध अगमवाणी

२५ परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, २"हे मानिसको छोरा! अम्मोनका
मानिसहरूलाई ध्यान देऊ अनि मेरा निम्ति तिनीहरूको
विरुद्धमा केही भन। ३अम्मोनका मानिसहरूसँग भनः
'परमप्रभु मेरो मालिकको वचन सुन! परमप्रभु मेरो
मालिक भन्नु हुन्छः तिमीहरू खुशी थियौ जति बेला
मेरो पवित्र स्थान नष्ट भयो। तिमीहरू इस्राएल देशको
विरुद्ध थियौ जब त्यो दूषित भयो। तिमी यहूदाको
परिवारको विरुद्ध थियौ जब तिनीहरूलाई बन्दी जस्तै
कैदी बनाएका थिए। ४यसैकारण म तिमीहरूलाई
पूर्वबाट आएका मानिसहरूलाई दिन्छु। तिनीहरूले
तिमीहरूको भूमि लिनेछन्। तिनीहरूका सेनाहरूले
तिमीहरूको देशमा डेरा हाल्नेछन्। उनीहरू तिमीहरूको
बीचमा बस्नेछन्। उनीहरू तिमीहरूको फल खानेछन
अनि तिमीहरूका दूध पिउनेछन्।

५"'म रब्बा शहरलाई ऊँटहरू चर्ने ठाँउ अनि
अम्मोनको भूमिलाई भेड़ाहरू खोर बनाइदिन्छु। त्यसबेला
तिमीले जान्नेछौ म नै परमप्रभु हुँ। ६परमप्रभु यसो
भन्नुहुन्छः किनभने तिमीहरू खुशी थियौ अनि तिमीहरूले
आफ्नो हातले ताली बजायौ अनि आफ्नो खुट्टा ठट्टायौ,
अनि तिनीहरूले इस्राएको भूमिलाई ठट्टा गर्न अनि
खिल्ली उड़ाउन मज्जा मान्यौ। ७यसकारण म तिमीलाई
दण्ड दिन्छु। म जातिहरूलाई युद्धमा लुटिएको सामान
झैं अन्य देशलाई दिनेछु। म तिमीहरूलाई जातिहरूको
बीचबाट निकाल्नेछु तिमीहरू देशबाट लगिनेछौ। तिमीहरू
टाढ़ा देशमा मर्नेछौ। म तिमीहरूको देशलाई नष्ट
पार्नेछु! त्यसपछि तिमीहरूले थाहा पाउँनेछौ म नै
परमप्रभु हुँ।'"

## मोआब अनि सेइरको विरुद्ध अगमवाणी

८परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छः "मोआब र
सेइर एदोमले भन्छ, 'यहूदाको घराना ठीक अन्य कुनै
राष्ट्रहरू जस्तो छ।' ९म मोआबको काँध काट्नेछु यी
शहरहरू बेत्याशीमोत, बाल्मोन अनि कियर्तैम जुन त्यस
देशको महिमा हुन म लिनेछु। १०त्यसपछि म यी
शहरहरू पूर्वका मानिसहरूलाई दिन्छु। तिनीहरूले
तिमीहरूको भूमि लिन्छन् अनि म अम्मोनका मानिसहरूलाई
एउटा राष्ट्र हुनदिन्छु। त्यसपछि प्रत्येकले बिर्सिनेछ कि
अम्मोनका मानिसहरू त्यही राष्ट्रका थिए। ११यस्तो
प्रकारले म मोआबलाई दण्ड दिन्छु। त्यसपछि तिनीहरूले
थाहा पाउँनेछन् कि म नै परमप्रभु हुँ।"

## एदोमको विरुद्ध अगमवाणी

१२परमप्रभु मेरा मालिक भन्नुहुन्छ, "एदोमका
मानिसहरू यहूदाको घरानाको विरुद्ध खड़ा भएर तिनीहरूसँग
बदला लिन खोजे। एदोमका मानिसहरू दोषी छन्।"
१३यसैकारण परमप्रभु मेरो मालिक भन्नुहुन्छः "म
एदोमलाई दण्ड दिन्छु। म एदोमको मानिसहरू अनि
पशुहरूलाई नष्ट पार्छु। म एदोमको पूरै देश तेमानदेखि
दान सम्म नष्ट पार्छु। एदोमीहरू युद्धमा मारिनेछन्।

१४म आफ्ना मानिसहरू, इस्राएल एदोमको विरुद्ध
उपयोग गर्छु। यस्तो प्रकारले इस्राएलका मानिसहरूले
मेरा क्रोधलाई एदोमको विरुद्ध व्यवहार गर्छन्। त्यसपछि
एदोमका मानिसहरूले बुझ्नेछन् मैले तिनीहरूलाई दण्ड
दिएँ।" परमप्रभु मेरा मालिकले यसो भन्नुभयो।

### पलिश्तीहरूको विरुद्ध अगमवाणी

१५परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "पलिश्तीहरूले
पनि तिनीहरूसित बदला लिने प्रयत्न गरे। तिनीहरू
ज्यादै निर्दयी थिए। तिनीहरूले घृणा र अवहेलना
वाहेक अरु केही देखाउँदैनन्।" १६यसैकारण परमप्रभु
मेरा मालिक भन्नुहुन्छ, "म पलिश्तीहरूलाई दण्ड
दिन्छु। हो म करेतीहरूबाट तिनीहरूलाई नष्ट पार्छु। म
समुद्रको किनारमा बस्ने ती सबै मानिसहरूलाई सम्पूर्ण
रुपमा नष्ट पार्छु। १७म तिनीहरूलाई दण्ड दिन्छु। म
तिनीहरूसँग बदला लिन्छु। म आफ्नो क्रोध द्वारा
तिनीहरूलाई एउटा पाठ सिकाउँछु त्यसपछि तिनीहरूले
थाहा पाउनेछन् म नै परमप्रभु हुँ।"

### टायरको विषयमा दुःखको समाचार

**२६** देशबाट निकालिएको एघारौ वर्षको महीनाको
पहिलो दिनमा, परमप्रभुको वचन मकहाँ
आयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरा, टायर
यरूशलेमको विषयमा करायो। चाढ़ै गर! मानिसहरूको
रक्षा गर्ने शहर-द्वार ध्वंश भयो। शहर-द्वार मेरो निम्ति
खुल्ला छ। यरूशलेम ध्वंश भयो। यसकारण म
यसको धेरै बहुमूल्य समानहरू लिन सक्छु।'"

३यसकारण परमप्रभु मेरो मालिक भन्नुहुन्छः "हे
टायर म तिम्रो विरुद्धमा छु! म तिम्रो विरुद्धमा लड्नका
निम्ति धेरै राष्ट्रहरू ल्याउँनेछु। त्यो समुद्र किनारमा छाल
जस्तो घरी-घरी आउँनेछ।"

४परमेश्वरले भन्नुभयो, "शत्रुका सैनिकहरूले टायरको
पर्खालहरू नष्ट पार्नेछन् अनि त्यसको खम्बाहरू लड़ाई
दिनेछन्। म पनि त्यसको जमीनमाथिको भाग खुर्किनेछु।
म टायरलाई चट्टानमा परिणत गर्नेछु। ५टायर समुद्रको
किनारमा माछा मार्ने ठाँउ मात्र हुनेछ। मैले यो भनेकोछु।"
परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "टायर युद्धमा लुटिएको
सामान झैं अन्य राष्ट्रहरूलाई दिइनेछ। ६मूल प्रदेशमा
उसको छोरीहरू (सानो शहर) युद्धमा मारिनेछन्। त्यसपछि
तिनीहरूले थाहा पाउँनेछन् कि म नै परमप्रभु हुँ।"

### नबूकदनेस्सरले टायरमाथि आक्रमण गर्नेछ

७परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ, "म टायरको
विरुद्धमा उत्तरबाट शत्रु ल्याउँनेछु। बाबेलको महान राजा
नबूकदनेस्सर शत्रु हो। उसले एउटा विशाल सेनिक दल
ल्याउनेछ, त्यसमा घोड़ा, रथ, घोड़सवार सैनिकहरू,
अनि धेरै धेरै संख्यामा अरु सैनिकहरू हुनेछन्। ती
सैनिकहरू विभिन्न राष्ट्रका हुनेछन्। ८नबूकदनेस्सरले
मूल-प्रदेशमा तिम्रो छोरीहरूलाई (सानो शहर) मार्नेछ।
त्यसले तिम्रो शहरमा आक्रमण गर्नका निम्ति किल्ला
बनाउँनेछ! त्यसले तिम्रो शहरको चारैतिर कच्चा सड़कहरू
बनाउनेछ। त्यसले पर्खाल सम्म पुग्ने एउटा कच्चा बाटो
बनाउँनेछ। ९त्यसले तिम्रो पर्खालहरू भत्काउन काठको
मूढ़ाहरू लिएर आउँनेछ। तिम्रो किल्लाहरू भत्काउन
उसले शक्तिशाली हतियारहरू उपयोग गर्नेछ। १०त्यसको
घोड़ाहरूको संख्या यति ज्यादा हुनेछ कि तिनीहरूले
उड़ाएको धूलोले तिमीलाई छोप्नेछ। जब बाबेलको राजा
शहर द्वारबाट शहरमा प्रवेश गर्छन् तिम्रो पर्खालहरू
घोड़सवार सैनिकहरू, माल गाड़ीहरू अनि रथहरूको
आवाजले हल्लिनेछन्। हो, त्यो तिम्रो शहरमा आउनेछ
किनकि त्यसको पर्खाल भत्काइनेछ। ११बाबेलको राजा
तिम्रो शहरबाट घोड़सवार गरेर निस्कनेछ। उसको घोड़ाको
टापहरूले तिम्रो सबै सड़कहरू कुल्चीमिल्ची पार्दै आउने
छ। त्यसले तिम्रो मानिसहरूलाई तरवारले मार्नेछ। तिम्रो
शहरको बलिया-बलिया खम्बाहरू जमीनमा ढल्नेछ।
१२नबूकदनेस्सरको सैनिकहरूले तिम्रो सम्पत्ति लिएर
जानेछन्। तिनीहरूले ती चीजहरू लिएर जानेछन् जुन
चीजहरू तिमी बेच्न चाहन्थ्यौ, त्यसले तिम्रो पर्खालहरू
नष्ट पार्नेछ अनि तिम्रो राम्रो-राम्रो घरहरू नष्ट पारिदिनेछ।
त्यसले तिम्रो ढुङ्गा र काठले बनिएको घरहरू काठ
पातसितै समुद्रमा फ्याँकिदिनेछ। १३यस प्रकारले म तिम्रा
खुशीका गीतहरूको स्वर बन्द गरिदिन्छु। भविष्यमा
मानसिहरूले तिम्रो वीणाको स्वर सुन्ने छैनन्। १४म
तिमीलाई नाङ्गो चट्टानमा परिणत गरिदिनेछु। तिमी समुद्रको
किनारमा माछाको जाल फैलाउने स्थान जस्तो मात्र
हुनेछौ। तिमी फेरि कदाचित निर्माण हुने छैनौ। किनभने
म परमप्रभुले यी कुराहरू भने।" परमप्रभु मेरो मालिकले
यी कुराहरू भन्नुभयो।

### अन्य देशहरू टायरको निम्ति रुनेछन्

१५परमप्रभु मेरो मालिक टायरसित यसो भन्नुहुन्छः
"तिम्रो पतनको आवाजले समुद्र किनारका भूमिहरू
हल्लिनेछन्। यो त्यस बेला हुनेछ जब तिम्रो चोट
लागेका मानिसहरूले कष्टको स्वर निकाल्नेछन अनि
मर्छन। १६तब समुद्र किनारका देशहरूका सबै शासकहरू
आफ्नो सिंहासनबाट उत्रेर आफ्नो दुःख प्रकट गर्नेछन।
तिनीहरूले आफ्नो विशेष पोशाक फुकाल्छन्। तिनीहरूले
आफ्नो सुन्दर लुगाहरू खोल्छन। त्यसपछि तिनीहरूले
तिनीहरूको काम्ने (पाटको) लुगा लगाउँछन्। तिनीहरू
जमीनमा बस्छन् अनि डरले काम्छन्। तिनीहरू तिमी
यति चाँड़ै ध्वंश भएकोमा आघात हुनेछन। १७तिनीहरूले
तिम्रो विषयमा विलाप गीत गाउँनेछन्।

"'हे टायर! तिमी प्रसिद्ध शहर थियौ। समुद्र पारिबाट
मानिसहरू तिमीसित बस्नआए। तिमी प्रसिद्ध थियौ। तर

अहिले तिमी केही छैनौं। तिमी समुद्रमा शक्तिशाली थियौ अनि त्यस्तै तिमीसित बस्ने मानिसहरू पनि बलिया थिए। तिमीले मुख्य भूमिमा बस्ने सबै मानिसहरूलाई भयभीत पार्‍यो।

१८अब जुन दिन तिम्रो पतन हुन्छ समुद्र किनारमा भएको देश डरले काम्न थाल्छ। तिमीले समुद्र किनारको सहायताले कति उपनिवेश बनायौ जब तिमी रहँदैनौ तिनी भयभीत हुन्छन।'"

१९परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ, "हे टायर म तिमीलाई नष्ट गर्छु अनि तिमी एउटा रित्तो शहर हुनेछौ। ती शहरहरूमा जस्तै त्यहाँ कोही पनि बस्ने छैन। म तिमीमाथि समुद्र बगाउँनेछु। ठूलो समुद्रले तिमीलाई छोप्नेछ। २०म तिमीलाई तल त्यो गहिरो पातालमा पठाईदिन्छु, जुन ठाँउमा मरेका मानिसहरूछन्। ती पहिले मरिसकेका मानिसहरूसँग तिमीले भेट गर्नेछौ। म तिमीहरूलाई ती सबै प्राचीन अनि खाली शहरहरू जस्तै पातालमा पठाउँछु। तिमीहरू ती मानिसहरूसँग रहनेछौ जो चिहानमा जान्छन् अनि त्यस बेला तिमीहरूसँग कोही पनि हुनेछैनन्। तिमी फेरि कहिल्यै जीवितहरूको देशमा बस्नेछैनौ! २१अरु मानिसहरू तिनीहरूसंग डराउँछन्। तिमीहरू निमिठ्यान्न हुनेछौ। मानिसहरूले तिमीहरूको खोजी गर्नेछन्, तर तिमीहरूलाई फेरि कहिल्यै भेट्टाउने छैनन्!" परमप्रभु मेरो मालिकले यी सबै कुराहरू भन्नुभयो।

### टायर समुद्रहरूमाथि व्यापारको महान केन्द्र

**२७** परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो! टायर शहरको विषयमा यो दु:खको गीत गाऊ। ३टायरको विषयमा यसो भन:

"'टायर, तिमी समुद्रको द्वार हौं। तिमी धेरै राष्ट्रहरूका निम्ति व्यापारी हौ, समुद्र किनारको सहायताले तिमी धेरै देशहरूमा यात्रा गर्छौ।' परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ: टायर तिमी सोच्छौ कि तिमी यति ज्यादा सुन्दर छौ। तिमी सोच्छौ कि तिमी पूर्णत सुन्दर छौ।

४भूमध्य सागर तिम्रो शहरको चारैतिर सीमाना बनाउँछ! तिम्रो निर्माताहरूले तिमीलाई पूर्णत: सुन्दर बनाए। तिमी त्यो जहाजहरू जस्तै छौ जुन तिमीबाट यहाँ आउँछ।

५तिम्रा निर्माताहरूले तिम्रो सबै काठपातहरू बनाउनका निम्ति सेनीर पर्वतबाट सनौवर वृक्षको उपयोग गरे। तिनीहरूले तिम्रो मस्तूल बनाउनको निम्ति लबानोनबाट देवदारु वनको उपयोग गरे।

६तिमीहरूले तिम्रो जहाज खियाउने डाँड़ीहरू बाशानबाट ल्याइएको बञ्राँठका तक्ताहरूबाट बनाए। तिम्रो जहाजका कोठाहरू बनाउन तिनीहरूले साइप्रसका धूपीको रूखहरू प्रयोग गरे। तिनीहरूले त्यो कोठालाई हात्तीको दाँतले सिँगारे।

७तिम्रो जहाजको पालका निम्ति तिनीहरूले मिश्र देशमा बनिएको रंगीन सूती वस्त्रको उपयोग गरे। तिम्रो छाप्रोको पर्दा निलो अनि बैंजनी रंगको थियो। तिनीहरू साइप्रसको समुद्र किनारमा आउँथे।

८सीदोन अनि अर्वादको निवासीहरू तिम्रो लागि नाविक भए। बुद्धिमान मानिस टायर तिम्रो जहाजको चालक भयो।

९गबालका बूढ़ा-प्रधानहरू अनि बुद्धिमान मानिसहरू जहाज मुनिको तक्ताबाट पानी नछिर्ने गरी टाल-टुल गर्नुको निम्ति जहाजमा थिए। समुद्रको सारा जहाज अनि त्यसको चालकहरू तिमीसँग व्यापार वाणिज्य गर्नकोलागि आए।'

१०"फारस, लूद र पूतका मानिसहरू तिम्रो सेनामा थिए। तिनीहरू तिम्रो लड़ाकु सैनिकहरू थिए। तिनीहरूले आफ्नो ढाल अनि टोप तिम्रो पर्खालमा झुण्डाएका थिए। तिनीहरूले तिम्रो शहरको निम्ति सम्मान अनि यश कमाए। ११अर्वाद र हेलेकका मानिसहरूले तिम्रो शहरको चारैतिरका पर्खालमाथि रक्षकको रुपमा खड़ा थिए। गमादका मानिस तिम्रो टुङ्गमा थिए। तिनीहरूले तिम्रो शहरको चारैतिरको पर्खालमाथि तिनीहरूको ढाल लगाए। तिनीहरूले तिम्रो सुन्दरतालाई पूर्णरूप दिए।

१२"तर्शीश तिम्रो सर्वोत्तम ग्राहकहरू मध्ये एक थियो। उसले तिमीसित व्यापारकोलागि चाँदी, फलाम, टीन अनि सीसा तिमीले बेचेको चमत्कारी वस्तुहरूको बदलीमा दियो। १३याबान, तूबल, मेशेकका मानिसहरूले व्यापार गरे। तिनीहरूले बेचेको चीजको सट्टामा तिमीलाई काँसका भाँड़ा दिन्थे। १४तोगर्मा राष्ट्रका मानिसहरूले घोड़ा, युद्धका घोड़ा अनि खच्चर तिमीले बेचेका चीजहरूको सट्टामा दिन्थे। १५रोडसका मानिसहरू तिमीसित व्यापार गर्थे। तिमीले आफ्नो चीजहरू धेरै ठाउँमा बेच्थ्यौ। मानिसहरूले तिम्रा चीजहरूको दाम तिर्न हात्तीको दाँत अनि काली काठ दिन्थे। १६एदोमले तिमीसँग व्यापार गर्थो किनकि तिमीसँग धेरै राम्रा-राम्रा चीजहरू थिए। एदोमका मानिसहरूले तिमीले बेचेको चीजहरूको सट्टामा तिमीलाई फिरोजा नीलमणि, बैजुनी लुगा, बुट्टाले भरिएका लुगा, बुट्टा भरिएका सूती लुगा, मूंगा-मोती अनि रातो मलमल दिन्थे।

१७"यहूदा अनि इस्राएलका मानिसहरूले तिमीसँग व्यापार गरे। तिनीहरूले तिम्रो व्यापारको माल-समानको सट्टामा गँहू, भद्राक्ष, अगौटे-नेभारा, मह तेल र अत्तर दिए। १८दमीश्क एउटा राम्रो ग्राहक थियो। उसले तिमीसँग भएको धैरै प्रकारको मूल्यवान चीजहरू हेलबनको दाखरस र सेतो उनको सट्टामा व्पपार गर्‍यो। १९जुन चीज तिमीले बेच्थ्यौ ती चीजहरू बेचेर उसले ऊजालाको दाखरस मंगाउने व्यापार गर्थ्यो। उसले त्यो चीजहरूको निम्ति फलाम, तेजपात र ऊखु तिर्थ्यो। २०ददानको राम्रो व्यापार थियो। उसले तिमीसँग घोड़ाको जीनको

पोशाकको व्यापार गर्थ्यो। २१केदरका सबै अगुवाहरू अनि अरबका व्यापारीहरूले तिमीलाई भेड़ा अनि बाख्राहरू तिमीसँग बिक्री गरेको बस्तुको सट्टामा दिए। २२शबा अनि रामाहका व्यापारीहरू पनि तिमीसँग व्यापार गर्थे। तिनीहरूले तिमीले बेचेको चीजको सट्टामा सर्वोत्तम मसाला, हरेक प्रकारको रत्न अनि सुन दिन्थे। २३हारान, कन्नेह, अदन तथा शेबा, अश्शूर र किल्मदका व्यापारीहरूले पनि तिमीसँग व्यापार गर्थे। २४तिनीहरूले सर्वोत्तम लुगाहरू, बुट्टा हानेको लुगा, नीलो धागोले बनाएको लुगा रंग-विरंगको गलैचाहरू, राम्रो बाटेको डोरीहरू, देवदारुको काठले बनिएको सामानहरू दिन्थे। तिमीले तिनीसित यी चीजहरूको व्यापार गर्‍यौ। २५तिमीले बेचेको चीजहरू तर्शीशको जहाजहरूमा लगिन्थ्यो।

"टायर तिमी ती व्यापारी जहाज जस्तै थियौ, तिमी समुद्रमा बहुमूल्य समानहरू लिएर आउँथ्यौ।

२६तिम्रो नाविकहरूले, तिमीलाई विशाल अनि शक्तिशाली समुद्र पारि लिएर गयो, तर शक्तिशाली पूर्वी बतासले तिम्रो जहाजलाई समुद्रमा नष्ट पारिदिन्यो।

२७अनि तिम्रो सबै सम्पत्ति समुद्रमा डुब्नेछ। तिम्रो सम्पत्ति, तिम्रो व्यापार, किन्ने अनि बेच्ने चीजहरू, तिम्रो मल्लाह अनि तिम्रो नाविकहरू, तिम्रो मानिस जो तिम्रो जहाजको पिँध टाल-टुल गर्छन् तिम्रो मल्लाह, तिम्रो शहरको सबै सैनिक अनि तिम्रो नाविक सबै समुद्रमा डुब्नेछन्। यो त्यही दिन हुनेछ जुन दिन तिमी नष्ट हुनेछौ!

२८तिमीले आफ्नो व्यापारीहरूलाई धेरै टाढ़ो पठायौ जब तिनीहरूले तिम्रो नाविकहरू चिच्याएको सुन्छन ती भूमिहरू डरले काम्नेछ!

२९जहाजीहरू अनि चालकहरू सबैले तिम्रो जहाज छोड़नेछन अनि समुद्रको किनारमा उभिनेछन।

३०उ तिम्रो विषयमा धेरै दु:खी हुन्छ! उ धुरू-धुरू रुनेछ। उसले आफ्नो टाउकोमा धुलो हाल्नेछ। उ खरानीमा लड़ीबड़ी गर्नेछ।

३१उसले तिम्रा निम्ति कपाल मुण्डन गर्नेछ। उसले शोक वस्त्र लगाउँनेछ! उ तिम्रा निम्ति धुरूधुरू रुनेछन्, चिच्याउनेछ उ आफ्नो मानिस मर्दा रोए भैं रुनेछ।

३२तिनीहरू विलाप गरेर रोइरहेको समयमा तिम्रो विषयमा यो शोक गीत गाउँछन अनि रुनेछन:

'कोही टायर जस्तो छैन! समुद्रको बीचमा टायर नष्ट गरिदियो।

३३तिम्रो व्यापारीहरू समुद्र पारि गए! तिमीले धेरै मानिसहरूलाई आफ्नो विशाल सम्पत्ति अनि विक्रय वस्तुबाट सन्तुष्ट पार्‍यौ तिमीले जमीनको राजाहरूलाई सम्पन्न बनायौ!

३४तर अब तिमी समुद्र र गहिरो पानीबाट विच्छेद भयो। तिमीले बेच्ने सबै चीजहरू अनि तिम्रो सबै मानिसहरू नष्ट भईसके!

३५समुद्र किनारमा बस्ने सबै मानिसहरू तिम्रा निम्ति शोक-ग्रस्त छन्। तिनीहरूको राजा भयांनक रुपसँग डराउँछन् तिनीहरूको अनुहारमा आघात देखिदैछ।

३६अन्य देशको व्यापारीहरूले तिमीलाई खिसी गर्नेछन्। घटेको घटनामा मानिसहरू भयभीत हुनेछन्, किनकि तिम्रो अन्त्य आएकोछ। तिमी भविष्यमा रहनेछैनौ।'"

## टायर यो एउटा परमेश्वर जस्तै सम्झाउँछ

२८ परमप्रभुको वचन मकहाँ आयो, उहाँले भन्नुभयो, २"हे मानिसको छोरो, टायरको राजालाई भन, 'परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ:

तिमी धेरै घमण्डी छौ। अनि तिमी भन्छौ, "म एउटा देवता हुँ। म समुद्रको माझमा देवताहरूको आसनमाथि बस्छु।"

तर तिमी एउटा मानिस मात्र हौ, परमेश्वर होइनौ। तिमी आफैलाई एक देवता जतिकै सम्झन्छौ।

३तिमी सोच्छौ कि तिमी दानियल भन्दा बुद्धिमान छौ! तिमी सम्झन्छौ कि तिमीले सारा रहस्यहरू जानेकाछौ।

४आफ्नो बुद्धि र ज्ञानबाट तिमीले सम्पत्ति कमायौ अनि तिमीले आफ्नो भण्डारमा सुन-चाँदी राख्यौ।

५आफ्नो तीव्र बुद्धि अनि व्यापारले गर्दा तिमीले सम्पत्ति बढ़ायौ अनि त्यो सम्पत्तिले गर्दा तिमी घमण्डी भयौ।

६यसकारण परमप्रभु मेरो मालिक भन्नुहुन्छ: टायर, तिमीले सोच्यौ तिमी देवता जस्तै हौ।

७म विदेशीहरूलाई तिम्रो विरुद्धमा युद्ध गर्न लगाउँछु। तिनीहरू देश माझमा धेरै डरलाग्दा छन, तिनीहरूले आफ्नो तरवार बाहिर निकाल्नेछन् अनि ती सुन्दर चीजहरूको विरुद्धमा चलाउनेछन् जुन तिमीले आफ्नो बुद्धिले कमायौ। तिनीहरूले तिम्रो गौरवलाई ध्वंश गरिदिनेछ।

८तिनीहरूले तिमीलाई तल चिहानमा पुर्‍याउनेछन्। तिमी त्यो व्यापारी जस्तै हुनेछौ जो समुद्रमा मर्‍यो।

९त्यो मानिसले तिमीलाई मार्नेछ। के अहिले सम्म तिमी भन्छौ, "म देवता हुँ?" त्यससमय उसले तिमीलाई आफ्नो अधिकारमा लिनेछ। त्यस समय तिमीले सम्झनेछौ कि तिमी मानिस मात्र हौं, परमेश्वर होइनौ।

१०तिमी परदेशीहरूको हातमा बेखतनाको मानिस भैं मर्नेछौ। यो हुने नै छ किनभने मैले यस्तो भनेकोछु।'" परमप्रभु मेरो मालिकले यी सब भन्नुभयो।

११परमप्रभु मेरो मालिकको वचन मलाई प्राप्त भयो। उहाँले भन्नुभयो, १२"हे मानिसको छोरो, टायरको राजाको विषयमा दु:खपूर्ण गीत गाऊ। उसलाई भन, 'मेरो स्वामी परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ:

तिमी आदर्शवाद मानिस थियौ, तिमी बुद्धिले परिपूर्ण थियौ, तिमी पूर्णत: सुन्दर थियौ।

१३तिमी अदनमा थियौं, परमेश्वरको बगैंचामा तिमीसँग प्रत्येक बहुमूल्य रत्न थियो, मानिक, लालमणि, पुष्पराज, पन्ना, पीनमणि, हीरा, फिरोजा, गोमेद, आनिकस अनि जस्पर नीलम, हरितमणि अनि नीलामणि अनि हरेक रत्नमा सुन जड़िएको थियो। तिनीहरूलाई यो सुन्दरता दिएको थियो जुन दिन तिम्रो सृजना गरिएको थियो, तिनीहरू तिम्रो लागि तयार गरिए। परमेश्वरले तिमीलाई बलियो बनाउनुभए थियो।

१४तिमी चुनिएका करूब स्वर्गदूत थियौ। तिम्रो पखेटा मेरो सिंहासन सम्म फैलिएको थियो अनि मैले तिमीलाई परमेश्वरको पवित्र पर्वतमा राखें। तिमी त्यो रत्नको बीचमा हिड़्यौ जुन आगो जस्तै दन्किरहेको थियो।

१५तिमी असल अनि ईमान्दार थियौ जब मैले तिमीलाई बनाएँ। तर त्यसपछि तिमीमा दुष्ट कुरो पाइयो।

१६तिम्रो व्यापारले तिमीकहाँ धेरै सम्पत्ति ल्यायो तर त्यसले तिमीभित्र क्रुरता उत्पन्न गरायो अनि तिमीले पाप गर्‍यौ। यसकारण मैले तिमीसँग यस्तो व्यवहार गरें, मानौ तिमी अपवित्र चीज हौ। मैले तिमीलाई परमेश्वरको पर्वतमा पँयाकिदिएँ। तिमी विशेष करूब स्वर्गदूतहरू मध्ये एक थियौ तिम्रो पखेटा मेरो सिंहासनमा फैलिएको थियो, तर मैले तिमीलाई आगो जस्तो चम्किने रत्नहरू छोड़्नु बाध्य गराएँ।

१७तिमी आफ्नो सुन्दरताको कारण घमण्डी भयौ, तिम्रो घमण्डले तिम्रो बुद्धि नष्ट पार्‍यो, यसैकारण मैले तिमीलाई तल जमीनमा ल्याएँ अनि राजाहरूको अघि फ्याँकें ताकि तिनीहरू तिम्रो विनाश देख्न सकुन्।

१८तिमीले धेरै नराम्रो काम गर्‍यौ, तिमी अत्यन्तै कपटी व्यापारी थियौ। यसप्रकारले तिमीले पवित्र स्थानहरू अपवित्र बनायौ, यसैकारण मैले तिमीभित्र आगो ल्याई दिए, यसकारण तिमीलाई जलायो अनि तिमी जमीनमा खरानी भयौ। अब प्रत्येकले तिम्रो लाज देख्नेछ।

१९अरु देशको सबै मानिसहरू, तिमीमाथि जे घट्यो, त्यसको लागि शोक ग्रस्त थिए। तिमीमाथि जे घट्यो त्यो देखेर मानिसहरू भयभीत भए। तिमी अन्त भयौ।'"

## सीदोनको विरुद्धमा सन्देश

२०परमप्रभुको वचन मलाई प्राप्त भयो। उहाँले भन्नुभयो, २१"हे मानिसको छोरो, सीदोनमाथि ध्यान देऊ, अनि त्यस ठाँउको विरुद्धमा मेरो लागि केही भन। २२भन, 'परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छः

सीदोन म तिम्रो विरुद्धमा छु। तिम्रा मानिसहरूले मलाई सम्मान गर्न सिक्नेछन्, म सीदोनलाई दण्ड दिन्छु, त्यसपछि मानिसहरूले सम्झने छन् कि म नै परमप्रभु हुँ। त्यसपछि तिनीहरूले सम्झनेछन् कि म पवित्र छु। अनि मलाई तिनीहरूले त्यो रूपमा लिनेछन्।

२३म सीदोनमा रोग अनि मृत्यु पठाउँछु, शहरहरूको बाहिर तरवारले त्यो मृत्यु ल्याउँनेछ। त्यसपछि उसले सम्झनेछ कि म परमप्रभु हुँ।'"

## देशहरू इस्राएलको हाँसो उड़ाउन बन्द गर्ने छन

२४"'अतीत कालमा, इस्राएललाई त्यसको चारैतिरका देशहरूले घृणा गर्थे। अब उसो तिनीहरूको वरीपरीका सबै देशहरूबाट कष्ट दिनलाई कुनै तीखा काँढ़ाहरू अथवा सिउड़ी रहने छैन। त्यसपछि तिनीहरूले जान्नेछन् म मात्र परमप्रभु तिनीहरूको मालिक हुँ।'"

२५परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, "म इस्राएल परिवारलाई जो अन्य राष्ट्रहरूमा तितर-बितर भएकाछन म तिनीहरूलाई भेला पार्नेछु। अनि ती राष्ट्रहरूले देख्नेछन् कि म पवित्र हुँ। त्यस समय इस्राएलका मानिसहरू त्यो देशमा बस्नेछन् जुन देश मेरो दास याकूबलाई दिएँ। २६तिनीहरू त्यो देशमा सुरक्षित रहनेछन्। तिनीहरूले घर बनाउँनेछन अनि दाखको बोट लगाउनेछन। म त्यसको चारैतिरको राष्ट्रहरूलाई दण्ड दिन्छु जसले तिनीहरूलाई घृणा गरे। त्यसपछि इस्राएलका मानिसहरू सुरक्षित रहनेछन्। अनि तिनीहरूले सम्झनेछन् कि म नै परमप्रभु तिनीहरूको परमेश्वर हुँ।"

## मिश्रको विरुद्ध संदेश

२९ देशबाट निकालिएको दशौं वर्षको दशौं महीनाको बाह्रौं दिनमा परमप्रभु मेरा मालिकको वचन मकहाँ आयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो! मिश्रको राजा फिराऊन प्रति ध्यान देऊ। मेरा निम्ति त्यसको तथा मिश्रको विरुद्धमा केही बोल। ३भन, 'परमप्रभु मेरा मालिक भन्नुहुन्छः

हे मिश्रको राजा फिरऊन! म तिम्रो विरुद्धमा छु। तिमी नील नदीको किनारमा सुतिहरने ठूलो राक्षस (अजीङ्गर) हौ। तिमीले भन्यौ, "यो मेरो नदी हो! यही नदी हो जुन मैले बनाएँ।"

४तर म तिम्रो बङ्गरामा बल्छी लगाउँनेछु। नील नदीको सबै माछाहरू तिम्रो कत्लाहरूमा टाँसिदिन्छु। तिम्रो कत्लाहरूमा टाँसिएका माछाहरूसितै तिमीलाई म नदीबाट बाहिर निकालिदिनेछु।

५म तिमीलाई सबै माछाहरूसितै मरुभूमिमा फ्याँकिदिनेछु अनि तिमी जमीनमा खस्नेछौ।

६तब मिश्रमा बस्ने सबै मानिसहरूले जान्नेछन् कि म नै परमप्रभु हुँ। म यो कामहरू किन गर्दैछु? किनकि इस्राएलका मानिसहरूले तिनीहरूको भरोसा मिश्रमाथि गरे तर मिश्रमाथि भरोसा गर्नु चाँहि पात्लो घाँसको पातमा अड़ेस लाग्नु सरह हो।

७इस्राएलका मानिसहरूले सहायताका निम्ति मिश्रमाथि भरोसा गरे। तर तिमीहरू घरल्याम्मै लड़्यौ अनि तिनीहरूको काधँहरूमा चोट पुर्‍यायो। तिनीहरू सहायताको

लागि तिमीमाथि भर परे। तर तिमी भाँच्चियौ र तिनीहरूको ढाड़मा चोट पुऱ्यायौ।'"

८यसैकारण, परमप्रभु मेरो मालिक भन्नुहुन्छः "म तिम्रो विरुद्धमा तरवार चलाउँछु! म तिम्रो सबै मानिसहरू अनि पशुहरूलाई नष्ट पार्छु।

९मिश्र देश शून्य अनि नष्ट हुनेछ। त्यसपछि तिनीहरूले सम्झनेछन् कि म नै परमप्रभु हुँ।"

परमेश्वरले भन्नुभयो, "म त्यो काम किन गर्छु? किनकि तिमीले भन्यौ, 'यो मेरो नदी हो। मैले नै नदी बनाएको हुँ।' १०यसकारण म तिम्रो विरुद्धमा छु। म नील नदीको खोलाहरूको विरुद्धमा छु। म मिश्रलाई पूर्ण रूपमा नष्ट पार्छु। मिग्दोलदेखि आश्वान सम्म, जहाँ सम्म इथोपियाको सीमाना छ, उजाड़ भूमि हुनेछ। ११मिश्र देश पशु तथा मानिस शून्य हुनेछ। कुनै पनि मानिस अथवा पशु चालीस वर्ष सम्म मिश्र भएर यात्रा गर्ने अथवा जीउने छैन्। १२म मिश्रदेशलाई उजाड़ भूमि बनाइदिनेछु अनि तिनीहरूको शहरहरू चालीस वर्ष सम्म ध्वंश बस्नेछ। म मिश्रबासीलाई जाति-जातिहरूमा तितर-बितर पारिदिन्छु। तिनीहरूलाई म विदेशमा वास बस्ने बनाई दिन्छु।"

१३परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, "म मिश्रका बासिन्दाहरूलाई कतिपय राष्ट्रहरूमा तितर-बितर पार्छु। तर चालीस वर्षको अन्तमा फेरि तिनीहरूलाई एकै ठाँउमा जम्मा गर्छु। १४म मिश्रलाई कैदबाट फर्काएर ल्याउँछु। म मिश्रका मानिसहरूलाई पत्रोस देशमा जहाँबाट उत्पन्न भएका थिए फेरि त्यहाँ ल्याउँछु। तर तिनीहरूको राज्य महत्वपूर्ण हुनेछैन्। १५यो सबै भन्दा कम्ती महत्व रहेको राज्य हुनेछ। म यसलाई फेरि अरु जातिहरू भन्दा माथि उठाउँने छैन्। म यसलाई यति सानो बनाइदिन्छु कि त्यो राज्यहरूमाथि शासन गर्न सक्तैन। १६अनि इस्राएलका परिवार फेरि कहिले पनि मिश्रमाथि अश्रित हुने छैन। इस्राएलीहरूले आफ्नो पाप याद गर्नेछन्। तिनीहरूले याद राख्ने छन कि तिनीहरू सहायताका निम्ति मिश्र पट्टि फर्किए, परमेश्वर पट्टि होइन, अनि तिनीहरूले सम्झनेछन कि म नै परमप्रभु अनि मालिक हुँ।"

### बाबेलले मिश्रलाई प्राप्त गर्ने छ

१७देशबाट निकालिएको सत्ताईसौ वर्षको पहिलो महीनाको पहिलो दिन परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नभयो, १८"हे मानिसको छोरो बाबेलको राजा नबूकदेस्सरले उसको सेनाहरूलाई टायरको विरुद्ध कठोर युद्ध गर्नु लगायो। तिनीहरूले प्रत्येक सैनिकको कपाल खौरिदिए। गरौं भारी काँधमा दलिँदा-दलिँदा, काँध पिलिसियो। टायरलाई जित्नुका निम्ति नबूकदनेस्सार अनि उसको सेनाले कठिन प्रयत्न गऱ्यो तर त्यो कठिन प्रयत्नबाट केही पनि पाउन सकेन।" १९यसकारण परमप्रभु मेरा मालिक भन्नुहुन्छ, "म नबूकदनेस्सर मिश्रदेश दिनेछु बाबेलको राजालाई अनि उसले मिश्रका मानिसहरूलाई लैजानेछ। नबूकदेनस्सरले मिश्रका बहुमूल्य चीजहरू लिनेछ। यो नबूकदनेस्सरको सेनाको ज्याला हुनेछ। २०मैले नबूकदनेस्सरलाई कठिन परिश्रम गरेंकोमा त्यसलाई मिश्रदेश पुरस्कारको स्वरुप दिएँ। किन? किनकि उनी र तिनका सेनाहरूले मेरो लागि कठिन परिश्रम गरे।" परमप्रभु मेरा मालिकले यसो भन्नभयो।

२१"त्यस दिन इस्राएलका परिवारलाई म शक्तिशाली बनाउँछु अनि तिम्रा मानिसहरूले मिश्रवासीहरूको हाँसो उड़ाउनेछन्। त्यसपछि तिनीहरूले थाहा पाउनेछन् कि म नै परमप्रभु हुँ।"

### बाबेलको सेनाले मिश्रमाथि आक्रमण गर्नेछ

३० परमप्रभुको वचन मकहाँ फेरि आयो। उहाँले भन्नभयो, २"हे मानिसको छोरा! मेरा निम्ति केही भन! भन, 'परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छः

रूनु अनि भन, "हाय! त्यो डरलाग्दा दिन आउँदै छ।"

३त्यो दिन नजीकै छ। हो परमप्रभुको न्याय गर्ने दिन नजीकै आउँदैछ। त्यो बादल लागेको दिन यो राष्ट्रहरूसँग न्याय गर्ने समय हुनेछ।

४मिश्रको विरुद्धमा एउटा तरवार चलाइनेछ। कूशका मानिसहरू डरले काम्नेछन्! जब त्यहाँ मिश्रश्रको पतन हुन्छ बाबेलका सेनाले मिश्रका मानिसहरूलाई बन्दी जस्तै टाड़ा लगेर जानेछन्। कैदीहरू जस्तै पारेर टाड़ा लानेछन्। मिश्रको जगहरू भत्काइनेछन्।

५"'धेरै मानिसहरूले मिश्रसँग शान्ति-सन्धि गरे। तर कूश, पूत, लूद, समस्त अरब देश, लिबिया अनि इस्राएलका सबै मानिसहरू नष्ट हुनेछन्।

६परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छः "हो, जसले मिश्रलाई सहायता गर्छ, त्यसको पतन हुन्छ। त्यसको युद्धको घमण्ड नाश हुन्छ। मिग्दोलदेखि आश्वार सम्मको लागि मिश्रका मानिसहरू युद्धमा मारिनेछन्।" परमप्रभु मेरा मालिकले यी कुराहरू भन्नुभयो!

७मिश्र ती देशहरूसित मिल्नेछ जुन नष्ट गरिएको छ। उसको शहरहरू ती शहरहरूसित मिल्नेछन् जो नष्ट पारिएकाथिए।

८म मिश्रमा आगो लगाउँछु अनि त्यसको सबै सहायकहरू नष्ट हुनेछन्। त्यसपछि तिनीहरूले थाहा पाँउनेछन् म नै परमप्रभु हुँ।

९त्यस समयमा म समाचारवाहकहरू पठाउँछु। उसले जहाजहरूमा कूशको नराम्रो खबर पुऱ्याउन जान्छ। कूश अब आफूलाई सुरक्षित सम्झन थाल्छ। तर जब मिश्रलाई दण्ड दिनेछु त्यस बेला कूशका मानिसहरू डरले काम्नेछन्। त्यो समय आउँदैछ।

१०परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छः
"म बाबेलको राजा नबूकदनेस्सरको उपयोग गर्छु
अनि म मिश्रका मानिसहरूलाई नष्ट पार्छु।
११नबूकदनेस्सर अनि त्यसका मानिसहरू राष्ट्रहरूमा
सर्वाधिक भंयकर छन्। म तिनीहरूलाई मिश्रदेश नष्ट
गर्नका निम्ति लिएर आउँछु। तिनीहरूले मिश्रको विरुद्ध
आफ्नो तरवार उठाउँनेछन्। त्यो देश लाशले भरिनेछ।
१२म नील नदीलाई सुक्खाा जमीन बनाइदिन्छु। तब
म सूक्खा जमीन नराम्रो मानिसको हातमा दिन्छु। त्यो
देश खाली पार्नका निम्ति म विदेशीहरूको उपयोग
गर्नेछु। म परमप्रभुले यो कुराहरू भन्दैछु!"

## मिश्रको मूर्तिहरू नष्ट पारिनेछन्

१३परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छः
"म मिश्रमा मूर्तिहरू नष्ट पार्नेछु! म मूर्तिहरू नोपबाट
बाहिर निकाल्छ। भविष्यका निम्ति मिश्र देशमा कुनै
पनि शासक हुनेछैन, अनि म मिश्रबाट डर हटाउनेछु!
१४म पत्रोसलाई खाली गरीदिन्छु। म सोअनमा आगो
लगाई दिन्छु अनि म नो शहरलाई दण्ड दिनेछु।
१५अनि म सीन नामक मिश्रको किल्लाको विरुद्ध
आफ्नो क्रोध वर्षाउनेछु! म नो शहरको मानिसहरू नष्ट
पार्छु।
१६म मिश्रमा आगो लगाउँछु। सीन नामक ठाँउ
डरले पीड़ित हुन्छ, नो शहरमा सैनिकहरू लड्नेछन।
अनि नोप शहरमा प्रत्येक दिन नयाँ कष्टमा हुनेछ।
१७ओन अनि पी-बेसेतको युवकहरू युद्धमा मारिनेछन्
अनि स्त्रीहरू पक्राउ पर्नेछन् अनि तिनीहरूलाई लगिनेछ।
१८यो तहपबहेसमाको निम्ति अन्धकारको दिन हुनेछ
जब म मिश्रको अधिकार तोड़ी दिन। तिनका घमण्डी
शक्ति समाप्त हुनेछ। मिश्र कालो बादल द्वारा डाकिने
छ। अनि मिश्रि केटीहरूलाई कैदी बनाएर लानेछन्।
१९यस्तो प्रकारले म मिश्रलाई दण्ड दिन्छु। त्यसपछि
तिनीहरूले थाहा पाउनेछन् म नै परमप्रभु हुँ।'"

## मिश्र सदा-सवर्दाका निम्ति दुर्बल हुनेछ

२०देशबाट निकालिएको एघारौं वर्षको प्रथम महिनाको
सातौं दिनमा परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, २१"हे मानिसको छोरो, मैले मिश्रको राजा
फिराऊनको हात भाँचिदिएँ। कसैले पनि उसको हातमा
पट्टी लगाई दिएन। उसको घाउ जाति भएन। यसकारण
उसको हात तरवार समात्ने योग्य भएको हुँदैन।"
२२परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, "म मिश्रको
राजा फिराऊनको विरुद्धमा छु। म त्यसको दुवै हातहरू
भाँचिदिन्छु शक्तिशाली हात अनि अर्को भाँचिएको हात।
त्यसको तरवारलाई त्यसको हातबाट तल झर्ने बनाउँछु।
२३म मिश्रीहरूलाई राष्ट्रहरूमा तितर-बितर पार्छु। २४म
बाबेलको राजाको हातहरू शक्तिशाली बनाउँछु। म
आफ्नो तरवार उसको हातमा दिन्छु। तर म फिराऊनको
हात भाँचिदिन्छु। त्यस बेला फिराऊन पीड़ाले चिच्याउने
छ, राजाको चिच्याई एउटा मर्न आँटेको मानिसको
जस्तो हुनेछ। २५यसकारण म बाबेलको राजाको हातहरू
शक्तिशाली बनाउँछु, तर फिराऊनको हातहरू काटिएर
झर्नेछ। त्यसपछि तिनीहरूले थाहा पाँउनेछन् कि म नै
परमप्रभु हुँ।
"म बाबेलको राजाको हातमा आफ्नो तरवार दिन्छु।
त्यति बेला मिश्र देशको विरुद्धमा आफ्नो तरवार अघाड़ी
बढ़ाउँछु। २६म मिश्रीहरूलाई राष्ट्रहरूमा तितर-बितर
पार्छु। त्यसपछि तिनीहरूले थाहा पाउनेछन् कि म नै
परमप्रभु हुँ।"

## अश्शूर एउटा देवदारुको रूख जस्तै हो

३१ देशबाट निकालिएको एघारौं वर्षको तेस्रो
महीनाको पहिलो दिन परमप्रभुको वचन मकहाँ
आयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो, मिश्रको
राजा फिराऊन अनि त्यसको मानिसहरूलाई यसो भनः
"'तिमी अति मै महान छौ। तिमीलाई कोसित तुलना
गर्न सकिन्छ?
३अश्शूर देशलाई हेर त्यो लबानोनमा एउटा देवदार
झै थियो। यसको सुन्दर-सुन्दर हागाँहरूलाई हेर।
जङ्गलमा छायादार अनि एकदमै अग्लो देवदारुको रुख
थियो! यसको टुप्पोले बादल छुन्थ्यो।
४पानीको मूलले त्यसलाई पोषण गर्‍यो। नदीको
पानीले त्यसलाई अग्लो बनायो! नदीहरू यस ठाँउको
चारैतिरबाट बग्थे। जहाँ रूखहरू रोपिएका थियो। अरु
मैदानको रूखहरूकोलागि यहीँबाट पानीको नालाहरू
जान्थे।
५यसकारण खेतको अरु रूखहरू भन्दा यो नै सबै
भन्दा अग्लो रूख थियो। अनि यसले धेरै हाँगा-बिँगाहरू
फैलाएको थियो। त्यहाँ पानी प्रशस्त थियो
यसकारण रूखले आफ्नो हाँगा-बिँगाहरू बाहिर फैलाएको
थियो।
६रूखको हाँगाहरूमा आकाशका सबै पक्षीहरूले
आफ्ना गुँड़ बनाएका थिए! रूखको हाँगाहरूमुनि भूमिमा
सबै जीव जन्तुले बच्चा जन्माउथे। सबै ठूला-ठूला
राष्ट्रहरू त्यो रूखको छाहारीमा बस्थे।
७यसकारण रूख आफ्नो महानता अनि लामो हाँगाहरूमा
सुन्दर थियो। किन? किनकि यसको जराहरूमा यथेष्ट
पानी थियो।
८परमेश्वरका बगैंचाको कुनै देवदारुको रूख पनि
त्यस्तो थिएन जस्तो यो रूख थियो। सल्लाहको रूखले
यति ज्यादा हाँगाहरू राख्दैन थियो। देवदारुको
रूखले पनि यस्तो हाँगाहरू राख्दैन थियो। परमेश्वरको
बगैंचाको कुनै पनि रूख, यति सुन्दर थिएन जति यो
थियो।

जसको घमण्ड मिश्रले गर्छ। मिश्रका मानिसहरूलाई
नष्ट गरिदिइनेछ। १३मिश्रका नदीहरूको किनारमा धेरै
पशुहरूछन्। म ती पशुहरूलाई पनि नष्ट गरिदिन्छु।
मानिसहरूले भविष्यमा आफ्नो खुट्टाले पानी मैला पार्नेछैनन्।
१४यस्तो प्रकारले म मिश्रको पानीलाई शान्त बनाइदिन्छु,
म त्यसको नदीहरूलाई मन्द गति बगाउँनेछु, त्यो तेल
जस्तै बग्ने छ।" परमप्रभु मेरो मालिकले यसो भन्नुभयो,
१५"म मिश्र देशलाई रित्तो बनाइदिन्छु, त्यसले प्रत्येक
चीज हराउनेछ। म मिश्रमा बस्ने सबैलाई दण्ड दिन्छु।
त्यसपछि तिनीहरूले थाहा पाउँनेछन् कि म नै परमप्रभु
अनि मालिक हुँ!

१६"यो एउटा विलापको गीत हो, जुन मानिसहरूले
मिश्रका निम्ति गाउँछन्। अर्को देशहरूका छोरीहरूले
(शहरहरू) मिश्रको विषयमा यो दु:खको गीत गाउनेछन्।
तिनीहरूले यो मिश्र अनि त्यसको सबै मानिसहरूको
विषयमा दु:खको गीत गाउँनेछन्।" परमप्रभु मेरो मालिकले
यी सबै कुराहरू भन्नुभयो।

### मिश्र देश नष्ट पारिनेछ

१७देशबाट निकालिएको बाह्रौं वर्षमा त्यही महीनाको
पन्ध्रौं दिनमा परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, १८"हे मानिसको छोरो, मिश्रका मानिसहरूका
निम्ति रुनु। मिश्र अनि ती छोरीहरूलाई शक्तिशाली
राष्ट्रहरूबाट चिहान सम्म पुऱ्याऊ। तिनीहरूलाई खाल्डोमा
लैजाऊ जहाँ तिनीहरू ती मानिसहरूसित सम्मलित हुन्छ
जो पहिले नै खल्डामा गइसकेकाछन।

१९"मिश्र तिमी अरुभन्दा असल छैनौ। तल मृत्युको
ठाँउमा जाऊ। जाऊ अनि बेखतनेहरूसित सुत।

२०"मिश्रलाई ती अरुहरू सबै मानिसरूसँग जानुपर्छ
जुन युद्धमा मारिएका थिए। शत्रुले उ अनि उसका
मानिसहरूलाई टाड़ा तानेर लगे।

२१"बलिया अनि शक्तिशाली नेताहरू युद्धमा मारिए।
ती खतना नभएका मानिसहरू मृत्युको भूमिमा गए।
तिनीहरू मिश्रसित अनि यसको सहायकहरू त्यस ठाउँबाट
बात गर्नेछन्।

२२"अश्शूर अनि त्यसको सबै सेना मृत्युको ठाँउमा
छन्। अश्शूरका ती सबै सेनिकहरू युद्धमा मरिएका
थिए। तिनीहरूको चिहान अरुको चिहान वरिपरि छन्।
२३तिनीहरूको चिहानहरू अत्यन्तै गहिरो खाड़ल भित्र
छन्। अश्शूरका सबै सेनाहरू युद्धमा मारिएका थिए।
अनि तिनीहरूको चिहानहरू उसको चिहानको चारैतिर
छन्। जब तिनीहरू जीवित थिए तिनीहरूले मानिसहरूलाई
भयभीत पार्थे।

२४"एलाम त्यहाँ छ अनि उसका सबै सेनाहरू
उसको चिहानको चारैतिर छन्। तिनीहरू सबै युद्धमा
मारिएका थिए। ती बेखतने मानिसहरू पृथ्वीको गहिरो
भागमा गए। जब तिनीहरू जीवित थिए तिनीहरूले
मानिसहरूलाई भयभीत पार्थे। तर तिनीहरूले तिनीहरूको
लाज तिनीहरूसितै लिएर गहिरो खाड़लभित्र गए।
२५तिनीहरूले एलाम र उसका सेनिकहरूका निम्ति
ओछ्यान लगाइ दिए जो युद्धमा मारिए। एलामका सबै
मानिसहरू उसको चिहानको वरिपरि छन्। सबै खतना
नभएकाहरू जो युद्धमा मारिए जब तिनीहरू जीवित
थिए तिनीहरूले मानिसहरूलाई भएभीत बनाए। तर
अहिले तिनीहरू जालसित तल गहिरो खाल्डाभित्र गए।
तिनीहरूलाई जो पहिले मारिएका थिए तिनीहरूसितै
राखियो।

२६"मेशेक, तूबल अनि त्यसको सम्पूर्ण सेनाहरू
त्यहाँ छन्। तिनीहरूको चिहानहरू चारैतिर छन्। यी
बेखतनाहरू सबै युद्धमा मारिएका थिए। जब यिनीहरू
जीवित थिए तिनीहरूले मानिसहरूलाई भयभीत पार्थे।
२७तर अब तिनीहरू धेरै अघि मारिएका शक्तिशाली
मानिसहरूसित लड़िरहेका छन। तिनीहरू आफ्नो आफ्नो
युद्धको हतियारहरूसितै गाड़िएका छन। तिनीहरूको
टाउको मुनि तिनीहरूका तरवारहरू राखिएको छन्। तर
तिनीहरूको पापले तिनीहरूको हड्डी ढाकेको छ। किनभने
जब तिनीहरू जीवित थिए तिनीहरूले मानिसहरूलाई
आतंकित पार्थे।

२८"मिश्र! तिमी पनि नष्ट हुनेछौ। तिमी ती
बेखतनेहरूसँग पसारिने छौ। तिमी ती सैनिकहरूसँग
सुत्नैछौ जो युद्धमा मारिएका छन्।

२९"एदोम पनि त्यही छ। त्यसको राजा अनि अरु
शासकहरूसित त्यहाँ छ। ती शक्तिशाली सैनिकहरू
पनि छन्। तिनीहरू अब अरुहरूसँग पसारिएका
छन्, जो युद्धमा मरेका थिए। ती बेखतनेहरूसित
पसारिएका छन्। तिनीहरू ती मानिसहरूसँग पातालमा
गएका छन्।

३०"उत्तरका सबै शासकहरू त्यहीँ छन्। त्यहाँ सीदोनको
सबै सैनिकहरूछन्। तिनीहरूको शक्तिले मानिसहरू
डराउँथे। तर तिनीहरू लज्जित थिए। ती खतना नभएका
मानिसहरूसित अरु मानिसहरूसँग जो युद्धमा मारिएका
थिए त्यहाँ सुत्ने छन्। तिनीहरू आफ्नो लाज आफूसँग
लिएर तल गहिरो पातालमा गए।

३१"फिराऊनले ती मानिसहरूलाई देख्नेछन्, जो मृत्यु
स्थलमा पुगेका छन् अनि उसका आफ्ना मानिसहरूलाई
शान्ति हुनेछ। हो, फिराऊन अनि उसका सेनाहरू
युद्धमा मारिने छन्।" परमप्रभु मेरा मालिकले यसो
भन्नुभयो।

३२"जति बेला फिराऊन जीवित थियो, उसले
मानिसहरूलाई भयभीत गरायो। तर अब उसलाई सबै
खतना नभएकाहरूसित सुताइनेछ। फिराऊन अनि उसको
सेनाहरू ती सबै अरु सैनिकहरूसँग सुत्ने छन्, जो
युद्धमा मरिसकेका छन्।" परमप्रभु मेरो मलिकले यसो
भन्नुभयो।

### परमेश्वरले इजकिएललाई इस्राएलको निम्ति प्रहरी छान्नु भयो

**३३** परमप्रभुको वचन मकहाँ आयो उहाँले भन्नुभयो, २"हे मानिसको छोरो! आफ्नो मानिसहरूलाई भन। तिनीहरूलाई भन, 'म शत्रुको सैनिकहरूलाई त्यस देशको विरुद्ध युद्धका निम्ति ल्याउन सक्छु। जब यस्तो हुन्छ त्यस बेला मानिसहरूले एउटा मानिसहरूलाई प्रहरीको रुपमा छान्न सक्छन्। ३यदि प्रहरीले शत्रुको सैनिकहरू आउँदै गरेको देख्यो भने तुरही बजाएर मानिसहरूलाई सावधान गराउँछ। ४यदि यो मानिसले चेताउनी सुन्छ अनि त्यसको ध्यानै दिएन भने नसुनेको जस्तो गरे शत्रुहरूले उसलाई मार्ने छ। त्यो मानिस आफ्नो मृत्युका निम्ति स्वंय उत्तरदायी हुनेछ। ५उसले तुरही सुन्यो तर चेताउनी नसुनेको जस्तो गर्‍यो। यसकारण उसको मृत्युका निम्ति उ स्वंय दोषी हुन्छ। यदि उसले चेताउनी प्रति ध्यान दिएको भए उसले आफ्नो जीवन बचाँउने थियो।

६"'तर हुनसक्छ त्यो प्रहारीले शत्रुको सैनिक आउँदै गरेको देखेर पनि तुरही बजाएन। त्यस प्रहारीले मानिसहरूलाई चेताउनी दिएन शत्रुले तिनीहरूलाई कैदी बनाएर लैजान्छ र तिनीहरू बीचका एक मानिसलाई मार्छे। त्यो मानिस मारिनेछ किनभने उसले पाप गरेकोछ। तर प्रहारी पनि त्यो मानिसको मृत्युका निम्ति जिम्मेवारी हुनेछ।'

७"अब हे मानिसको छोरो, म तिमीलाई इस्राएलका घरानाको प्रहारी छान्दैछु। यदि तिमीले मेरो मुखबाट केही सन्देश सुन्यौ भने तिमीले मानिसहरूलाई चेताउनी दिनुपर्छ। ८म तिमीलाई भन्न सक्छु, 'यो पापी मानिस मर्नेछ।' त्यस बेला तिमीले त्यो मानिसकहाँ गएर मेरा निम्ति त्यो चेताउनी दिनु पर्छ। यदि तिमीले त्यो मानिसलाई चेताउनी दिएनौ अनि उसको जीवन बद्लि गर्नु भनेनौ भने त्यो मानिस मर्नेछ किनकि त्यसले पाप गर्‍यो। तर म तिमीलाई त्यसको मृत्युको जिम्मवारी बनाउँनेछु। ९तर तिमीले त्यो दुष्ट मानिसलाई आफ्नो जीवन बदलि गर्नको निम्ति अनि पाप बन्द गर्न भनेर चेताउनी दिएको भए अनि यदि त्यसले पाप बन्द गर्न अस्वीकार गरेको भए त्यो मानिस मर्नेथ्यो किनकि त्यसले पाप गर्‍यो। तर तिमीले तिम्रो जीवन बचायौ।"

### परमेश्वरले मानिसहरूलाई नष्ट गर्न चाहनुहुँदैन्

१०"यसकारण हे मानिसको छोरो! इस्राएलका घरानालाई मेरा निम्ति केही भन। तिनीहरू भन्न सक्छन्, 'हामीहरूले पाप गर्‍यौ अनि आज्ञाहरू भङ्ग गर्‍यौँ। हाम्रो पाप, हाम्रो सहने शक्तिबाट बाहिर छ। हामी ती पापहरूको कारणले बाँच्नको निम्ति के गर्नसक्छौ?'

११"तिमीले तिनीहरूलाई भन्नुपर्छ, 'परमप्रभु मेरो मालिक भन्नुहुन्छः म आफ्नो जीवनको शपथ खाएर प्रतिज्ञा गर्छु कि म मानिसहरू मर्दै गरेको हेर्न इच्छा गर्दिन, म चहाँदिन् दुष्ट मानिसहरू मरुन्। म ती पापी मानिसहरूलाई मकहाँ ल्याउँन चाहन्छु। म चाहन्छु कि तिनीहरू आफ्नो जीवन बदलि गरुन् जसबाट जीवित रहन सकुन्। यसकारण मकहाँ आऊ। नराम्रो काम गर्न छोड़िदेऊ। हे इस्राएलका घराना हो, तिमीहरू किन मर्छौ?'

१२हे मानिसको छोरो! तिम्रो मानिसहरूलाई भनः 'यदि एउटा असल भन्दा असल कामले उसलाई सहातयता गर्नेछैन् यदि उसले पाप गर्नु थाल्यो भने। अनि दुष्ट मानिसको दुष्टताले उसलाई पतन गराउने छैन, यदि उसले असल गर्न थाल्छ भने। धर्मी मानिसले यदि पाप गर्न थाले बाँच्न सक्तैन।'

१३"म धर्मी मानिसलाई भन्न सक्छु कि उ निश्चय नै बाँच्न सक्छ। तर यो पनि हुन सक्छ, कि त्यो धर्मी मानिसले सोच्न शुरु गर्छ कि अतीतमा उ द्वारा भएको असल कामहरूले उसलाई रक्षा गर्छ। यसकारण उसले नराम्रो काम गर्न शुरु गर्न सक्छ। तर म उसको अतीतको धार्मिकताको याद राख्ने छैन्! अँह उ त्यो पापको कारण मर्नेछ जुन उसले शुरु गरेकोछ।

१४"अथवा यो पनि हुन सक्छः मैले कुनै पापी मानिसलाई भने कि उ मर्छ। तर उसले आफ्नो जीवन बदलि गर्न सक्छ। उसले पाप गर्न छोड़न सक्छ अनि सही जीवन बिताउन शुरु गर्न सक्छ। उ राम्रो अनि असल रहनसक्छ। १५उसले त्यो धरौटी फर्काउन सक्छ जुन उसले ऋण दिँदा लिएको थियो। उसले चोरेको चीजहरूका निम्ति क्षतिपूर्ति गर्न सक्छ। उसले त्यो विधिहरू पालन गर्नसक्छ जसबाट जीवन प्राप्ति हुन्छ। उसले नराम्रो काम गर्न छोड्छ। तब त्यो मानिस निश्चय नै जीवित रहनेछ। उ मर्नेछैन! १६बितेका दिनहरूमा उसले गरेको पाप म याद गर्दिन। किन? किनकि उ अब ठीकसित बसेकोछ अनि उचित व्यवहार गर्छ। यसकारण उ जीवित रहन्छ!

१७"तर तिम्रा मानिसहरू भन्छन्, 'यो उचित होइन! परमप्रभु मेरा मालिक त्यस्तो हुन सक्नु हुन्न।'

"तर तिनीहरू नै हुन जो जीवित छैनन्! तिनीहरू नै हुन् जो बद्लिनु पर्छ! १८यदि कुनै धर्मी मानिसले धार्मिकता त्यागेर पाप गर्न शुरु गर्छ भने, त्यो मानिस मर्नेछ। १९अनि यदि कुनै दुष्ट मानिसले खराब काम गर्न छोड़िदिन्छ अनि न्याय अनि सही व्यवहार गर्न थाल्छ भने त्यो मानिस जीवित रहनेछ! २०तर तिमीहरू अझै पनि भन्छौः परमप्रभुको बाटो उचित छैन। इस्राएलका मानिसहरू म प्रत्येक मानिसलाई उसको जीउन तरीका अनुसार न्याय गर्नेछु।"

### यरूशलेममाथि अधिकार गरियो

२१देशबाट-निकालिएको बाह्रौं वर्षको, दशौं महीनाको पाँचौ दिनमा एउटा मानिस यरूशलेमबाट मकहाँ आयो।

त्यो त्यहाँ भएको युद्धबाट भागेर आएको थियो। उसले
भन्यो, "शहर (यरूशलेम) लग्यो!"
२२अब साँझमा कैदी मेरो अघि आउन भन्दा
पहिले परमप्रभु मेरा मालिकको शक्ति मकहाँ आयो।
परमेश्वरले मलाई बेल्ने योग्य बनाउनुभयो। जब त्यो
मानिस मकहाँ आयो, परमप्रभुले मेरो मुख खोलि
दिनुभयो अनि फेरि मलाई बोल्नदिनु भयो। २३त्यस
बेला परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो,
२४"हे मानिसको छोरो! इस्राएलको ध्वंश शहरमा
इस्राएलीहरू बसिरहेका छन्। तिनीहरूले भन्दैछन्, 'अब्राहाम
मात्र एउटा मानिस थियो अनि परमेश्वरले उसलाई सारा
भूमि दिनुभयो। अब हामी धेरै छौ, यसकारण निश्चय
नै यो हाम्रो भूमि हो। हामी यसलाई लिनेछौ।'
२५"तिमीले भन्नु पर्छ कि परमप्रभु मेरा मालिक
यसो भन्नु हुन्छ, 'तिमीहरू रगत सरीको मासु खान्छौ।
तिमीहरूले आफ्नो मूर्तिहरूसित सहायताको आशा गर्छौ।
तिमीहरूले मानिस मार्छौ। यसकारण म तिमीहरूलाई यो
जमीन किन दिन्छु? २६तिमीहरू आफ्नो तरवारमा भर
पर्छौ। तिमीहरू मध्ये प्रत्यकले डरलाग्दा पाप काम
गर्छौ। तिमीहरू प्रत्येकले आफ्नो छिमेकीको पत्नीसित
व्यभिचार गर्छौ। यसकारण तिमीले भूमि पाँउदैनौ।'
२७"'तिमीले भन्नुपर्छ कि परमप्रभु मेरा मालिक यसो
भन्नुहुन्छ, "म आफ्नो जीवनको शपथ खाएर प्रतिज्ञा
गर्छु कि जुन मानिसहरू त्यो ध्वंस्त शहरहरूमा बसिरहेकाछन्
तिनीहरू तरवारद्वारा काटिनेछन्। यदि कुनै मानिस त्यो
देशबाट बाहिर छ भने, म त्यसलाई जङ्गली पशुहरूलाई
मार्न अनि खान लगाउँनेछु। यदि मानिसहरू किल्लामा
अथवा गुफामा लुके भने रूढ़ीले मर्नेछन्। २८त्यो देशले
ती सबै चीजहरू गुमाउनेछ जसमाथि तिनीहरूलाई
घमण्ड थियो। इस्राएलको पर्वत उजाड़ हुनेछ। त्यस
ठाँउमा केही पनि हुनेछैन्। २९तिनीहरूले अत्यन्तै भयंकर
पापहरू गरेकाछन्। यसकारण म त्यो देश उजाड़ अनि
निर्जन पार्छु। त्यसबेला तिनीहरूले थाहा पाउनेछन कि म
नै परमप्रभु हुँ।"
३०"'अब तिम्रो विषयमा, हे मानिसको छोरो! तिम्रो
मानिसहरू पर्खालहरूमा झुक्छन् अनि आफ्नो दैलोमा
खड़ा भएर तिम्रो विषयमा कुरा गर्छन्। उनीहरू एक-अर्कामा
भन्छन्, "आऊ र हामी गएर परमप्रभु के भन्नुहुँदैछ
सुनौ।" ३१यसकारण उनीहरू तिमीकहाँ त्यसरी नै
आउँछन् जसरी मेरो मानिसहरू आउँछन्। उनीहरू तिम्रो
छेउमा मेरो मानिसहरू जस्तै बस्छन्। उनीहरूले तिम्रो
सन्देश सुन्छन् तर उनीहरूले त्यो गर्दैनन् जुन तिमीले
भन्छौ। उनीहरू त्यो मात्र भन्न चाहन्छन् जुन अनुभव
गर्दा राम्रो हुन्छ। उनीहरू मानिसहरूलाई धोका दिन
चाहन्छन् अनि अधिक धन कमाउँन चाहन्छन्।
३२"'तिमी यिनीहरूको दृष्टिमा प्रेमका गीतहरू गाउने
गायक भन्दा अधिक छैनौ। तिम्रो स्वर राम्रो छ। तिमी
आफ्नो बाजाहरू राम्रो बजाउँछौ। उनीहरूले तिम्रो वचन
सुन्छन् तर त्यो अनुसार गर्दैनन् जुन तिमी भन्छौ।
३३तर जुन चीजहरूको विषयमा तिमी गाउँछौ त्यो
साँच्चै घट्नेछ अनि त्यस बेला मानिसहरूले सम्झनेछन्
कि उनीहरूको बीच साँच्चै एक अगमवक्ता थिए।'"

## इस्राएल भेड़ाहरूको एउटा बगाल जस्तै छ

३४ परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, २"हे मानिसको छोरो! मेरा निम्ति
इस्राएलको गोठालाहरूको विरुद्ध केही कुरा भन।
तिनीहरूसित मेरो निम्ति बात गर। तिनीहरूलाई भन कि
परमप्रभु अनि मालिक यसो भन्नुहुन्छ, 'इस्राएलको
गोठालाहरू, तिमीहरूले तिमीहरूका मात्र पेट
भरिरहेकोछौ। यो तिमीहरूका निम्ति एकदमै नराम्रो
हुनेछ। तिमी गोठालाहरूको पेट किन भरिदिँदैनौ? ३तिमी
बोसो खान्छौ अनि आफ्नो लुगा बनाउँनको निम्ति
त्यसको ऊन उपयोग गर्छौ। तिमीले मोटो भेड़ा मार्छौ,
तर तिमीले दुब्लो भेड़ालाई खान दिँदैनौ। ४तिमीहरूले
कमजोरी र दुब्लो भेड़ाहरूलाई बलियो बनाएनौ। तिमीले
चोट लागेको भेड़ालाई पट्टी बाँधिदिएनौ। कति भेड़ाहरू
भड़केर टाढ़ो गए तर तिमीले त्यसको खोजी गरेनौ अनि
फर्काएर ल्याएनौ। तिमी त्यो हराएको भेड़ाको खोजीमा
गएनौ। अँह, तिमी निष्ठुर अनि कठोर भयौ।
५"'अनि अब भेड़ाहरू तितर-बितर भएका छन्,
किनकि त्यहाँ कुनै गोठाला थिएन। त्यो प्रत्येक जङ्गली
पशुको निम्ति भोजन बनियो। यसकारण भेड़ाहरू तितर-
बितर भए। ६मेरा सबै भेड़ाहरू बाटो बिराएर पर्वतहरू
अनि हरेक अल्गो पहाड़हरूमाथि गए। मेरा भेड़ाहरू
पृथ्वी भरी बाटो बिराएर छरिए। कोही पनि त्यसको
खोजी गर्ने थिएन।'"
७यसकारण तिमी गोठालाहरू हो, परमप्रभुको वचन
सुन। परमप्रभु मेरा मालिक भन्नुहुन्छ। ८"म आफ्नो
जीवनको शपथ खाएर तिमीलाई प्रतिज्ञा दिलाउँछु।
जङ्गली पशुहरूले मेरा भेड़ाहरूलाई समाते। हो, मेरो
भेड़ाहरू सबै जङ्गली पशुहरूको निम्ति भोजन बनिए।
किन? किनभने तिनीहरूको साँचो गोठाला थिएन। मेरो
गोठालाले मेरो बगालको खोजी गरेनन्। ती गोठालाले
भेड़ाहरूलाई मार्‍यो अनि आफै खायो। त्यसले मेरो
भेड़ाहरूको पेट भरिदिएन।"
९यसकारण हे गोठालाहरू हो, परमप्रभुको वचन
सुन! १०परमप्रभु भन्नुहुन्छ, "म ती गोठालाहरूको
विरुद्धमा छु। मेरो भेड़ाहरूको लागि तिनीहरूलाई
उत्तरदायी ठहऱ्याउँछु। अब उसो म उनीहरूलाई
गोठाला हुन दिँदिन। त्यसपछि गोठालाहरूले आफ्नो पेट
भर्नु पनि पाउँदैनन। म तिनीहरूको मुखबाट आफ्नो
भेड़ाहरू बचाउनेछु। तब मेरा भेड़ाहरू उनीहरूको भोजन
बन्नेछैन्।"

११परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "म आफै
उनीहरूको गोठाला बन्नेछु। म आफ्नो भेड़ाहरूको
खोजी गर्नेछु। म तिनीहरूलाई खोज्नेछु। १२यदि कुनै
गोठाला आफ्नो भेड़ासँग त्यस समयमा छ, जब उसको
भेड़ा टाढ़ा जान थाल्यो भने उसलाई खोज्न म जानेछु।
यस्तै प्रकारले म आफ्नो भेड़ाहरूको खोजी गर्नेछु। म
आफ्नो भेड़ालाई बचाउँनेछु म उनीहरूलाई त्यो ठाँउबाट
फर्काएर ल्याउँछु जहाँबाट अँध्यारो अनि धुम्मिएको
दिनमा तितर-बितर भएका थिए। १३म तिनीहरूलाई ती
राष्ट्रहरूबाट फर्काएर ल्याउँछु। म तिनीहरूलाई देशहरूबाट
जम्मा गर्छु। म तिनीहरूलाई तिनीहरूको आफ्नो देशमा
ल्याउँछु। इस्राएलको पर्वतहरूमा खोलाहरूको किनारमा,
सबै ठाउँहरूमा जहाँ मानिसहरू बस्छन, म तिनीहरूलाई
खुवाउँछु। १४म तिनीहरूलाई घाँस भएको चउरमा
लिएर जान्छु। तिनीहरू इस्राएलको पर्वतको अग्लो
स्थानमा जानेछन्। तिनीहरू घाँसमा चर्नेछन् र सुत्नेछन्।
तिनीहरू इस्राएलको पर्वतमाथि भरपुर घाँस भएको
चउरमा चर्नेछन्। १५हो, म आफ्नो भेड़ालाई खुवाउँछु
अनि तिनीहरूलाई विश्रामको ठाँउमा लिएर जान्छु।"
परमप्रभु मेरा मालिकले यो सबै कुराहरू भन्नु भएको
थियो।

१६"म हराएको भेड़ाको खोजी गर्नेछु। म ती
भेड़ाहरूलाई फर्काएर ल्याउँछु जुन तितर-बितर भएका
छन्। म ती भेड़ाहरू जसलाई चोट लागेकोछ मलम
पट्टी लगाई दिन्छु। म कमजोर भेड़ालाई बलियो
बनाउँछु। तर म ती मोटा अनि शक्तिशाली गोठालाहरूलाई
नष्ट पारिदिन्छु। म तिनीहरूलाई दण्ड दिन्छु जसको
तिनीहरू भागिदारछन्।"

१७परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ, "अनि
तिमी मेरो भेड़ा, म प्रत्येक भेड़ालाई न्याय गर्छु। म भेड़ा
अनि बाख्राको बीचमा न्याय गर्नेछु। १८तिमीहरूले राम्रो
जमीनमा उम्रेको घाँसमा चर्न सक्छौ। यसकारण तिमीहरू
त्यो घाँसलाई किन कुल्चिन्छौ जुन अर्को भेड़ाले खाने
इच्छा गरेको हुन्छ। तिमीले पर्याप्त स्वच्छ पानी पिउन
सक्छौ। यसकारण तिमीले रहेको पानी आफ्नो खुट्टाले
किन मैला पार्छौ? १९मेरो भेड़ाले त्यो घाँस अवश्यै
खान्छ जुन तिम्रो खुट्टाहरूले कुल्चियौ अनि त्यो पानी
पिउँछ जुन तिमीले खुट्टाहरूले फोहर पार्यौ?"

२०यसकारण परमप्रभु मेरो मालिकले ऊसँग भन्नुहुन्छ:
"म मोटा अनि दुब्ला भेड़ाहरूको बीचमा न्याय गर्नेछु!
२१तिमी आफ्नो बगालबाट अनि आफ्नो काँधले धक्का
दिएर अनि आफ्नो सीँगले सबै कमजोर भेड़ाहरूलाई
त्यस बेला सम्म घचेटिरह्यौ जब सम्म तिमीले तिनीहरूलाई
टाढ़ा जानका निम्ति बाध्य पारेनौ। २२यसकारण म
आफ्नो भेड़ाहरूलाई बचाउँनेछु। तिनीहरू भविष्यमा जङ्गली
पशुहरूद्वारा समातिने छैनन्। म एउटा भेड़ा अनि अर्को
बीचमा न्याय गर्नेछु। २३त्यसपछि म तिनीहरूमाथि
एकजना गोठाला आफ्नो दास दाऊदलाई राख्नेछु। त्यसले
तिनीहरूलाई आफै खुवाउँछ अनि तिनीहरूको गोठाला
हुन्छ। २४त्यसपछि म परमप्रभु अनि मालिक तिनीहरूको
परमेश्वर भन्छु मेरो दास दाऊद तिनीहरू बीचमा
शासक हुन्छ। म, परमप्रभुले यो कुरा भनें।

२५"म आफ्नो भेड़ाहरूसँग शान्तिको करार बाँध्नेछु।
म हानिकारक पशुहरूलाई देशबाट बाहिर निकाल्छु। तब
भेड़ाहरू मरुभूमिमा सुरक्षित रहनेछ अनि जंगलमा सुत्नेछ।
२६म भेड़ाहरूलाई अनि आफ्नो पहाड़को चारैतिरको
ठाँउहरूलाई आशीर्वाद दिन्छु। म ठीक समयमा वर्षा
गराउँछु। त्यो आशीर्वाद सहित वर्षा हुनेछ। २७खेतमा
उम्रिने वृक्षले आफ्नो फल दिन्छ। भूमिले आफ्नो फसल
दिन्छ। यसकारण भेड़ाहरू आफ्नो प्रदेशमा सुरक्षित
रहनेछन। म तिनीहरूमाथि राखेको जुवा भाँचिदिन्छु। म
तिनीहरूलाई ती मानिसहरूको शक्तिबाट बचाउँछु जसले
तिनीहरूलाई दास बनाएकोछ। त्यसपछि तिनीहरूले थाहा
पाउनेछन् कि म नै परमप्रभु हुँ। २८उनीहरू पशुहरू
जस्तै भविष्यमा अन्य राष्ट्रहरूद्वारा बन्दी बनाईनेछन्। ती
पशुहरूले तिनीहरूलाई खानेछैन। तर तिनीहरू अब
भविष्यमा सुरक्षित रहनेछन। कसैले उनीहरूलाई आतंकित
पार्ने छैन। २९म उनीहरूलाई कुनै यस्तो भूमि दिन्छु
जसमा एउटा राम्रो बगैंचा हुन्छ। तब उनीहरू त्यस
देशमा भोकले पीड़ित हुनेछैनन। तिनीहरू भविष्यमा
राष्ट्रहरूबाट अपमानित हुन पाउँदैनन्। ३०त्यसपछि
उनीहरूले सम्झनेछन् कि म नै तिनीहरूका परमेश्वर
परमप्रभु हुँ। तब उनीहरूले सम्झनेछन् कि म तिनीहरूसँग
छु। इस्राएलका मानिसहरूले सम्झनेछन् कि ती मेरा
मानिस हुन्!" परमप्रभु मेरा मालिकले यसो भन्नुभयो।

३१"तिमी मेरो भेड़ा हौ, मेरो खर्कका भेड़ा, तिमीहरू
मेरा मानिसहरू हौ, अनि म तिम्रो परमेश्वर हुँ।"
परमप्रभु मेरो मालिकले यसो भन्नुभयो।

## एदोमको विरुद्धमा सन्देश

**३५** परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, २"हे मानिसको छोरो! सेइर पर्वत
तिर ध्यान देऊ अनि मेरो निम्ति त्यसको विरुद्धमा केही
भन। ३त्यसलाई भन, 'परमप्रभु मेरा मालिक यसो
भन्नुहुन्छः

"'सेइर पर्वत, म तिम्रो विरुद्धमा छु। म तिमीलाई
दण्ड दिन्छु म तिमीलाई उजाड़ र निर्जन बनाइदिन्छु अनि
तिमी खाली हुनेछौ।

४म तिम्रा शहरहरू नष्ट गरिदिन्छु, अनि तिमी खाली
हुनेछौ त्यसपछि तिमीले सम्झनेछौ म नै परमप्रभु हुँ।

५किन? किनकि तिमी सँधै मेरो मानिसहरूको विरुद्ध
गयौ। तिमीले इस्राएलको विरुद्ध आफ्नो तरवारको
उपयोग तिनीहरूको विपतिको आखिरी दण्डको समयमा
गर्यौ।'"

६यसकारण परमप्रभु मेरा मालिक भन्नु हुन्छ, "म आफ्नो जीवनको शपथ खाएर म त्यो प्रतिज्ञा गर्छु कि म तिमीलाई रक्तपातगर्न सुम्पिदिनेछु। रगतले पछ्याउनेछ। तिमीलाई मानिसहरू मार्न घृणा लाग्दैन, यसकारण, रगत तिम्रो पछि लाग्नेछ। ७म सेइर पर्वतलाई उजाड़ गरिदिन्छु। म ती प्रत्येक मानिसलाई मार्छु जो त्यो शहरबाट आउँछ अनि म त्यो प्रत्येक मानिसलाई मार्नेछु जो त्यो शहरमा जाने प्रयत्न गर्छ। ८म त्यसको पर्वतहरू लाशले ढाकिदिनेछु। लाशले तिम्रो सारा पहाड़हरू, तिम्रो बैँसीहरू अनि खोलाहरू ढाक्नेछ। ९म तिमीलाई सधैंको लागि खाली गरिदिन्छु। तिम्रो शहरहरूमा कोही पनि हुनेछैन। त्यसपछि तिमीले सम्झन्छौ कि म नै परमप्रभु हुँ।"

१०तिमीले भन्यौ, "यी दुइ राष्ट्रहरू अनि देशहरू हाम्रा हुनेछन्। हामी यसलाई आफ्नो बनाउँछौ।"

तर परमप्रभु त्यहाँ हुनुहुन्छ। ११परमप्रभु मेरा मालिक भन्नुहुन्छ, "तिमीले मेरो मानिसहरूको ईर्ष्या गऱ्यौ। तिमी उनीहरू प्रति क्रोधित थियौ अनि तिमीले मलाई घृणा गर्थ्यौ। यसकारण आफ्नो जीवनको शपथ खाएर म प्रतिज्ञा गर्छु कि म तिमीलाई त्यसरी नै दण्डित गर्छु जसरी तिमीले उनीहरूलाई चोट पुऱ्यायौ। म तिमीलाई दण्ड दिन्छु अनि आफ्नो मानिसहरूलाई सम्झिन दिन्छु कि म उनीहरूसँग छु। १२त्यसपछि तिमीले पनि सम्झनेछैनौ कि मैले तिम्रो सबै अपमानहरू सुनें। तिमीले इस्राएल पर्वतको विरुद्ध धेरै नराम्रो कुराहरू भन्यौ। तिमीले भन्यौ, 'इस्राएल नष्ट भएर गयो! हामीहरू त्यसलाई खाने कुरा जस्तो चबाउँछौ।' १३तिमी घमण्डी थियौं। तथा मेरो विरुद्ध तिमीले कुराहरू सुन्यौ। तिमीले धेरै पल्ट भन्यौ अनि जुन तिमीले भन्यौ, त्यसको प्रत्येक शब्द मैले सुनेँ। हो मैले तिमीलाई सुनें।"१४परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ, "त्यस समय सारा पृथ्वी प्रसन्न हुन्छ, जब म तिमीलाई नष्ट पार्छु। १५तिमी त्यति बेला प्रसन्न थियौ जति बेला इस्राएल देश नष्ट भएको थियो। म तिमीसित त्यस्तै व्यवहार गर्छु। सेइर पर्वत अनि एदोमको पुरा देश नष्ट गरिदिनेछु। त्यस बेला तिमीले सम्झनेछौ कि म परमप्रभु हुँ।"

### इस्राएल भूमि फेरि निर्माण गरिने छ

**३६** "हे मानिसको छोरो, मेरो निम्ति इस्राएलको पर्वतहरूसित भन। इस्राएलको पर्वतहरू परमप्रभुको वचन सुन भन। २तिनीहरूलाई भन कि परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, 'शत्रुले तिम्रो बारेमा यसो भन्यो: हेर अब ती प्राचीन पर्वतहरू हाम्रो हुनेछन्।'

३"यसकारण मेरो लागि इस्राएलको पर्वतहरूलाई भन। भन कि परमप्रभु अनि मालिक यसो भन्नुहुन्छ, 'शत्रुले तिमीलाई उजाड़ बनायो। उनीहरूले तिमीलाई चारै तिरबाट कुल्चियो। उनीहरूले यस्तो गरे यसकारण तिमी अरु राष्ट्रको अधिकारमा गयौ। तब तिम्रो बारेमा मानिसहरूले कुरा अनि कानेखुसी गरे।'"

४यसकारण, हे इस्राएलका पर्वतहरू हो! परमप्रभु मेरा मालिकको वचन सुन। परमप्रभु मेरा मालिक पर्वतहरू, डाँड़ाहरू, धाराहरू, बेंसीहरू, खोल्साहरू, उजाड़ भएका भग्नावेशषहरू अनि छोड़िएको शहरहरू जुन चारैतिरबाट अरु राष्ट्रहरूद्वारा लुटिएको अनि हाँसो उड़ाएको छ भन्छन्। ५परमप्रभु मेरा मालिक भन्नुहुन्छः 'म सबै बाँकी रहेका राष्ट्रहरू र सबै एदोमकाहरूको विरुद्ध मेरो तीव्र ईच्छा र अनुभव मेरो पक्षमा बोलोस् तिनीहरूले मेरो देश आफ्नो लागि लिए अनि त्यस समयमा तिनीहरूको हृदय खुशी थियो। तिनीहरूले मेरो भूमिलाई यति साह्रो घृणा गरे कि तिनीहरूले यसलाई लुटिनु पर्ने जग्गाको रूपमा हेरे।"

६"यसकारण, इस्राएल देशको विषयमा यसो भन। पर्वतहरू, पहाड़हरू, खोलाहरू, अनि बेंसीहरूलाई यसो भन कि परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, 'म आफ्नो डाह अनि क्रोधलाई मेरो आफ्नो निम्ति बोल्न दिनेछु। किनभने यी राष्ट्रहरूबाट तिमीले अपमानको पीड़ा अनुभव गरेकाछौ।'"

७यसकरण, मेरो स्वामी परमप्रभु यसो भन्नुहुन्छ, "म प्रतिज्ञा गर्छु कि तिम्रो चारैतिरको राष्ट्रहरूले अपमानको कष्ट भोग्नेछन्।

८"तर इस्राएलको पर्वतहरू, तिमीले तिम्रो रूखहरूलाई हाँगाहरू फैलाउनु अनि फलहरू इस्राएलकामेरो मानिसहरूका निम्ति फलाउनु पर्छ। मेरो मानिसहरू चाँड़ै आउँनेछन्। ९म तिमीसित छु। म तिमीलाई सहायता गर्नेछु। मानिसहरूले तिम्रो जमीन जोत्नेछन्। बिऊ उमार्नेछन्। १०तिमीमाथि असंख्य मानिसहरू हुनेछन्। इस्राएलको सारा परिवार अनि सबै मानिसहरू त्यहाँ बस्नेछन्। शहरहरूमा मानिसहरू बस्नेछन्। नष्ट भएका नँया स्थान जस्तै बनाइनेछन्। ११म तिमीलाई धेरै मानिसहरू अनि जनावरहरू दिनेछु। तिनीहरू बढ़नेछन् अनि त्यसका बच्चाहरू हुनेछन्। म पहिलो जस्तै मानिसहरू तिमीमा बस्नलाई ल्याउनेछु र तिम्रोलागि पहिले भन्दा अझ राम्रो गर्नेछु। तब तिमीले थाहा पाउनेछौ, म नै परमप्रभु हुँ। १२हो, म मेरो मानिस, इस्राएललाई तिम्रो जमीनमा डोह्याउनेछु। तिनीहरूले तिमीमाथि अधिकार गर्नेछन् अनि तिमी तिनीहरूका हुनेछौ। तिमीले तिनीहरूलाई फेरि कहिल्यै बाँझो देख्ने छैनौं।"

१३परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, "हे इस्राएल देशका मानिसहरू तिमीहरूसित नराम्रो प्रकारले बोल्छन्। उनीहरू भन्छन्, तिमीले आफ्नो मानिसहरू नष्ट पाऱ्यौ। तिनीहरू भन्छन् कि तिमीले तिनीहरूका नानीहरू टाढ़ा

लिएर गयौ। १४अब भविष्यमा तिमीले मानिसहरू नष्ट गर्नेछैनौ। तिमीले भविष्यमा नानीहरू टाढ़ो लिएर जानेछैनौ।" परमप्रभु मेरा मालिकले यी कुराहरू भन्नुभयो। १५"म ती अरु राष्ट्रहरूलाई तिमीलाई अझ अपमान गर्न दिनेछैन। तिमीहरू तिनीहरूद्वारा अवहेलित हुनेछौ। तिमीहरूले तिमीहरूको मानिसहरूलाई अब उसो नष्ट गर्ने छैनौ।" परमप्रभु मेरा मालिकले यी कुराहरू भन्नुभयो।

### परमप्रभु उहाँका आफ्नो असल नामको रक्षा गर्नुहुन्छ

१६त्यसपछि परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो, १७"हे मानिसको छोरो! इस्राएलको परिवार आफ्नो देशमा बसेका थिए। मेरो लागि तिनीहरू रजस्वला भएका स्त्रीहरू जस्तै थिए। तिनीहरूको दुष्ट कामहरूको कारण अशुद्ध भए। १८तिनीहरूले जब त्यो देशमा मानिसहरूको हत्या गरे, त्यस जमीनमाथि रगत फैलाए। उनीहरूले आफ्नो मूर्तिहरूले देश मैला बनाए। यसकारण मैले तिनीहरूलाई देखाँए कि म कति क्रोधित थिएँ। १९मैले उनीहरूलाई राष्ट्रहरूमा तितर-बितर पारें अनि सबै देशमा फैलाएँ। मैले उनीहरूलाई त्यही दण्ड त्यस कामको लागि दिए जुन उनीहरूले गरेका थिए। २०उनीहरू ती राष्ट्रहरूमा गए अनि ती देशहरूमा उनीहरूले मेरो बदनाम गरे। कसरी? त्यहाँ राष्ट्रहरूले उनीहरूको विषयमा कुरा गरे। तिनीहरूले भने, 'ती परमप्रभुका मानिसहरू हुन् तर तिनीहरूले उहाँको भूमि छोड्नु पऱ्यो।'

२१"इस्राएलका मानिसहरूले मेरो पवित्र नाम सबै तिर बदनाम गरे। मैले आफ्नो नामका निम्ति दुःख अनुभव गरे। २२यसकारण इस्राएलका घरानालाई भन कि परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ, 'हे इस्राएलका घराना हो, तिमी जहाँ पनि गयौ मेरो पवित्र नामको बदनाम गऱ्यौ। अब म केही गर्न गइरहेछु। म यो तिम्रो निम्ति गर्दिन। इस्राएल, म यो आफ्नो पवित्र नामको खातिर गर्नेछु। २३म ती राष्ट्रहरूलाई देखाउँछु कि मेरो महान नाम साँच्चै पवित्र छ। तब ती राष्ट्रहरूले जान्नेछन् कि म नै परमप्रभु हुँ।'" परमप्रभु मेरा मालिकले यसो भन्नु भएको थियो।

२४परमेश्वरले भन्नुभयो, "म तिमीलाई ती राष्ट्रहरूबाट बाहिर निकालेर एकै ठाँउमा जम्मा गर्छु अनि तिमीलाई तिम्रो आफ्नो देशमा ल्याउँछु। २५त्यसपछि म तिमीहरूमाथि शुद्ध पानी छर्किदिनेछु अनि तिमीहरूलाई शुद्ध पार्छु। म तिमीहरूका सारा अशुद्धिहरू धुन्छु अनि ती घृणित मूर्तिहरूबाट उत्पन्न अशुद्धिहरू धुन्छु।"

२६परमेश्वरले भन्नुभयो, "म तिमीहरूमा एउटा नयाँ आत्मा पनि भर्छु अनि तिम्रो सोचाई पनि बदलि गरिदिन्छु। म तिम्रो शरीरबाट ढुङ्गाको हृदय निकालेर मासुको हृदय दिन्छु। २७म तिमीहरूभित्र मेरो आत्मा हालिदिनेछु। म तिमीलाई बद्‌ली गर्छु जसद्वारा तिमी मेरो विधिहरू पालन गर्नेछौ। तिमी सावधानीसित मेरो नियमहरूको पालन गर्नेछौ। २८त्यसपछि तिमी त्यो देशमा बस्ने छौ जुन मैले तिमीहरूका पिता-पुर्खाहरूलाई दिएको थिएँ। तिमीहरू मेरो प्रजा हुनेछौ अनि म तिमीहरू परमेश्वर हुनेछु।"

२९परमेश्वरले भन्नुभयो, "म तिमीहरूलाई बचाउँछु अनि तिमीहरूलाई अशुद्ध हुनबाट पनि जोगाउँछु। म अन्नलाई उम्रनको लागि आज्ञा दिन्छु। म तिमीहरूको विरुद्ध अनिकाल ल्याउँनै छैन्। ३०म तिमीहरूको रूखहरूमा ज्यादा भन्दा ज्यादा फल अनि खेतमा धेरै अन्न उमारिदिन्छु। त्यसपछि तिमी अरु देश झैं भोकै बस्ने लाज फेरि कहिल्यै अनुभव गर्नेछैनौ। ३१तिमीहरूले त्यो नराम्रो काम याद गर्नेछौ जुन तिमीहरूले गऱ्यौ, तिमीहरूले याद गर्नेछौ त्यो काम राम्रो थिएन। त्यसपछि तिमीहरू आफ्नो पापहरू अनि जुन डरलाग्दा काम गऱ्यौ त्यसको लागि तिमी स्वंय आफूलाई घृणा गर्नेछौ।"

३२परमप्रभु मेरा मालिक भन्नुहुन्छ, "म चाहन्छु कि तिमी यो याद राखः मैले तिमीहरूको भलाईका निम्ति यो काम गरेको होइन। म त्यो आफ्नो राम्रो नामको निम्ति गर्दैछु। इस्राएलको परिवार, तिमीहरू आफ्नो बस्ने ढंङ्गमा लज्जित अनि व्याकुल हुनु पर्ने।"

३३परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "जुन दिन म तिमीहरूका सबै पापहरूबाट तिमीहरूलाई शुद्ध पार्छु। म मानिसहरूलाई फेरि तिमीहरूको शहरहरूमा ल्याउँछु, यो नष्ट भएको शहरहरू फेरि बनाइनेछन्। ३४उजाड़ भएको जमीन फेरि जोतिनेछ। यहाँबाट भएर जाने प्रत्येकलाई यो सर्वनाशको थुप्रो देखाइने छैन्। ३५उनीहरूले भन्नेछन्, 'बितेको दिनमा यो देश नष्ट भएको थियो। तर अब यो अदनको बगैंचा जस्तो भएकोछ। त्यो सर्वनाश अनि उजाड़ थियो, तर अब त्यो सुरक्षित भयो अनि त्यसमा मानिसहरू बस्छन्।'"

३६परमेश्वरले भन्नुभयो, "तब तिमीहरूको चारैतिरको राष्ट्रहरूले जान्नेछन् कि म नै परमप्रभु हुँ अनि म फेरि ती स्थानहरू पूर्ण निर्माण गर्नेछु। मैले भूमिहरूमा रूखहरू रोपें जुन चाहिँ उजाड़ थियो। म परमप्रभु हुँ। मैले यी सबै भनें अनि मैले सबै गरें।"

३७परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छु "म यो पनि चाहन्छु कि इस्राएलको घरानाकहाँ आवोस अनि यी कुराहरू तिनीहरूका निम्ति मागुन्। म तिनीहरूलाई असंख्य मानिसहरू बनाउँछु। तिनीहरू भेड़ाको बगालहरू जस्तै हुन्छन्। ३८यरूशलेममा विशेष चाड़हरूको अवसरमा पवित्र बनाएको भेड़ा अनि बाख्राहरू भरिने छ। यस्तै प्रकारले शहरहरू अनि नष्ट भएका भूमिहरू मानिसको भीड़ले भरिन्छ। त्यतिबेला मानिसहरूले सम्झनेछन् म परमप्रभु हुँ।"

## सुकेका हाड़हरूको दर्शन

**३७** परमप्रभुको शक्ति ममाथि आयो। परमप्रभुको
आत्माले मलाई शहर बाहिर लिएर गयो अनि
तल एउटा बेंसीको बीचमा राखिदियो। बेंसी मरेको
मानिसको हाड़हरूले भरिएको थियो। २बेंसीमा असंख्य
हाड़हरू थिए, परमप्रभुले मलाई हाड़हरूको चारैतिर
घुमाउनु भयो। मैले देखें हाड़हरू साह्रै सुकेका थिए।
३त्यसपछि परमप्रभु मेरो मालिकले मलाई भन्नभयो,
"हे मानिसको छोरो! के यी हाड़हरू जीवित हुनुसक्छ?"
मैले उत्तर दिएँ, "परमप्रभु मेरो मालिक! यस
प्रश्नको उत्तर तपाईंले मात्र जान्नु हुन्छ।"
४परमप्रभु मेरो मालिकले मलाई भन्नुभयो, "ती
हाड़हरू विषयमा मेरो लागि केही भन। ती हाड़हरूसँग
भन, 'सुकेका हाड़हरू! परमप्रभुको वचन सुन। ५परमप्रभु
मेरो मालिक तिमीहरूसित यो भन्नु हुन्छ, म तिमीहरूमा
सास आउँन दिनेछु अनि तिमी जीवित हुनेछौ। ६म
तिमीहरूमाथि नसा अनि माँसपेशीहरू लगाउँछु अनि म
तिमीहरूलाई मासु र छालाले छोपिदिन्छु। त्यसपछि म
तिमीहरूमा प्राण संचार गरिदिन्छु अनि तिमी फेरि
जीवित भएर उठ्नेछौ। त्यतिबेला तिमीहरूले सम्झने छौ
म नै परमप्रभु तिम्रा मालिक हुँ।'"
७यसकारण मैले परमप्रभुको लागि त्यही कुरा गरेको
जस्तो गर्न खोजें। जति बेला मैले केही भन्न आँटेको
थिएँ प्रचण्ड ध्वनी सुनें! हाड़हरू चल्नु थाले अनि
हाड़हरू, हाड़हरूसित जोड़िन थाले। ८मेरो आँखा
अधाड़ी नसा, मांसपेशीहरू, मासु अनि छालाले हाड़हरूलाई
छोप्न शुरु गर्‍यो। तर शरीरहरू हल्लिएन, तिनीहरूमा
प्राण थिएन।
९तब परमप्रभु मेरा मालिकले मसँग भन्नुभयो, "मेरा
लागि हावालाई अगमवाणी गर। हे मानिसको छोरो!
मेरा निम्ति हावासित कुरा गर। हावासित भन कि
परमप्रभु मेरा मालिकले यसो भन्नुहुँदैछः 'हावा सबै
दिशाबाट आऊ अनि ती लाशहरूलाई जीवन दिइनेछ।
तिनीहरू भित्र सास भरि दिनेछु अनि तिनीहरू फेरि
जीवित हुनेछन्।'"
१०उहाँले जस्तो बताउनु भएको थियो मैले त्यही
प्रकारले हावासित कुरा गरें। अनि लाशहरूमा प्राण
आयो। तिनीहरू जीवित भए अनि उभिए। त्यहाँ धेरै
मानिसहरू थिए, अनि त्यहाँ एउटा एकदमै ठूलो सैनिक
बनियो।
११त्यसपछि परमप्रभु मेरा मालिकले मलाई भन्नुभयो,
"हे मानिसको छोरो! यी हाड़हरू इस्राएलको पुरै घराना
जस्तै हुन। इस्राएलका मानिसहरू भन्छन्, 'हाम्रो हाड़हरू
सुकेका छन् हाम्रो आशा समाप्त भयो। हामी पूर्ण रुपले
नष्ट गरिएकाछौ।' १२यसकारण उसित मेरो निम्ति कुरा
गर। उसलाई भन परमप्रभु अनि मालिक यसो भन्नु
हुन्छ, 'मेरो मानिसहरू, म तिमीहरूका चिहानहरू खन्छु
अनि तिमीहरूलाई बाहिर ल्याउँछु। त्यसपछि म तिमीहरूलाई
इस्राएलको भूमिमा ल्याउँछु। १३मेरो मानिसहरू, म
तिमीहरूका चिहानहरू खन्छु अनि तिमीहरूका
चिहानहरूबाट तिमीहरूलाई बाहिर ल्याउँछु। त्यस बेला
तिमी सम्झने छौ कि म नै परमप्रभु हुँ। १४म आफ्नो
आत्मा तिमीहरूमा हालि दिनेछु अनि तिमीहरूलाई फेरि
जीवित पार्छु। त्यसपछि तिमीहरूलाई म तिमीहरूको
देशमा फेरि ल्याउँछु। त्यसपछि तिमीहरूले थाहा पाउनेछौ
म परमप्रभु हुँ। तिमीहरूले जान्नेछौ मैले यो कुरा भनें
अनि यस्तो हुने पारें।'" परमप्रभुले यसो भन्नु भएको
थियो।

## यहूदा अनि इस्राएल फेरि एक हुने

१५परमप्रभुको वचन फेरि मकहाँ आयो! उहाँले
भन्नुभयो, १६"हे मानिसको छोरा! एउटा लौरो ल्याऊ
अनि त्यसमा यो वचन लेखः 'यो लौरो यहूदा अनि
त्यसको मित्र इस्राएलको मानिसहरूका निम्ति हो।'
त्यसपछि अर्को लौरो ल्याऊ अनि त्यसमा, 'एप्रैमको यो
लौरो, यूसुफ अनि त्यस मित्र इस्राएलको मानिसहरूका
निम्ति हो।' १७त्यसपछि दुइवटै लौरोहरू एउटा ठाँउमा
जोड़। तिम्रो हातमा एउटा लौरो हुनेछ।
१८"तिम्रा मानिसहरूलाई यो स्पष्ट पार्नका निम्ति
भन्छु कि यसको अर्थ के हो? १९तिनीहरूलाई भन
कि परमप्रभु अनि मालिक भन्नु हुन्छ, 'म यूसुफको
लौरो लिन्छु जुन इस्राएलको मानिसहरूको हो, जो एप्रैम
अनि उसको मित्रको हातमा छ। त्यसपछि म त्यो लौरो
यहूदाको लौरोसित राख्छु अनि त्यसलाई एउटै लौरो
बनाउँछु। मेरो हातमा त्यो एउटा लौरो हुनेछ।'
२०"तिनीहरूको आँखाको अघाड़ी लौरोहरू आफ्नो
हातमा समात। तिमीहरूले लौरोहरूमा त्यो नामहरू
लेखेका थियौ। २१मानिसहरूलाई भन कि परमप्रभु
अनि मालिक यसो भन्नुहुन्छः 'म इस्राएलका मानिसहरूलाई
त्यो राष्ट्रहरूबाट ल्याउँछु, जहाँ उनीहरू गएका छन्। म
उनीहरूलाई चारैतिरबाट एकत्रित पार्छु। अनि तिनीहरूलाई
तिनीहरूको आफ्नो देशमा ल्याउँछु। २२म तिनीहरूलाई
इस्राएलको पर्वतहरूको देशमा एउटा राष्ट्र बनाउँछु।
उनीहरू सबैको एउटा राजा हुनेछ त्यो दुईवटा राष्ट्रहरू
बनिने छैन्। त्यो भविष्यमा राज्यमा बाँड़िने छैन्। २३तिनीहरू
तिनीहरूको मूर्तिसित लगातार तिनीहरू आफैलाई अशुद्ध
बनाउने छनन अनि डरलाग्दा प्रतिमा अथवा केही अरू
अपराध। तर म तिनीहरूलाई रक्षा गर्नेछु अनि तिनीहरू
सबैलाई ती भूमिहरूदेखि जम्मा गर्नेछु जहाँ तिनीहरूले
पाप गरेका थिए।
२४"'मेरो दास दाऊदले तिनीहरूमाथि राज गर्नेछन
तिनीहरू सबै एउटा मात्र गोठाला हुनेछ। उनीहरू मेरो
नियमहरूको साहारामा बस्नेछन् अनि मेरो विधिहरू
पालन गर्नेछन्। तिनीहरूले मेरो काम गर्नेछन् म जे

भन्छु त्यहीँ गर्नेछन्। २५तिमीहरू त्यो भूमिमा बस्नेछन् जुन मैले आफ्नो दास याकूबलाई दिएको थिएँ। तिनीहरूका पिता-पुर्खाहरू त्यो त्यस ठाँउमा बस्थे अनि मेरा मानिसहरू त्यहाँ बस्नेछन्। त्यो उनीहरूको नानीहरू अनि तिनीहरूको नाता-नातिनीहरू सदा-सर्वदा त्यहीँ बस्नेछन् अनि मेरो दास दाऊद तिनीहरूको अगुवा भएर सदासर्वदा त्यहाँ बस्नेछ। २६म तिनीहरूसित एक शान्ति करार बाँध्नेछु। यो सन्धि सधैं रहिरहनेछ। म तिनीहरूलाई तिनीहरूको देश दिनेछु। म तिनीहरूको संख्या वृद्धि गर्नेछु। म मेरो पवित्र स्थानलाई तिनीहरूको विषयमा सदा-सर्वादा राख्नेछु। २७मेरो पवित्र पाल त्यहाँ उनीहरूको बीच हुन्छ। हो, म तिनीहरूको परमेश्वर अनि उनीहरू मेरो मानिसहरू हुनेछन्। २८तब अरु राष्ट्रहरूले जान्नेछन् कि म परमप्रभु हुँ अनि तिनीहरूले यो जान्नेछन् कि म मेरो पवित्र भूमि सधैं इस्राएलमा राखेर, म तिनीहरूलाई मेरा विशेष मानिसहरू बनाउँदैछु।'"

### गोगको विरुद्धमा समाचार

**३८** परमप्रभुको यो वचन मकहाँ आयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो! मागोगा देशमा गोगतिर ध्यान देऊ। त्यो मेशेक अनि तूबल राष्ट्रहरूको सर्वाधिक महत्वपूर्ण प्रमुख हो। गोगको विरुद्धमा मेरो लागि केही भन। ३उसलाई भन कि स्वामी परमप्रभु भन्नुहुन्छ, 'गोग तिमी मेशेक अनि तूबल राष्ट्रको सर्वाधिक महत्वपूर्ण प्रमुख हौ। तर म तिम्रो विरुद्धमा छु। ४म तिमीलाई समात्छु अनि तिम्रो समस्त सेनालाई फर्काई ल्याउँछु। तिम्रो सेनाको सबै मानिसहरूलाई फर्काई ल्याउँछु। म सबै घोड़ा अनि घोड़सवारहरूलाई फर्काई ल्याउँछु। म तिम्रो मुखमा बल्छी लगाँउनेछु अनि तिमीहरू सबैलाई फर्काई ल्याउँछु। सबै सैनिकले आफ्नो तरवारहरू अनि ढालहरू सहित आफ्नो सैनिक पोशाक लगाउँनेछन्। ५फारस, कूश अनि पूतको सैनिक उनीहरूसँग हुन्छन। ती सबैले तिनीहरूको ढाल तथा शिरमा टोप धारण गरको हुन्छ। ६त्यहाँ गोमेर उसको सबै सैनिकहरूसित हुनेछ। त्यहाँ तोगर्माको राष्ट्र सबै सैनिक समूहसँग हुनेछ जो उत्तर दिशाको टाड़ो ठाँउबाट आउँछ। त्यहाँ तिमीहरूसित धैरे राष्ट्रहरूका मानिसहरू हुनेछन्।

७"'तयार हौ, तिमी आफूलाई तयार पार अनि त्यो जो सैनाले तिमीहरूसँग एक्ता तिनीहरूलाई पनि गराइएकोछ। तिमीले निगरानी राख्नु पर्छ अनि तयार रहन पर्छ। ८लामो समय पछि म तिमीलाई सम्भनेछु। अब अन्तिम वर्षहरूमा तिमी त्यो प्रदेशमा आउनेछौ जुन युद्ध पछि पुनर्निर्माण हुन्छ। मानिसहरू फेरि धैरे राष्ट्रहरूबाट भेला गराइएका छन्। बितेको दिनहरूमा इस्राएलको पर्वत घरी-घरी नष्ट गरिएको थियो। तर यी मानिसहरू राष्ट्रहरूबाट फर्किएकाछन् तिनीहरू सबै सुरक्षासाथ जीउनेछन्। ९तर तिमी तिनीहरूमाथि आक्रमण गर्न आउँनेछौ। तिमी तुफान जस्तै आउँनेछौ। तिमी देशलाई ढाक्दै गर्जने बादल जस्तै आउँछौ। तिमी अनि धेरै राष्ट्रहरूलाई तिम्रो सैनिकहरूको समूह, यी मानिसहरूमाथि आक्रमण गर्न आउँनेछन।'"

१०परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छः "त्यस समय तिम्रो मनमा एउटा विचार आउनेछ। तिमीले एउटा नराम्रो योजना बनाउन शुरु गर्नेछौ। ११तिमीले भन्छौ, 'म त्यो देशमा आक्रमण गर्न जानेछु जसको शहर बिना पर्खालको छ। सुरक्षित छौं भनी उनीहरू सम्भन्छन उनीहरूको रक्षाका निम्ति चारैतिर पर्खाल छैन। उनीहरूको दैलोमा ताला छैन, उनीहरूको दैलो पनि छैन्। १२म तिनीहरूलाई लुट्नेछु अनि सबै बहुमूल्य चीजहरू तिनीहरूबाट लिन्छु। म ती स्थानहरूको विरुद्धमा लड़छु जे नष्ट भइसकेकोछ, तर अब मानिसहरू त्यहाँ बस्न थालेकाछन्। म तिनीहरूको विरुद्ध जानेछु जो अन्य राष्ट्रहरूबाट जम्मा भएका छन्। अब तिनीहरू पशु र सम्पतिको मालिक भएका छन्। उनीहरू संसारको केन्द्रमा बस्छन्।'

१३"शेबा, ददान अनि तर्शीशका सबै व्यापारीहरू अनि सबै शहरहरू जजससित तिनीहरू व्यापार गर्छन्, तिमीलाई सोध्नेछन्, 'के तिमी बहुमूल्य चीजहरूमाथि अधिकार जमाउनु आएका हौ? के तिमी आफ्नो सैनिकहरूको समूहसित ती राम्रो चीजहरू सुन, चाँदी, गाई-वस्तु तथा सम्पत्ति लिएर जान आएका हौ? के तिमी ती सबै बहुमूल्य चीजहरू लिन आएका हौ?'"

१४परमेश्वरले भन्नुभयो, "हे मानिसको छोरा! मेरा निम्ति गोगलाई भन। उसलाई भन कि परमप्रभु अनि मालिक यसो भन्नुहुन्छ, 'तिमी हाम्रो मानिसहरूलाई आक्रमण गर्नु आउँनेछौ। जब कि उनीहरू शान्तिपूर्वक अनि सुरक्षित बसिरहेका छन्। १५तिमी टाढ़ो उत्तरको आफ्नो ठाँउबाट आउँछौ अनि तिमी बहुसंख्यक मानिसहरूलाई साथमा लिएर आउँछौ। ती सबै घोड़सवार हुनेछन्। तिमी एउटा विशाल अनि शक्तिशाली सेना हुनेछौ। १६तिमी मेरा मानिस इस्राएलको विरुद्ध युद्ध गर्न आउँनेछौ। तिमी देशलाई ढाक्ने गर्जिने बादल हुनेछौ। म पछिबाट आफ्नो देशको विरुद्ध युद्ध गर्नु तिमीलाई ल्याउँछु। त्यसपछि राष्ट्रहरूले मलाई सम्मान गर्नेछन अनि जान्नेछन कि म पवित्र हुँ। उनीहरूले देख्नेछन् कि म तिम्रो विरुद्ध के गर्छु।'"

१७परमप्रभु मेरा मालिक भन्नुहुन्छ, "अतीतमा मैले तिम्रो विषयमा जे भनेको थिएँ त्यस समय मानिसहरूले याद गर्नेछन्। उनीहरूले याद गर्नेछन् मैले आफ्ना दासहरू इस्राएलको अगमवक्ताहरूको उपयोग गरे। उनीहरूले याद गर्नेछन् इस्राएलका अगमवक्ताहरूले मेरो निम्ति अतीतमा कुरा गरे अनि भने कि म तिमीलाई उनिहरू विरुद्ध युद्ध गर्न ल्याउँछु।"

१८परमप्रभु मेरो मालिकले भन्नुभयो, “त्यस समय
गोग, इस्राएल देश विरुद्ध युद्ध गर्नु आउँनेछ। म
आफ्नो क्रोध प्रकट गर्नेछु। १९क्रोध अनि उत्तेजनामा म
यो प्रतिज्ञा गर्छु, म प्रतिज्ञा गर्दैछु कि इस्राएलमा एउटा
ठूलो भूइँचालो आउँछ। २०त्यस समय सबै जीवित
प्राणी डरले काम्ने छन, समुद्रका माछाहरू, आकाशका
चराहरू, खेतका जंगली पशुहरू अनि ती जमीनमा
घस्रने सबै सानो-सानो प्राणीहरू डरले काम्नेछन्। पर्वत
झर्नेछ अनि डाड़ाहरू भत्किनेछ। प्रत्येक पर्खाल जमीनमा
झर्नेछ।”

२१परमप्रभु मेरा मालिक भन्नुहुन्छ, “इस्राएलको
पर्वतहरूमा, म गोगको विरुद्ध सबै किसिमको डर
उत्पन्न गर्छु। त्यसको सैनिक यति भयभीत हुन्छन् कि
तिनीहरूले एका अर्कामाथि आक्रमण गर्नेछन् अनि
आफ्नो तरवारले एउटाले अर्कालाई मार्नेछन्। २२म
गोगलाई रोग अनि मृत्युको दण्ड दिन्छु। म गोग अनि
धेरै राष्ट्रहरूको सैनिकमाथि असिना, आगो अनि गन्धकको
वर्षा वर्षाउनेछु। २३त्यसपछि म देखाउँछु कि म कति
महान छु, म प्रमाणित गर्छु कि म पवित्र छु। धेरै
राष्ट्रहरूले मैले यो कुरा गरेको देख्नेछन् अनि जान्नेछन्
कि म को हुँ। तब उनीहरूले थाहा पाउने छन् कि म
परमप्रभु हुँ।”

## गोग अनि उसको सेनाको मृत्यु

३९ “हे मानिसको छोरो! गोगको विरुद्ध मेरा
निम्ति केही भन। उसलाई भन कि परमप्रभु
अनि मालिक यसो भन्नुहुन्छ, ‘गोग, तिमी मेशेक अनि
तूबल देशहरूको सर्वाधिक महत्वपूर्ण प्रमुख हौ। तर म
तिम्रो विरोधमा छु। २म तिमीलाई समातेर फर्काई
ल्याउँछु। म तिमीलाई उत्तरको डाड़ाँबाट ल्याउँछु। म
तिमीलाई इस्राएलको पर्वतहरूको विरुद्ध युद्ध गर्नका
निम्ति ल्याउँछु। ३तर म तिम्रो धनुलाई तिम्रो देब्रे
हातबाट तल खसालिदिन्छु। म तिम्रो दाहिने हातबाट
तिम्रो काँड़ तल झारिदिन्छु। ४तिमी इस्राएलको पर्वतमा
मारिनेछौ। तिमी तिम्रो सैनिक समूह अनि तिमीसित
भएको अरू सबै राष्ट्रहरू युद्धमा मारिनेछन्। म
तिमीलाई हरेक किसिमको पक्षीहरू, जुन मांसहारी छन्,
तथा सबै जंगली पशुहरूको भोजनको रुपमा दिन्छु।
५तिमी खुल्ला मैदानमा मारिनेछौ। मैले यो भनिदिएकोछु।’”
परमप्रभु मेरा मालिकले ती कुराहरू भन्नुभयो।
६परमेश्वरले भन्नुभयो, “म मागोग अनि ती
मानिसहरूलाई जुन समुद्रको किनारमा सुरक्षित बस्छन्,
तिनीहरूको विरुद्ध आगो पठाइदिनेछु। त्यसपछि उनीहरूले
थाहा पाँउनेछन् कि म नै परमप्रभु हुँ। ७म मेरो पवित्र
नाम मेरो इस्राएलका मानिसहरूलाई प्रकट गराउँछु। म
मेरो पवित्र नाम मानिसहरू अघि अझ धेरै नष्ट पार्ने
दिनेछैन्। राष्ट्रहरूले थाहा पाउनेछन कि म परमप्रभु हुँ।
तिनीहरूले जान्नेछन् कि म इस्राएलमा एकमात्र पवित्र
छु। ८त्यो समय आउने छ। यो घटने छ।” परप्रभुले
यी कुराहरू भन्नुभयो। “यो त्यही दिन हो, जुन दिनको
विषयमा म भन्दैछु।

९“त्यस समय, इस्राएलको शहरमा बस्ने मानिसहरू
ती खेतहरूमा जानेछन्। उनीहरूले शत्रुको हात-हतियारहरू
जम्मा पार्नेछन् अनि जलाउनेछन्। ती सबै ढालहरू,
धनु-काँड़हरू अनि भालाहरू जलाउने छन्। उनीहरूले
हात-हतियारहरू दाउराको रूपमा सात वर्ष सम्म प्रयोग
गर्नेछन्। १०तिनीहरू मैदानबाट दाउरा जम्मा गर्दैनन्
अथवा जंगलमा दाउराहरू काटन पर्नेछैन्, किनकि त्यो
हात-हतियारहरू प्रयोग दाउराको रुपमा गरिनेछ। ती
बहुमूल्य चीजहरू सैनिकहरूबाट खोस्नेछन् जुन तिनीहरूले
चोर्न चाहन्थे। ती सैनिकहरूबाट राम्रो चीजहरू लिन्छन्
जसले तिनीहरूबाट राम्रो चीजहरू लिएका थिए।”
परमप्रभु मेरा मालिकले भन्नभयो।
११परमेश्वरले भन्नुभयो, “त्यस समय गोगलाई गाड़न
इस्राएलमा एउटा ठाँउ छान्नेछु। त्यो खार समुद्रको पूर्वमा
यात्रीहरूको बेंसीमा गाड़िनेछ। यसले यात्रीहरूको बाटो
रोक्नेछ। किन? किनकि गोग अनि त्यसको सारा
सेनाहरू त्यस ठाँउमा गाड़िनेछन्! मानिसहरूले यसलाई
‘गोगको सेनाहरूको बेंसी भन्नेछन्।’ १२इस्राएलका
परिवारले तिनीहरूको भूमि शुद्ध गर्नका निम्ति सात
महीना सम्म गाड़ने छन्। १३देशका साधारण मानिसहरूले
शत्रुको सैनिकहरूलाई गाड़िनेछन्। इस्राएलका मानिसहरू
त्यसदिन प्रसिद्ध हुनेछन् जुन दिन म आफ्नो सम्मान
पाउँछु।” परमप्रभु मेरो मालिकले यसो भन्नुभयो।
१४परमेश्वरले भन्नुभयो, “मानिसहरूले मजदूरहरूलाई
ती मरेको सैनिकहरू गाड़नको निम्ति पूरा समय सम्म
नोकरी दिनेछन। यस्तो प्रकारले तिनीहरूले देशलाई
पवित्र पार्नेछन्। ती मजदूरहरूले सात महीना सम्म काम
गर्नेछन्। उनीहरू लाशहरू खोज्दै चारै तिर जानेछन्।
१५ती मजदूरहरू चारै तिर खोज्दै घुम्नेछन्। यदि
तिनीहरूले कुनै हड्डी देखे भने त्यसको छेउमा एउटा
चिन्ह लगाइराख्नेछन् जब सम्म खाड़ल खन्ने मानिस
आँउदैन गोगको सैन्यको बेंसीमा हड्डी गाड़िदैन त्यतिञ्जेल
सम्म चिह्न रहनेछ। १६त्यो मृतक मानिसहरूको नगर
चिहान (हामोनाह) कहलाइनेछ। यस्तो प्रकारले उनीहरूले
देशलाई शुद्ध पार्नेछन्।”
१७परमप्रभु मेरा मालिकले यसो भन्नुभयो, “हे
मानिसको छोरो! मेरो लागि पंक्षीहरू, अनि जङ्गली
पशुहरूसँग केही भन। त्यसलाई भन, ‘यहाँ आऊ।
यहाँ आऊ, एक ठाँउमा भेला हौ। आऊ यो बलि
खाऊ जुन मैले तिमीहरूको निम्ति तयारी बनाई रहेको
छु। त्यो इस्राएलको पर्वतमा एउटा विशाल बलिदान
हुनेछ। आऊ, मासु खाऊ अनि रगत पिऊ। १८तिमीले
शक्तिशाली सैनिकहरूको मासु खानेछौ। तिमीहरूले

संसारको प्रमुखहरूको रगत पिउनेछौ। तिनीहरू तिमीहरूका
निम्ति भेड़ाहरू अनि बोकाहरू अनि बाशानका मोटो
साढ़ेहरू जस्तै हुन्। १९तिमी जति चाहन्छौ त्यति बोसो
खान सक्छौ अनि तिमीले रगत त्यसबेला सम्म पिउन
सक्छौ जति बेला सम्म तिम्रो पेट भरिदैन्। तिमीले मेरो
बलि खानेछौ अनि पिउनेछौ जुन मैले तिम्रा निम्ति मारे।
२०मेरो टेबलमा तिमीले खानुका निम्ति अत्यन्तै ज्यादा
मासु पाउनेछौ। त्यहाँ घोड़ा अनि रथ सवारहरू, शक्तिशाली
सैनिक अनि अरु सबै लड़ने मानिस हुनेछन्।'" परमप्रभु
मेरा मालिक यसो भन्नुभयो।

२१परमेश्वरले भन्नुभयो, "म अरु राष्ट्रहरूलाई
देखाउनेछु, मैले के गरें। उनीहरूले राष्ट्रलाई सम्मान
गर्न शुरु गर्नेछन्। उनीहरूले मेरो शक्ति देख्नेछन जुन
मैले शत्रुको विरुद्ध उपयोग गरे। २२तब त्यस दिन
पछि इस्राएलका घरानाले जान्नेछन् कि म नै परमेश्वर
तिनीहरूका परमप्रभु हुँ। २३अनि राष्ट्रहरूले यो थाहा
पाउनेछन् कि इस्राएलको परिवारलाई किन बन्दी जस्तै
बनाएर अन्य जातिहरूमा लगें। तिनीहरूले जान्नेछन् मेरो
मानिस, मेरो विरुद्धमा उठे। यसैकारण मैले उनीहरूलाई
टाढ़ो लगें। मैले तिनीहरूको शत्रुहरू तिनीहरूलाई
हराउन दिएँ। यसकारण, मेरा मानिसहरू युद्धमा मारिए।
२४उनीहरूले पाप गरे अनि आफैलाई अपवित्र बनाए।
यसकारण मैले उनीहरूलाई त्यो कामको निम्ति दण्ड
दिएँ, जुन उनीहरूले गरे। यसकारण मैले मेरो अनुहार
तिनीहरूबाट लुकाए।"

२५यसकारण परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ,
"अब म याकूबको परिवारमा सुदिन फर्काई ल्याउनेछु।
मैले पुरै इस्राएलको परिवारमाथि दया गरेकोछु। म
आफ्नो पवित्र नामको निम्ति म जोशिलो हुनेछु।
२६मानिसहरू आफ्नो लाज अनि मेरो विरुद्धमा सारा
समय भुल्नेछन्। उनीहरू आफ्नो देशमा सुरक्षित रहनेछन्।
कसैले पनि तिनीहरूलाई भयभीत पार्नेछैन्। २७म मेरो
मानिसहरूलाई अन्य देशहरूबाट ल्याउनेछु। तिनीहरूलाई
म शत्रुहरूको देशमा भेला पार्नेछु। त्यति बेला धेरै
राष्ट्रहरूले थाहा पाउनेछन् कि म कति पवित्र छु।
२८तिनीहरूले सम्झनेछन कि म परमप्रभु तिनीहरूको
परमेश्वर हुँ। किन? किनकि मैले तिनीहरूलाई घरबाट
निकाले अनि अरु देशहरूमा बन्दीको रुपमा पठाएँ।
त्यसपछि मैले तिनीहरूलाई एकै ठाँउमा भेला पारें अनि
तिनीहरूको आफ्नो देशमा फेरि लिएर आएँ। २९म
इस्राएलको घरानामाथि मेरो आत्मा खन्याउनेछु अनि
त्यसपछि, म फेरि आफ्ना मानिसहरूबाट टाढ़ा जानेछैन।"
परमप्रभु मेरा मालिकले यी सबै कुराहरू भन्नुभयो।

## नयाँ मन्दिर


४० हामीहरूलाई देश निकालाबास गरिएको पच्चीसौं
वर्षको आरम्भमा, दशौं महीनाको दशौं दिनमा,
परमप्रभुको शक्ति मकहाँ आयो। यो यरूशलेम
पक्राऊ परे पछिको चौधौं वर्षको दिन थियो। एक
दर्शनमा परमप्रभुले मलाई त्यहाँ लिएर जानु भयो।


२दर्शनमा परमेश्वरले मलाई इस्राएल लिएर जानु
भयो। उहाँले मलाई एउटा अति अल्गो पर्वतको छेउमा
झार्नु भयो। पर्वतमा एउटा भवन थियो, जुन शहरको
समान देखिन्थ्यो। ३परमप्रभुले मलाई त्यहाँ लिएर जानु
भयो। त्यहाँ एउटा मानिस थियो जो चम्काएको काँस
जस्तै चम्किरहेको देखिन्थ्यो। त्यस मानिसले एउटा लुगा
नाप्ने फिता अनि एउटा नाप्ने टाँगो आफ्नो हातमा
लिएको थियो, त्यो मूल-ढोकामा उभिएको थियो।
४त्यस मानिसले मलाई भन्नुभन्यो! "हे मानिसको छोरो,
आफ्नो आँखा अनि कानको उपयोग गर। यी चीजहरूप्रति
ध्यान देऊ अनि मेरो भनाई सुन। जुन म तिमीलाई
देखाउँछु, त्यसमा ध्यान देऊ। किन? किनकि तिमीलाई
यहाँ ल्याएको हो, यसकारण म तिमीलाई यी चीजहरू
देखाउँनु सक्छु। तिमीले इस्राएलको परिवारलाई त्यो सबै
बताउँनु जुन तिमीले यहाँ देख्दैछौ।"

५मैले एउटा पर्खाल देखें जसले मन्दिर चारैतिरबाट
घेरेको थियो। त्यो मानिसको हातमा चीजहरू नाप्ने
एउटा टाँगो थियो। त्यो टाँगो छ: हातको लामो थियो।
प्रत्येक हात एक हात र चार औंला लम्बाई थियो।
यसकारण त्यस मानिसले पर्खालको चौड़ाई मोटो नाप्यो।
त्यो एक हात चौड़ाईको थियो। त्यस मानिसले पर्खालको
उचाई नाप्यो। यो एक टाँगो अग्लो थियो।

६त्यसपछि त्यो मानिस पूर्वी द्वारपट्टि गयो। त्यो
मानिस त्यसको खुड़किलोमाथि चढ़्यो अनि मूल-ढोकाको
संघार नाप्यो। त्यो एक टाँगो बराबर चौड़ाको थियो।
७रक्षकको कोठा एक टाँगो लामो अनि एक टाँगो
चौड़ाई थियो। कोठाको बीचको पर्खालको मोटाई पाँच
हात थियो। मन्दिरतिर फर्काएको दलानको ढोकाको
सँधार एक टाँगो लामो थियो। ८तब त्यस मानिसले
मन्दिरसँगको मूल-ढोकाको प्रशेव कक्ष नाप्यो जुन यो
एक टाँगो चौड़ाको थियो। ९यो आठ हात लामो
थियो। तब त्यस मानिसले मूल-ढोकाको दलान नाप्यो।
त्यो आठ हात थियो। त्यस मानिसले मूल-ढोकाको
द्वारको स्तम्भहरू नाप्यो। हरेक द्वार स्तम्भ दुइ हात
चौड़ाईको थियो। दलानको दैलो भित्रपट्टि थियो।
१०मूल-ढोकाको प्रत्येक भित्तामा तीन-तीनवटा सानो-सानो
कोठाहरू थिए। उसले प्रत्येक कोठा नाप्यो। ती
कोठाहरू र दुवैतिरका स्तम्भहरू एकै नापका थिए।
११त्यस मानिसले मूल-ढोकाको दैलोको चौड़ाइ नाप्यो।
यो दश हात चौड़ा अनि तेह्र हात लामो थियो।
१२प्रत्येक कोठाको छेउमा एउटा पर्खाल थियो, कोठा
वर्गाकार थियो अनि प्रत्येक भित्ताको चौड़ा छ: हात
थियो।१३त्यस मानिसले मूल-ढोकाको एउटा कोठाको
छानाबाट अर्को कोठाको छाना सम्म नाप्यो। त्यो एउटा

# इजकिएल द्वारा वर्णित मन्दिरको पुनर्निर्माण




बाहरी चोकको पूर्वी द्वार

Copyright © 2006 by World Bible Translation Center

ढोकाबाट आर्को ढोका सम्म पच्चीस हात लामो थियो।
१४त्यस मानिसले प्रवेश द्वार पनि नाप्यो। यो बीस हात
चौड़ाको थियो। प्रवेश द्वारको चारैतिर चोक थियो।
१५प्रवेश द्वारको मूल-ढोका पुरै बाहिरपट्टि देखि मूल-
ढोकाको भित्र सम्म नाप्दा पचास हात थियो। १६रक्षाको
कोठाहरूको सबै भागमा भित्र अनि चोकमा स-साना
झ्यालहरूथिए। झ्यालहरूको चौड़ा भागहरू द्वारा तिर
पर्केको थियो। ढोकाको प्रत्येक द्वार स्तम्भम खजूरका
बोटहरू खोपिएका थिए।

## बाहिरी चोक

१७तब त्यो मानिसले मलाई बाहिरी चोकमा ल्यायो।
पक्का बाटोको छेउमा तीसवटा कोठाहरू थिए। मैले
कोठाहरू अनि ढुङ्गा छापिएकोबाटो देखें। १८पक्का
बाटो ढोकाहरूको छेउबाट गएको थियो। पक्का बाटो
त्यति नै फराकिलो ढोकाहरू जस्तै थियो। यो तल्लो
पक्का बाटो थियो। १९त्यसपछि त्यो मानिसले तलको
मूल-ढोकाको छेउको भित्रपट्टिबाट लिएर चोकको पर्खाल
छेउको भित्री पट्टि सम्म नाप्यो। त्यो एक सय हात पूर्व
अनि उत्तरमा थियो।

२०तब त्यस मानिसले उत्तर द्वारको लम्बाई अनि
चौड़ाई नाप्यो। त्यो बाहिर चोकको चारैतिरको भित्तामा
थियो। २१यसको हरेक पट्टि तीन-तीन वटा कोठा
थियो। यसको द्वार स्तम्भ अनि दलानको नाप एकै
थियो, जुन पहिला मूल-ढोकाको थियो। मूल-ढोका
पचास हात लामो अनि पच्चीस हात चौड़ा थियो।
२२यसको झ्यालहरू यसको दलान अनि यसको
खजूरको बोटहरूले सिँगारेका चित्रका नापहरू त्यही
थियो जुन पूर्व पट्टिको मूल-ढोकामा थियो। मूल-ढोका
सम्म सातवटा खुट्किला थिए। मूल-ढोकाको दलान
भित्र थियो। २३भित्री चोकमा उत्तरको मूल-ढोका सम्म
पुग्ने एउटा मूल-ढोका थियो। यो पूर्वको मूल-ढोका
बराबर थियो। त्यस मानिसले एउटा मूल-ढोकाबाट
अर्को मूल-ढोका सम्म नाप्यो। यो एउटा मूल-ढोकादेखि
अर्को मूल-ढोका सम्म सय हात थियो।

२४तब त्यो मानिसले मलाई दक्षिण पर्खालतिर लिएर
गयो। मैले दक्षिणमा एउटा ढोका देखें। त्यस मानिसले
छेवैको पर्खालहरू अनि दलान नाप्यो। त्यो नाप त्यति नै
थियो जति अरु मूल-ढोकाहरूको थियो। २५यसको
चारैतिर अरु मूल-ढोकाहरूको जस्तै झ्यालहरू थिए।
मूल द्वारको नाप पचास हात लामो अनि पच्चीस हात
चौड़ा थियो। २६सातवटा खुट्किलाले यो मूल-ढोका
सम्म पुऱ्याउँथ्यो। यसको दलान भित्र थियो। हरेक पट्टि
एक-एकवटा द्वारस्तम्भमा खजूरको नक्शा थियो। २७भित्र
चोकमा दक्षिणपट्टि एउटा मूल-ढोका थियो। त्यस
मानिसले दक्षिण पट्टिको एउटा मूल-ढोकाबाट अर्को
मूल-ढोका सम्म नाप्यो। यो एक सय हातको थियो।

## भित्री चोक

२८त्यसपछि त्यो मानिसले मलाई दक्षिण मूल-ढोकाबाट
भित्री चोकमा लिएर गयो। दक्षिणको मूल-ढोकाको नाप
त्यति नै थियो जति अरु मूल-ढोकाहरूको थियो।
२९कोठाका छेउको पर्खालहरू अनि दलानको नाप
बराबर थियो जति अरु मूल-ढोकाहरूको थियो।
झ्यालहरू, मूल-ढोका अनि दलानको चारैपट्टि थियो।
मूल-ढोकाकोहरू नाप पचास हात लामो अनि पच्चीस
हात चौड़ा थियो। ३०त्यसको चारैतिर त्यहाँ एउटा प्रवेश
कोठा थियो। दलानहरू पच्चीस हात लामो अनि पाँच
हात चौड़ाको थियो। ३१प्रवेश कोठा बाहिर पट्टिको
आँगन तिर थिए। यसको द्वार-स्तम्भहरूमाथि खजूरका
बोटहरूका चित्र खोपिएको थियो। त्यहाँ जानलाई
आठवटा खुड्किला थिए।

३२त्यो मानिसले मलाई पूर्व पट्टिबाट भित्री चोकमा
ल्यायो। उसले मूल-ढोका नाप्यो। त्यस मूल-ढोकाको
नाप त्यही थियो। जुन अरु मूल-ढोकाको थियो।
३३पूर्वी द्वारको कोठाहरू, द्वार-स्तम्भहरू अनि दलानको
नाप त्यही थियो जुन अरु मूल-ढोकाको थियो मूल-ढोका
अनि दलानको चारैतिर झ्यालहरू थिए। पूर्वी मूल-ढोका
पचास हात लामो अनि पच्चीस हात चौड़ा थियो।
३४त्यसको प्रवेश कोठा बाहिरको आँगनतिर थिए।
प्रत्येक स्तम्भमा खजूरको बोटको चित्रहरू खोपिएको
थिए। यसको सिँढ़ीमा आठवटा खुड्किला थिए।

३५त्यसपछि त्यो मानिसले मलाई उत्तरी द्वारमा ल्यायो।
उसले त्यो नाप्यो। त्यसको नाप त्यही थियो जुन अरु
मूल-ढोकाहरूको थियो अर्थात, ३६यसको कोठाहरू,
द्वार-स्तम्भहरू अनि दलान त्यस्तै थिए। मूल-ढोकाको
चारैतिर झ्यालहरू थिए। यो पचास हात लामो अनि
पच्चीस हात चौड़ाको थियो। ३७बाहिरको आगनतिर
दलान थियो। प्रत्येक भित्तामाथि खजूरको बोटको
चित्रहरू थिए अनि यसको सिँढ़ीमा आठवटा खुड्किला
थिए।

## बलिदान तयार गर्ने कोठाहरू

३८एउटा कोठा थियो जसको ढोका मूल-ढोकाको
प्रवेश कक्षको छेउमा थियो। यो त्यहाँ थियो जहाँ
पूजाहारीले होमबलिको निम्ति पशुहरूलाई नुहाई दिन्थे।
३९मूल-ढोकाको प्रवेश द्वारको दुवै पट्टि दुइ-दुइवटा
टेबल थियो। पापका निम्ति होमबलि, दोषबलि अनि
पापबलि अपराधका निम्ति भेटिको पशुहरू त्यही टेबलमाथि
मारिन्थ्यो। ४०दलानको बाहिर जहाँ उत्तरी मूल-ढोका
खोलिन्छ, त्यहाँ दुइवटा टेबल थियो अनि मूल-ढोकाको
प्रवेश कक्षको अर्को तिर दुइवटा टेबल थियो।
४१मूल-ढोकाभित्र चारवटा टेबल थियो। चारवटा टेबल
मूल-ढोकाको बाहिर थियो। सबै मिलाएर आठवटा
टेबल थियो। पूजारीहरूले यी टेबलहरूमा बलिका

निम्ति पशुहरू मार्थे। ४२होमबलिका निम्ति काटिएको ढुङ्गाको चारबटा टेबल थिए। यी टेबलहरू डेढ़ हात लामो, डेढ़ हात चौड़ा अनि एक हात अल्गो थियो। पूजाहारीले होमबलि अनि बलिदानका निम्ति जुन पशुहरू मार्थे, उसले मार्ने हतियारहरू त्यो टेबलमा राख्थे। ४३चार औंला चौड़ा भएको बीट पुरै टेबलमा लगाएको थियो। भेटिका निम्ति मासु टेबलमाथि राखिन्थ्यो।

### पूजाहारीहरूको कोठाहरू

४४भित्री चोकको मूल-ढोकाको बाहिर दुइवटा कोठाहरू थिए। एउटा उत्तरी मूल-ढोकासँग थियो। यसको दलान दक्षिणपट्टि थियो। अर्को कोठा दक्षिण मूल-ढोका पट्टि थियो। यसको दलान उत्तरपट्टि थियो। ४५त्यस मानिसले मलाई भन्यो, “त्यो कोठा, जसको दलान दक्षिणपट्टि छ, यो त्यहाँ काम गरिरहेका अनि मन्दिरको सेवा गरिरहेका पूजाहारीहरूको लागि हो। ४६तर त्यो कोठा जसको दलान उत्तरपट्टि छ, त्यो त्यहाँ काम गरिरहेका पूजाहारीहरूका निम्ति हो जो आफ्नो काममा छन् अनि वेदीको सेवा गर्नेहरूका निम्ति हो। यी सबै पूजाहारीहरू सादोकका सन्तानहरू हुन्। सादोकको वंशज नै लेवी कुलका एक मात्र मानिस हो, जो परमप्रभुको सेवा आफैसित बलि ल्याएर गर्न सक्छ।”

४७त्यस मानिसले चोक नाप्यो। चोक पूर्ण वर्गाकारको थियो। त्यो एक सय हात लामो अनि एक सय हात चौड़ाको थियो। वेदी मन्दिरको छेउमा थियो।

### मन्दिरको दलान

४८त्यो मानिसले मलाई मन्दिरको दलानमा लिएर गयो अनि त्यसको हरेक द्वार-स्तम्भ नाप्यो। यहाँ प्रत्येक पट्टि पाँच हात थियो। मूल-ढोका चौध हात चौड़ाईको थियो। मूल-ढोका छेउको पर्खाल तीन हात प्रत्येक पट्टि थियो। ४९दलान बीस हात लामो अनि बाह्र हात चौड़ाको थियो। दलान सम्म दश खुड्किलाहरू थिए। द्वार-स्तम्भको सहायताको लागि दुवैतिर स्तम्भ थियो।

### मन्दिरको पवित्र स्थान

**४१** त्यो मानिसले मलाई मन्दिरको बाहिरी पवित्र स्थानमा ल्यायो। उसले यसको प्रत्येक स्तम्भ नाप्यो। त्यो सबैतिर छ: हात मोटो थियो। २प्रवेश-द्वारको दश हात चौड़ा थियो। त्यसको बाहिरी छेउ चारैतिर पाँच हात थियो। त्यस मानिसले बाहिरी पवित्र स्थान नाप्यो। यो चालिस हात लामो अनि बीस हात चौड़ा थियो।

### मन्दिरको महापवित्र स्थान

३तब त्यो मानिस भित्र गयो अनि प्रत्येक द्वार स्तम्भ नाप्यो। प्रत्येक द्वार स्तम्भ दुइ हात बाक्लो थियो। प्रवेशद्वारको छ: हात चौड़ा थियो। प्रवेशद्वारको प्रत्येक पट्टिको पर्खाल सात हात फराकिलो थियो। ४त्यसपछि त्यो मानिसले कोठाको लम्बाई नाप्यो। त्यो बीस हात लामो अनि बीस हात चौड़ा थियो। त्यस मानिसले मलाई भन्यो, “यो चाहिँ महापवित्र स्थान हो।”

### मन्दिरका चारैतिर अरू कोठाहरू

५त्यसपछि त्यो मानिसले मन्दिरको पर्खाल नाप्यो। यो छ: हात बाक्लो थियो। छेउको कोठा चार हात चौड़ा मन्दिरको चारै तिर थियो। ६छेउको कोठामा तीनवटा विभिन्न तला थियो। त्यो एक अर्कोमाथि थियो। हरेक तलाहरूमा तीस कोठा थियो। छेउको कोठा चारैतिरको पर्खालमा अड़िएको थियो। यसकारण मन्दिरको पर्खाल स्वंय कोठाहरूमा अड़ाएको थिएन। ७मन्दिरको चारैतिरको जोड़िएको कोठाहरू, तल्लो तला भन्दा ज्यादा फराकिलो थियो। यस्तो हुनुको करण तल्लो तलाको भन्दा मन्दिरको अन्य प्रत्येक तला सानो थियो। त्यसैले अघिल्लो कोठाहरूको सतह तल्लो कोठाहरूको भन्दा फराकिलो थियो। सब भन्दा तल्लो तलामा जाने सिँढ़ी बीचको तलाबाट गएको थियो।

८मैले यो पनि देखेँ कि मन्दिरको चारैतिर जगहरू बसालिएका थिए। छेउको कोठाहरूको जग पुरा एक टाँगो अर्थात् छ: हात लामो थियो। ९छेउको कोठाको बाहिरी पर्खाल पाँच हात बाक्लो थियो। त्यहाँ मन्दिरको छेउको कोठाहरूको बीचमा एउटा खुल्ला क्षेत्र थियो। १०अनि पूजाहारीको कोठाहरूको बीच खुला क्षेत्र बीस हात मन्दिरको चारै तिर थियो। ११छेउको कोठाहरूको दैलो आधार उठाएको आधारमा खोलिन्थ्यो एउटा दैलो उत्तर पट्टि फर्केको थियो अनि अर्को दक्षिणपट्टि फर्केको थियो। उठाएका आधारमाथि सबै छेउहरू पाँच हात चौड़ा थियो।

१२पश्चिम पट्टिको भवनको चोकको छेउको मन्दिरको चौड़ा सत्तरी हात थियो। भवनको भिताको चारैतिर पाँच हात बाक्लो थियो। त्यसको लम्बाइचाहिं नब्बे हात थियो। १३त्यसपछि त्यो मानिसले मन्दिर नाप्यो। मन्दिर एक सय हात लामो थियो। भवन अनि यसको भितासँगको चोक पनि एक सय हात लामो थियो। १४मन्दिरको पूर्व अनि चोकहरूको चौड़ा सय हात थियो।

१५-१६त्यस मानिसले त्यो भवनको लम्बाई नाप्यो जसको चोक मन्दिरको पछि फर्केको थियो तथा जसको भिताहरू दुवैपट्टि थियो। यो एक सय हात लामो थिए।

महापवित्र स्थानको भित्री कोठा अनि चोकको दलानको कोठा काठले ढाकिएको थियो। सबै झ्यालहरू अनि ठोकाहरू वरिपरि काठले मोहोरिएको थियो। ढोकाबाट मन्दिरको काठको फल्याक भूइँदेखि झ्यालहरू

सम्म थियो। भित्ताको भाग देखि १७ढोकामाथि सम्म
थिए।

भित्री कोठादेखि बाहिरसम्म काठमा चौखट लगाएको
थियो। मन्दिरकोबाटोको भित्री कोठा तथा बाहिरी
कोठामा करूब स्वर्गदूत र खजूरको चित्र खोपिएको
थियो। १८दूईटा करूब स्वर्गदूतको बीचमा एउटा
खजूरको बोट थियो। प्रत्येक करूब स्वर्गदूतको दुइवटा
चेहेरा थिए। १९दुइवटा मध्ये एउटा खजूरको बोट तिर
हेरिरहेको अनुहार मानिसहरूको जस्तो थियो। अर्को
चाँहि खजूरको बोटलाई हेरिरहेको अनुहार सिंहको
जस्तो थियो। मन्दिरको चारैतिर सबै यस्तै खोपिएको
थियो। २०बीचको कोठाको पवित्र स्थानको सबै भित्तामा
करूब स्वर्गदूतहरू तथा खजूरको बोटको चित्र खोपिएको
थियो।

२१पवित्र स्थानको द्वार-स्तम्भ वर्गाकार थियो।
महापवित्र स्थानको अघाड़ी पट्टि केही चीज थियो।
२२त्यो वेदी जस्तो काठले बनाएको थियो। यो तीन हात
अल्गो अनि दुइ हात लामो थियो। यसको कुनाहरू,
त्यसका आधार अनि पाटाहरू काठको थिए। त्यस
मानिसले मलाई भन्यो, "यो चाहिँ परमप्रभुको सामुन्ने
राखिएको टेबल हो।"

२३बाहिर पवित्र स्थान अनि महापवित्र स्थानको
दुइपाटे द्वार थियो। २४एउटा द्वार दुइवटा सानो सानो
ढोकाले बनिएको थियो। प्रत्येक द्वार साँच्चै हल्लिएको
द्वार जस्तै थियो। २५बाहिरी पवित्र स्थानका ढोकामा
करूब स्वर्गदूतहरू अनि खजूरको बोटको चित्र खोपेको
थियो। त्यो त्यस्तै थियो जस्तो भित्तामा खोपिएको
थियो। बाहिरको दलानको बाहिरी भागमा कोठाको
चित्र थियो। २६अनि दलानको दुवैपट्टि झ्यालहरूको
भित्तामा दलानको माथिल्लो छतमा तथा मन्दिरको चारैतिरको
कोठामा खजूरको बोटको चित्र थियो।

## पूजाहारीहरूको कोठा

४२ तब त्यो मानिसले मलाई बाहिरी चोकमा
लिएर गयो जो उत्तरतिर फर्केको थियो।
उसले ती कोठाहरूमा लिएर गयो जुन भवनको चोकको
पारिपट्टि थियो। २भवनको १०० हात लामो अनि ५०
हात चौड़ा थियो। मानिसहरू यसको उत्तर पट्टिको
आंगनबाट प्रवेश गर्थे। ३भवन तीन तला अग्लो अनि
बरण्डाहरू थिए। भवन अनि मन्दिरको बीचमा भित्री
आँगन २० हात लामो थियो। अर्कोपट्टि कोठा बाहिर
चोकको ढुङ्गा ओछ्याएको पिड़ीतिर फर्केका थियो।
४त्यस कोठाको अर्को तिर एउटा लामो भित्री बाटो
थियो। त्यो भित्र पुग्थ्यो। यो दश हात चौड़ा, एक सय
हात लामो थियो। यो भवनको उत्तर पट्टि थियो।
५माथिको कोठा अत्यन्तै साँघुरो थियो किनकि बरण्डाले
बीच अनि तल्लो तलाको भन्दा बेंशीठाँउ ओगटेको
थियो। ६कोठा तीन तलामाथि थियो। बाहिरी चोकको
जस्तै त्यसको स्तम्भ थिएन। यसकारण माथिल्लो कोठा
बीचको कोठा अनि तल्लो तलाको कोठाहरू भन्दा
ज्यादा पछाड़ी थियो। ७त्यहाँ बाहिर एउटा भित्ता थियो।
त्यो कोठाहरूको सामान्तरमा थियो। यो बाहिरी चोक
सम्म जान्थ्यो। यो कोठाहरूको छेउ-छेउमा थियो। यो
पचास हात बढ़ेको थियो। ८बाहिरी चोकपट्टि फर्केको
कोठाहरू पचास हात लामो अनि मन्दिर तिर फर्केका
कोठाहरू एक सय हात लामो थिए। ९यो कोठाहरूको
बीचमा प्रवेशद्वार थियो। जुन बाहिरी चोकबाट पूर्व सम्म
जान्थ्यो। १०बाहिरी भित्ताको आरम्भमा दक्षिणपट्टि भवनको
चोकको छेउ अनि भवनको भित्ताको बाहिर कोठाहरू
थिए।

११यी कोठाहरूको छेउमा एउटा ठूलो द्वार थियो।
त्यो उत्तर कोठाहरूको छेउमा थियो। दक्षिणको द्वारको
लमाई चौड़ाइमा त्यति नै नापको थियो जति उत्तरको
थियो। दक्षिणको नाप द्वार, रुपाकृत्ति अनि प्रवेश द्वारको
दृष्टिबाट उत्तरका द्वारहरूको बराबर थियो। १२दक्षिणी
कोठाहरूको तल एउटा द्वार थियो यो लामो भित्रीबाटो
सम्म पुग्थ्यो। दक्षिणको कोठाको पारी एउटा छुट्याउने
पर्खाल थियो।

१३त्यस मानिसले मलाई भन्यो, "चोकको पारिपट्टि
दक्षिणको कोठाहरू अनि उत्तरको कोठाहरू पवित्र
कोठाहरू हुन। ती पूजाहारीहरूले यी कोठाहरूमा अति
पवित्र भोजन खाए। तिनीहरूले महापवित्र भेंटी त्यहाँ
खाए। किनकि यो स्थान पवित्र हो। महापवित्र भेटीहरू
यी हुनः अन्नबलि, पापबलि र दोषबलि। १४पूजाहारी
पवित्र स्थानमा प्रवेश गर्छन। तर बाहिर चोकमा जानु
भन्दा पहिला उ आफ्नो वस्त्र पवित्र स्थानमा राख्छ।
किन? किनकि यो वस्त्र पवित्र छ। यदि पूजाहारीले
चाह्यो भने उ त्यो मन्दिरको त्यस ठाँउमा जान सक्छ
जहाँ अरुहरू बस्छन्। त्यसैले तिनीहरू त्यो कोठामा
जानु पर्छ अनि अरु लुगा लगाउनुपर्छ।"

## आंगनको बाहिरी भाग

१५त्यो मानिसले जब मन्दिर भित्रको क्षेत्रको नाप
लिई सकेको थियो, त्यति बेला त्यो मूल-ढोकाबाट
मलाई बाहिर ल्यायो जुन पूर्वपट्टि थियो। उसले बाहिर
चारैतिर नाप्यो। १६त्यस मानिसले टाँगोले पूर्वपट्टि
नाप्यो। यो पाँच सय हात लामो थियो। १७त्यसले
उत्तरपट्टि नाप्यो। त्यो पाँचसय हात लामो थियो। १८उसले
दक्षिणपट्टि नाप्यो। त्यो पाँच सय हात लामो थियो।
१९त्यो पश्चिम पट्टि गयो अनि त्यहाँ नाप्यो। त्यो पाँच
सय हात लामो थियो। २०उसले मन्दिरको चारै पट्टि
नाप्यो। त्यो भित्ता चारैतिर गएको थियो। भित्ता पाँच सय
हात लामो अनि पाँच सय हात चौड़ाको थियो। यसले
पवित्र क्षेत्रलाई अपवित्र क्षेत्रबाट अलग राखेको थियो।

### परमप्रभु उहाँका मानिसहरू बीचमा बस्नु हुन्छ

**४३** त्यो मानिसले मलाई मूल-ढोका सम्म लिएर
गयो जुन मूल-ढोका सम्म पूर्व पट्टि खुल्ला
थियो। २त्यहाँ पूर्वबाट परमप्रभु इस्राएलको परमेश्वरको
महिमा तल आयो। परमेश्वरको आवाज समुद्रको गर्जन
बराबर उच्च थियो। परमेश्वरको महिमाबाट भूमि
उज्जवल भयो। ३दर्शन त्यस्तै थियो जब उहाँ शहर
ध्वंश पार्न आउँदा मैले देखेको थिएँ। दर्शन त्यही थियो
जुन मैले कबार नदीको किनारमा देखको थिएँ। मैले
मेरो शिर भूइँतिर निहुराएर लम्पसार भएँ। ४परमप्रभुको
महिमा मन्दिरमा मूल-ढोकाबाट आयो जुन पूर्वमा खोलिएको
थियो।

५त्यसपछि आत्माले मलाईमाथि उठायो अनि भित्री
चोकमा लिएर गयो। परमप्रभुको महिमाले मन्दिर भरियो।
६मैले मन्दिरभित्र कोही बोल्दै गरेको सुनें। मानिस मेरो
छेउमा उभिरहेको थियो। ७मन्दिरमा एउटा आवाजले
मलाई भन्यो, "हे मानिसको छोरो! यो ठाँउ मेरो
सिंहासनको ठाउँ मेरो पैतालाको लागि हो, म यस
ठाँउमा इस्राएलका मानिसहरूसित सदा-सर्वदा रहनेछु।
इस्राएलका सन्तानले मेरो नाम फेरि नष्ट गर्ने छैनन्।
राजाहरू अनि तिनीहरूका मानिसहरूले व्यभिचार पापहरू
गरेर अथवा तिनीहरूको राजाहरूको मृत शरीरहरू यस
ठाउँमा गाड़ेर मेरो नामलाई बदनाम गर्नेछैन। ८तिनीहरूले
मेरो नाम आफ्नो सँघार मेरो सँघारसित बनाएर तथा
आफ्नो द्वारस्तम्भ मेरो द्वारस्तम्भसँग बनाएर लज्जित
पार्नेछैनन। बितेका दिनहरूमा एउटा भित्ताले मात्र मलाई
तिनीहरूबाट अलग गरेको थियो। यसकारण तिनीहरूले
जति-जति बेला पाप अनि ती डरलाग्दा कामहरू गरे
त्यस बेला मेरो नाम बदनाम गरे। यसकारण म क्रोधित
भएँ अनि तिनीहरूलाई नष्ट गरे। ९अब तिनीहरूलाई
व्यभिचार पापहरू टाढ़ो हटाउन देऊ अनि आफ्नो
राजाहरूको लाश मबाट टाढ़ा लानु देऊ। तब म
तिनीहरू बीच सदैव रहन्छु।

१०"अब हे मानिसको छोरो! इस्राएलका परिवारलाई
यस मन्दिरको विषयमा भन्। तब तिनीहरू आफ्नो
पापहरू प्रति लज्जित हुनेछन्। तिनीहरूले मन्दिरको
योजनाको बारेमा सिक्नेछन्।

११"यदि तिनीहरूले गरेको नराम्रो कर्महरूमा लज्जित
हुन्छन भने मन्दिरको ढाँचा विषयमा बुझाइदेऊ। त्यो
कसरी निमार्ण गरिन्छ यसको प्रवेशद्वारहरू कस्तो हुनेछ,
निस्कने द्वारहरू अनि सबै आकृतिहरू जो त्यसमा
हुनेछन् ती सबै तिनीहरूले सिकुन। तिनीहरूलाई यसको
सबै नमूनाहरू अनि विधिहरूको विषयमा सिकाऊ अनि
तिनीहरू लेखिदेऊ जसबाट ती सबै तिनीहरूले देख्न
सकुन्। त्यसपछि तिनीहरू मन्दिरको सबै नमूनाहरू अनि
सबै विधिहरू पालन गर्नेछन्। तब तिनीहरूले ती सबै
गर्न सक्छन्। १२मन्दिरको नियम यस्तो छ: पर्वतको
टाकुराका सारा क्षेत्र अति पवित्र हुनेछ। यो मन्दिरको
नियम हो।

### वेदी

१३"वेदीको नाप हात भन्दा लामो नाप प्रयोग गरेर
यस प्रकरको छ: वेदीको आधार वरिपरि त्यहाँ मैला
नाली थियो त्यो चारै तिर एक हात गहिरो अनि एक
हात चौड़ा थियो। यसको टाउकोमा चारैतिर एक बित्ता
अल्गो बीट थियो। यही प्रकारले वेदीको उचाईमा,
यस्तो थियो। १४तल्लो किनार सम्म जगको नाप दुइ
हात थियो। यो एक हात चौड़ा थियो। सानो किनारबाट
ठूलो किनार सम्म यसको नाप चार हात थियो। यो
एक हात चौड़ा थियो। १५वेदीमा आगोको स्थान चार
हात अग्लो थियो। वेदीको चारै किनार सीङ्गको आकारको
थियो। १६वेदीमा आगोको स्थान बाह हात लामो अनि
बाह्रा हात चौड़ाको थियो। यो पुरै वर्गाकार थियो।
१७किनार पनि वर्गाकार थियो, चौध हात लामो अनि
चौध हात चौड़ा। यसको किनार चारैपट्टि आधा हात
गहिरो थियो। वेदी सम्म जाने खुड़किला पूर्व दिशामा
थियो।"

१८त्यसपछि त्यो मानिसले मलाई भन्यो, "हे मानिसको
छोरो! परमप्रभु अनि मालिक यसो भन्नुहुन्छ: 'वेदीका
निम्ति यी नियमहरू छन। जुन दिन होमबलि दिइन्छ
यसमाथि रगत छर्किनु पर्नेछ। १९त्यस दिन तिमी
सादोकको परिवारको मानिसहरूलाई एउटा नयाँ बाछा
पापबलिको रुपमा दिनेछु। यो मानिस लेवी कुल
समूहको हो। तिनीहरू पूजाहारी हुनेछन्। तिनीहरूले
भेटी मानिसहरूकहाँ ल्याउँछन् अनि यस्तो प्रकारले मेरो
सेवा गर्छन।'" परमप्रभु मेरो मालिकले यसो भन्नुभयो।
२०"तिमीले बाछाको अलिकति रगत लिनु अनि वेदीको
चारै सीङ्गहरूमा, किनारको चारै कुनामा अनि पट्टीको
चारैतिर लगाँऊ। यस्तो प्रकारले तिमीले वेदीलाई पवित्र
पार्छौ। २१तिमीले बाछालाई पापबलिको रुपमा लिनेछौ।
गोरु पवित्र क्षेत्र बाहिर, मन्दिरको विशेष स्थानमा
पालिनेछ।

२२"अर्को दिन तिमीहरूले एउटा निष्खोट बोको
बलिदान दिनेछौ। यो पापबलि हुनेछ। पूजाहारीले वेदीलाई
त्यस्तै प्रकारले शुद्ध पार्नेछ जस्तो प्रकारले उसले
बाछालाई शुद्ध पार्‍यो। २३जब तिमीहरूले वेदीलाई शुद्ध
पारी सकेको हुन्छौ तब तिमीहरूले एउटा निष्खोट बाछा
अनि एउटा निष्खोट भेड़ाको पाठो बलिदान चढ़ाउनु
आवश्यक्ता पर्छ। २४त्यसपछि पूजाहारीले त्यसमा रगत
छर्किनेछ। त्यसपछि पूजाहारीले बाछा अनि थुमा परमप्रभुलाई
होमबलिको रुपमा बलि चढ़ाउनेछ। २५तब एउटा बोका
प्रति दिन सात दिन सम्म पापबलिका निम्ति तयार पार।
तिमीले एउटा नयाँ बहर अनि एउटा भेड़ा तयार पार्नेछौ।
बहर र बाछी निष्खोट हुनुपर्छ। २६पूजाहारीहरूले

वेदीको प्रायश्चित सात दिन सम्म गरेर यसलाई शुद्ध पार्दै सेवाकोलागि तयार राख्नु पर्छ। २७यसको सँग-सँगै सात दिन वेदी तयार पार्ने अनि यसलाई परमेश्वरलाई समर्पित गर्ने, पुरा हुन्छ। आठौं दिन अनि यसको अघाड़ी पूजाहारीले तिमीहरूका होमबलि अनि मेलबलि वेदीमा चढ़ाउन सक्छ। त्यसपछि म स्वीकार गर्छु।" परमप्रभु मेरो मालिकले यसो भन्नभयो।

## बाहिरी मूल-ढोका

४४ त्यसपछि त्यस मानिसले मलाई फेरि पवित्र स्थानको बाहिरी मूल-ढोका जहाँ दलानको मुख पूर्वपट्टि थियो लिएर गयो। हामी मूल-ढोका-बाहिर थियौ अनि बाहिरी मूल-ढोका बन्द थियो। २परमप्रभुले मलाई भन्नुभयो, "यो मूल-ढोका बन्द हुन्छ। यो खोलिने छैन्। कोही पनि यसबाट प्रवेश गर्न सक्ने छैन। किन? किनकि इस्राएलको परमप्रभु यसबाट प्रवेश गरिसक्नु भएकोछ। यसकारण यो बन्द हुनुपर्छ। ३मानिसहरूको शासक परमप्रभुसित भोजन गर्नेछन् यो द्वारमा बस्नेछन्। तिनी मूल-ढोकामा दलानको द्वारबाट प्रवेश गर्छन अनि त्यही बाटोबाट बाहिर जान्छन।"

## मन्दिरको पवित्रता

४त्यसपछि त्यो मानिसले मलाई उत्तरी द्वारबाट मन्दिरको छेउमा ल्यायो। मैले परमप्रभुको महिमाले परमप्रभुको मन्दिर भरिँदै गरेको देखें। मैले आफ्नो शिर पृथ्वीमा राख्दै प्रणाम गरे। ५परमप्रभुले मलाई भन्नुभयो, "हे मानिसको छोरो, धेरै सावधानीसित हेर। तिम्रो आँखा अनि कानको उपयोग गर। यी चीजहरू तिर हेर। म तिमीलाई मन्दिरको विषयमा सबै नियम र विधिहरू बताउँछु। सावधानी पूर्वक मन्दिरको प्रवेशद्वार अनि पवित्र स्थानबाट सबै निस्कनेद्वारहरू हेर। ६तब बागी इस्राएलका घरानालाई यो खबर देऊ उनीहरूलाई भन, परमप्रभु मेरो मालिक भन्नुहुन्छ, 'हे इस्राएलको घराना हो, मैले तिमीहरूले गरेका भयंकर कुराहरू आवश्यकता भन्दा ज्यादा सहें। ७तिमीहरूले विदेशीहरूलाई मेरो मन्दिरमा ल्यायौ, तिनीहरूको साँच्चै खतना भएको थिएन। तिनीहरू पूर्णरुपले मप्रति समर्पित थिएनन्। यस्तो प्रकारले तिनीहरूले मलाई अपवित्र पारेका थिए। तिमीले आफ्नो करार भङ्ग गर्‍यौ, भयंकर काम गर्‍यौ अनि त्यसपछि तिमीले मलाई रोटीको भेटी, बोसो अनि रगत चढ़ायौ। यसरी मेरो मन्दिरलाई अशुद्ध पार्‍यौ। ८तिमीले मेरा पवित्र चीजहरूको हेरचाह गरेनौ। अँहँ, तिमीहरूले विदेशीहरूलाई मेरो पवित्र स्थानको उत्तरदायी बनायौ।'"

९परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ, "एउटा विदेशी जसको खतना भएको छैन, मेरो मन्दिरमा आउँनु हुँदैन। ती विदेशीहरू पनि जो इस्राएलको परिवारहरू बीच स्थायी रूपले बसेका छन् तिनीहरूको पनि खतना अवश्य हुनुपर्छ अनि म प्रति पूर्ण समर्पित हुनुपर्छ, त्यस पश्चात उ मेरो मन्दिरमा आउनु पर्ने सक्छ। १०अतीतमा लेवीहरूले मलाई त्यस बेला छोड़िदिए जतिबेला इस्राएलीहरू मेरो विरुद्धमा गएका थिए। इस्राएलले मलाई आफ्नो मूर्तिहरू अनुसरण गर्नको लागि छोड़िदियो। लेवीहरू आफ्नो पापको निम्ति दण्डित हुनेछन्। ११लेवीहरू मेरो पवित्र स्थानको सेवा गर्नका निम्ति छानिएका थिए। तिनीहरूले मन्दिरको मूल-ढोकाको चौकीदारी गरे। तिनीहरूले मन्दिरको सेवा गरे। तिनीहरूले बलिहरू तथा होमबलिहरूको पशुहरू मानिसहरूका निम्ति मारे। तिनीहरू मानिसहरूको सहायता गर्न अनि तिनीहरूको सेवाका निम्ति छानिएका थिए। १२तर लेवीहरू मेरो विरुद्ध पाप गर्न मानिसहरूलाई सहायता गरे। तिनीहरूले मानिसहरूलाई आफ्नो मूर्तिहरू पूजा गर्न लगाए। यसकारण म तिनीहरू विरुद्ध प्रतिज्ञा गर्दैछु, 'तिनीहरू आफ्नो पापका निम्ति दण्डदायी हुनेछन्।'" परमप्रभु मेरा मालिकले यो कुराहरू गर्नुभयो।

१३"यसकारण लेवीहरूले बलिहरू मकहाँ पूजाहारीहरूले जस्तो ल्याउदैनन्। तिनीहरू मेरो कुनै पवित्र चीजसँग अथवा महापवित्र वस्तुको छेउमा जाँदैनन्। तिनीहरूले तिनीहरूको लाज बोक्नु पर्छ किनभने तिनीहरूले डरलाग्दा कामहरू गरेकाछन्। १४तर म तिनीहरूलाई मन्दिर हेरचाह गर्ने काम दिनेछु। तिनीहरूले मन्दिरको काम गर्नेछन् अनि ती सबै काम गर्नेछन् जुन यहाँ गरिन्छ।

१५"सबै पूजाहारीहरू लेवी कुल समूहका हुन्। तर जब इस्राएलका मानिसहरू मेरो विरुद्धमा फर्के त्यतिबेला केवल सादोक परिवारका पूजाहारीहरूले मात्र मेरो पवित्र ठाँउको हेरचाह गरे। यसकारण सादोकको परिवारले मलाई भेटी ल्याउने छ। तिनीहरू मेरो अघाड़ी उभिनेछन् अनि आफ्नो बलि चढ़ाएको पशुहरूको बोसो अनि रगत मलाई भेटी चढ़ाउनेछन्।" परमप्रभु मेरो मालिकले यसो भन्नुभयो। १६"तिनीहरू मेरो पवित्रस्थानमा प्रवेश गर्नेछन्। तिनीहरू मेरो टेबलको छेउमा मेरो सेवा गर्न आउँनेछन्। तिनीहरूले ती चीजहरूको हेरचाह गर्नेछन् जुन मैले तिनीहरूलाई दिएँ। १७जब तिनीहरू भित्री चोकको मूल-ढोकामा प्रवेश गर्नेछन् त्यतिबेला तिनीहरूले बहुमूल्य लुगा लगाउनेछन्। जब तिनीहरू चोकको मूल-ढोकाभित्र मन्दिरको सेवा गर्छन, त्यस बेला तिनीहरूले ऊनीको लुगा लगाउँछन्। १८तिनीहरूले टाउकोमा सूतीको फेटा लगाउनेछन् अनि कम्मरमा सूतीको भित्री लुगा लाउनुपर्छ। तिनीहरूले त्यस्तो लुगा लगाउँदैनन् जसबाट पसिना आउँछ। १९तिनीहरूले मेरो सेवा गर्दा लगाएको लुगा बाहिरी चोकमा मानिसहरूको छेउमा जानु भन्दा पहिला खोल्छन्। त्यसपछि तिनीहरूले त्यो लुगा पवित्र कोठाहरूमा राख्छन्। तब तिनीहरूले अर्को लुगा लगाउँछन्।

यस्तो प्रकारले तिनीहरूले मानिसहरूलाई त्यो पवित्र लुगा छुन दिँदैनन्।

२०"ती पूजाहारीहरूले आफ्नो शिरको केश खौराउँने छैनन् न ता तिनीहरूले केश लामो हुन दिनेछन्। पूजाहारीहरूले आफ्नो शिरको केश छोट्याउँनु मात्र सक्छन्। २१कुनै पनि पूजाहारीले त्यस समय दाखरस पिउन सक्नैछैनन् जति बेला तिनीहरू भित्री चोकमा जान्छन्। २२पूजाहारीहरूले विधवा अथवा त्यागेकी स्त्रीसँग विवाह गर्न हुँदैन। तिनीहरूले इस्राएलको वंशका कन्याहरूसँग विवाह गर्न पर्छ, अथवा त्यस्तो विधवासँग विवाह गर्न सक्छन् जसको पति पूजाहारी थियो।

२३"पूजाहारीहरूले मेरा मानिसहरूलाई पवित्र चीजहरू अनि अपवित्र चीजहरूको अन्तरको विषय शिक्षा दिनु पर्छ। तिनीहरूले मेरा मानिसहरूलाई जुन शुद्ध अनि अशुद्ध छन, त्यसको जानकारी दिनुमा सहायता दिन्छन्। २४पूजाहारीहरू न्यायलायमा न्यायाधीश हुन्छन्। तिनीहरूले मानिसहरूसँग न्याय गर्दा मेरो नियमहरू अनुसरण गर्छन। तिनीहरू मेरो विशेष व्यवस्थाको समयमा मेरो नियम विधि-विधानहरू पालन गर्नेछन्। तिनीहरूले मेरो विशेष विश्रामको दिनको सम्मान गर्नेछन् अनि त्यसलाई पवित्र राख्नेछन्। २५तिनीहरू मानिसहरूको लाशहरूको छेउमा जानु हुदैन किनभने यसले तिनीहरूलाई अशुद्ध बनाउँछ। तर ती त्यस बेला आफूलाई अपवित्र गर्न सक्छन् यदि मर्ने मानिस बाबु-आमा, छोरा-छोरी, दाजू-भाइ अथवा अविवाहित दिदी-बहिनी हुन्छन। २६शुद्ध गरिए पछि पूजाहारीहरूले सात दिन सम्म प्रतिक्षा गर्नुपर्छ। २७त्यसपछि यो पवित्र स्थानमा आउँन सक्छन्। तर जुन दिन त्यो भित्री चोकको पवित्र स्थानमा सेवा गर्नु जान्छन् उसले पापबलि आफ्नो निम्ति चढ़ाउनु पर्छ।" परमप्रभु मेरो मालिकले यसो भन्नुभयो।

२८"लेवीहरूको आफ्नो जमीनको विषयमा: तिनीहरूको पैतृक सम्पत्ति म नै हुँ। इस्राएलमा लेवीका परिवारलाई कुनै पनि सम्पत्ति दिनुहुँदैन। म नै तिनीहरूको अधिकारी हुनेछु। २९तिनीहरूले अन्नबलि, पापबलि र दोषबलि खानका निम्ति पाउनेछन्। जे जति इस्राएलका मानिसहरूले परमप्रभुलाई दिन्छ्न, त्यो तिनीहरूको हुनेछ। ३०प्रत्येक तयारी फसलको प्रथम भाग पूजाहारीहरूका निम्ति हुनेछ। तिमीले आफ्नो मुछेको पिठोको प्रथम भाग पनि पूजाहारीहरूलाई दिनु। यसले तिमीहरूको घरानामा आशीर्वाद बर्षाउने छ। ३१पूजाहारीहरूले त्यो पंक्षी अथवा पशुहरूलाई खानु हुँदैन जसको स्वभाविक मृत्यु भएकोछ अथवा जंङ्गली पशुहरूद्वारा टुक्रा-टुक्रा पारिएको हो।

### पवित्र कामको उपयोगमा जमीन भागबन्डा

**४५** "जब तिमीहरू पैतृक सम्पत्तिकोलागि जमीन भाग गर्छौ, त्यस समय जमीनको एक टुक्रा छुटाऊ: त्यो परमप्रभुको पवित्र हिस्सा हुनेछ। त्यो जमीन २५,००० हात लामो, अनि १०,००० हात चौड़ाको होस्। त्यो जमीन पवित्र हुनेछ। २पाँच सय हात वर्गाकार क्षेत्र मन्दिरको निम्ति हुन्छ। मन्दिरको चारैतिर पचास हात चौड़ाको एउटा खुला क्षेत्र हुनेछ। ३त्यस अति पवित्र स्थानमा तिमीले २५,००० हात* लामो अनि १०,००० हात* चौड़ा नाप्नेछौ। मन्दिर यस क्षेत्रमा हुन्छ। मन्दिरको क्षेत्र महापवित्र स्थान हुनेछ।

४"यो पवित्र भागको भूमि मन्दिरको सेवक पूजाहारीहरूको लागि हुन्छ जहाँ तिनीहरू परमेश्वरको सामुने सेवा गर्न आउँछन्। त्यो जमीन पूजाहारीहरूको घर अनि मन्दिरको लागि हुन्छ। ५दोस्रो क्षेत्र २५,००० हात लामो अनि दश हात १०,००० चौड़ा ती लेवीहरूका निम्ति हुन्छ जो मन्दिरमा सेवा गर्छन्। यो जमीन पनि लेवीहरूको बस्ने शहरको निम्ति हुनेछ।

६"तिमीले शहरलाई ५,००० हात चौड़ा अनि २५,००० हात लामो क्षेत्र दिनु। यो पवित्र क्षेत्रको सहारा हुन्छ। यो इस्राएलको पुरै परिवारको निम्ति हुन्छ। ७पवित्र स्थानको दुवै छेउको एक हिस्सा अनि शहरको दुवैतिरबाट शासकले जमीन लिनेछ। यो पवित्र क्षेत्र अनि शहरको क्षेत्रको बीचमा हुन्छ। यो त्यही चौड़ाईको हुन्छ जुन चौड़ाई परिवार समूहरको भूमिको हुन्छ। यो लगातार पश्चिम सीमानाबाट पूर्वी सीमाना सम्म जानेछ। ८यो भूमि इस्राएलको शासकको सम्पत्ति हुन्छ। यस्तो प्रकारले शासकले मेरो मानिसहरूको भावी जीवन कष्टमय बनाउन आवश्यक पर्दैन। तर त्यो भूमि इस्राएलीहरूको निम्ति तिनीहरूको परिवार समूहलाई दिइन्छ।" ९परमप्रभु मेरा मालिकले यसो भन्नुहुन्छ, "इस्राएलको शासकहरू धेरै भए। निर्दयी हुनु, मानिसहरूबाट समान चोर्न छोड़। राम्रो बन अनि असल काम गर। हाम्रो मानिसहरूलाई घरदेखि बाहिर अनिच्छामा जान विवश नपार।" परमप्रभु मेरा मालिकले भन्नुभयो।

१०"मानिसहरूलाई ठग्नु बन्द गर। सही बाटो अनि नापहरूको उपयोग गर। ११एपा (सूखा चीजहरूको नाप) अनि बाथ (द्रवको नाप) एकै समान हुनु पर्छ। एक बाथ अनि एपा दुवै होमरको दशांश भाग बराबर हुनुपर्छ। त्यो नाप होमरमा आधारित हुन्छ। १२एक शेकेल बीस गेराको बराबर हुनुपर्छ। एक मीना साठी शेकेलको बराबर हुनुपर्छ। यो बीस शेकेल जम्मा, पच्चीस शेकेल जम्मा पन्ध्र शेकेल बराबर हुनुपर्छ। १३"यो विशेष भेट हो, जुन तिमीहरूले दिनु पर्छ:

एपाको छैटौं भाग गहुँको हरेक होमर छ: बुशल गँहु लागि एपाको छैटौं भाग जौको हरेक होमर

१४बाथको दशौं भाग भद्राक्षेको तेल हरेक कोर भद्राक्षेको तेलको लागि लेऊ। याद राख एक होमर

---

**२५,००० हात** करीब एघार किलोमीटर!

**१०,००० हात** करीब पाँच किलोमीटर!

बराबर दश बाथ हुन्छ अनि एक कोर बराबर दश बाथ हुन्छ!

१५दुइसय भेड़ाहरूबाट एउटा भेड़ा इस्राएलको असल पानी लगाएको खर्कबाट ल्याऊ। यो भेड़ा अन्नबलि, "होमबलि अनि मेलबलि मानिसहरूलाई प्रायश्चित गर्नको निम्ति प्रयोग गरिन्छ।" परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ।

१६"देशको हरेक मानिसले इस्राएलको शासकका निम्ति यो भेटी दिन्छ। १७तर शासकले विशेष पवित्र दिनमा आवश्यक चीज दिनुपर्छ। शासकलाई होमबलि, अन्नबलि अनि अर्घबलिको व्यवस्था उत्सवको दिन औंसीहरूको चाड़हरू, शबाथहरूका निम्ति अनि इस्राएलको परिवारको सबै विशेष उत्सवका निम्ति गर्नुपर्छ। शासकले सबै पापबलि, अन्नबालि, होमबलि, मेलबलि त्यसले इस्राएलको परिवारलाई पवित्र पार्नको निम्ति उपयोग गरिन्छ।"

१८परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नुभयो, "पहिलो महीनाको पहिलो दिनमा तिमीहरूले एउटा निष्खोट बहर लिनुपर्छ। तिमीले यो बहर उपयोग मन्दिरलाई शुद्ध पार्नको निम्ति गर्नु पर्छ। १९पूजाहारीले पाप बलिबाट केही रगत लिन्छ, यसलाई मन्दिरको द्वार-स्तम्भ, वेदीको चारै कुनाको किनार अनि भित्री चोकको मूल-ढोकाको स्तम्भमा लगाउँछ। २०तिमीले यही काम महीनाको सातौं दिनमा त्यो मानिसको निम्ति गर्नेछौ जसले अन्जानमा अथवा नजानी पाप गरेकोछ। यस्तो प्रकार तिमीले मन्दिरको निम्ति प्रायश्चित गर्नेछौ।

## निस्तार-चाड़को उत्सवको समयमा भेटी

२१"पहिलो महीनाको चौधौं दिनमा तिमीहरूले निस्तार चाड़ अवश्यै मनाउनु पर्छ। आखमिरी रोटीको उत्सव त्यस समयमा आरम्भ हुन्छ। त्यो उत्सव सात दिन सम्म लगातार चलिरहनेछ। २२त्यस समय शासकले एउटा गोरु आफ्नोलागि तथा इस्राएलको मानिसहरूको निम्ति भेटी दिन्छ। गोरु पापबलिको निम्ति हुन्छ। २३उत्सवको सात दिनको अवधिमा शासकले निष्खोट सातवटा गोरु, सातवटा भेड़ाबलि चढ़ाउँछ। यो परमप्रभुको निम्ति होमबलि हुन्छ। शासकले उत्सवको सात दिन प्रत्येक दिन एउटा बोका भेटी पापबलिको निम्ति चढ़ाउनु पर्छ। २४शासकले प्रत्येक एउटा गोरुसँग अनि प्रत्येक एउटा भेड़ासित एक एपा अन्न भेटी चढ़ाउनु पर्छ। शासकहरूले एक हीन* तेल हर एपा अन्नको लागि दिनुपर्छ। २५शासकले यही कार्य झुप्रो-वासको चाड़ सात दिन सम्म गर्नुपर्छ। यो उत्सव सातौ महीनाको पन्ध्रौं दिनमा आरम्भ हुन्छ। यसमा पापबलि, होमबलि, अन्नबलिहरू अनि तेल बलि हुनेछ।"

## शासक अनि उत्सवहरू

४६ परमप्रभु मेरो मालिकले यसो भन्नुहुन्छ, "भित्री चोकको पूर्वी मूल-ढोका कामको छ: दिन सम्म बन्द हुन्छ। तर यो शबाथको दिन र औंसीको दिन खोलिनेछ। २शासक मूल-ढोकाको प्रवेश कक्षबाट भित्र आउँछ अनि त्यस स्तम्भको छेउमा उभिनु पर्छ। तब पूजाहारीहरूले शासकको होमबलि अनि मेलबलि चढ़ाउँछन्। शासकले मूल-ढोकाको सँघारमा आराधना गर्नुपर्छ। त्यसपछि उ बाहिर जानेछ। तर मूल-ढोका साँझ सम्म बन्द हुँदैन। ३देशका मानिसहरू पनि परमप्रभुको सम्मुख जहाँ मूल-ढोका शबाथको दिन अनि औंसीको दिन खोलिन्छ, त्यहीँ आराधना गर्छन।

४"शासकले शबाथ दिन होमबलि चढ़ाउनु पर्छ। उसले निष्खोट छ:वटा थुमा अनि निष्खोट एउटा भेड़ा दिनुपर्छ। ५उसले एक एपा अन्नबलि भेड़ासँग दिनु पर्छ। शासकले त्यति नै अन्नबलि भेड़ासँग दिन्छ, जति उसले दिन चाहन्छ। उसले एक हीन भद्राक्षको तेल हरेक एपा अन्नसित दिनुपर्छ।

६"औंसीको दिन उसले जवान निष्खोट एउटा गोरु भेटीका निम्ति दिनुपर्छ। उसले निष्खोट छ:वटा थुमा अनि एउटा भेड़ा, जसमा कुनै खोट छैन् भेटी दिन्छ। ७शासकले गोरुसँग एक एपा अन्नबलि अनि साँढ़े भेड़ासँग उसले जति धेरै अन्नबलि दिन चाहन्छ दिन सक्छ शासकले प्रत्येक एपा अन्नको निम्ति एक हीन भद्रक्षाको तेल दिनुपर्छ।

८शासक पूर्वी मूल-ढोकाको दलानबाट मन्दिरको क्षेत्रमा आउनुपर्छ अनि उसले जति धेर अन्नबलि दिनु चाहन्छ उ त्यही बाटो जानुपर्छ।

९"जब साधारण मानिसहरू परमप्रभुको अघि विशेष उत्सवमा आउँछन्, त्यस बेला जुन मानिस पूजा गर्न उत्तर मूल-ढोकाबाट प्रवेश गर्छ, उ दक्षिण मूल-ढोकाबाट जान्छ। जुन मानिस दक्षिण मूल-ढोकाबाट प्रवेश गर्छ, ऊ उत्तर मूल-ढोकाबाट जान्छ। कोही पनि त्यही बाटोबाट फर्कदैन्। प्रत्येक सिधै बाहिर जानु पर्छ। १०जब मानिसहरू भित्र जान्छन् शासक पनि भित्र जान्छ। जति बेला तिनीहरू बाहिर आउँछन तब शासक पनि बाहिर आउँछ। ११उत्सवहरू अनि विशेष बैठकको अवसरमा एक एपा अन्नबलि प्रत्येक जवान गोरुसँग चढ़ाउनु पर्छ। एक एपा अन्नबलि प्रत्येक भेड़ासँग चढ़ाउनु पर्छ। थुमाहरूसित अन्नबलि निम्ति जस्तै शासकले जति सक्दो दिनुपर्छ। उसले एक हीन तेल प्रत्येक अन्नबलिको लागि दिनुपर्छ।

१२"जब शासकले परमप्रभुलाई स्वेच्छा भेटी, होमबलि, मेलबलि, अथवा स्वेच्छा भेटी चढ़ायो भने उसको

**एक हीन** द्रवको नाप, करीब चार लीटर थियो। (पाँच पाथी)

निम्ति पूर्वको मूल-ढोका खुल्नेछ। तब उसले उसको होमबलि अनि मेलबलि शबाथको दिनमा* जस्तै चढ़ाउँछ। उ गए पछि मूल-ढोका बन्द हुन्छ।

### प्रत्येक दिनको भेटीहरू

१३“तिमीले एक वर्षको दोष रहित एउटा थुमा दिनुपर्छ। यो प्रतिदिन परमप्रभुलाई होमबलि हुन्छ। प्रत्येक बिहान तिमीले यो दिनु पर्छ। १४तिमीले प्रत्येक बिहान भेड़ासँग अन्नबलि पनि चढ़ाउनु पर्छ। तिमीले एपाको छैटौं भाग पिठो अनि हीनको एक तिहाइ भाग तेल त्यो पिठोलाई राम्रो गरी भिजाउँनको लागि दिनुपर्छ। यो परमप्रभुको अन्नबलि हुनेछ। १५यस्तो प्रकारले उसले सदैव थुमा अन्नबलिसित तेल, होम बलिका निम्ति प्रत्येक बिहान दिइरहनु पर्छ।”

### शासकका निम्ति उत्तराधिकारीको नियमहरू

१६परमप्रभु मेरो मालिक भन्नुहुन्छ, “यदि शासकले आफ्नो जमीनको कुनै भाग आफ्नो छोरालाई भेटीको रुपमा दिन्छ भने त्यो उसको हुनेछ। यो उसको सम्पत्ति हो। १७तर यदि कोही शासक आफ्नो जमीनको कुनै भाग आफ्नो दासलाई भेटीको रुपमा दिन्छ भने त्यो भेटी उ स्वतन्त्र हुने तिथि सम्म उसको हुन्छ। दास स्वतन्त्र भए पछि भेटी शासकलाई फिर्ता जान्छ। केवल राजाको छोराहरूले मात्र उसको जमीन भेटीको रुपमा आफूसँग राख्न सक्छ। १८अनि शासकले मानिसहरूको जमीनको कुनै पनि भाग लिंदैन अनि तिनीहरूलाई जमीन छोड़न बाध्य पनि गर्दैन। उसले आफ्नो जमीनको केही भाग आफ्नो छोराहरूलाई दिनु पर्छ। यस्तो प्रकारले हाम्रो मानिस आफ्नो जमीनबाट वंचित हुनुको लागि विवश गरिने छैनन।”

### विशेष भान्सा-घर

१९त्यो मानिसले मलाई द्वारबाट मूल-ढोकाको छेउमा लिएर गयो। उसले मलाई पूजहारीहरूको उत्तरको पवित्र कोठा तिर लिएर गयो। मैले त्यहाँ पश्चिम पट्टि धेरै टाढ़ो एउटा स्थान देखें। २०त्यस मानिसले मलाई भन्यो, “यही त्यो ठाँउ हो जहाँ पूजाहारीहरूले दोषबलि अनि पापबलि पकाउँछन्। किन? जसबाट तिनीहरूलाई ती भेटीहरू बाहिर चोकमा लिएर जाने आवश्यकता पर्दैनन्। यस्तो प्रकारले तिनीहरूले ती पवित्र चीजहरू बाहिर ल्याउँदैनन्, जहाँ साधारण मानिसहरू हुन्छन्।”

२१त्यसपछि त्यो मानिसले मलाई बाहिर चोकमा ल्यायो। उसले मलाई चोकको चारै कुनामा लिएर गयो। चोकको प्रत्येक कुनामा एउटा सानो चोक थियो। २२चोकको कुनामा सानो चोक थियो। प्रत्येक सानो चोक चालीस हात लामो अनि तीस हात चौड़ाको थियो। चारै कुनाको नाप बराबर थियो। २३भित्र यी सानो चोकको चारैतिर ईटाँको भित्ता थियो। प्रत्येक चोकहरूमा खाना पकाउने ठाँउहरू बनिएको थिए। २४त्यस मानिसले मलाई भन्यो, “यिनीहरू भान्सा-घरहरू हुन, जहाँ मन्दिरको सेवा गर्नेहरूले मानिसहरूका निम्ति बलि पकाउँछन्।”

### मन्दिरबाट पानी बगिरहेकोछ

**४७** त्यो मानिसले मन्दिरको द्वारमा मलाई फेरि लिएर गयो। मैले मन्दिरको पूर्वी सँघारको मुन्तिरबाट पानी आउँदै गरेको देखें। पानी मन्दिरको दक्षिण सीमाको मुन्तिरबाट वेदीको दक्षिणबाट बगिरहेको थियो। २त्यो मानिसले मलाई उत्तर मूल-ढोकाबाट बाहिर ल्यायो अनि बाहिरी मूल-ढोकाको पूर्वको चारैतिर लिएर गयो। मूल-ढोकाको दक्षिण पट्टि पानी बगिरहेको बढ़्यो।

३त्यो मानिस पूर्वपट्टि हातमा नाप्ने डोरी लिएर बढ़्यो। उसले १,००० हात नाप्यो। तब उसले मलाई त्यस ठाँउबाट पानीमा हिड़ेर जान लगायो। त्यहाँ मैले तरेको पानी मेरो गोली गाँठा सम्म थियो। ४उसले अझ १,००० हात नाप्यो। तब त्यस ठाँउमा मलाई पानीमा हिड़नु ल्यायो। त्यहाँ पानी घुड़ा घुड़ा जति गहिरो थियो। तब उसले अझ १,००० हात नाप्यो। अनि मलाई पानीमा हिड़नु लगायो। त्यहाँ पानी कम्बर कम्बर गहिरो थियो। ५त्यस मानिसले अझ १,००० हात नाप्यो। तर त्यहाँ पानी तर्न नसकिने गहिरो थियो। पानी त्यहाँ खोलामा परिणत भएको थियो। त्यहाँ पौड़ी खेल्नलाई प्रशस्त पानी थियो। खोला यति गहिरो थियो कि त्यहाँबाट तर्न सकिदैन्थ्यो। ६तब त्यस मानिसले मलाई भन्यो, “हे मानिसको छोरो! के तिमीले जुन चीजहरू देख्यौ त्यसप्रति ध्यान दियौ?”

तब त्यो मानिसले मलाई खोलाको किनारमा फर्काई ल्यायो। ७म खोलाको किनारतिर फर्किने बित्तैकै मैले खोलाको दुवै तिर धेरै रूखहरू देखें। ८त्यस मानिसले मसँग भन्यो, “यो पानी पूर्वको अराबा बेंसीतर्फ तल बग्दैछ पानी खारा समुद्र सम्म पुग्छ। त्यो समुद्रमा पानी स्वच्छ अनि ताजा हुन्छ। ९यो पानीमा धेरै माछाहरू छन् अनि यो पानी जहाँ जान्छ त्यहाँ धेरै पशुहरू बास गर्छन्। १०तिमी जालहारीहरूलाई लगातार एन-गदीबाट एन-एग्लैम सम्म उभिएको देख्न सक्छौ। तिमी तिनीहरूले आफ्नो माछाको जाल फ्याँकेको देख्नसक्छौ अनि कति प्रकारको माछाहरू समातेको देख्नसक्छौ। खारा समुद्रमा त्यतिनै प्रकारको माछाहरू छन्, जति प्रकारको महा समुद्रमा छन्। ११तर दलदल अनि खाल्डाको प्रवेश क्षेत्र सानो बनाउँनु सकिन्दैन्। त्यो नुनको लागि छोड़िन्छ। १२हरेक प्रकारको फलदार वृक्षहरू नदीको दुवै किनारमा

---

**शबाथ दिन** शनिवार यहूदियाहरूको निम्ति एउटा विशेष विश्राम अनि आराधना को दिन।

उम्रिन्छन्। यसको पातहरू कहिल्यै सुक्दैन पनि मर्दैनन
पनि। यी वृक्षहरूमा फल लाग्न कहिल्यै पनि छोड़्दैन्।
वृक्षले प्रत्येक महिनामा फल दिन्छ। किन? किनकि
रूखहरूको लागि पानी मन्दिरबाट आउँछ। त्यो रूखको
फलहरू भोजन बनिन्छ अनि त्यसको पातहरू औषधी
बनिन्छ।"

### परिवार समूहको निम्ति जमीहको भागवण्डा

१३परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, "यो सीमाना
इस्राएलको बाह्र कुल समूहको जमीन बाँड़नका निम्ति
हों। यूसुफले दुइ भाग पाउनेछ। १४तिमीले जमीन
बराबर बाँड़नेछौ। मैले यो जमीन तिमीहरूका पिता-
पुर्खाहरूलाई दिने प्रतिज्ञा दिएको थिएँ। यसकारण म यो
जमीन तिमीलाई दिंदैछु।

१५"यहाँ जमीनको सीमाना यस प्रकार छ। उत्तरपट्टि
यो सीमाना महा-सागरबाट हेतलोन भएर जान्छ जहाँ
बाटो हमात अनि सदादा सम्म, १६बेरोतह, सिब्रैम (जुन
दमिश्क अनि हमातका सीमानाको बीचमा छ) अनि
हासेर-हात्तीकन जुन हौरानको सीमानामा छ, त्यतापट्टि
फर्केको छ। १७यसकारण सीमाना समुद्रबाट हसर-एनान
सम्म जान्छ जुन दमिश्क अनि हमातको उत्तरी सीमानामा
छ। यो उत्तर पट्टि पर्छ।

१८"पूर्वपट्टिको सीमाना हसर-एनान हौरान अनि
दमिश्कको बीच सम्म जान्छ अनि यर्दन नदीको
किनारमा गिलाद अनि इस्राएलको जमीनको बीचमा पूर्वी
समुद्र सम्म सोझै, तामार सम्म जान्छ। यो पूर्वको
सीमाना हो।

१९"दक्षिण पट्टिको सीमाना तामारबाट लगातार मेरीबा
कादेशको नखलि स्थान सम्म जान्छ। त्यसपछि यो
मिश्रको खोलाको सहायताले महा सागर सम्मै जान्छ।
यो दक्षिणको सीमाना हो।

२०"पश्चिम पट्टि, भूमध्य सागर सोझै लेबो-हमानको
छेउको क्षेत्र सम्म सीमाना बनिन्छ। यो तिम्रो पश्चिमी
सीमाना हुन्छ।

२१"यस्तो प्रकारले यो भूमि तिमीले इस्राएलमा कुल
समूहमा बाँड़। २२तिमी यो आफ्नो सम्पत्ति अनि
आफूसँग बस्ने विदेशीहरूको सम्पत्तिको रुपमा, जसको
नानीहरू तिमीहरूसँग बस्छन् तिनीहरूलाई बाँड़। तिनीहरू
विदेशी निवासी हुनेछन्, इस्राएलीहरूमा स्वभाविक जन्मे
जस्तै हुनेछन्। तिमीले केही जमीन इस्राएलको कुल
समूहबाट तिनीहरूलाई दिनेछौ। २३त्यो कुल समूह
जोसँग तिनीहरू बस्छन्, तिनीहरूलाई केही जमीन
दिइनेछ।" परमप्रभु मेरो मालिकले यसो भन्नुभयो।

### इस्राएलको परिवार समूहहरूको निम्ति भूमि

४८ १-७"उत्तरी सीमाना पूर्वमा हेतलोनबाट महा-
सागरबाट हमात छाड़ेर अनि तब हसर-एनान
सम्म लगातार जान्छ। यो दशिमक अनि हमातको
सीमानाहरूको बीचमा छ। कुल समूहमा यो समूहको
जमीन यी सीमानाहरूको पूर्वबाट पश्चिम सम्म जान्छन्।
उत्तरबाट दक्षिण, यो क्षेत्रको कुल समूह हुन, दान,
आशेर, नप्ताली, मनश्शे, एप्रैम, रुबेन र यहूदा।

### भूमिको विशेष भाग

८"भूमिको अर्को क्षेत्र विशेष उपयोगका निम्ति
हुनेछ। यो भूमि यहूदाको भूमिको दक्षिणमा छ। यो क्षेत्र
२५,००० हात उत्तरबाट दक्षिण सम्म लामो छ अनि
पूर्वबाट पश्चिम सम्म यो त्यति नै चौड़ा हुन्छ जति अरु
कुल समूहको हुन्छ। मन्दिरको भूमि यो विभागको
बीचमा हुन्छ। ९तिमीले यो भूमि परमप्रभुलाई समर्पन
गर्नुपर्छ। यो २५,००० हात लामो अनि २०,०००
हात चौड़ा हुनेछ। १०भूमिको यो विशेष क्षेत्र पूजाहारीहरू
अनि लेवीहरूमा बाँड़िनेछ।

"पूजाहारीले यस क्षेत्रबाट एक भाग पाउँछन। यो
भूमि उत्तरपट्टि २५,००० हात लामो, पश्चिम पट्टि
१०,००० हात चौड़ा, पूर्व पट्टि १०,००० हात चौड़ा
अनि दक्षिण पट्टि २५,००० हात लामो हुन्छ। भूमिको
यस क्षेत्रको बीचमा परमप्रभुको मन्दिर हुन्छ। ११यो
भूमि सादोक परिवारको निम्ति हुनेछ। यी मानिसहरू
मेरो पवित्र पूजाहारीको लागि छानिएका थिए। किन?
किनभने तिनीहरूले त्यति बेला पनि मेरो सेवा जारी
राखे, जति बेला इस्राएलका अरु मानिसहरूले मलाई
छोड़िसकेका थिए। सादोकको परिवारले मलाई लेवी
कुल समूहको अरु मानिसहरूले जस्तै छोड़ेनन्। १२यो
भूमिको विशेष भू-भागको विशेष भाग अत्यन्तै पवित्र
हुनेछ विशेष रूपले यी पूजाहारीहरूको हुनेछ। यो
लेवीहरूको सन्तानको भूमिको अर्के हो।

१३"पूजाहारीहरूको निम्ति छेउमा लेवीहरूले जमीनको
भाग पाउनेछन्। यो २५,००० हात लामो, १०,०००
हात चौड़ा हुनेछ। यो भूमिको पुरा लम्बाई अनि चौड़ाई
क्रमश: २५,००० हात लामो अनि १०,००० हात
चौड़ा हुनेछ। १४लेवीहरूले यो भूमिको कुनै पनि भाग
नता बेच्नेछन न व्यापार गर्नेछन्। तिनीहरूले यो भूमिको
कुनै पनि भाग बेच्ने अधिकार राख्नेछैनन्। तिनीहरूले
देशको यस भागलाई टुक्रा गर्न सक्तैनन्। किन?
किनभने यो भूमि परमप्रभुको हो। यो अति विशेष हो।
यो भूमिको सर्वोत्तम भाग हो।

### शहर सम्पत्तिको लागि भाग

१५"भूमिको एक क्षेत्र ५,००० हात चौड़ा अनि
२५,००० हात लामो हुनेछ, जुन पूजाहारीहरू अनि
लेवीहरूलाई दिइएको भूमिबाट अतिरिक्त हुन्छ। यो भूमि
शहरका पशुहरूको चर्ने ठाँउ अनि घर बनाउँनको लागि
हुन्छ। साधरण मानिसहरूले यसको उपयोग गर्न सक्छन्।

शहर यसको बीचमा हुन्छ। **१६**शहरको नाप यस प्रकार छः उत्तर पट्टि यो ४,५०० हात हुन्छ। पूर्व पट्टि ४,५०० हात हुन्छ। दक्षिण पट्टि यो ४,५०० हात हुन्छ। पश्चिम पट्टि यो ४,५०० हात हुन्छ। **१७**शहर घाँसै-घाँसको चउर हुनेछ। यो चउर २५० हात उत्तर पट्टि, २५० हात दक्षिण पट्टि हुन्छ। २५० हात पूर्व पट्टि अनि २५० हात पश्चिम पट्टि हुन्छ। **१८**पवित्र क्षेत्रको किनारमा जुन लमाई रहन्छ, त्यो १०,००० हात पूर्वमा अनि १०,००० हात पश्चिममा हुन्छ। यो भूमि पवित्र क्षेत्रको छेउमा हुन्छ। यो भूमिमा शहरको मजदूरहरूको लागि अन्न उमारिन्छ। **१९**शहरका मजदूरहरूले यसमा खेती गर्नेछन्। मजदूरहरू इस्राएलका सबै कुल समूहबाट हुनेछन्।

**२०**"यो जमीनको विशेष क्षेत्र वर्गाकार हुनेछ। यो २५,००० हात लामो अनि २५,००० हात चौड़ा हुनेछ। खासगरी यो पवित्र भाग अनि शहरको लागि छुट्टाइएको भाग हुनेछ।

**२१-२२**"यो विशेष भूमिको एक भाग देशको शासकको लागि हुन्छ। यो विशेष भूमिको क्षेत्र वर्गाकार हुनेछ। यो २५,००० हात लामो अनि २५,००० हात चौड़ा छ। यसको एक भाग पूजाहारीहरूको लागि, एक भाग लेवीहरूको लागि अनि एक भाग मन्दिरको लागि हुनेछ। मन्दिर यो भूमि क्षेत्रको बीचमा छ। शेष भूमि शासकको हुनेछ। शासकले बिन्यामीन अनि यहूदाको भूमिको बीचको भूमि पाउँछ।

**२३-२७**"विशेष क्षेत्रको दक्षिणमा त्यस कुल समूहको भूमि हुन्छ जुन यर्दन नदीको पूर्वमा बस्छन्। प्रत्येक कुल समूहले त्यस भूमिको एक हिस्सा पाउँछ, जुन पूर्वी सीमानाबाट महा सागर सम्म गएको छ। उत्तरबाट दक्षिण सम्म यो परिवार समूह होः बिन्यामीन, शिमोन, इस्साकार, जबूलून अनि गाद।

**२८**"गादको भूमि दक्षिणी सीमाना तामारबाट मरीबोत-कादेशको नखलिस्तान सम्म जान्छ। तब मिश्रको खोला महा सागर सम्म पुग्छ। **२९**अनि यो त्यो भूमि हो जुन तिमीहरूले इस्राएलको कुल समूहमा बाँड़नेछौ। त्यो प्रत्येक इस्राएलका कुल समूहले पाउनेछन्।" परमप्रभु मेरा मालिकले यस्तो भन्नुभयो।

## शहरको मूल-ढोका

**३०**"यो शहरको मूल-ढोका हो। मूल-ढोकाको नाम इस्राएलको कुल समूहको नाममा हुन्छ।

"उत्तरपट्टि नगर ४,५०० हात लामो हुन्छ। **३१**त्यसमा तीनवटा मूल-ढोकाहरू रहन्छन। रुबेनको मूल-ढोका, यहूदाको मूल-ढोका अनि लेवीको मूल-ढोका।

**३२**"पूर्व पट्टिको शहर ४,५०० हात लामो हुन्छ। त्यसमा तीनवटा मूल-ढोका हुन्छन्ः यूसुफको मूल-ढोका, बिन्यामीनको मूल-ढोका अनि दानको मूल-ढोका।

**३३**"दक्षिण पट्टि ४,५०० हात लामो हुन्छ। त्यसमा तीनवटा मूल-ढोका हुन्छन्ः शिमोनको मूल-ढोका, इस्साकारको मूल-ढोका अनि जवूलूनको मूल-ढोका।

**३४**"पश्चिमको मूल-ढोका ४,५०० हात लामो हुन्छ। यसमा तीनवटा मूल-ढोका हुन्छन्ः गादको मूल-ढोका, आशेरको मूल-ढोका अनि नप्तालीको मूल-ढोका।

**३५**"चारैतिर वरीपरि शहरको घेराको नाप १८,००० हात हुनेछ। अब देखि शहरको नाम हुनेछः परमप्रभु त्यहाँ हुनुहुन्छ।"

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from:
http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from:
http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html